# शिक्षाको आधार
# Foundations of Education

## स्वाध्ययन सामग्री
## Self-Learning Material

**जनार्दन घिमिरे**
सहप्राध्यापक
केन्द्रीय शिक्षा विभाग

**बालकृष्ण अधिकारी**
केन्द्रीय शिक्षा विभाग

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**डिनको कार्यालय**
**कीर्तिपुर**
**२०७०**

# भूमिका

समाजलाई रूपान्तरण गर्ने क्रममा संसारका प्रायःजसो विश्वविद्यालयहरूले परम्परागत वा नियमित (face-to-face) सिकाइ पद्धतिका साथै खुल्ला तथा दूर शिक्षा पद्धतिबाट पनि शिक्षा प्रदान गरेको पाइन्छ। विश्वका धेरै विश्वविद्यालयहरू खुल्ला तथा दूर सिकाइ पद्धतिका माध्यमबाट योग्य मानव संसाधन उत्पादन गर्न सफल भइरहेका छन्। यसै क्रममा त्रिभुवन विश्वविद्यालयले नियमित शिक्षा पद्धति कायमै गरी खुल्ला तथा दूर सिकाइ पद्धतिबाट शिक्षा दिने नीति लिएको छ।

विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५) अनुसार माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकको शैक्षिक योग्यता एम. एड. हुनु पर्नेछ । हाल विद्यालयहरूमा बि.एड्. गरी माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरूको संख्या करिव १३००० रहेको छ। ती शिक्षकहरू एम्. एड. तहमा भर्ना भई नियममित रूपमा अध्ययन गरी समयमै सो तह पूरा गर्न नसक्ने र सरकारले पनि उनीहरूलाई अध्ययन विदा उपलब्ध गराउन नसक्ने भएकाले त्यस्ता शिक्षकहरूको शैक्षिक योग्यताको उन्नयन हुन सकेका छैन। त्यस्ता शिक्षकहरूको शैक्षिक योग्यता अभिवृद्धि गर्नका निमित्त खुल्ला तथा दूर सिकाइ एउटा महत्त्वपूर्ण विकल्प भएकोले शिक्षाशास्त्र सङ्काय र शैक्षिक जनशक्ति विकास केन्द्रबीच भएको संझौताबमोजिम शिक्षाशास्त्र सङ्कायद्वारा सेमेस्टर प्रणालीमा आधारित खुल्ला तथा दूर सिकाइ कार्यक्रम सञ्चालन गर्न थालिएको हो।

खुल्ला तथा दूर सिकाइ पद्धतिबाट शिक्षा प्रदान गर्नका निमित्त पाठ्यक्रम, स्वाध्ययन सामग्री, सन्दर्भ पुस्तक, सूचना तथा प्रविधि, श्रृव्य दृश्य सामग्री, शिक्षक तालिम आदिलाई अत्यावश्यक आधारका रूपमा लिइन्छ। हाल विकसित राष्ट्रहरूले खुल्ला तथा दूर सिकाइमा अनलाइन सिकाइ (online learning) लाई बढी प्राथमिकता दिने गरेको पाइन्छ। अनलाइन सिकाइमा पनि भर्ट्युयल कक्षा (virtual class) निकै प्रभावकारी मानिएको छ। तर हाम्रो परिप्रेक्ष्यमा सुरुमै सबै क्याम्पसले अनलाइनबाट यथेष्ट मात्रामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्ने सम्भावना कम भएकोले अनलाइनका साथै स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरूको पनि आवश्यकता पर्दछ। तसर्थ शिक्षार्थीहरूले सजिलै पाठ्क्रमअनुसारका विषयवस्तुहरू अध्ययन गर्न पाऊन् भन्ने उद्देश्य राखी स्वाध्ययन सामग्री निर्माण गरिएको हो। प्रस्तुत स्वाध्ययन सामग्री स्नातकोत्तर तह, प्रथम सेमेस्टरमा अध्ययन गर्ने शिक्षार्थीहरूका निमित्त तयार पारिएको हो। पाठ्यक्रमबमोजिम प्रत्येक विषयमा एकाइको परिचय, उद्देश्य, विषयवस्तुहरु, विषयको प्रस्तुति, स्वमूल्याङ्कन, क्रियाकलाप, सारांश तथा एकाइ अभ्यासहरू, अध्ययन सामग्रीको सूची आदि समावेश गरी यो स्वाध्ययन सामग्री निर्माण भएको छ। यस सामग्रीका लेखकहरू श्री जनार्दन घिमिरे, सहप्राध्यापक र बालकृष्ण अधिकारी लगायत विषय सम्पादक प्रा. डा. प्रेम नारायण अर्याल, भाषा सम्पादकक डा. रामनाथ ओझा र प्राविधिक समितिका अध्यक्ष तथा सदस्यहरू धन्यवादका पात्र हुनुहुन्छ। प्रस्तुत सामग्रीलाई रोचक एवं प्रभावकारी बनाउन विषय विज्ञ लेखकहरूले ठूलो प्रयास गर्नु भएको छ तापनि यो पहिलो प्रयास र संस्करण भएकोले यस सामग्रीमा कमी कमजोरीहरू रहन सक्छन्। यसका सुधारका लागि सम्बद्ध पक्ष्यसँग रचनात्मक सुझावको लागि अपेक्षा गर्दछु।

...............................

प्रा. डा. प्रकाशमान श्रेष्ठ

डीन,

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङकाय

२०७० असार

**Content** **Page No.**


**एकाइ एक : शिक्षाको ऐतिहासिक आधार (Historical Foundation of Education)**

१. परिचय (Introduction) 1

२. विशिष्ट उद्देश्यहरू र पाठ्य वस्तुहरू (Specific objectives and contents) 1

३. प्रस्तुतीकरण (Presentation) 2

३.१ पूर्वीयशिक्षा पद्धतिको ऐतिहासिक पुनरावलोकन (Historical review of Eastern education system) 2

३.२ पश्चिमी शिक्षा पद्धति (Western education system) 7

३.३ शैक्षिक आन्दोलनहरू (Education Movements) 13

३.४ शिक्षा विकासका विचार पद्धतिहरू (Approaches to education development) 17

४. साराँश(Unit Summary) 19

५. अभ्यास : (Exercise) 19

६. पृष्ठपोषण (Feedback) 22

**एकाइ २ : शैक्षिक दर्शनहरूको परिचय (Introduction to educational Philosophy)**

१. परिचय (Introduction) 24

२. विशिष्ट उद्देश्यहरू र पाठय्वस्तुहरू ( Specific Objectives and Contents) 24

३. प्रस्तुतिकरण (Content Presentation) 25

३.१ दर्शनशास्त्रको अर्थ (Meaning of Philosophy) 25

३.१.१ दर्शनशास्त्रका क्षेत्रहरू (Fields of Philosophy) 25

३.२ पाश्चात्य शैक्षिक दर्शनको परिचय (Introduction to Western Educational Philophies) 27

३.२.१ स्थायित्ववाद (Perennialism) 27

३.२.२ सारवाद (Essentialism) 29

३.२.३ प्रगतिवाद (Progressivism) 32

३.२.४ पुननिर्माणवाद (Reconstructionism) 36

३.२.५ अस्तित्ववाद (Existentialism) 40

३.२.६ घटना विज्ञान (Phenomenology) 44

३.२.७ आधुनिकतावाद (Modernism) 48

३.२.८ उत्तर–आधुनिकतावाद (Post-modernism) 51

४. साराँश (Summary) 54

५. अभ्यास (Exercise) 54

६. पृष्ठपोषण (Feedback) 58

७. Suggested Reading 58

**एकाइ ३ : पूर्वीय शिक्षा दर्शन (Eastern Philosophy of Education)**

१. परिचय (Introduction) 60

२. विशिष्ट उद्देश्यहरु (Specific Objectives) पाठ्यवस्तुहरू (Contents) 60

३. प्रस्तुतिकरण (Content presentation) 60

३.१ वैद्दिक दर्शन (Vedic Philosophy) 60

३.२ योग दर्शन (The Yoga Philosophy) 62

३.३ वैशेषिक दर्शन (Vaisesika Philosophy) 64

३.४ न्याय दर्शन (Nyaya Philosophy) 66

३.५ मीमांसा दर्शन (Mimansa Philosophy) 68

३.६ वेदान्त दर्शन (Vedanta Philosophy) 70

३.७ बौद्ध दर्शन (Buddhist Philosophy) 75

४. साराँश (Summary) 80

५. अभ्यास (Exercise) 80

६. पृष्ठपोषण (Feedback) 83

**एकाइ चारः शिक्षाको समाजशास्त्रीय आधार (Sociological Foundation of Education)**

१. परिचय (Introduction) 85

२. विशिष्ट उद्देश्यहरू र पाठ् विषयहरू (Specific objectives and contents) 85

३. प्रस्तुतीकरण (Contents presentation) 85

३.१. समाजशास्त्रको परिचय (Introduction to Sociology) 85

३.२. समाजशास्त्रीय सिद्धान्तहरू (Sociological theories) 86

३.३ द्वन्द्व सिद्धान्त (Conflict Theory) 90

३.४ साङ्केतिक अन्तरक्रिया सिद्धान्त (Symbolic interaction theory) 93

४.सारांश (Unit summary) 96

५.अभ्यास (Exercise) 97

**एकाइ पाँच सामाजिक रूपान्तरण (Social Transformation)**

१. परिचय (Introduction) 99

२. विशिष्ट उद्देश्यहरू र पाठ् विषयहरू (Specific objectives and contents) 99

३.प्रस्तुतीकरण (Presentation) 100

३.१ सामाजिक स्तरीकरणको धारणा (Concept of social stratification) 100

३.२ स्तरीकरणको आधारभूत तत्त्वहरू र प्रक्रिया (Basic elements and process of stratification) 103

३.३ औकात आर्जनको ढाँचाहरू (Modes of acquisition of statuses) 103
३.४ पुरस्कारको तह निर्धारण गर्ने आधारहरू (The criteria that derermine reward level) 105
३.५ वर्गीय चेतना र वर्गीय सङ्गठन (Class consciousnes and class solidarity) 105
३.६ खुल्ला तथा नियिनैत्रत वा बन्द समाज (The open and the closed society) 106
३.७ सामाजिक स्तरीकरणको विशेषताहरू (Characteristics of social stratification) 106
३.८ सामाजिक गतिशीलताको प्रकारहरू र मापन (Types and measures of social mobility) 115
३.९ संस्कृति र शिक्षा (Culture and education) 117
३.१० शिक्षामा बहुसंस्कृति दृष्टिकोण (Multicultural perspective in education) 122
३.११ विद्यालयको संस्कृति र सामाजिक संरचनाको सशक्तीकरण (An empowering school culture and social structure) 123
३.१२ नेपाली समाजको रूपान्तरण (Transformation of Nepalese society) 124
४. सारांश (Summary) 125
५) अभ्यास (Exercise) 126

**एकाइ ६ शिक्षाको राजनीति (The Politics of Education)**

१. परिचय (Introduction) 130
२. विशिष्ट उद्देश्यहरू र पाठ् विषयहरू (Specific objectives and contents) 130
३.प्रस्तुतीकरण (Presentation) 130
३.१ राजनीति र शक्तिको धारणा (Concept of politics and power) 130
३.२ शक्तिको प्रकृति (The nature of power) 132
३.३ शक्तिका स्रोतहरू (Sources of power) 133
३.४ शक्तिसम्बन्धी विभिन्न दृष्टिकोणहरू (Different perspectives about power) 133
३.५ शक्ति सम्भ्रान्त दृष्टिकोण (The power elite perspective) 135
३.६ बहुलवादी दृष्टिकोण (Pluralist perspective) 137
३.७ शक्ति र शिक्षा (Power and education) 138
३.८ शिक्षामा राज्यको भूमिका (Role of state in education) 139
४. सारांश (Summary) 141
५. अभ्यास (Exercise) 142

## भाग एक

## एकाइ एक : शिक्षाको ऐतिहासिक आधार

# (Historical Foundation of Education)

### १) परिचय (Introduction)

संसारमा हाल प्रचलित रहेका विभिन्न शैक्षिक उन्नतिहरू अकस्मात र छोटो समयमा भएका होइनन् । वर्तमान संसारमा विकसित शिक्षा पद्धतिका जराहरू इतिहासका विभिन्न कालखण्डहरूबाट विकसित हुँदै यस अवस्थामा आइपुगेका हुन् । त्यसैले शिक्षाशास्त्र विषयमा अध्ययन गर्ने अध्येताहरूले शिक्षाका ऐतिहासिक पानाहरू पल्टाउनु पर्दछ । शिक्षाको विकास परापूर्व कालदेखि हालसम्म कसरी हुँदै आयो भन्ने कुरा नै शिक्षाको ऐतिहासिक आधार हो । शिक्षाको ऐतिहासिक आधारको अध्ययनबाट अध्येताले केवल ऐतिहासिक विवरणको जानकारी मात्र लिने होइन की शिक्षा कसरी सामाजिक सांस्कृतिक र राजनैतिक घटना क्रमसँग जोडिएर विकास हुँदै आएको छ ? शिक्षाले ती पक्षहरूसँग कस्तो सम्बन्ध विकसित गरेको थियो ? तत्कालीन समयको सामाजिक परिवर्तनमा शिक्षाको के कस्तो भूमिका रह्यो ? आदि जस्ता विगतका घटनाक्रमहरूबाट विभिन्न पाठ सिकेर वर्तमान शैक्षिक पद्धतिको सुधारका लागि अन्तरदृष्टि प्राप्त गर्नेतर्फ शिक्षा शास्त्रका विद्यार्थी उत्प्रेरित होउन् भन्ने अपेक्षाका साथ यो एकाइ पाठ्यक्रममा समाविष्ट गरीएको हो ।

### २) विशिष्ट उद्देश्यहरू र पाठ्य वस्तुहरू (Specific objectives and contents)

| विशिष्ट उद्देश्यहरू | पाठ्य वस्तुहरू |
|---|---|
| • पूर्वीय शिक्षा पद्धतिको विस्तृत व्याख्या गर्न (गुरुकुल शिक्षा प्रणाली, मठीय शिक्षा प्रणाली र मदरसा शिक्षा प्रणाली),<br>• युरोपेली र अमेरिकन शिक्षा पद्धतिका अवधारणाहरू स्पष्ट गर्न (युरोपियन –ग्रिस र रोमन, अमेरिकन – प्रयोजनवाद र अस्तिववाद)<br>• ऐतिहासिक दृष्टिले शैक्षिक आन्दोलनहरूमाथि छलफल गर्न, (धार्मिक, विद्वतवादी, पुर्नजागरण, राष्ट्रवादी आन्दोलन)<br>• शिक्षाका आधुनिक विचार पद्धतिहरू स्पष्ट पार्न (आवश्यकतामा आधारित, अधिकारमा आधारित समावेशी विचार पद्धति) | १. शिक्षाको ऐतिहासिक आधार<br>१.१ पूर्वीय शिक्षा पद्धति<br>१.१.१ गुरुकुल शिक्षा<br>१.१.२ मठीय शिक्षा<br>१.१.३ मदरसा शिक्षा<br>२ पश्चिमी शिक्षा पद्धति<br>२.१ युरोपियन शिक्षा – ग्रिस र रोमन शिक्षा<br>२.२ अमेरिकन शिक्षा–प्रयोजनवादी र अस्तित्ववादी शिक्षा<br>२.३. शैक्षिक आन्दोलनहरू<br>२.३.१ धार्मिक आन्दोलन<br>२.३.२ विद्वत् वादी आन्दोलन<br>२.३.३ पुनर्जागरण<br>२.३.४ राष्ट्रवादी आन्दोलन<br>२.४ शिक्षा विकासका विचार पद्धतिहरू<br>२.४.१ आवश्यकतामा आधारित विचार पद्धतिहरू<br>२.४.२ अधिकारमा आधारित विचार पद्धतिहरू<br>२.४.३ समावेशीकरणमा आधारित विचार पद्धतिहरू |

## ३) प्रस्तुतीकरण (Presentation)

### ३.१ पूर्वीयशिक्षा पद्धतिको ऐतिहासिक पुनरावलोकन (Historical review of Eastern education system)

#### परिचय (Introduction)

प्राचीनकालदेखि नै पूर्वीय शिक्षा परम्परामा विभिन्न पद्धतिहरू विकास भएका थिए। शिक्षाको विकाश मूलतः धार्मिक आधारमा भएको देखिन्छ। पूर्वीयसमाजमा विशेष गरी ३ किसिमका धार्मिक अभ्यासहरू प्रचलित थिए – हिन्दू धर्म, बौद्ध धर्म र इस्लाम धर्म। यिनै धर्महरूबाट त्यसबेलाको समाज र सामाजिक मूल्यमान्यताहरू निर्देशित थिए। आआफ्ना धार्मिक मूल्यमान्यता र आस्थाहरू नयाँ पिढीलाई हस्तान्तरण गर्दै जाने क्रममा ती धार्मिक सम्प्रदायहरूले आआफ्नो शिक्षा पद्धति विकास गरे। हिन्दू धर्मअन्तर्गत गुरुकुल शिक्षा प्रणाली विकास भयो भने बौद्ध धर्मअन्तर्गत मठीय शिक्षाको विकास भयो साथै इस्लाम धर्मका मूल्यमान्तामा आधारित भई मदरसा शिक्षा पद्धतिको विकास हुन पुग्यो। यी शिक्षा प्रणालीको संक्षिप्त चिनारी तलका उपशीर्षकहरूमा दिइएको छ।

### ३.१.१ गुरुकुल शिक्षा प्रणाली (Gurukul education system)

गुरुकुल शिक्षा प्रणाली प्राचीन हिन्दू शिक्षा व्यवस्था हो। 'गुरुकुल' संस्कृत शब्द हो। यो शब्द दुई शब्द मिलेर बनेको छ – गुरु र कुल। गुरुको अर्थ हो शिक्षक र कुलको अर्थ हो वंश वा परिवार। अतः गुरुकुल भनेको शिक्षकको परिवार वा घरमा व्यवस्थित शिक्षा परम्परा हो। प्राचीनहिन्दू परम्परामा विद्यालय भनेकै शिक्षकको घर वा आश्रय हुन्थ्यो। जहाँ गुरुले शिष्यहरूलाई शिक्षा परम्परा थियो। गुरुकुल शिक्षा प्रणालीलाई संसारकै सबैभन्दा पुरानो शिक्षा प्रणाली मानिन्छ। (Plas, 2007 P.3)। गुरुकुल शिक्षा प्रणालीमा खास खास किसिमका विशेषताहरू थिए जो संसारका अन्य मुलुकको इतिहासमा नपाइने खालका थिए।

#### गुरुकुल शिक्षाका विशेषताहरू (Characteristics of Gurukul education)

- वैद्रिक चिन्तन परम्परामा आधारित थियो।
- शिक्षामा कुनै किसिमको वाह्य नियन्त्रण थिएन, स्वचालित र स्वतन्त्र शिक्षा प्रणाली थियो।
- नैतिक मूल्यमान्यता र आध्यत्मिकतामा आधारित थियो।
- शिक्षा निशुल्क र ऐच्छिक थियो।
- शिक्षक विद्यार्थी अनुपात कम थियो र शिक्षक विद्यार्थीको सम्बन्ध परिवारकै सदस्यका रूपमा थियो।
- विद्यार्थी जीवन नीति नियममा आधारित थियो। उनीहरूले व्रम्हचार्यको पालना गर्नुपथ्र्यो
- स्वस्थ, शान्त र एकान्त वातारणमा शिक्षा दिइन्थ्यो।
- उपनयन कर्मपछि (व्रतवन्ध) मात्र वटुकहरूलाई विद्या आर्जनका लागि गुरुकुलमा पठाइन्थ्यो।
- अनुशासनको पालना गर्नै पर्दथ्यो।
- गुरुले विद्यार्थीको क्षमता र आवश्यकता बुझेर सोही अनुसार शिक्षण गर्दथे।

#### गुरुकुल शिक्षा परम्परामा ज्ञान वा शिक्षा (Education or Siksha in Gurukul tradition)

- ज्ञान र शिक्षा पर्यायवोधक शब्द थिए।
- ज्ञानलाई मानिसको तेस्रो आँखा मानिन्थ्यो।
- ज्ञानले मानिसको हृदयको आँखा खोली आध्यात्मिक र ईश्वरीय प्रकाशमा समाहित गराउँछ भन्ने विश्वास गरीन्थ्यो।
- शिक्षाद्वारा जीवनका हरेक पक्षको विकास संभव छ भन्ने मान्यता थियो।
- शिक्षालाई प्रभाष भित्र र मानिसको स्थायी सम्पत्ति मानिन्थ्यो।

### शिक्षाको लक्ष्य तथा उद्देश्य (Aims and objectives of education)

प्राचीनवैद्विक गुरुकुल शिक्षा प्रणालीमा शिक्षाको अन्तिम उद्देश्य ज्ञान प्राप्ति र जीवनको पूर्वतयारी पनि थिएन बरु मानव आत्मालाई जीवन–मरणको चक्रबाट सदाका लागि मुक्ति दिनु वा मोक्ष प्राप्ति गर्नु थियो । पछिल्ला समयका विद्वानहरूले मोक्ष प्राप्तिका लागि कर्म गर्नुपर्छ र कर्म गर्नका लागि भौतिक शरीर आवश्यक छ भन्ने विचारका आधारमा शिक्षालाई भौतिक र आध्यात्मिक दुवै पक्षको विकासको साधन मानेको देखिन्छ । सङ्क्षेपमा गुरुकुल शिक्षाका उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- जन्म मरणको चक्रबाट मुक्ति प्राप्त गर्नु वा ईश्वरत्व प्राप्त गर्नु,
- आध्यात्मिक तथा धार्मिक मूल्यहरू अवलम्बन गर्नु,
- नैतिक चरित्रको विकास गर्नु,
- 'ऋण त्रय' बाट मुक्त हुनु (देवऋण, पितृऋण र ऋषिऋणबाट मुक्त हुनु)
- सामाजिक मूल्य र नागरीक दायित्वको विकास गर्नु,
- राष्ट्रिय संस्कृतिको रक्षा र प्रसार गर्नु,
- पूर्ण व्यक्तित्वको विकास गर्नु ।

### पाठ्यक्रम (curriculum)

प्राचीनगुरुकुल शिक्षामा अहिले जस्तो सङ्गठित पाठ्यक्रम थिएन तर सिकारुको आवश्यकताअनुसार सबै किसिमका व्यावाहारिक पक्षलाई त्यत्तिकै ध्यान दिइएको हुन्थ्यो । शिक्षाको स्वरूप अनौपचारिक भएकोले पाठ्यक्रम पनि अनौपचारिक र अलिखित थियो । त्यसबेलाको पाठ्यक्रममा वैद्विक साहित्यको प्रधानता थियो । वेदहरू, उपनिषदहरू, ज्योतिष, गणित, वैद्विक व्याकरण, आयुर्वेद तर्कशास्त्र, दर्शन, युद्धकला, हस्तकला, इतिहास आदि अध्ययनका प्रमुख विषयहरू थिए । यी विषय बाहेक गृहस्थ जीवन यापनका लागि आवश्यक व्यवसायिक ज्ञान सिपहरूको पनि अध्ययन गर्ने अवसर थियो । गुरुकुलको शिक्षा विद्यार्थीको व्यक्तिगत आवश्यकतामा आधारित थियो । त्यसैले विद्यार्थीको इच्छा र आवश्यकताअनुसार सिक्ने अवसर उपलब्ध हुन्थ्यो । विद्यार्थीहरू २४ वर्षको उमेरसम्म गुरुको आश्रममा बसेर अध्ययन सम्पन्न गरी गृहस्थ जीवनमा फर्किने परम्परा थियो ।

### शिक्षण विधि (Teaching method)

प्राचीनगुरुकुलमा अहिले जस्तो छुट्टै विद्यालय भवन पाठ्यपुस्तक, कापी, कलम जस्ता सुविधाहरू थिएनन् । कुनै एउटा विधि मात्र थिएन । सिकाइका विभिन्न तरिकाहरू प्रचलनमा थिए । पढाइ सिप सिक्नका लागि सर्वप्रथम शिक्षकले वाचन गर्ने र विद्यार्थीले शिक्षकको वाचनलाई सुनेर त्यसैअनुसार अनुशरण गर्नु पर्दथ्यो । पढिएका कुराको भाव बुझाउन शिक्षकले त्यसको अर्थ भन्थे र विद्यार्थीले त्यसलाई सुनेर चिन्तन मनन गर्नुपर्थ्यो । आवश्यकताअनुसार छलफल, वादविवाद, कथा वाचन जस्ता विधिहरू पनि प्रयोग हुन्थे । व्यवाहारिक ज्ञानहरू व्यावाहारिक अभ्यासद्वारा नै सिकाइन्थ्यो । गुरुकुलमा मनिटर पद्धति (Monitorial system) प्रचलनमा थियो । पढाइ, लेखाइ, सही उच्चारण र व्याकरणात्मक शुद्धतालाई अधिक महत्त्व दिइन्थ्यो । विद्यार्थीहरूले लेखाईको अभ्यास भुईमा, धुले पाटीमा, ढुङ्गामा, बोट बिरुवाका पातमा वा बोक्रामा गर्दथे । मूल रूपमा गुरुकुल शिक्षामा श्रवण, मनन र नीधिध्यासन (योग आदिको अभ्यासद्वारा अनुभूति गर्ने ) विधिहरू प्रचलित थिए ।

### शिक्षकको भूमिका (Teacher's role)

प्राचीन गुरुकुलमा शिक्षकको स्थान ज्यादै उच्चस्तरीय, सम्मानित र प्रतिष्ठित थियो । शिक्षकलाई 'गुरु' भनिन्थ्यो । गुरुलाई व्रम्हा, विष्णु र महेश्वर (सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता) का रूपमा हेरिन्थ्यो । उच्च आदर्श र सात्विक जीवनले युक्त गुरुलाई 'पिता'को उपमा समेत दिइन्थ्यो । आफन्तहरू र परिवारको सामिप्यताभन्दा टाढा रहेका विद्यार्थीहरूलाई पिता माताले जस्तै पूर्ण जिम्मेवारीका साथ गुरुले उनीहरूको ख्याल गर्नुपर्थ्यो । विद्यार्थीको पालन पोषण र सुरक्षाको जिम्मेवारी पनि गुरुकै हुन्थ्यो । गुरुले विद्यार्थीहरूको आवश्यकता र मनोभावना बुझी शिक्षण गर्ने, सिपको प्रशिक्षण दिने र पथप्रदर्शन गर्दथे । गुरुकुलको शिक्षण वातावरणको व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी पनि गुरुकै थियो ।

गुरुकुलको अनुशासन वा आचार संहिता निर्माण र कार्यान्वयनको जिम्मेवारी पनि गुरुकै हुन्थ्यो। विद्यार्थीको भर्ना लिने, उनीहरूको सिकाइको मूल्याङ्कन गर्ने, विद्यार्थीहरूलाई यथोचित दण्ड वा पुरस्कार दिने कार्यसमेत शिक्षक स्वयंले गर्दथे। गुरुकुलका शिक्षकहरू स्वयंसेवी हुन्थे। विद्यार्थीले कुनै शुल्क तिर्नु पर्दैनथ्यो। आफ्ना शिक्षा पूरा भएपछि विद्यार्थीहरू वा उनका परिवारले स्वेच्छापूर्वक यथासक्य दिएको गुरुदक्षिणा गुरुहरूले स्वीकार गर्ने परम्परा थियो। गुरु विवेक, वुद्धि, ज्ञान र अनुभवले युक्त हुन्थे। गुरुको उच्च आदर्शयुक्त जीवन विद्यार्थीका लागि सधैं अनुकरणीय हुन्थ्यो। गुरुको वचन कानुन जस्तै मानिन्थ्यो। त्यसैले गुरुको आज्ञापालन विद्यार्थीको कर्तव्य थियो भने अवज्ञा चाहिँ दण्डको विषय हुन्थ्यो।

### विद्यार्थीको भूमिका (student's role)

प्राचीन गुरुकुलमा विद्या आर्जन गर्न जानका लागि बालकहरूले उपनयन कार्य (व्रतबन्ध) गर्नुपथ्र्यो। उपनयन गरेपछि मात्र बालकहरू गुरुकुलमा जानका लागि योग्य मानिन्थे। उपनयनको उमेर वर्ण व्यवस्थाअनुसार फरक थियो। व्राम्हणहरूको ८ वर्षमा, क्षत्रीयहरूको ११ वर्षमा र वैश्यहरूको १२ वर्षमा उपनयन गरीन्थ्यो। उपनयनको समयमै गुरुकुलमा गर्नुपर्ने कार्यहरूको अभिमुखीकरण दिने परम्परा थियो। विद्यार्थीहरू गुरूकुलमा गएपछि गुरुकुलका नीति नियमअनुसार चल्नु पर्दथ्यो। विद्यार्थीहरूले 'ब्रम्हचर्या' को पालना गर्नुपर्थ्यो। ब्रम्ह मुहूर्तमा उठ्ने, स्नान गर्ने, पुजापाठ गर्ने, ध्यान तथा योग गर्ने, गुरुको प्रवचन सुन्ने, कण्ठ गर्ने र गुरुले निर्देशन गरेका गतिविधिमा विद्यार्थीहरू संलग्न हुनुपर्दथ्यो। गुरुकुलको आफ्नो खेतीपाती हुँदैनथ्यो। त्यसैले गुरुकुलमा आवश्यक पर्ने खाद्यान्नको आपूर्तिका लागि विद्यार्थीहरूले दैनिक भिक्षाटन (भिक्षा माग्दै हिड्नु) गर्नुपर्थ्यो। भिक्षाटन गर्दा प्रत्येक दिन अलग अलग गाउँमा जानुपर्थ्यो। त्यसो गर्दा भिक्षा प्राप्तिमा सहजता हुन्थ्यो र भिक्षा दिनेहरूलाई पनि बोझ हुदैनथ्यो। भिक्षाटनका अतिरिक्त गुरुकुलमा भएका गाईहरूको सेवा गर्ने, इन्धनको आपूर्तिका लागि दाउरा सङ्कलन गर्ने जङ्गलबाट फलफूल सङ्कलन गर्ने, पानी ल्याउने, आश्रमको सरसफाई गर्ने जस्ता जिम्मेवारीहरू समेत विद्यार्थीहरूले गर्नु पर्दथ्यो। यसका साथै गुरुको सेवा विद्यार्थीहरूको अर्को महत्त्वपूर्ण दायित्व थियो।

### ३.१.२ मठीय शिक्षा प्रणाली (Monastic education)

पूर्वीयशिक्षाको इतिहासमा खासगरी पूर्वी तथा दक्षिण एसियामा बौद्ध धर्मको प्रचार प्रसार भएपछि बौद्ध भिक्षुहरूका सङ्घहरू निर्माण भए। बौद्ध भिक्षुहरू बस्ने वहाल, मठ, विहार आदि स्थापना भए। हिन्दू धर्ममा भएका कतिपय कुराहरू जस्तै पशुवली, कठिन तपस्था, यज्ञाविधान, वर्णव्यवस्था, मूर्तिपूजा आदिले कतिपय मानिसहरू हिन्दू धर्मप्रति अशन्तोष गरीरहेको अवस्थामा बुद्धधर्मप्रति बढी नै आकर्षित हुन पुगे। बुद्ध धर्मका नवप्रवेशीहरूलाई बुद्धमार्गको जानकारी दिन र बुद्धमार्गका नीति नियमहरूको अनुसरण गराउन मठ तथा विहारहरूमा शिक्षा दिन थालियो। यही शिक्षा परम्परा विस्तारै 'मठीय शिक्षा पद्धति' का रूपमा विकास हुँदै गयो।

मठीय शिक्षा परम्परा २०० ईशापूर्वदेखि २०० ईश्वी सम्वतको बिचमा विकास भएको मानिन्छ। मठीय शिक्षा पनि एक प्राचीनशिक्षा प्रणाली हो। यो शिक्षा परम्परा गुरुकुल शिक्षा प्रणालीभन्दा पछि विकास भएको हो। मठीय शिक्षाका कतिपय विशेषताहरू गुरुकुलसँग मिल्दा जुल्दा पनि देखिन्छन्। मठीय शिक्षा परम्परा को विकासपछि पनि गुरुकुल शिक्षा पद्धति र मठीय पद्धति समानान्तर रूपमा अस्तित्त्वमा रहि रहे।

### मठीय शिक्षाको उद्देश्य (Objectives of Monastic education)

प्रारम्भमा मठीय शिक्षाको प्रमुख उद्देश्य निर्वाण प्राप्ति र बुद्धका विचारहरूको प्रचार प्रसार गर्नु थियो। मठीय शिक्षाको विस्तारसंगै यसका उद्देश्यहरू पनि विस्तार हुँदै गए। भिक्षु जीवनको तयारी, बुद्धमार्गको अवलमवन गर्नु, व्यक्तिमा विवेक क्षमताको विकास गर्नु, चरित्र निर्माण गर्नु, भाषिक दक्षता (पालिभाषाको) विकास गर्नु, मठीय शिक्षाका उद्देश्य थिए। मठहरू र भिक्षुहरूको सङ्ख्यामा अझ वृद्धि भएपछि व्यावसायिक क्षमताको विकास, कला, आयुर्वेद जस्ता क्षेत्रमा निपुणता प्राप्त गर्ने कुरा पनि मठीय शिक्षाको उद्देश्य बन्न गयो।

### पाठ्यक्रम (curriculum)

मठीय शिक्षा सङ्गठीत थियो। भिक्षुहरूको सङ्घले विद्यालयको व्यवस्थापन तथा रेखदेख गर्थ्यो। मठीय शिक्षा पद्धतिमा दुई किसिमको शिक्षा दिइन्थ्यो। पहिलो– आम सर्वसाधारणका लागि। जसमा बुद्धका विचारहरू सिकाइन्थ्यो। दोस्रो – भिक्षुहरूका लागि अर्थात् गृहस्थ जीवन वा सांसारिक जीवन परित्याग गरी भिक्षु भएकाहरूका लागि। भिक्षुहरूलाई पनि दुई तहको शिक्षा दिइन्थ्यो – प्रारम्भिक र उच्च। प्रारम्भिक शिक्षामा पढाइ, लेखाइ, गणितका साथै बुद्धमार्गका आधारभूत कुराहरू सिकाइन्थ्यो भने उच्च शिक्षामा धर्म, दर्शन, अयुर्वेद जस्ता विषयहरूलाई महत्त्व दिइन्थ्यो। पाठ्यक्रमको प्रमुख जोड बुद्धधर्ममा भए पनि पछिल्लो समयमा आयुर्वेद, लेखन, हस्तकला जस्ता

विषयहरूलाई पनि महत्त्व दिइएको थियो । विद्यालयको प्रशासन प्रजातान्त्रिक भएकाले विद्यार्थीहरूले आफ्नो रुचि अनुसारका विषयहरू अध्ययन गर्ने अवसर पाउँथे । मठीय शिक्षा निःशुल्क थियो । वर्णव्यवस्था नभएकाले जुनसुकै जातले पनि शिक्षा लिन पाउँथे। मठीय शिक्षा आवासीय थियो।

### शिक्षण विधि (Teaching method)

मठीय शिक्षा र गुरुकुल शिक्षाको विधि मिल्दो जुल्दो थियो । गुरुकुल शिक्षामा विद्यार्थी जीवनको सुरुवात उपनयन पछि हुन्थ्यो भने मठीय शिक्षामा पब्बज्जा (Pabbjja) पछि विद्यार्थी जीवन सुरु हुन्थ्यो ।पब्बज्जाको अर्थ हो आफ्नो पुरानो अवस्थाबाट बाहिर निस्किएर नयाँ मार्गतर्फ गईरहेको । अर्थात् घरपरिवारबाट निस्किएर भिक्षुहरूको सङ्घ तर्फ अघि बढीरहेको । पब्बज्जा संरकार पछि विद्यार्थीको रूपमा स्वीकार गरीएको विद्यार्थी मठीय शिक्षाका गतिविधिमा संलग्न हुन्थ्यो।

मठीय शिक्षाको प्रारम्भिक शिक्षामा मौखिक रूपमा बुद्धका आध्यात्मिक सिद्धान्तहरूको शिक्षण गरीन्थ्यो । शिक्षकले मौखिक वाचन गर्थे, त्यसलाई विद्यार्थीले अनुसरण गर्दै वाचन सिप सिक्नु पर्दथ्यो । उच्च शिक्षामा छलफल, वादविवाद जस्ता विधिहरू समेत प्रयोग गरीन्थ्यो भने ध्यान चिन्तन दुवै तहका शिक्षामा प्रयोग गरीन्थ्यो । शिक्षकले प्रवचन दिने र विद्यार्थीले ध्यानपूर्वक सुनेर ज्ञान ग्रहण गर्ने प्रचलन मठीय शिक्षामा अनुसरण गरीएको थियो । शिक्षकले विद्यार्थीहरूलाई प्रश्न सोध्ने र विद्यार्थीले उत्तर दिने परम्परा पनि थियो । विद्यार्थीलाई पनि आफूले नबुझेका कुराहरूमा प्रश्न गरी शिक्षकबाट उत्तर प्राप्त गर्ने अवसर थियो । गुरूकुल शिक्षामा शिक्षण सामान्यतया 'वैयक्तिक' थियो तर मठीय शिक्षामा 'सामूहिक शिक्षण' गरीन्थो।

### शिक्षकको भूमिका (Teacher's role)

मठीय शिक्षामा पनि गुरुकुलमा जस्तै शिक्षकको स्थान उच्च र सम्माननीय थियो। कम्तिमा १० वर्ष भिक्षु जीवन बिताएको, पवित्र चरित्र र सोचाइ भएको व्यक्ति शिक्षक हुन्थ्यो । शिक्षकहरूले विद्यार्थीको भोजन, आवास, लुगा र औषधोपचारको समेत दायित्व लिनु पर्थ्यो। मठीय शिक्षामा आचार्य र उपाध्याय गरी दुई दर्जाका शिक्षकहरू हुन्थे। मठको नीति नियम वा आचार संहिता निर्माण गर्ने, कार्यान्वयन गर्ने र आदर्शहरूको अनुगमन गर्ने, विद्यार्थीहरूको सुरक्षाको ख्याल गर्ने र विद्यार्थीहरूको सम्पूर्ण दायित्व लिने जिम्मेवारी आचार्यको हुन्थ्यो । उपाध्यायले चाहिं भिक्षुहरूलाई बुद्धधर्मग्रन्थहरू पढाउने काम गर्थे। शिक्षकहरू उच्च आदर्श, अशल चरित्र, मृदुभाषि विवेकशील, ज्ञान र अन्तरदृष्टिले युक्त भएका र विद्यार्थीलाई सही आचारण सिकाउन सक्ने सामर्थ्य भएका व्यक्ति हुन्थे । नैतिकता मठीय शिक्षकको आधारभूत विशेषता नै थियो।

### विद्यार्थीको भूमिका (Student's role)

पब्वज्जा संस्कारपछि मठीय शिक्षामा विद्यार्थी नवशिष्य (Novice) का रूपमा प्रवेश गर्दथ्यो। उसको कपाल मुण्डन गरीएको हुन्थ्यो र पँहेलो वस्त्र धारण गरीएको हुनुपर्थ्यो । मिठो वचन अनुशासन, ध्यान र विवेकशील गतिविधि विद्यार्थीका पहिचानात्मक पक्षहरू थिए । विद्यार्थीको मठीय जीवन दुईवटा मूलभूत सिद्धान्तबाट प्रेरित हुन्थ्यो । पहिलो सिद्धान्त थियो - व्रम्हचार्य या शुद्धता । अर्थात् विद्यार्थी ब्रम्हचार्यको नियममा रहनु पर्थ्यो र शुद्ध एवं पवित्र जीवनयापनका लागि सधैं प्रयत्नशील रहनु पर्दथ्यो। दोस्रो सिद्धान्त थियो- अभाव। अर्थात् भौतिक सुख सुविधाहरूको अभावमा विद्यार्थी रहनु पर्थ्यो। जीवन गुजाराका लागि भिक्षाको याचना गर्दै निर्धारित घरहरूमा डुल्नु पर्थ्यो। विश्वासमा विचारमा धनी र साधनमा गरीव घरहरूबाट मात्र भिक्षा लिनुपर्छ भन्ने मान्यता थियो । गुरुकुलका विद्यार्थीहरू भिक्षा माग्दा 'भवती भिक्षन्देही' भन्ने वाक्य उच्चारण गरी भिक्षा माग्थे भने बौद्ध भिक्षुहरूले नवोली भिक्षा माग्नुपर्थ्यो। खाने कुरामा पनि नियम हुन्थ्यो । फलफूल, चामल, सागसब्जी, मह, ध्यु, दूध जस्ता साकहारी भोजन मात्र गर्न पाइन्थ्यो । विद्यार्थीहरूले बुद्धले भनेका अष्टमार्ग (Eight fold noble path) - सम्यक - दृष्टि, सङ्कल्प, वाणी, कर्म, जीवन, व्यायम, स्मृति, समाधि र पञ्चशीलका नियमहरू -हिंशा नगर्नु, चोरी गर्नु, व्यभिचार नगर्नु, झुटो नबोल्नु र मादक पदार्थ सेवन नगर्नुको पालना गर्नु पर्दथ्यो। विद्यार्थीको दीक्षा पूर्ण भएपछि उपसम्पदा संस्कार (Final orientation) गरीन्थ्यो । यो समारोह विद्यार्थीको उमेर २० वर्ष हुनुभन्दा पहिले नै गरीन्थ्यो । उपसम्पदा भएपछि विद्यार्थी पूर्ण रूपले भिक्षु भएको मानिन्थ्यो। त्यसपछि ऊ बुद्धमार्गी जीवनको पूर्ण र स्थायी सदस्य बन्दथ्यो।

## ३.१.३ मदरसा शिक्षा (Madarsa education)

### परिचय (Introduction)

संसारका धर्महरू मध्ये ठूलो जनसङ्ख्याले अवलम्बन गरेको धर्मिक सम्प्रदायहरूमा इश्लाम धर्म पनि हो । यसलाई मुस्लिम धर्म पनि भन्ने गरीन्छ। हजरत मुहम्मद (Hazarat Muhammad) ईश्वरको (अल्लाह) को दूतको रूपमा पृथ्वीमा आई इस्लाम धर्मको सुरुवात गरेको मानिन्छ। मोहम्मदले ईश्वरीय वाणीका रूपमा कुरान भनेका थिए। त्यसैले इश्लामहरूले कुरानलाई ईश्वरीय वाणीरूपी पवित्र ग्रन्थका रूपमा स्वीकार गरे। कुरान मौखिक रूपमै हस्तान्तरण हुने गर्थ्यो। इश्लाम धर्मको विकास सुरु भएको ठाउँ अरेवियामा मानिसहरू छन्दोवद्ध रूपमा लयहालेर कुरान वाचन गर्थे र कण्ठ गर्दथे । प्रारम्भिक कालमा मोहम्मद स्वयंले कुरानको व्याख्या गर्दथे । कुरान ईश्वरीय दिव्यवाणी भएकाले यो कहिल्यै परिवर्तन नहुने स्थायी ग्रन्थ भएको विश्वास गरीन्छ। मानिसहरू (मुस्लिम र गैरमुस्लिम) लाई पढाउनका लागि मोहम्मदका भनाइहरूको सङ्ग्रह गरी कुरानलाई लीपबद्ध गरीयो । मुहम्मदको मृत्युपछि कुरानको व्याख्या गर्ने विद्वान्हरूको अभाव हुनथाल्यो । लिपिबद्ध भएपछि कुरानको प्रचार प्रसार पनि व्यापक बन्दै गएको अवस्थामा यसको सही प्रसारका लागि समेत विद्वानहरू आवश्यकता पर्न थाल्यो । कुरानमा निहीत मुस्लिम न्यायशास्त्र मोहम्मदका वचनहरू अरेविक भाषा वाहेकका भाषाहरूमा लिपिबद्ध गर्नुपर्ने आवश्यकताको परिणामस्वरूप मदरसाको जन्म भयो।

'मदरसा' अरेविक शब्द हो। यसको अर्थ हो 'सिक्ने ठाउँ' (A place of learning) अर्थात् विद्या आर्जन गर्ने ठाउँ। हिन्दूहरूको गुरुकुल, बौद्धमार्गीहरूको गुम्बा वा मठ भने जस्तै इश्लामहरूको विद्या आर्जन गर्ने ठाउँ मदरसा हो । अर्थात् मदरसा त्यस्तो शिक्षाको केन्द्र हो जहाँ इश्लाम धर्मका विश्वास मूल्यमान्यता र आदर्शहरू सिकाउने गरीन्छ।

संसारको पहिलो मदरसा फ्याटिभिड क्यालिफसले सन् १००५ मा इजिप्टमा स्थापना गरेका थिए। जसमा कुरान खगोलशास्त्र, वास्तुशास्त्र, दर्शनशास्त्र र धार्मिक विषयहरूको पठन पाठन हुन्थ्यो। केही समय पछि सुन्नि मुस्लिमहरूले इजिप्टमाथि धाबा बोले र विजयसमेत प्राप्त गरे। इजिष्टको मदरसामा भएका महत्त्वपूर्ण किताबहरू नष्ट गरीयो र उक्त मदरसामा सुन्नि मूल्यमान्यताअनुसार शिक्षा दिन थालियो।

इजिप्टमा सुन्निहरूको आक्रमण हुँदा बचेका केही ग्रन्थहरू निजाम उल –मुल्क (NIzam - Ul - Mulk) नाम गरेका विद्वानले बगदाद ल्याए । त्यसपछि सन् १०६७ मा निजाम उल –मुल्कले तुसी समुदायका लागि पहिलो सङ्गठित मदरसा स्थापना गरे। त्यसैले उनलाई इश्लामिक सार्वजनिक शिक्षाको पिता भनिन्छ। त्यसैले उक्त मदरसामा कुरानका साथै मुस्लिम न्यायशास्त्रको पठनपाठनलाई अधिक महत्त्व दिइएको थियो। बगदादमा खुलेको उक्त मदरसाको नाम 'निजामियाँ' मदरसा थियो । निजामियाँ मदरसाको स्थापनाको केही समयपछि अरेवियामा धेरै मदरसाहरू खुले । त्यसबाट प्रभावित भई संसारका मुस्लिम देश तथा समुदायमा मदरसा खुल्ने क्रम जारी रह्यो । भारतीय उपमहाद्धीप लगायतका दक्षिण तथा पूर्वी एसिया व्यापक रूपमा मदरसाहरू स्थापना भई संचालनमा आउन थाले। परिणामस्वरूप मुस्लिम समुदायहरूको शिक्षाको केन्द्रका रूपमा विकसित भए।

### मदरसा शिक्षाको उद्देश्य (Objectives of Madarsa Education)

मुस्लिम जीवनको प्रमुख उद्देश्य ईश्वरीय आज्ञाको अवलम्बन गरी जीवनलाई सार्थक बनाउनु थियो । अतः मुस्लिम शिक्षाको लक्ष्य जीवनलाई मुस्लिम मूल्यमान्यता र आदर्शहरूको जगमा उभ्याउनु थियो । मध्यकालीन मदरसा शिक्षाका उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- मुस्लिम आदर्शको प्रचार प्रसार संरक्षण र व्याख्याका लागि आवश्यक पर्ने आध्यत्मिक नेताहरू उत्पादन गर्नु,
- मुस्लिम साम्राज्यका लागि आवश्यक पर्ने कर्मचारीहरू उत्पादन गर्नु,
- इस्लामिक नियम कानुन तथा मूल्यमान्ताहरूलाई राम्ररी बुझ्ने गरी सर्वसाधारणहरूलाई शिक्षा दिनु।
- इस्लामिक ज्ञानप्रति सर्वसाधरणको अटल विश्वास विकास गर्नु,
- इस्लामिक पवित्र ज्ञानको शुद्ध र व्यावहारिक उपयोग गराउनु।

### पाठ्यक्रम ( Curriculum)

जुनबेला मदरसा सुरु भयो त्यसबेला पाठ्यक्रमको घोषित रूप थिएन । विभिन्न ठाउँमा मदरसामा एकै किसिमको शिक्षा थिएन। तर सबै मदरसाहरूमा कुरान अनिवार्य थियो। किनभने इस्लामिक ज्ञान र धर्मको सम्पूर्ण स्रोत नै कुरान थियो । स्थान विशेषको आवश्यकताअनुसार पठनपाठनका विषयहरू पनि फरक थिए । भाषा विषय पनि मदरसाको आधारभूत विषय थियो। अरेविक, उर्दू परसियन जस्ता भाषा, कुरानको सही उच्चारणका लागि आवश्यक पर्ने व्यावाहारिक ध्वनि विज्ञान, व्याकरण जस्ता भाषासँग सम्बन्धीत विषयहरू पाठ्यक्रममा समावेश थिए । पौराणिक

मुस्लिम कथाहरू, कविता, सहित्यशास्त्र, मुस्लिम कानुनको इतिहासि, दर्शन, कानुन जस्ता विषय पनि विभिन्न मदरसामा पढाइन्थ्यो । पछिल्लो समयमा मदरसाहरूमा औषधिविज्ञान, नक्षत्रविज्ञान ज्योतिषविज्ञान र कृषि जस्ता विषयहरू पनि पाठ्यक्रममा समावेश गर्न थालियो ।

### शिक्षण विधि (Teachimg methods)

प्रारम्भमा मदरसा शिक्षाको विधि पूर्ण रूपमा मौखिक परम्परामा आधारित थियो । कुरानका श्लोकहरू शिक्षकले लय हालेर वाचन (Recitation) गर्दथे र विद्यार्थीहरूले त्यसको अनुकरण गर्नुपर्दथ्यो । कुरानका श्लोकको अर्थ व्याख्यान विधिद्वारा प्रस्तुत गरीन्थ्यो । विस्तारै इस्लामिक शिक्षाले सिकाइलाई जीवनपर्यन्त प्रकृयाका रूपमा लिन थाल्यो । र सिकेका ज्ञानलाई व्यावहारिक अभ्यासमा ल्याउन थालियो । मदरसा शिक्षाले मुस्लिम आदर्श र आचारणको अभ्यासमा बढी जोड दिई शिक्षण गर्ने भएकाले 'व्यावाहारिक अभ्यास' लाई पनि उनीहरूको विधिका रूपमा व्याख्या गर्न सकिन्छ ।

### शिक्षकको भूमिका ( Teacher's role)

मदरसा शिक्षा प्रणालीमा शिक्षकको स्थान महत्त्वपूर्ण थियो । शिक्षकलाई कुरान बुझाउनका लागि ईश्वरले पढाएको व्यक्तिका रूपमा हेरिन्थ्यो । मुस्लिम मूल्यमान्यता कानुन, आर्दर्शहरूको ज्ञाता र त्यसको पूर्णरूपले अनुसरण गरेको व्यक्ति नै शिक्षक हुन्थ्यो । शिक्षकले कुरान कण्ठस्थ गरेको हुनुपर्थ्यो र प्रत्येक श्लोकहरूको अर्थ पनि बुझेको हुनुपर्थ्यो । मदरसाको शिक्षण पेसा स्वयंसेवी (Volunteers) थियो । शिक्षकले विद्यार्थीको सिकाइको पूर्ण जिम्मेवारी लिनु पर्थ्यो । विद्यार्थी प्रति दया, मायाँ र प्रेमको भावना राख्नु पर्थ्यो र इश्लामिक मूल्यमान्यता र अनुशासनको उल्लङ्घन गर्ने विद्यार्थीलाई ययोचित दण्ड दिने जिम्मेवारी पनि शिक्षककै थियो । मदरसामा विभिन्न उमेर समूहका विद्यार्थीहरू आउने भएकेले उमेर र स्तरअनुसारका विभिन्न समूह बनाई शिक्षकले पढाउनु पर्दथ्यो । पहिले पढेका कुराहरू विद्यार्थीलाई कण्ठस्थ सुनाउन लगाई शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दथे ।

### विद्यार्थीको भूमिका (Students role)

मध्यकालीन मदरसामा चारदेखि सोह्र वर्ष उमेर समूहका विद्यार्थीहरू भर्ना हुन्थे । मदरसाको शिक्षा निःशुल्क थियो । कलम, मसी, कापी जस्ता आवश्यकिय सामग्रीहरू विद्यार्थीले निःशुल्क पाउँथे । विद्यार्थीले ३ देखि ४ वर्षको अवधिमा कुरान पढी सक्थे । कुरानमा दक्षता हासिल गरीसकेका विद्यार्थीहरूलाई नयाँ विद्यार्थीहरू पढाउने जिम्मेवारी दिइन्थ्यो । विद्यार्थीहरूले मुस्लिम समुदायले गर्नै पर्ने नित्यकर्महरू र संस्कार गरेकै हुनुपर्थ्यो । मुस्लिम आदर्शको अवज्ञा गर्नेहरू सजायको भागी हुन्थे । सजाय मुस्लिम नियम कानुनअनुसार हुन्थ्यो । निर्धारित अनुशासन पालन गर्नु विद्यार्थीको कर्तव्य थियो । शिक्षक प्रति श्रद्धा र उच्च आदर गर्नुपथ्यो । प्रार्थना गर्नु/ नवाज पढनु, तोकिएका सामाजिक र धर्मिक दायित्व पुरा गर्नु, कुरान र ईश्वर (अल्लाह) प्रति पूर्ण विश्वास गर्नु विद्यार्थीका खास दायित्वहरू थिए । यस्ता दायित्वहरू ईश्वरको आज्ञा सम्झिएर गर्नुपर्थ्यो ।

## ३.२ पश्चिमी शिक्षा पद्धति (Western education system)

### परिचय ( Introduction)

आधुनिक विश्वमा भएको शैक्षिक उन्नतिको जग पश्चिमी शैक्षिक इतिहासमा आधारित छ । यहाँ पश्चिम शिक्षा पद्धति भन्नाले युरोप र अमेरिकाको शैक्षा पद्धति भन्ने अर्थमा बुझ्नु पर्छ । प्राचीनकाल, मध्यकाल र आधुनिक युगमा विकास भएका दार्शनिक चिन्तनहरू, विज्ञान –प्रविधिको विकास र उद्योगधन्दा आदिको विकासले शिक्षा क्षेत्रमा व्यापक प्रभाव पाऱ्यो । विभिन्न समयमा विभिन्न किसिमका शैक्षिक अभ्यासहरू भए । पुराना अभ्यासमा प्रवर्द्धन हुँदै आयो । शिक्षासम्बन्धी नयाँ नयाँ सोचहरू विकास भए । परिणामस्वरूप आधुनिक शिक्षाको जग बस्यो । शैक्षिक प्रविधिमा नयाँ आयाम र विचारहरू देखा परे । आर्थिक,सामाजिक र राजनैतिक अभ्यासको आधार शिक्षा बन्न पुग्यो । वर्तमान समयमा पश्चिमा शिक्षा पद्धतिको विश्वभरि नै आफ्नो दबदबा कायम गर्न सक्षम भएको छ । यो अवस्थामा आईपुगेको पश्चिम शिक्षाको ऐतिहासिक पृष्ठभूमि के रहेछ भनि जानकारी राख्नु सान्दर्भिक भएकाले यस पाठ्यक्रममा पश्चिम शिक्षाको सङ्क्षिप्त परिचय समावेश गरीएको छ । यस उपएकाइमा युरोपियन शिक्षा पद्धतिको इतिहासअर्न्तगत ग्रिसेली र रोमन शिक्षाको इतिहास र अमेरिकन शिक्षा विकासमा देखिएका दुईवटा प्रमुख मोडहरू –प्रयोजनवादी शिक्षा र अस्तित्त्ववादी शिक्षाको विषयमा सङ्क्षिप्त चर्चा गरीएको छ ।

### ३.२.१ युरोपेली शिक्षा (Europian education)

विज्ञान, साहित्य,दर्शन आदिको ऐतिहासिक अध्ययन गर्न प्राचीन युरोपको अध्ययन गर्नुपर्ने अवस्था सृजना हुन्छ । हुनत वेद, उपनिपद, महाभारत, भगवद्गीता जस्ता पूर्वीय ज्ञानका भण्डारहरूको विकास युरोपेली सभ्यताभन्दा धेरै पहिले भईसकेको थियो । तर यी ज्ञानको उचित प्रचार प्रसार र प्रवर्द्धन नभएकाले यी ज्ञानहरू छायाँमा परे । पछि विकास भएर पनि युरोपेली ज्ञान र सभ्यताको व्यापक प्रचार प्रसार भएको कारणले संसारको ज्ञानको इतिहास संग प्राचीन युरोपेली समाज जोडिन पुग्यो ।

### ग्रिसेली शिक्षा प्रणाली (Education in Greecs)

लगभग ३५०० ईशापूर्वबाट युरोपेली सभ्यताको विकास सुरु भएको मानिन्छ । युरोपेली सभ्यताको केन्द्र ग्रिस थियो । ग्रिस स साना स्वतन्त्र नगरराज्यहरू मिलेर बनेको देश थियो । वरिपरि समुद्रले घेरिएको र पहाडी धरातल भएको ग्रिसमा आदिवासीहरूको बसोबास थियो । कृषि, पशुपालन र माछा मार्ने व्यवसायद्वारा मानिसहरू जीवन गुजारा गर्दथे । ग्रिसले तत्कालीन युरोपको सबै भन्दा उच्च सभ्यताको विकास गरीसकेको थियो । ईशपूर्व ३५०० तिर नै ग्रिसमा ढुङ्गे युगको उच्चतम विकासबाट उनीहरू 'काँसे युग' (The age of bronze) मा पुगिसकेका थिए । परिश्रमीपन, लडाकु प्रवृत्ति, चिन्तशीलता र राजनैतिक सुझबुझ भएका नागरीकहरू ग्रिसमा बसोबास गर्ने भएकाले त्यहाँ सभ्यताको विकास भएको मानिन्छ ।

ग्रिसमा धेरै नगरराज्यहरू थिए । ती नगरराज्यहरूमध्धे दुईवटा नगरराज्यहरू –स्पाटा (Sparta) र एथेन्स (Athenes) प्रमुख थिए । यी दुई वटा नगर राज्यहरूमा शिक्षाका फरक किसिमका दुई धारहरू विकास भएका थिए । यिनै दुई नगरराज्यहरूको विकास गरेका फरक किसिमका शिक्षा पद्धतिहरूले आधुनिक शिक्षाको जग बसाएको थियो । त्यसैले यी नगरराज्यहरूको शिक्षा व्यवस्थाको सङ्क्षिप्त चर्चा तल गरीएको छ ।

### प्राचीनस्पार्टाको शिक्षा व्यवस्था (Education system in ancient Sparata)

तत्कालीन ग्रिसको एउटा नगरराज्य स्पार्टा ठूलठूला प्रायद्वीपहरू भएको र समुद्रले घेरिएको हुनाले सामरिक महत्त्वको ठाउँ थियो । कुनै पनि बेला अरूले आक्रमण गर्नसक्ने खतरा भइनै रहन्थ्यो । त्यसकारण स्पार्टाका लागि शैनिक राज्य आवश्यक थियो । राज्यका लागि बलिया, सहासिक, पीडा सहनसक्ने, कठीनाईहरूको सामना गर्नुसक्ने, चतुर्‍याई भएका, देशभक्ति र आज्ञाकारिता जस्ता गुणले युक्त मानिसहरूको खाँचो थियो । अतः भौगोलिक आवश्यकता, राष्ट्रिय आवश्यकता र मानिसहरूको प्रवृत्ति अनुसार प्राचीनस्पार्टाको शिक्षाव्यवस्था विकास भएको थियो ।

कठोर शैन्य प्रशिक्षण द्वारा युवाहरूलाई वीर योद्धा बनाउनु नागरीकहरूलाई सहासिक, धैर्य, धुर्त, अनुशासित र आज्ञाकारी बनाउनु, व्यक्तिलाई पूर्णरूपले राज्यप्रति वफादार समर्पित र देशको रक्षागर्न सक्ने बनाउँनु स्पार्टाको शिक्षाका उद्देश्यहरू थिए ।

जब बच्चाको जन्म हुन्थ्यो उक्त बच्चालाई वैधले अवलोकन गर्दथ्यो यदि त्यो वच्चा शारीरिक रूपले स्वस्थ र तन्दुरुस्त थियो भने उसलाई स्वीकार गरीन्थ्यो र उ राज्यको सम्पत्ति हुन्थ्यो । यदि त्यो वच्चा तन्दुरुस्त नभएमा मृत्युका लागि पहाडतिर लगिन्थ्यो । तन्दुरुस्त वा बाँच्ने सौभाग्य पाएको वच्चा आमाको जिम्मा लगाइन्थ्यो । आमाले राज्यको प्रत्यक्ष रेखदेखमा वच्चाको पालन पोषण गर्नु पर्थ्यो । सातवर्ष सम्म उपयुक्त खानपान खेलकुद र विशेष स्याहार सुसारका साथ वच्चा आमासँग वस्न पाउँथ्यो । आठ वर्षको उमेर देखि बालकको औपचारिक शिक्षा सुरुहुन्थ्यो । बालकलाई छात्रवासमा भर्ना गरीन्थ्यो । छात्रावासहरू शैनिक व्यारेक जस्तै हुन्थो । अठार वर्षको उमेर सम्म छात्रावासमा वसि शारीरिक सुसङ्ठन विकास र सहनशक्ति विकासको तालिम लिनु पथ्यो । खानेकुरा र लगउने लुगा प्रयाप्त दिइदैनथ्यो । कडा ओछ्यानमा सुत्ने, तातो घाम सहने, सर्दि सहने अभ्यासहरू गर्नुपर्थ्यो । पढाई लेखाई , खेलकुद, शारीरिक व्यायम घोडचडी, कुस्ति खेल्ने, पौडी खेल्ने, चमत्करि गतिविधि गर्ने, गायन, संगित, नृत्य, आदि यस उमेरका शैक्षिक क्रियाकलापहरू थिए । सहनशक्तिको विकासका लागि कोर्रा खाने प्रतियोगिता आयोजना गरीन्थ्यो । जसले जतिबढी कोर्रा खान सक्यो त्यत्तिनै बढी सम्मान पाउँथ्यो ।

१८–२० वर्षको उमेरमा शैनिकको पेसागत तालिम दिईन्थ्यो । युद्धकलाको व्यावाहारिक अभ्यासका लागि दाशहरू माथि आक्रमण गरी निर्ममतापूर्वक उनीहरूको हत्या गरीन्थ्यो । राष्ट्रिय गीतको प्रशिक्षण द्वारा देशभक्ति र विरताको भावना जागृत गराइन्थ्यो । युद्ध नीति, हतियार चलाउने, कठीन भौगोलिक भ्रमण यस चरणका थप तालिमका

विषयहरू थिए। बीस वर्ष पुगेपछि युवाहरूलाई शैनिकका तल्ला तहका पदहरूमा भर्नागरी काम लगाईन्थ्यो। र तीस वर्ष पुगेपछि राज्यको पूर्ण नागरीक बन्दथ्यो। तीस वर्ष पुगेपछि उसले विवाह गर्नै पर्दथ्यो।

यस प्रकार प्रचिन स्पार्टाको शिक्षा व्यवस्था पूर्णरूपमा शैनिक प्रशिक्षणमा अधारित थियो । शिक्षाको सम्पूर्ण दायित्व राज्यको थियो । शिक्षाको प्रकृति अनुदारवादी थियो । व्यक्ति, परिवार समुदायका नीजी विचार र इच्छा आकङ्क्षाहरू गौण थिए। मानवतावादको उपेक्षा थियो। बौद्धिक विकास, कला, सहित्य, दर्शन जस्ता पक्षहरूलाई खास महत्त्व दिइएको थिएन । दया, मायाँ, प्रेम, करुणा लगायतका मानवीय संवेदनाहीन मानिसहरू उपतपादन गर्ने शिक्षा परम्परा थियो। तर पनि प्राचीनस्पार्टाको शिक्षा व्यवस्थाले शारीरिक शिक्षा र शैनिक शिक्षाको उच्चतम नमूना विकास गऱ्यो। जुन ऐतिहासिक रूपले अविस्मरणीय कालखण्ड बन्न पुग्यो।

## प्राचीनएथेन्सको शिक्षा पद्धति (Education system in ancient Athense)

एथेन्स ग्रिसको अर्को महत्त्वपूर्ण नगरराज्य थियो। प्राचीनएथेन्सको राज्य व्यवस्था स्पार्टाको तुलनामा उदारवादी भएकाले कलाकार, दार्शनिक र वौद्धिक व्यक्तित्वहरू अन्यत्रबाट ल्याएर बसोबास गराइएको थियो । ८०० देखि ३०० ईशापूर्वको समयमा एथेन्समा राजनैतिक, आर्थिक, सामाजिक, कला, सहित्य, विज्ञान, दर्शन आदि क्षेत्रमा महत्त्वपूर्ण उपलब्धिहरू भएका थिए।

प्रजातान्त्रिक सोच भएका एथेन्सवासीहरू व्यक्तिवादी दृष्टिकोणबाट प्रेरित थिए । त्यसैले प्राचीन एथेन्समा शिक्षाको दायित्व राज्यको नभएर परिवारको थियो । विद्यालयहरू स्थानीय समाजद्वारा स्थापित र व्यवस्थित हुन्थे । सरकारी विद्यालयहरू थिएनन् । विद्यार्थीहरूसँग उठाएको शुल्कले शिक्षकहरू जीवनयापन गर्दथे । निजी रूपमा शिक्षकहरूको घरमा पनि विद्यालयहरू चलाइएको हुन्थ्यो।

स्वतन्त्र वातावरणमा बालकको व्यक्तित्वको विकास गर्नु, कुशल नागरीक निर्माण गर्नु, आध्यात्मिक तथा नैतिक चरित्र विकास गर्नु प्राचीन एथेन्सको शिक्षाका उद्देश्यहरू थिए । आठ वर्षसम्म बच्चालाई उचित स्याहा र सुसार गर्दै परिवारका सदस्यहरूद्वारा शिक्षा दिइन्थ्यो। आठवर्ष पुगेपछि बालकलाई शिक्षकको जिम्मा लगाइन्थ्यो। प्रारम्भिक शिक्षा दाशहरूले दिन्थे। बालकको इच्छाअनुसार सिकाउनु पर्थ्यो। प्रारम्भिक शिक्षाका मूल विषयहरू पढाइ, लेखाइ, प्राचीन, साहित्य, व्यायम, सङ्गीत, नीतिशास्त्र, धर्मशास्त्र, व्याकरण र खेलकुद थिए । सोह्र वर्षपछि व्यायमशालाको शिक्षा प्रारम्भ हुन्थ्यो । व्यायमका साथसाथै अलङ्कार शास्त्र, भाषण कला, राजनीति, वीर योद्धाहरूको इतिहास जस्ता विषयहरूको पठनपाठन पनि हुन्थ्यो। अठार वर्षको उमेरपछि शैनिक शिक्षा सुरु हुन्थ्यो। यस चरणमा विद्यार्थीहरूलाई युद्ध नीति, भूगोल घोडचढी, हातहतियार चलाउने, कुस्ती आदिको तालिम दिइन्थ्यो। यो नागरीकता प्राप्तिको तयारी थियो । शारीरिक र मानसिक अवस्था ठिक भएकाहरूलाई नागरीकता प्रदान गरी नगरमा बस्ने अनुमति दिइन्थ्यो। यस चरणमा युवकहरूले ठुलावडा मानिसहरूसँग भेटघाट र कुराकानी गरेर पनि व्यावहारिक ज्ञानहरू सिक्ने गर्थे। ठुलावडाहरूको व्यवहारको अनुकरण गर्ने, जीवीत उदाहरणको अवलोकन गर्ने क्रियाकलापहरूका साथै व्याख्या, छलफल, चिन्तन मनन, वादविवाद (Dialectics), स्वतन्त्र क्रियाकलापहरू, अनुभव द्वारा सिक्ने आदि प्राचीन एथेन्समा प्रचलित शिक्षण विधिहरू थिए।

प्राचीन ग्रिसमा विकास भएका शिक्षा पद्धतिमा जे जस्ता सकारात्मक र नकारात्मक पक्षहरू भएता पनि ग्रिसले सङ्सारको शैक्षिक विकासका लागि दुईवटा भिन्न विशेषता भएका शिक्षा पद्धतिका नमुनाहरू विकास गऱ्यो। स्पार्टाको शैक्षिक नमुना शैनिक राज्यहरूको अनुकरणको नमुना भयो भने एथेन्सको शिक्षा प्रजातिनत्रक राज्यहरूको अनुकरणको नमुना बन्न गयो। संसारको वर्तमान शिक्षा व्यवस्थामा पनि परिमार्जित स्वरूपमा कुनै न कुनै रूपमा प्राचीन ग्रिसका शिक्षा नमुनाहरूको अनुकरण भईरहेको हामी देख्न सक्छौं।

## प्राचीन रोमन शिक्षा पद्धति ( Education system in ancient Rome)

हालको इटलीको मध्यभागतिर लगभग ७५३ ईशापूर्वतिर 'रोम' को स्थापना भएको थियो । ५१० ईशापूर्वमा गणतन्त्र स्थापना भएपछि साम्राज्य विस्तारमा लागेको रोमले 'रोमन' सभ्यताको विकास गऱ्यो। रोमन सभ्यताले संसारलाई कानुन, राज्य सङ्चालन पद्धति र विधिशास्त्र जस्ता विषयमा महत्त्वपूर्ण वैचारिक आधारहरू दियो। राजनैतिक विचारको विकासमा रोमन इतिहासको अत्याधिक महत्त्व छ। ग्रिसको जस्तो दर्शन, साहित्य र शिक्षाको विकासमा व्यापक योगदान नभए पनि रोमन सभ्यताले शिक्षाको विकासमा थोरै भए पनि महत्त्वपूर्ण योगदान गरेको छ।

प्राचीन रोममा अल्पसङ्ख्यक मानिसहरूले मात्र शिक्षाको अवसर पाउँथे । धेरै जसो केटाकेटीहरूका लागि विद्यालयमा उपस्थित हुनु असंम्भव जस्तै थियो। जोसँग शुल्क तिर्ने पैसा हुन्थ्यो र विद्यालय जान फुर्सद पनि मिल्थ्यो ,

तिनीहरूले मात्र शिक्षाको अवसर पाउँथे । तल्लो आर्थिक सामाजिक अवस्थाका केटाकेटीहरूलाई कामदारका रूपमा प्रयोग गरीन्थ्यो । 'दाश' वर्गका केटाकेटीहरूलाई विद्यालयको शिक्षा दिनेभन्दा कामसँग सम्बन्धीत तालिमहरू दिइन्थ्यो । केटीहरू घरमै पढ्न लेख्न सिक्थे । उच्च घरानाका केटाहरू प्राथमिक विद्यालय जान्थे, जसलाई लुदुस (Ludus) भनिन्थ्यो । विद्यार्थीहरूको रेखदेख र रक्षाका लागि ग्रिसबाट शिक्षित भएका दाशहरू ल्याइन्थ्यो । उनीहरूलाई Pedagogues भनिन्थ्यो । यहि शब्दबाट पछि गएर 'Pedagogy' भन्ने शब्द बन्यो । विद्यार्थीहरूको रक्षाका साथै सेवा गर्नु ती दाशहरूको दायित्व थियो ।

प्राथमिक विद्यालयमा पढ्न लेख्न सिकाइन्थ्यो साथै रोमन संस्कृतिअनुसार सामाजीकरण गर्ने र शारीरिक विकाससम्बन्धी क्रियाकलाप सिकाइन्थ्यो । बाह्र वर्षको उमेर पछि केटाहरू Grammer school मा भर्ना हुन्थे जहाँ लेटिन र ग्रिक भाषाको व्याकरण र साहित्य पढाइ हुन्थ्यो । १६ वर्ष उमेर पुगेपछि विद्यार्थीहरू अलङ्कारशास्त्र (वोल्ने र लेख्ने कला) (Rhetoric) सिकाउने विद्यालयमा जान्थे । यस्ता विद्यालयमा गरीब विद्यार्थीहरू जान सक्दैनथे । किनकी त्यस्ता विद्यालयको शुल्क ज्यादै महङ्गो थियो । केटाकेटीहरूलाई घरमै ट्युसन पढाउने चलन पनि थियो । क्षमतावन र पढेलेखेका दाशहरूले विद्यार्थीको घरमा गएर ट्यूसन पढाउँथे । रोमनहरू थप उच्च शिक्षाका लागि ग्रिस जान्थे । ग्रिस गएर उच्च शिक्षा अध्ययन गर्न पाउनुलाई उनीहरू सौभाग्य सम्झिन्थे । रोमनहरू ग्रिस गएर दर्शनशास्त्र विषयको अध्ययन गर्थे । लगभग २०० ई. पू. तिर रोममा पनि elementary, middle, high schools र college को स्थापना भयो । त्यसबेलाको प्रारम्भिक विद्यालय (Ludus) मा आधारभूत साक्षरतासम्बन्धी विषयमा पढाइ हुन्थ्यो । Middle school (arammaticus) मा दर्शन, व्याकरण सहित्य, भाषा जस्ता विषयहरू पढाइन्थ्यो भने high school (Rhetor school)मा भाषिक निपुणतालाई जोड दिइन्थ्यो । वादविवाद, सार्वजनिक भाषण, कला जस्ता पक्षको विकासलाई महत्त्व दिइन्थ्यो । यस तहमा सात उदार कलाका विषयहरू (Seven liberal arts) पढाइन्थ्यो । उदार कलाका विषयहरूमा Trivium -Grammer, Logic, Rhetoric / Quadrivium -Arthmetic, Astronomy Geometry, Music) समावेश थिए । यिनै सात विषयलाई उदार कलाका सात विषय भनिन्थ्यो ।

भाषण कलाको अभ्यास र प्रदर्शन नै मूल्याङ्कनको प्रमुख आधार थियो । Rhetor school को शिक्षा पुरा भएपछि विद्यार्थीहरूको रोमन राजनीतिमा प्रवेश गर्ने आधार पुरा हुन्थ्यो ।

प्राचीन रोमको शिक्षा प्रणालीमा दर्शनशास्त्रको अध्ययन उच्च तहको शिक्षा थियो । विद्यार्थीहरू अध्ययनका लागि 'दर्शन केन्द्र' हरूमा जान्थे । यस्ता केन्द्रहरू ग्रिसमा धेरै भएकाले दर्शन अध्ययनका लागि ग्रिस जाने परम्परा थियो ।

यसरी प्राचीन रोमको शिक्षा प्रणालीले संसारको शिक्षा विकासमा केही महत्त्वपूर्ण आधारहरू प्रदान गर्‍यो । जस्तै रोमेली शिक्षा प्रणालीले शिक्षाको तहगत संरचना प्रस्तुत गर्‍यो, Seven liberal arts का विषयहरूको शिक्षाको सुरुवात गर्‍यो, राजनीति र शिक्षा प्रर्णालीबिच सामान्जस्यता विकास गर्‍यो, कानुन, अलङ्कार शास्त्र, भाषणकला जस्ता विषयहरूको औपचारिक शिक्षणको परम्परा विकास गर्‍यो । त्यसैले प्राचीनरोमेली शिक्षा अविस्मरणीय छ ।

### ३.२.२ अमेरिकन शिक्षा ( Ameraican education)

संसारको सर्वाधिक शक्तिसम्पन्न देश मानिएको अमेरिका सन् १४९२ भन्दा अगाडी संसारका अरू मुलुकहरूको सम्पर्क वाहिर थियो । सन् १४९२ मा कोलम्बसले सहासिक यात्राको परिणामस्वरुप अमेरिकालाई संसार समक्ष परिचित गराए । फ्रान्स र बेलायतको उपनिवेशका रूपमा रहेको अमेरिका सन् १७७६ मा स्वतन्त्र भयो । स्वतन्त्रतापछि अमेरिकाले विकासको फड्को मार्‍यो र छोटो समयमै यसले युरोपका विकशित देशहरूको भन्दा उच्च विकास गर्न समर्थ भयो । यसको कारण अरू केही नभएर शिक्षा थियो ।

प्राचीन युरोपेली शिक्षा विकासको इतिहास जस्तो अमेरिकाको प्राचीन शिक्षाको इतिहास उपलब्ध छैन । अमेरिकामा विशेषगरी युरोपका मानिसहरू बसाइ सरेर गएका हुनाले अमेरिकाको स्थापनाको समयतिरको शिक्षामा युरोपेली प्रभाव थियो । लामो समयसम्म फ्रान्स तथा बेलायतको उपनिवेश रहेकोले औपनिवेशिक शिक्षामा यी देशहरूको प्रभाव परेको थियो । पछिल्लो समयमा अमेरिका बेलायतको उपनिवेश रहेकाले अठारौं शताब्दीसम्म बेलायती औपनिवेशिक शिक्षा थियो । उपनिवेशकालीन र पछिका केही दशकसम्म अमेरिकाको शिक्षा पढाइ, लेखाइ र गणितको ज्ञानमा आधारित थियो । शिक्षामा सम्भ्रान्त वर्गको पहुँच थियो । लगभग सत्रौं शताब्दी तिरबाट शिक्षण सङ्स्थाहरू स्थापना हुन थाले सन् १६४७ मा गुणस्तरीय शैक्षिक अवसरका लागि नियम निर्माण गरेपछि अमेरिकन शिक्षा पद्धतिको

विकास द्रुत गतिमा हुनथाल्यो र १९ औं शताब्दीमा आइपुग्दा अमेरिकाको शिक्षा पद्धति संसारकै लागि अनुकरणीय बन्न पुग्यो। यसो हुनुमा प्रयोजनवादी (Pragmatic) र अस्तित्त्ववादी (existentialist) शैक्षिक आन्दोलन/ सुधारको महत्त्वपूर्ण योगदान रहेको छ।

### प्रयोजनवाद (Pragmatism)

अमेरिकन जीवनशैली र चिन्तन पद्धतिको परिणाम स्वरूप यस दर्शनलाई दर्शनको आधुनिक धार मानिन्छ। मानवतावादी दर्शन, प्रयोजनवादी दर्शन, पुनसंरचनावादी दर्शन, उपयोगवादी दर्शन आदि उपनामले यस दर्शनलाई सम्बोधन गर्ने गरेको पाइन्छ। यस दर्शनलाई अनुभववादी (Empirical) वैचारिक धार र आदर्शवादी वैचारिक धारको मध्यमार्गी धारका रूपमा पनि व्याख्या गरीएको पाइन्छ। १८ औं शताब्दीको अन्त्य तिर अमेरिकन चिन्तन शैलीमा आएको नयाँपनको परिणामस्वरूप प्रयोजनवादको विकास भयो। यो एउटा चिन्तन शैली मात्र थिएन। यो त एउटा वैचारिक आन्दोलन थियो। यस आन्दोलनले अमेरिकाको आर्थिक, सामाजिक र राजनैतिक पक्षमा एक किसिमको उथलपुथल सृजना गरीदियो र यो वैचारिक आन्दोलन परिवर्तनको संवाहकको रूपमा स्थापित भयो। प्रयोजनवादी विचारका अनुसार विगतका दार्शनिक सम्प्रदायहरूले गल्ती गरे। किनकी उनीहरूले परमसत्य, निरपेक्षसत्य, अनन्तसत्य, सत्यको सारतत्त्व आदिको विषयमा व्याख्या गरे। निश्चित सिद्धान्तहरूको चर्चा गरे र तत्त्वमीमांशाको उल्लेख गरे। यी कुराहरूले मानिसमा केवल भ्रम मात्र सृजना गरेन। बरु मानिसलाई अनुभविक र प्रयोगात्मक ज्ञानबाट बन्चित गरायो। यसरी परम्परा गत दार्शनिक विचारहरूको आलोचना गर्दै प्रयोजनवादी विचारको विकास भएको थियो।

यस दर्शनका आधारभूत विचारहरूको आधार धेरै पहिले देखि नै तयार हुँदै आएको भए तापनि यसलाई वैचारिक आन्दोलनका रूपमा उठाउने काम १८ औं शताब्दीको अन्त्यतिरबाट भयो। यस वैचारिक आन्दोलनका प्रमुख प्रणेताहरू - Charles S. Peirce (1839 -1914) र Herbert Mead (1863 -1931) / John Dewey (1859-1952) हुन्। उनीहरूले सत्य परिवर्तनशील, समयसापेक्ष, अवलोकनीय हुन्छ र त्यो सत्य नै सही सत्य हो जसको व्यावाहारिक उपयोगिता हुन्छ भन्ने कुराको वकालत गर्दै दर्शन र जीवनलाई जोड्ने काम गरे। यस दार्शनिक विचारअनुसार सत्य भन्ने कुरा अनुभवजन्य विज्ञान, परिवर्तनशील संसार र प्रकृतिभन्दा बाहिर छैन भन्ने कुरामा विश्वास गर्दछ। त्यसैले प्रयोजनवाद कुनै एउटा अमूर्त विचार होइन। यो त एउटा प्रवृत्ति हो, विधि हो र प्रायोगिक दर्शन हो। जसले विचारका व्यावाहारिक परिणाम र त्यसको प्रायोगिक मूल्यलाई जोड दिन्छ। यस दर्शनलाई एउटा प्रयोगात्मक खोज विधिका रूपमा बुझ्न सकिन्छ। किनभने यसले आधुनिक वैज्ञानिक विधिलाई दर्शनको आधार मान्दछ। यस दर्शनको विज्ञानसंग प्रत्यक्ष सम्बन्ध छ। विशेष गरी जीवविज्ञान, भौतिक विज्ञान र समाज विज्ञानसँग गहिरो सम्बन्ध राख्ने यस दर्शनले वैज्ञानिक भावना र वैज्ञानिक ज्ञानलाई मानव समस्या सँग जुध्ने साधनका रूपमा लिने गर्दछ।

प्रयोजनवादका अनुसार सत्य तत्त्वमीमांसीय होइन की अवलोकनीय व्यावाहारिक परिणाममा आधारित हुन्छ। वास्तविक संसारमा जे हुन्छ, त्यो नै सत्य हो। जस्तै भौतिक संसारमा जे जति कुराहरू अनुभवमा आउँछन् ती सबै सत्य हुन्। सत्य मानिसद्वारा निर्माण हुन्छ र यो निर्माण हुने क्रममा छ। मानिसले प्रकृतिमा परिवर्तन ल्याउँछ र प्रकृतिले पनि मानिसमा परितर्वन ल्याउँछ। कुनै एक समय र परिस्थितिमा स्थापित सत्य समय र परिस्थितिको परिवर्तनसँगै परिवर्तन हुन्छ। विचार साधान मात्र हो र कर्म (Action) चाहिँ सत्य हो। मानिस एउटा क्रियाशील र गतिशील प्राणी हो। जैविक र सामाजिक गुणले युक्त भएकाले यो भौतिक र सामाजिक संसारमा मानिसले समायोजित जीवन यापन गर्नुपर्छ।

ज्ञान अनुभव हो। त्यसैले ज्ञानको स्वरूप क्रियात्मक, प्रायोगिक र गतिशील हुन्छ। संसारमा कुनै सास्वत मूल्य छैन। मानिसले आफ्नो जीवनयापनका क्रममा आफ्ना मूल्यहरू आफैं निर्धारण गर्दछ। त्यसैले मूल्यको निर्माता मानिस स्वयं नै हो।

माथि उल्लेखित दार्शनिक विचारहरूको प्रत्यक्ष प्रभाव शिक्षा क्षेत्रमा पऱ्यो र शिक्षाको विधिशास्त्रीय आन्दोलनको रूपमा 'प्रयोजनवादी शिक्षा दर्शन' विकास भयो। प्रयोजनवादीहरूले परम्परागत 'हस्तान्तरणमुखी' शिक्षाको विरोध गरे र सिकाइ र सिकारुलाई शैक्षिक प्रकृयाको केन्द्रबिन्दुको रूपमा स्थापित गरे। शिक्षा र जीवनलाई जोडिदिए। सिकाइलाई सत्य खोज्ने प्रकृयाको रूपमा भन्दा तथ्य खोज्ने प्रकृयाका रूपमा विकास गरे। विद्यार्थीमा पेसागत दक्षता, सामाजिक निपुणता, वातारणमा समायोजन, सुसङ्गठीत विकास जस्ता उद्देश्य प्राप्तितर्फ शिक्षालाई केन्द्रित गरे। अझ बढी शिक्षाका लागि शिक्षा र निरन्तर विकास एवं अनुभवहरूको पुर्नसङ्ठनका रूपमा शिक्षालाई व्याख्या गरे। जसले गर्दा शिक्षा र मानिसको जीवन एक आपसमा परिपूरक बने। उनीहरूले अनुभव र क्रियाकलापमा आधारित उपयोगितावादी (utilitarian) पाठ्यत्रक्रमको विकासमा जोड दिए। विद्यार्थीको रुचि र आवश्यकताको सम्वोधन गर्ने खालको समस्या समाधानमा आधारित, एकीकृत विषयवस्तु भएको, गतिशील, उद्देश्यपूर्ण र सामाजिक क्रियाकलापमा

आधारित पाठ्यक्रमको कार्यान्वयन गरे । शारीरिक तालिम, स्वास्थ, सामाजिक विज्ञान, गणित, विज्ञान र पेसागत विषयहरू पाठ्यक्रममा समावेश गरे।

प्रयोजनवादी शिक्षाको विधि पनि अनुभवमा आधारित थियो । विद्यार्थीहरूलाई सृजनात्मक क्रियाकलापमा व्यस्त राखिन्थ्यो। परम्परा गत प्रवचन विधिबाट सिक्ने होइनकी विद्यार्थीले क्रियाकलापमा प्रत्यक्ष संलग्न भएर नै सिक्नु पर्दथ्यो। खेल विधि, समस्या समाधान विधि र परियोजना विधि प्रमुख विधिहरू थिए। शिक्षकहरू तालिम प्राप्त हुन्थे। शिक्षकहरू विधिशास्त्रीय ज्ञान र सिपमा पारंगत हुनुपर्ने अपेक्षा गरीन्थ्यो। शिक्षकको भूमिका सहयोगी र पथप्रदर्शकको रूपमा हुन्थ्यो । शिक्षकले विद्यार्थीलाई स्वक्रियाकलापमा व्यस्त बनाइराख्नु पथ्यो र विद्यार्थीसँग निरन्तर अन्तरक्रिया गरीरहनु पर्दथ्यो। समस्या उपलब्ध गराउन र समाधान गर्ने उपयुक्त वातावरण तयार गर्नु शिक्षकको दायित्व थियो। विद्यार्थीहरूले आफ्ना अनुभव बुझाइ संवेग अनुभूति आदि शिक्षकसँग तथा विद्यार्थीको समूहमा प्रस्तुत गर्नुपर्दथ्यो। सामाजिक क्रियाकलाप, सामाजिक अनुशासन र स्वक्रियाकलापमा विद्यार्थीहरू निरन्तरण संलग्न भइरहनु पर्थ्यो।

यसरी प्रयोजनवादी शिक्षा दर्शनले तत्कालीन अमेरिकी शिक्षा पद्धतिको पुर्नसंरचना गऱ्यो। यस्तो ढाँचाको शिक्षा पद्धतिले अमेरिकाको आर्थिक, सामाजिक, राजनैतिक, विज्ञान – प्रविधि र शैक्षिक विकासमा अभूतपूर्व उपलब्धिहरू प्राप्त गऱ्यो । जसको परिणामस्वरूप अमेरिका संसारको शक्तिराष्ट्र बन्न पुग्यो । साथै यो शिक्षा दर्शन संसारकै लागि अनुकरणीय बन्न पुग्यो।

## अस्तित्ववाद (Existentialism)

अस्तित्ववादी विचारको बीजारोपण धेरै पहिले भएको देखिन्छ। यस विचार एउटा दार्शनिक सम्प्रदायका रूपमा स्थापित भएको १९ औं शताब्दीको मध्य देखि २० औं शताब्दीको मध्य समयसम्म हो। प्रथम र दोस्रो विश्वयुद्धले मानव समाजमा ल्याएको भयङ्कार विनास, द्वेश, कटुता, जिजीवीषाको आधार भूमिमा यो दर्शनले अझ फस्टाउने मौका पायो। सुरुमा साहित्य लेखनमा देखापरेको यस वैचारिक धारले विस्तारै शिक्षा क्षेत्रमा प्रभाव पार्न थाल्यो । अस्तित्ववादी चिन्तनले युरोप लगायत अमेरिकन शिक्षामा प्रभाव पाऱ्यो।

यस दर्शनका प्रणेताहरू Soren Kierkegaard (1813 - 1855), Martin Buder (1878 - 1965) m Martin Heidegger (1889 - 1976), Jean paul Sartre (1905 -1980) हुन् । उनीहरूले मानवीय अस्तित्त्व सङ्कटमा परेको देखे र मानवीय अस्तित्त्वको वकालत गर्ने ‘अस्तित्त्ववादी’ दर्शनको विकास गरे। अस्तित्त्ववादी विचारअनुसार मानव जीवन डर, भय, त्रास, आशङ्का, चिन्ता आदिले भरिएको छ। मानिस अस्तित्त्वका दृष्टिले एकलो भएको छ। विज्ञान –प्रविधि आदिले मानिसलाई दाश बनाएको छ। युद्धले मानिसको अस्तित्त्वको खिल्ली उडाएको छ। मानिसको स्वतन्त्र अस्तित्त्वमाथि धावा बोलिएको छ। निरर्थक मूल्यमान्यताहरू मानिसमाथि जवरजस्ती लादिएको छ । मानिस हुनुको सार नै हराइसकेको छ । मानवीय समाजमा रहेका यिनै असन्तुष्टिहरू बिच विकास भएको अस्तित्त्ववादी दर्शनले मूल रूपमा प्रत्येक मानिसको स्वतन्त्र अस्तित्त्वको वकालत गर्दै अस्तित्त्व राक्षाका लागि प्रतिबद्ध हुन तर्फ सङ्केत गर्दछ।

अस्तित्त्ववादी दर्शनका अनुसार सत्यको स्वरूप विषयगत (Subjective) हुन्छ र व्यक्तिमा भर पर्दछ। मानिसको अस्तित्त्व पहिले हुन्छ र सार (मानिस हुनुको सार) खोजिन्छ। अर्थात् हामी को हौं र के हो भन्ने परिभाषा खोज्नु भन्दा पहिले नै हाम्रो अस्तित्त्व कायम भइसकेको हुन्छ। मानव अस्तित्त्व विनाको भौतिक संसारको कुनै अस्तित्त्व छैन। मानिस स्वतन्त्र हुन्छ। के कुरा गर्ने वा नगर्ने भन्ने कुराको छनोट (Choice) व्यक्ति स्वयंले नै गर्छ र त्यसबाट प्राप्त परिणामप्रतिको जवाफदेहिता पनि व्यक्ति स्वयंकै हुन्छ। थोपरिएका नियम, कानुन, परम्परा तथा मूल्यमान्यताबाट मुक्त भई स्वतन्त्रतापूर्वक आफ्नै अनुभव, विश्वास र दृष्टिकोणमा व्यक्तिले आफू हुनुको अर्थ खोज्न पाउनुपर्छ।

शैक्षिक दृष्टिले अस्तित्त्ववादी विचारलाई महत्त्वपूर्ण मानिन्छ। विद्यार्थीहरूलाई पूर्ण मानवको रूपमा विकास गर्नु, स्वतन्त्रतापूर्वक जीवनका लक्ष्यहरू छनौट (Choice) गर्न उत्प्रेरित गर्नु, सृजनात्मक क्षमताको विकास गर्नु, विद्यार्थीहरूलाई आफू स्वतन्त्र भएको र आफ्नो जीवनको स्वयं छनौट गर्ने सामर्थ्यता भएको जीवनको लक्ष्य निर्धारण गर्नसक्ने क्षमता भएको आदि जस्ता कुराहरूको महसुस र अनुभूति गराउनु, विद्यार्थीलाई उनीहरूका क्रियाकलाप र त्यसबाट निस्कने परिणामको जिम्मेवारी स्वयं लिनसक्ने योग्यता विकास गर्नु नै अस्तित्त्ववादी शिक्षाका उद्देश्यहरू हुन्। यो उद्देश्य प्राप्तिका लागि अस्तित्त्ववादीहरू पाठ्यक्रममा पढाइ, लेखाइ, गणित, मानवशास्त्र, विज्ञान, सामाजिक शिक्षा, साथै व्यवसायिक विषयहरू पनि समावेश गर्न चाहन्छन्। पूर्वनिधारित र विद्यार्थीलाई लाद्ने किसिमको पाठ्यक्रममा

उनीहरू रुचि राख्दैनन् । पाठ्यक्रममा विकल्पहरू छनौटको अवसर प्रयाप्त हुनुपर्छ भन्ने कुरामा उनीहरू जोड दिन्छन् । उदार शिक्षा (Liberal education) का विषयहरू प्रति उनीहरूको झुकाव देखिन्छ । अस्तित्ववादी शिक्षणमा विद्यार्थीहरूलाई कुनै किसिमका ज्ञान र मूल्यमान्यताहरू लादिदैन । यो ठिक हो र यसो गर्नुपर्छ भनेर विद्यार्थीहरूलाई सिकाइदैन । विद्यार्थीलाई क्रियाकलाप छनौट गर्ने वातावरण दिइन्छ र विद्यार्थी स्वयंले आफूलाई उपयुक्त लागेका क्रियाकलापमा संलग्न भएर सिक्छन् । विद्यार्थीहरूलाई विभिन्न किसिमका सृर्जनात्मक क्रियाकलापमा संलग्न हुने अवसर उपलब्ध गराइन्छ । सिकाइ प्रकृया विद्यार्थीकै स्वनिर्देशन र स्वगतिमा हुन्छ । अस्तित्ववादी शिक्षण वैयक्तिक सिकाइमा आधारित हुन्छ । अस्तित्ववादी शिक्षामा शिक्षकको भूमिका सहजकर्ताको रूपमा रहेको हुन्छ । विद्यार्थीलाई यो संसार र आफू स्वयंलाई बुझ्नका लागि शिक्षकले सहजीकरण गर्नुपर्छ । विद्यार्थीको स्वतन्त्र अस्तित्वको कदर गर्दै उनीहरूलाई विकल्पहरू छनौट गर्ने स्वतन्त्र वातावरण निर्माण गर्नु शिक्षकको दायित्व हो । शिक्षक र विद्यार्थी बिच सघन अन्तरक्रिया भइरहनु पर्छ भन्ने कुरामा अस्तित्ववादीहरूको जोड रहेको देखिन्छ । विद्यार्थीलाई एक स्वतन्त्र अस्तित्व भएको व्यक्तिको रूपमा हेरिन्छ र उनीहरूलाई कुनै किसिमका मूल्यमान्यता र अनुशासन लादिदैन ।

यो शैक्षिक विचारले स्वतन्त्रता, स्वअनुभूति, स्वअस्तित्व, मानिसको पूर्णताको विकास, ज्ञानको विषयगत स्वरूप, वैयक्तिकता जस्ता कुराहरूमा अत्याधिक जोड दियो । त्यस बेलाको अमेरिकन शिक्षा संरचनात्मक ढाँचा थियो । विद्यालयहरू बढी यान्त्रिक र प्रशासनिक स्वरूपका थिए । आमशिक्षा (Mass education) को अवधारणामा विद्यालयहरू संचालित थिए । लक्ष्यमा आधारित पूर्वनिर्धारित पाठ्यक्रम प्रचलनमा थियो । जब अस्तित्ववादी विचारको प्रभाव अमेरिकन शिक्षामा पर्‍यो त्यसपछि अमेरिकन शिक्षामा सुधार भयो । विद्यार्थीका व्यक्तिगत मूल्यहरूको कदर गर्ने, विद्यार्थीको स्वतन्त्र अस्तित्वलाई स्वीकार गर्ने किसिमको शिक्षा दिन थालियो । वैयक्तिक शिक्षण प्रकृया अवलम्बन गर्न थालियो । विद्यार्थीको सृजनात्मकता, स्वजागरण छनौटको अवसर जस्ता कुराहरू आत्मसात गर्दै विद्यालयको प्रजातान्त्रीकरणमा जोड दिन थालियो । जसको परिणामस्वरूप अमेरिकन शिक्षामा पुन (Liberal education) उदार शिक्षाका अभ्यासहरू सुरु भए । जुनकुरा विस्तारै संसारकै लागि अनुकरणीय विषय बन्न गयो ।

## ३.३ शैक्षिक आन्दोलनहरू (Education Movements)

शिक्षाको विकासका लागि संसारमा विभिन्न किसिमका आन्दोलन तथा अभियानहरू संचालन भए । पश्चिमी इतिहासको कालखण्डको विभाजनअनुसार ५०० देखि ११०० ई संवतको अवधिलाई Dark age भनिन्छ । यस समयमा प्राचीन युरोपेली ज्ञान, मूल्यमान्यता, संस्कृति आदिको ह्रास भयो । युरोपका राज्यहरू आ– आफ्नोसाम्राज्य विकासको होडबाजीमा लागे । निरंकुश राजतन्त्र र सामान्तवादी व्यवस्थाको चरम विकास हुन थाल्यो । कट्टर र रुढीगत धार्मिकताको विकास भयो । समाजमा चर्च /पोप (चर्चका वरिष्ठ पण्डितहरू) को सर्वोच्चता कायम भयो । पोपहरूले धर्मको नाममा राजनीति र समाजका सम्पूर्ण पक्षको नेतृत्व गरे । समाज अन्धविश्वास र अत्याचारको शिकार बन्न गयो । दैवी कानुन प्रयोग गर्न थालियो । शासकहरूले आफूलाई ईश्वरको र्प्रतिनधि धोषणा गरी स्वेच्छाचारी निरङ्कुश शासन संचालन गर्न थाले । मानिसहरूमाथि चरम शोषण र उत्पीडन हुन थाल्यो । अन्याय र अत्याचारले चरम रूप लिन पुग्यो । यस अवस्थामा शिक्षा धर्मको विषय बन्न पुग्यो । यसपरिस्थितिले सचेत मानिसहरूमा विद्रोहको भावना जागृत भयो । उत्तर मध्ययुग (११००–१५००) को समयमा धेरै देशहरू शक्तिशाली मुलुकका उपनिवेश बन्न पुगे । आआफ्ना उपनिवेशमा शक्तिशाली राज्यहरूले चरम शोषण र दमन गरे जसको कारण उपनिवेशहरूका जनतामा पनि विद्रोहको भावना जागृत हुँदै गयो । राष्ट्रवादी आन्दोलनहरू भए । जसले शिक्षामा प्रभाव पार्‍यो । इतिहासमा भएका यी आन्दोलनहरू मध्ये प्रमुख मानिसएका केही महत्त्वपूर्ण शैक्षिक आन्दोलनहरूको सङ्क्षिप्त चर्चा तलका शीर्षकहरूमा गरीएको छ ।

### ३.३.१ विद्वतवाद /पाण्डित्यवाद (Scholasticism)

मध्ययुगि समाजमा चर्चको सर्वोच्चता स्थापना भयो । पोपहरू चर्चका हर्ताकर्ता थिए । उनीहरू सामाजिक, धार्मिक र राजनैतिक क्षेत्रमा सर्वेसर्वा थिए र शक्तिशम्पन्न थिए । चर्चहरू ईश्वरद्वारा स्थापित संस्था हुन, पोपहरू ईश्वरका र्प्रतिनधि हुन्, चर्च र पोपबाट कुनै किसिमका गल्तीहरू हुँदैनन भन्ने विश्वास थियो । पोपका वाणी ईश्वरीय वाणी हुन्थे । पोपको कामप्रति कसैले टिकाटिप्पणी र विरोध गर्न पाउँदैनथ्यो । चर्चको आर्शीवाद विना कुनै राज्य र राजा रहन सक्दैन भन्ने विश्वास थियो । चर्चले राजालाई पदच्यूत समेत गर्न सक्ने हैसियत राख्दथे । मानिसहरूलाई धार्मिक शिक्षा दिनका लागि मठहरू खोलिएका हुन्थे । मठको शिक्षा पूर्ण रूपले धर्ममा आधारित हुन्थ्यो । मठीय शिक्षाले मानिसमा अन्धभक्तिको भावना र अन्धविश्वासको भावना विकास गर्नुका साथै वौद्धिकता र तार्किकताको वेवास्ता गर्‍यो । जसको परिणाम स्वरूप कला, साहित्य, दर्शन, विज्ञान जस्ता विषयहरूको महत्त्व घट्न गयो । यस प्रकारको अन्धविश्वास,

शोषण र उत्पिडनका बिचमा युरोपेली समाजमा मध्ययुगको १३ औं शताब्दीको आसपासमा दार्शनिक र शैक्षिक आन्दोलनका रूपमा एउटा आन्दोलन विकास भयो, जसलाई विद्वतवाद (Scholasticism) भनिन्छ।

विद्वतवाद (Scholasticism) को अर्थ हो वुद्धि र विवेकका आधारमा सत्य खोज्नु । मध्ययुगि अन्याय, अत्याचार र अन्धविश्वासको विरुद्धमा यो वैचारिक आन्दोलन देखापरेको थियो । विद्वत्वादले वृद्धिद्वारा सत्यको खोजी गर्ने र धर्मिक विश्वासलाई तर्कद्वारा पुष्टि गर्न तर्फ जोड दियो । यस आन्दोलनको प्रभावले युरोपेली समाजमा विस्तारै अन्धभक्ति र अन्धविश्वासको ठाउँमा वैज्ञानिक र खोजपूर्ण सोचाइको विकास हुँदै गयो र धर्मलाई पनि तार्किक आधारमा व्याख्या गर्न थालियो । यस वैचारिक आन्दोलनको प्रभावले त्यसबेला प्रचलित मठीय (धार्मिक) शिक्षा पद्धतिमा परिवर्तन आउन थाल्यो । विद्वत्वादी आन्दोलनलाई चरम उचाइमा उचाइमा पुऱ्याउने श्रेय Saint Thomas Aquinas (1225\26-1274) लाई जान्छ । उनले Summan Contra Gentiles नामको पुस्तक लेखे । जसमा क्रिश्चियन धर्मलाई तार्किक रूपमा व्याख्या गरे । उनले लेखेको अर्को पुस्तक Summa Theologiae हो जसमा ईश्वरको अस्तित्त्वका पाँच प्रमाणहरू तर्ककका आधारमा व्याख्या गरीएको थियो । उनले प्राकृतिक नियमसँग मानवीय प्रकृतिलाई तार्किक रूपमा व्याख्या गरे । प्राचीन ग्रिसका दार्शनिक Socrets का विचारहरूलाई संयोजन गरी धर्मशास्त्रलाई तर्कसङ्गत बनाउने काम गरे । जसले गर्दा मठीय शिक्षामा तर्कपूर्ण विधिको प्रयोग हुन थाल्यो । समस्यालाई तर्कपूर्ण समाधान गर्ने तरिकाको विकास भयो । विद्वानहरूले ज्ञानको खोजी र पुष्टि गर्ने आधार तर्कलाई मान्न थाले । प्राचीन ग्रिसका Plato, Aristotle का विचारहरूमा वहस चिन्तन र प्रचार –प्रसार हुन थाल्यो । उच्चशिक्षाकालागि विश्वविद्यालयहरू खुले र तिनमा पनि तर्कशास्त्रको पठन –पाठन सुरु भयो । यसरी विद्वत्वादी आन्दोलनले शिक्षामा तर्कको पुनस्थापना गऱ्यो।

### ३.३.२ पुनर्जागरण (Renaissance)

प्राचीनयुरोपमा विकास भएको दर्शन, साहित्य, साँस्कृतिक वैभव, शिक्षा परम्परा मध्ययुगमा खास गरी dark age मा लगभग विनासको अवस्थामा पुगिसकेको थियो । चरम सामान्तवादी राज्यव्यवस्था, कृषिमा आधारित अर्थव्यवस्था, चर्चको बोलबाला रहेको वौद्धिक तथा साँस्कृतिक जीवनपद्धति, अन्धविश्वास, अशिक्षा र चरम शोषण उत्पीडनमा रुमलिएको युरोपेली समाज क्रमशः मानवतावादी विचार, उदारवादी प्रजातान्त्रिक राजनैतिक व्यवस्था, ग्रामिण जनताको शासनमा सहभागिता, व्यापार – व्यवसायमा आधारित अर्थव्यवस्था, नवीन कला, साहित्य, वैज्ञानिक खोजप्रति उत्साहित हुँदै पुराना रुढीगत अन्धविश्वासका जन्जीरहरूबाट मुक्ति पाउनका लागि जुर्मुराएर उठेको अवस्थालाई इतिहासकारहरूले पुर्नजारणको नामले व्याख्या गरे।

चौधौं शताब्दीबाट सुरुभएको पुनर्जागरणकालको सुरुवात पहिले इटलीबाट सुरुभयो र १६/१७ औं शताब्दी सम्ममा सम्पूर्ण युरोपभरि नै फैलियो । विद्वतवादको प्रभाव, ग्रिसेली दर्शनको प्रभाव, उद्योग व्यवसायको विकास, कवि तथा कलाकारको जन्म र विकासका कारणले पुनर्जागरण आन्दोलनको उठान इटलीबाट भएको विश्वास गरीन्छ।

विश्वको शैक्षिक इतिहासमा पुनर्जागरणको ज्यादै महत्त्वपूर्ण स्थान छ । किनभने पुनर्जारणले शिक्षामा मानवतावादी आदर्शको स्थापना गऱ्यो । तत्कालीन ग्रिसेली शिक्षाको आध्यात्मिक स्वरूपलाई भौतिकवादी स्वरूपमा परिवर्तन गर्न विद्वानहरू क्रियाशील रहे । त्यसैबेला देखि राष्ट्रिय भाषामा शिक्षा दिने परम्परा विकास भयो । ग्रिसेली भाषा र साहित्यको सट्टा इटली भाषा साहित्यको अध्ययन अध्यापन सुरु भयो । मध्ययुगमा धर्मको प्रभुत्व रहेको शिक्षा पद्धतिमा परिवर्तन भयो । विज्ञान, इतिहास, भूगोल सङ्गित, शारीरिक तालिम जस्ता विषयहरू पठनपाठन गर्न थालियो । पुर्नजागरण कालमा शैक्षिक सिद्धान्तहरूको पनि जन्म भयो । जसका लागि Desiderius Erasmus, Johannes Sturm लगायतका विद्वानहरूको योगदान उल्लेखनीय थियो । ईरासमसको विचारमा साहित्यले प्रदान गर्ने अर्थको बुझाइ र त्यसमाथिको वार्तालाप घोकेर याद गर्नुभन्दा उत्तम हुन्छ । उनले शिक्षकहरूलाई पुरातत्त्व शास्त्र, नक्षशास्त्र, पौराणिक ग्रन्थ, इतिहास जस्ता विषयहरू समेत अध्ययन गर्न लगाउनुपर्छ भन्ने सुझाव दिएका थिए।

पन्ध्रौं शताब्दीमा पुनर्जारणले प्रिन्टिड प्रेसको विकास गऱ्यो । प्रेसको विकासका कारण व्यापक रूपमा पुस्तकहरूको प्रकाशन भयो । जसले गर्दा युरोपमा तीब्र साक्षरताको विकास भयो । पढाइ सस्तो र सहज बन्यो । शैक्षिक सामग्रीको रूपमा विद्यालय तथा विश्वविद्यालयमा व्यापक रूपले पुस्तकहरूको प्रयोग हुन थाल्यो र पुस्तकालयहरू स्थापना भए।

पुनर्जागरणले महिला शिक्षामा पनि सुधार ल्यायो । उच्च घरानाका महिलाहरू राजकीय विद्यालयमा भर्ना भएर पढ्थे । घरैमा शिक्षक राखेर पढ्ने चलन पनि कायमै थियो । महिलाहरू कला, सङ्गीत, नृत्य सिलाइ वुनाई जस्ता

विषयहरू अध्ययन गर्दथे । पुनर्जागरणले शिक्षामा महिलाको पहुँच त बढाएको थियो तर गरीव तथा श्रमजीवी वर्गका महिलाहरूको शिक्षामा ज्यादै कम सहभागिता थियो ।

पुनर्जागरण कालमा उद्योग व्यवसायको विकास पनि तिव्र रूपका भयो । जसको व्यवस्थापानका लागि नयाँ नयाँ सरकारी निकायहरू समेत स्थापना भए । व्यापार व्यवसायमा काम गर्ने, रसरकारी निकायमा काम गर्ने मानिसहरू धेरै सङ्ख्यामा आवश्यक पर्न थाल्यो । यस्ता मानिसहरूको आपुर्ति विद्यालय तथा विश्वविद्यालयबाट हुन थाल्यो । जसले गर्दा विस्तारै शिक्षालाई मानव संसाधन आपुर्तिको माध्यमका रूपमा हेरिन थालियो । इटालीमा भएका यस्ता सुधारहरूको प्रभाव युरोपभरीनै फैलियो । द्रुत गतिमा विद्यालय तथा विश्वविद्यालयहरू स्थापना भए । शिक्षाको व्यापक प्रचार प्रसार भयो । शिक्षा सम्बन्धी अध्ययन अनुसन्धान सुरु भए । शिक्षा दार्शनिक र शिक्षाका सिद्धान्तहरू विकास हुन थाले । यसरी पुनर्जागरणले आधुनिक शिक्षाको आधार तयार गर्‍यो ।

### ३.३.३ धार्मिक सुधार (Religioius reformation)

मध्यकालमा विकास भएको धर्मको सर्वोच्चता माथि पुर्नजागरणले शङ्का र विरोधको आधार तयार गरीदियो । जसले गर्दा सोह्रौ शताब्दीमा युरोपमा धर्म सुधारको आन्दोलन भयो । मध्ययुगदेखि नै युरोपमा क्याथोलिक चर्चको सर्वोच्चता थियो । धर्मसुधार आन्दोलनले क्याथोलिक चर्चको सर्वोच्चतालाई विनास गर्‍यो । व्यापार व्यवसायमा भएको तीब्र विकासले युरोपमा मध्यमवर्गको उदय भएको थियो । मध्यम वर्ग शिक्षित र जुझारु थिए । यहि वर्गले धर्मसुधार आन्दोलनको नेतृत्व गरी क्याथोलिक धर्मलाई इन्कार गर्दै प्रोटेस्टेन्ट (Protestant) धर्म (सुधारिएको वा सुधारवादी धर्म) को विकास गरे । धर्म सुधारकहरूले क्याथोलिक पोपको सर्वोच्चतालाई इन्कार गर्दै प्रोटेस्टेन्ट चर्चको स्थापना गरे । मातृ भाषामा वाइवलको अनुवाद गरीयो । यस धर्मसुधार आन्दोलनमा Huldreich Zwingil (1484-1531), John Calvin (1509-1564), Martin Luther (1929-1968), जस्ता विद्वान्हरूको महत्त्वपूर्ण योगदान रहेको थियो ।

धर्मसुधार आन्दोलनले शिक्षा क्षेत्रमा व्यापक परिवर्तन ल्यायो । शिक्षालाई राज्यले नियन्त्रण गर्ने अभ्यास सुरु भयो । सुधारवादीहरूले युरोपभरि नै राष्ट्रभाषामा शिक्षा दिने Vernacular School हरू व्यापक रूपमा स्थापना गरे । ती विद्यालयमा आधारभूत शिक्षाको पाठ्यक्रम प्रचलनमा ल्याइएको थियो । जसमा आ–आफ्नै राष्ट्रभाषामा पढाइ, लेखाइ, गणित र धर्मसम्बन्धी आधारभूत ज्ञान दिइन्थ्यो । प्रोटेस्टेन्ट शिक्षाका प्रवर्तकहरूले धर्मको शिक्षा दिनका लागि प्रारम्भिक किताबहरू पनि लेखे । जसमा प्रश्नोत्तरको ढाँचामा धार्मिक ज्ञानको सार समेटिएको थियो । प्रारम्भिक विद्यालयमा केटा केटी दुवैले संगै आधारभूत शिक्षा लिन्थे । माथिल्लो तहको अध्ययनका लागि तयारी गर्न Preparatory र Secondary school खोलिएका थिए । यस्ता विद्यालयहरूमा ल्याटिन र ग्रिक भाषाको पढाइमा जोड दिइन्थ्यो । किनकी उच्चशिक्षाको माध्यम ग्रिक र ल्याटिन भाषा थियो । युरोपमा फरक फरक नामले यस्ता विद्यालयहरू खुलेका थिए । जस्तै जर्मनिमा (The gymnasium, इङल्याण्डमा ( Latin Grammer School, फ्रान्स मा ( Lycee नामले Preparatory schools खोलिएका थिए । धर्म सुधार आन्दोलनले राज्य, परिवार र विद्यालयलाई जोड्ने प्रकृयाको थालनी गर्‍यो । धर्म सुधारका प्रमुख प्रवर्तक मार्टिन लुथरले जोड दिएका थिए कि – राज्य, परिवार र विद्यालय सँगसँगै सुधारका नेतृत्वदायी पक्ष हुन् । परिवारले बालकको चरित्रलाई आकार दिनुपर्छ । परिवारले बच्चालाई पढाइका साथै धर्मको शिक्षा दिनुपर्छ । परिवारसँगै बालकले प्रार्थना गर्ने, वाइवल पढ्ने र अन्य जीवनउपयोगी कुराहरू सिक्ने गर्नुपर्छ । सरकारले विद्यालयहरूलाई मद्दत गर्नुपर्छ । यो विचारहरूले शिक्षालाई सामूहिक प्रयासको रूपमा हेरेको देखिन्छ र जीवन उपयोगी सिपका लागि शिक्षा आवश्यक छ भन्ने कुराको उजागर गरेको देखिन्छ । अर्का जर्मन धर्मसुधारक Melanchthon (1497-1560) ले जर्मन भाषामा धर्मका लागि आचार संहिता तयार गरे । उक्त नियम (Code) मा भनिएको थियो कि – सरकारले विद्यालयको निरीक्षण र शिक्षकहरूको लाइसेन्ससम्बन्धी जिम्मेवारी लिनुपर्छ । यस कुराले के पुष्टि गर्छ भने धर्मसुधार आन्दोलनले राज्यलाई शिक्षाको रेखदेख गर्नका लागि र शिक्षकको योग्यताको परीक्षणका लागि जिम्मेवार बनाउने आधार तयार गर्‍यो । यी कुराहरू सत्रौं शताब्दीमा आएर युरोप भरिनै लागु भए । यसरी धार्मिक सुधारले शिक्षाको विकासका लागि महत्त्वपूर्ण योगदान गर्‍यो ।

### ३.३.४ राष्ट्रवादी आन्दोलन (Nationalistic Movement)

विश्वको इतिहासमा मध्ययुगदेखि साम्राज्यवादी सोचको चरम विकास भयो । युरोपेली मुलुकहरूले संसारभरि नै आ –आफ्ना उपनिवेशहरू निर्माण गरी त्यहाँ शिक्षा, संस्कृति, प्राकृतिक स्रोत, अर्थव्यवस्था र राज्यव्यवस्थामा आफ्नो आधिपत्य कायम गरे । उपनिवेशमा परेका देश र जनताहरू साम्राज्यवादको चरम शोषण र दमनमा परे । साम्राज्यवादी

होडवाजी आधुनिक युगसम्म नै कायम रह्यो। जसको परिणामस्वरूप दुईवटा भयङ्कर र विनासकारी विश्वयुद्ध हुन पुगे ।

दोस्रो विश्वयुद्धपछि साम्राज्यवादी र औपनिवेशिक शासन व्यवस्थाहरू एकपछि अर्को गर्दै पतन हुन थाले। परिणाम स्वरूप संसारभरि नै राष्ट्रवादी आन्दोलनको आँधिबेरी आउन थाल्यो। विभिन्न मुलुकहरूमा उठेका राष्ट्रवादी आन्दोलनहरूले स्वतन्त्रता, स्वधिनता, राष्ट्रियता र राष्ट्रिय एकताको उद्घोष गरे। राष्ट्रवादी आन्दोलनको परिणामस्वरूप कैयन मुलुकहरूले स्वतन्त्रता प्राप्त गरे र आआफ्नो राष्ट्रिय स्वार्थ अनुसारको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक र शैक्षिक सुधारहरू गरे।

संसारमा भएका राष्ट्रवादी आन्दोलनहरू मध्ये भारतमा गान्धिले नेतृत्व गरेको आन्दोलन, मिश्रमा अब्दुल नरिसले नेतृत्व गरेको आन्दोलन, युगोस्लाभियामा मार्सल टिटोले गरेको आन्दोलन, ब्राजिलमा पाउलो फ्रेरेले गरेको आन्दोलन, तान्जेनियाँमा जुलियस नेरेरेले नेतृत्व गरेका आन्दोलनहरू इतिहासमा उल्लेखनीय छन्। साम्राज्यवादी र औपनिवेशिक उत्पीडनबाट मुक्ति प्राप्त गर्नु, स्वदेशी संस्कृतिको सम्बर्धन गर्नु, आत्मनिर्भर बन्नु, आर्थिक विकास गर्नु आदि राष्ट्रवादी आन्दोलनका मुख्य लक्ष्यहरू थिए। यी लक्ष्य प्राप्तिका साथसाथै ती राष्ट्रवादी आन्दोलनहरूले राष्ट्रवादी शैक्षिक दर्शनको पनि विकास गरे। माथि उल्लेखित राष्ट्रवादी आन्दोलन मध्ये महात्मा गान्धि (१८६९ -१९४८) पाउलो फ्रेरे (१९२१ -१९९७) र जुलियस कम्ब्राग नेरेरे (१९२२ -१९९९) ले नेतृत्व गरेका राष्ट्रवादी आन्दोलनहरू शिक्षाका दृष्टिले पनि ज्यादै महत्त्वपूर्ण छन्।

गान्धिले राष्ट्रवादी शिक्षाको एक सङ्गठित दर्शन विकास गरे। शिक्षाद्वारा सामाजिक क्रान्ति र नयाँ समाज निर्माण गर्न सकिन्छ भन्ने उनको विश्वास थियो। शिक्षाले मानिसमा सहयोग, सत्य, प्रेम आदिको भावना विकासमा जोड दिनुपर्छ, राष्ट्रिय विकास र राष्ट्रियताको भावना विकासमा जोड दिनुपर्छ, व्यक्ति, समाज र शिक्षा बिच सामन्जस्यता हुनुपर्छ जस्ता महत्त्वपूर्ण शैक्षिक विचारहरू गन्धिले दिए। गान्धिले आधारभूत व्यवसायिक शिक्षाको प्रारूप तयार गरी मौलिक शिक्षा पद्धतिको विकास गरे। उनको शिक्षा पद्धतिले पद्धतिले दाशता, पराधीनता, जातीय भेदभाव र परनिर्भरताबाट व्यक्तिलाई मुक्ति दिने उद्घोष गरेको थियो। गान्धिवादी शिक्षाको स्वरूप अहिसात्मक राष्ट्रिय संस्कृतिको विकास तर्फ केन्द्रित थियो।

Paulo Freire (1921-1997) ब्राजिलका राजनीतिज्ञ, समाजसुधारक र शिक्षा शास्त्रि थिए। ब्राजिलको राष्ट्रवादी आन्दोलनसँगै फ्रेरे शैक्षिक सुधारमा काममा महत्त्वपूर्ण योगदान गरी शिक्षा दार्शनिकको रूपमा स्थापित भए। उनले १९६८ मा Pedagogy of the oppressed नामक किताव लेखे। उक्त कितावको सन् १९७० मा अङ्ग्रेजी अनुवाद भयो र उक्त पुस्तक तत्कालीन संसारकै शैक्षिक विचारको एक लोकप्रिय प्रकाशन थियो। यस पुस्तकको प्रभाव औपचारिक र अनौपचारिक दुवै किसिमका शिक्षा परम्परामा पर्न गयो र हालसम्म पनि फ्रेरेका शिक्षण विधिहरू संसारभरि नै उपयोग भईरहेका छन्। उनको विचार थियो कि – सिकारुले सिकाइ प्रकृयाको क्रममा सामाजिक परिवेश र आफ्नो वास्तविकतालाई बुझ्नुपर्छ। फ्रेरेले शिक्षालाई एक राजनीतिक कार्यको रूपमा व्याख्या गरे र शिक्षालाई शोषितपीडितहरूको मुक्तिको साधनको रूपमा हेरे। तत्कालीन संसारमा शिक्षालाई बैङ्किङ अवधारणा (Banking concept) मा हेरिन्थ्यो। यसको वदलामा उनले समस्याप्रस्तुत गर्ने (Problemposing) अवधारणामा आधारित भई शिक्षण विधिहरूको विकास गरे। उनले संवाद (Dialogue) र आलोचनात्मक सचेतना (Critical consciousness) लाई समस्या समाधानको विधिको रूपमा व्याख्या गरे। रूपान्तरणात्मक सिकाइ (Transformatiove learning), शशक्तिकरण, सामाजिक न्याय, आलोचनात्मक विश्लेषण (Critical analysis) प्रत्यावर्तनात्मक सिकाइ (Reflective learning) आदि फ्रेरेको शिक्षा दर्शनले विकास गरेका विधिहरू हुन्। यो विधिहरू अहिले पनि संसारका लोकप्रिय छन्।

यसरी नै तान्जेनियाँका राजनीतिज्ञ तथा समाजसुधारक Jlish Kambarage Nyerere (1922-1999) ले आफ्नो राष्ट्रमा स्वाधिनताको आन्दोलन चलाएका थिए। राजनीतिक आन्दोलन सँगै उनले महत्त्वपूर्ण शैक्षिक विचारहरू पनि दिए। उनी औपनिवेशिक शिक्षाको कट्टर विरोधी थिए। उनले विद्यालयलाई आत्मनिर्भरताको दर्शन सिकाउने ठाउँ बनाउनु पर्छ, विद्यालयले केवल उत्पादन एकाइ, सामाजिक एकाइलाई मात्र नभएर राष्ट्रिय एकाईलाई सहयोग गर्नुपर्छ, शिक्षालाई ग्रामिणीकरण गर्नुपर्छ जस्ता विचारहरूमा आधारित भई शिक्षा पद्धतिको सुधारमा लागे। उनको शैक्षिक दर्शनले शिक्षा अरूबाट सिक्नु, उचित लिनु – अनुचित छोड्नु, असल नागरीकका लागि मानिसलाई आत्मविश्वासी बनाउनु, आदि जस्ता महत्त्वपूर्ण विचारहरूमा जोड दिएको थियो। उनको शैक्षिक तथा सामाजिक आन्दोलनले तान्जेनियामा औपचारिक र अनौपचारिक शिक्षाका प्रयासहरूले व्यापकता पाएको थियो।

यसरी यी विभिन्न देशमा भएका राष्ट्रवादी आन्दोलनहरूले शिक्षालाई आत्मनिर्भरता र स्वधीनताको प्राप्तिको साधनको रूपमा उपयोग गर्‍यो । मानिसको स्वतन्त्रता, सम्मान, स्वपहिचान, सामाजिक न्याय, राष्ट्रिय एकता, मातृभाषामा शिक्षा, व्यवसायिक शिक्षा, दाशता विरुद्धको सचेतता, आदि जस्ता कुराहरूलाई केन्द्रबिन्दु बनाएका थिए । यी कुराहरू शिक्षा क्षेत्रका लागि आज पनि व्यत्तिकै सान्दर्भिक र उपयोगी देखिन्छन् ।

## ३.४ शिक्षा विकासका विचार पद्धतिहरू (Approaches to education development)

शिक्षा विकासको इतिहासमा शिक्षा एउटा वहसको विषय बन्यो । शिक्षा के हो ? शिक्षाको दायित्व कसको हो ? शिक्षा केका लागि ? शिक्षा दान हो कि अधिकार ? शिक्षा सबैका लागि हो कि होइन ? शिक्षमा कसरी समानता ल्याउने ? शिक्षामा कसरी समता ल्याउने आदि सवालहरूमा विगतदेखि वर्तमानसम्म संसारमा वहस भईरहेको छ । जसको परिणाम स्वरूप शिक्षामा विभिन्न विचार पद्धतिहरू विकास भएका छन् । शिक्षालाई अधिकारको रूपमा स्थापित गर्न, शिक्षालाई आधारभूत आवश्यकताको रूपमा स्थापित गर्न, शिक्षा र विकासलाई एकअर्काका परिपूरक बनाउन शिक्षामा लगानी वृद्धि गर्न शिक्षालाई जीवनउपयोगी बनाउन र शिक्षामा सबैको पहुँच पुर्‍याउने उद्देश्यले संसारमा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रयासहरू भईरहेका छन् । यिनै घटनाहरूको परिणाम स्वरूप विकास भएका विचार पद्धतिहरू मध्ये केहीको तलका शीर्षकहरूमा सङ्क्षिप्त वर्णन गरीएको छ।

### ३.४.१ आवश्यकतामा आधारित विचार पद्धति (Need based approach)

मानिसको दैनिक जीवन यापनका लागि अति आवश्यक कुराहरू जस्तै गाँस, बासँ, कपास, सुरक्षा, स्वास्थ्य आदि मानिसका आधारभूत आवश्यकता हुन् । यी कुराहरू जुटाउन र त्यसको व्यवस्थापन गर्न शिक्षा नै आधारभूत साधन भएकोले २० औं शताब्दीमा शिक्षालाई आधारभूत आवश्यकताको रूपमा अङ्गिकार गरीयो ।

शिक्षालाई आधारभूत आवश्यकताका रूपमा हेर्ने प्रकृया अन्तराष्ट्रिय रूपमै विकास भएको हो । यस अवधारणालाई UNESCO ले अन्तराष्ट्रिय आन्दोलनको रूपमा अघिवढाएको छ । संयुक्त राष्ट्र संघले सन् १९४८ मा जारी गरेको मानवअधिकारको घोषणापत्रमा कम्तिमा आधारभूत तहको शिक्षा लिन पाउनु बालबालिकाको अधिकार हो भनिए पछि शिक्षालाई अधिकारको रूपमा व्याख्या गर्न थालियो । त्यसपछि सन् १९७० मा संयुक्त राष्ट्रसंघको महासभाले मानिसका जीवनयापनका आधारभूत आवश्यकताहरू प्रकाशमा ल्यायो । जसमा शिक्षा स्वास्थ, पौष्टिक आहार, आवास, सामाजीकरण पर्यावरण र सुरक्षा जस्ता कुराहरू समावेश थिए । यिनै कुरामा आधारित भई UNESCO ले शिक्षालाई Basic need को रूपमा अङ्गिकार गरी आवश्यकता पूरा गर्न नीति तथा कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्‍यो ।

आधारभूत शिक्षा भनेको त्यस्तो शिक्षा हो जसको क्षेत्र व्यापक हुन्छ, जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान, सिप र क्षमता समावेश गरीएको हुन्छ । समाजको विकासका साथै व्यक्तिको विकाससँग गाँसिएको हुन्छ, राज्यद्वारा स्थापित हुन्छ, आम मानिसका लागि संचालित हुन्छ र सर्वसुलभ (सबैको पहुँच पुग्ने) हुन्छ भन्ने विश्वास गरीन्छ । यिनै कुराहरूमा आधारित भई विभिन्न समयमा विभिन्न सम्मेलनहरूको आयोजना गरी आफ्ना सदस्य राष्ट्रहरूलाई आधारभूत शिक्षाको योजना तयार गरी कार्यान्वन गर्न प्रेरित गर्‍यो ।

सन् १९६० मा पाकिस्थानको कराँचीमा एसियाली राष्ट्रहरूको शिक्षामन्त्रिहरूको सम्मेलनले सन् १९८० सम्ममा अनिवार्य र निशुल्क प्राथमिक शिक्षा उपलब्ध गराउने प्रतिबद्धता जाहेर गर्‍यो । सदस्य राष्ट्रहरूले उक्त प्रतिबद्धता पूरा गर्न विभिन्न नीति तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गरे । सन् १९९० मा भएको जोमटिन सम्मेलन ले 'सबैका लागि शिक्षा' को प्रतिबद्धता जाहेर गर्दै प्राथमिक शिक्षालाई प्रमुख आवश्यकताका रूपमा लियो । सन् १९९० मै भएको न्युर्योक सम्मेलनले 'प्राथमिक शिक्षा पाउने बालबालिकाको जन्मसिद्ध अधिकारलाई स्वीकार गर्‍यो । यसरी नै सन् २००० मा प्राथमिक शिक्षाको म ल्याङ्कन गर्न सेनेगलको डकारमा एउटा सम्मेलन भयो । उक्त सम्मेलनले प्राथमिक शिक्षाको मूल्याङ्कन गर्नुका साथै 'सबैका लागि शिक्षा हाम्रो सामूहिक प्रतिबद्धता' नारा रहेको डकार कार्ययोजना पनि तयार गर्‍यो । उक्त कार्यजोजनाले सन् २०१५ सम्म आधारभूत शिक्षा सर्वसूलभ गर्नका लागि छ वटा विभिन्न लक्ष्यहरू तयार गरी त्यसै अनुसारण योजनाहरू निर्माण गरी कार्यान्वयन गरीरहेको छ । UNESCO का सदस्य राष्ट्रहरूले पनि ती लक्ष्य तथा कार्यक्रममा आधारित भई राष्ट्रिय स्तरका योजना तथा कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरीरहेका छन् ।

### ३.४.२ अधिकारमा आधारित विचार पद्धति (Right-based approaches)

मानव समाजमा सम्मानपूर्वक मानवीय मूल्यमा आधारित भई वाँच्न पाउनु मानव अधिकारको विषय हो । यस अन्तर्गत जन्मपछि पहिचान पाउँने,उचित स्याहार पाउने, बाँच्न पाउने, सम्मान पाउने, रोजगारी पाउने, उचित पारिश्रमिक

पाउने, स्वास्थ हुन पाउने, आवास पाउने, बोल्न र लेख्न पाउँने, सूचना पाउने, शिक्षा पाउने, आर्जन र वचत गर्न पाउने आदि अधिकारहरूको समग्रता नै मानव अधिकार हो । यी कुराहरूको प्राप्तिका लागि संसारमा ठुल्ठूला राजनैतिक तथा सामाजिक आन्दोलन भएका छन् । यो संसारको चासोको विषय थियो । सन् १९४८ मा संयुक्त राष्ट्र संघले 'विश्वव्यापी मानवअधिकारको घोषणा पत्र' जारी गरेपछि मात्र मानवअधिकारले अन्तराष्ट्रिय रूपमै कानुनी मान्यता प्राप्त गऱ्यो । १० डिसेम्बर १९४८ मा जारी भएको उक्त घोषणा पत्रमा ३० वटा धाराहरूमा मानव अधिकारलाई सूचिकृत गरीयो । उक्त घोषणापत्रको धारा २६ (१,२,३) मा शिक्षा सम्बन्धी अधिकारको प्रत्याभूति गरीएको छ । यस घोषणा पत्रलाई अधार मानि राष्ट्रसंघका अङ्गहरूले शिक्षा सँग सरोकार राख्ने सवालहरूमा विभिन्न सम्मेलनहरू आयोजना गरी विभिन्न सन्धि सम्झौता जस्तै वाल अधिकार महासन्धि, महिला अधिकार, निरन्तर शिक्षा, सबैका लागि शिक्षा आदि मार्फत शिक्षालाई अधिकारको रूपमा स्थापित गर्न प्रयास गरीयो । संसारका प्राय जसो मुलुकहरूले शिक्षाको अधिकारलाई देशको मूल कानून मै समावेश गरी थप ऐन नियमहरू निर्माण गरे । त्यसै अनुसारका नीति तथा कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरीयो । मानव अधिकारका अन्य पक्षहरूको प्रवर्द्धनका लागि पनि शिक्षालाई प्रमुख उपायको रूपमा हेर्न थालियो । देशको आर्थिक सामाजिक तथा राजनैतिक उन्नतिको मेरुदण्डको रुमपा शिक्षालाई हेर्न थालियो । यसरी शिक्षा व्यक्तिको अधिकारको रूपमै स्थापित भयो ।

### ३.४.३ समावेशीकरणमा आधारित विचार पद्धति (Inclussive approach)

समावेशी शिक्षा भनेको शिक्षाको एक दार्शनिक र विधिशास्त्रीय आन्दोलन हो । यस आन्दोलनले प्रत्येक विद्यार्थीले विद्यालयमा समान सम्मान पाउँनु पर्छ, सवैले आ –आफ्नोआत्मविश्वास विकास गर्न पाउनुपर्छ, सबै विद्यार्थीले सुरक्षाको अनुभूति गर्न पाउनु पर्छ, प्रत्येक विद्यार्थीले आ – आफ्नोसंभावनाहरूको पूर्ण विकास गर्न पाउनुपर्छ भन्ने कुराको वकालत गर्दछ । साथै सिकाइमा सामाजिक सम्बद्धता, सिकाइमा सिकारुकै नियन्त्रण, सिकाइमा सक्रिय सहभागिता, साथीसमूहहरूसँग सकारात्मक अन्तरक्रिया जस्ता कुराहरूलाई जोड दिन्छ।

समावेशी शिक्षाको अवधारणा विकास हुनुपूर्व 'विशेष शिक्षा' को अवधारणा अस्तित्त्वमा थियो । विभिन्न किसिमका शारीरिक मानसिक क्षमता भएका विद्यार्थीहरूलाई छुट्टै विशेष विद्यालयमा विशेष किसिमको वातावरणमा शिक्षा दिनुपर्छ भन्ने मान्यता राखिन्थ्यो । त्यस्ता विद्यार्थीहरूलाई सामान्य क्षमता भएका साथीसमूहभन्दा अन्यत्रै विशेष शिक्षकको व्यवस्था गरी सिकाइको अवसर उपलब्ध गराउनुपर्छ भन्ने अवधारणा थियो र शिक्षा क्षेत्रमा 'विशेष शिक्षा' का नामले यस्ता अभ्यासहरू पनि भए । यस्ता अभ्यासहरूले सिकारुलाई साथी समूहबाट अलग गऱ्यो र समायोजनको अवसरबाट उनीहरू वन्चित भएको महसुस गरी आफ्ना साथीभाइ, समुदाय र छरछिमेकसँगै बसेर घरनजिकैको विद्यालयमा उनीहरूको उमेर र क्षमता सुहाउँदो शिक्षाको अवसर दिनुपर्छ भन्ने भावनाबाट प्रेरित भई समावेशी शिक्षाको अवधारणा विकास भएको हो ।

समावेशी शिक्षा राजनैतिक र सामाजिक एजेन्डा पनि हो । यसलाई आधारभूत मानवअधिकारको रूपमा पनि व्याख्या गरीन्छ । त्यसैले यस आन्दोलनको नेतृत्व पनि UNESCO ले गरेको थियो । सन् १९९४ मा स्पेनको सलमान्कामा UNESCO को सम्मेलन भएको थियो । उक्त सम्मेलनको प्रमुख विषय विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई शिक्षाको मूलप्रवाहीकरण कसरी समावेश गर्न सकिन्छ भन्ने थियो । खासगरी गरीबीमा बाँचेका बालबालिकाहरू जातीय तथा भाषिक अलासङ्ख्याकहरू, बालिकाहरू, शारीरिक/ मानसिक असक्षमता भएकाहरू र समाजद्वारा उपेक्षिताहरूलाई शैक्षिक मूलप्रवाहमा ल्याउने प्रयास स्वरूप समावेशी शिक्षाको अवधारणा विकास भएको थियो ।

भिन्न सामर्थ्य भएका (Differently able) बालबालिकाको पनि गुणस्तरीय समावेशी शिक्षामा पहुँच पाउने अधिकार छ, विद्यालयको सिकाइ वातावरण विद्यार्थीको शारीरिक, सामाजिक, वौद्धिक र संवेगात्मक आवश्यकता अनुसार हुनुपर्छ, वैयक्तिक आकङ्क्षाअनुसारको शिक्षा हुनुपर्छ , शिक्षाको नीति तथा अभ्यासले सिकाहरूको विविधता, विशेष गरी भिन्न क्षमता/सामर्थ्य भएका विद्यार्थीहरूको सम्मान र उनीहरूको भावनाको कदर गर्नुपर्छ भन्ने मूल सिद्धान्तमा समावेशी शिक्षा आधारित छ । त्यसैले समावेशी शिक्षामा विविध क्षमता भएका विद्यार्थीहरू संगसँगै सिकाइ प्रकृयामा समावेश हुन्छन् । प्रत्येक विद्यार्थीले आफ्नोल्याकत र क्षमता अनुसारको सिकाइको अवसर पाउँछन् । क्षमता, जात, लिङ्ग, उमेर, धर्म, सम्प्रदाय, आर्थिक – सामाजिक परिवेश, विकासको गति आदिका दृष्टिले विभिन्नता हुन्छ र त्यस्ता विभिन्नतामा कसैलाई भेदभाव र उपपेक्षा नगरी ती सबैलाई समतामूलक सिकाइको अवसर दिइन्छ । शिक्षा पद्धति लचिलो हुन्छ र विद्यार्थीलाई सुहाउँदो बनाउनका लागि परिवर्तन गर्न सकिने किसिमको र वैयक्तिक सिकाइको अवसर हुन्छ ।

सन् १९९० को जोभटिन सम्मेलनको 'सबैका लागि शिक्षा' को भावना अनुसार विश्वव्यापी शिक्षाको योजना तथा कार्यक्रम बने । सामाजिक न्याय, असमानता, मानवअधिकार, सहभागितासँग सम्बन्धीत सवालहरूलाई सम्बोधन गरी समतामूलक समाजको निर्माण गर्ने लक्ष्यका साथ कार्यान्वयन गरीएको 'सबैका लागि शिक्षा' कार्यक्रम कै भावना अनूरूप समावेशी शिक्षाको अवधारणा विकास भएको हो । समावेशी शिक्षाको लक्ष्य नै सबै विद्यार्थीहरूले शिक्षाको अधिकार उपयोग गरेका छन् भन्नेकुराको सुनिश्चित गर्नु हो । त्यसैले समावेशी शिक्षाले विद्यार्थीको विविधतालाई स्वीकार गर्दै उनीहरूलाई सिकाइमा समावेश गर्ने, सबैको सहभागिता सुनिश्चित गर्ने, विभेदहरू अन्त्य गर्ने र सिकारुका विविध सिकाइ आवस्यकतालाई सम्बोधन गर्दै भिन्न क्षमता भएकाहरूलाई शिक्षा पद्धतिको मूल प्रवाहमा समाहित गर्दछ।

## ४) साराँश(Unit Summary)

यस एकाइमा शिक्षाको ऐतिहासिक आधारअर्न्तगत पूर्वीय र पाश्चात्य क्षेत्रमा शिक्षाको विकास, शिक्षाको इतिहासमा विकास भएका विभिन्न आन्दोलनहरू र शिक्षासम्बन्धी विभिन्न किसिमका चिन्तन पद्धतिहरूको विषयमा चर्चा गरीयो । प्राचीन पूर्वीय शिक्षा पद्धतिहरूमध्ये गुरुकुल शिक्षा प्रणाली, मठीय शिक्षा प्रणाली र मदरसा शिक्षा प्रणालीको विकास कसरी भयो ? यी शिक्षा प्रणालीको शिक्षाका उद्देश्यहरू के थिए ? कस्तो पाठ्यक्रम प्रचलनमा थियो ? के कस्ता शिक्षण विधि प्रचलनमा थिए ? शिक्षक तथा विद्यार्थीहरूले कसरी शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुन्थे जस्ता विषयवस्तुमा सङ्क्षेपमा प्रकास पार्ने प्रयत्न गरीएको छ।

पाश्चात्य जगतको शिक्षाको इतिहासमा ग्रिस, रोमन र अमेरिकनमा विकास भएका शिक्षा प्रणालीहरू उल्लेखनीय छन्। ग्रिसको सभ्यतामा दुई फरक विशेषता भएका शिक्षा पद्धतिहरू विकास भए। ती हुन् एथेन्सको शिक्षा प्रणाली र स्पार्टाको शिक्षा प्रणाली। पछिल्लो समयको शिक्षाको मूल आधार यिनै शिक्षा प्रणाली थिए। यसरी नै आधुनिक शिक्षाको जग बसाल्न प्रयोजनवादी शैक्षिक आन्दोलन र अस्तित्त्ववादी शिक्षादर्शनको योगदानलाई महत्त्वका साथ हेर्ने गरीन्छ। विश्वको इतिहासमा यस्ता महत्त्वपूर्ण आन्दोलनहरू पनि भएका थिए, जसले शिक्षाको विकासमा ठूलो महत्त्व राख्दछन्। धर्मसुधार आन्दोलन, विद्वतवाद, पुनर्जागरण र राष्ट्रवादी आन्दोलनहरूले संसारको शिक्षा प्रणालीको विकासमा ज्यादै उल्लेखनीय महत्त्व राख्छन्।

संसारको शिक्षा व्यवस्थामा विकास तथा सुधार हुँदै जाँदा शिक्षालाई विभिन्न दृष्टिकोणले हेर्न थालियो । शिक्षालाई आधारभूत आवश्यकताको रूपमा हेरियो । यो दृष्टिकोण सँगसँगै शिक्षालाई अधिकारको रूपमा पनि हेरिन थाल्यो । समय बित्दै जाँदा शिक्षालाई समावेशीकरणको दृष्टिले व्याख्या गर्न थालियो । शिक्षालाई हेर्ने यी वैचारिक चिन्तनपद्धतिले 'शिक्षा' नामक विधालाई व्यापक बनायो। यस एकाईमा छलफल गरीएका ऐतिहासिक कुराहरूबाट गुज्रदै वर्तमान शिक्षा प्रणाली विकास भएको हो।

## ५) अभ्यास : (Exercise)

तपाईंको अध्ययनलाई स्वमूल्याङ्कन गर्न सजिलो होस् भनि तल केही विषयगत र वस्तगत प्रश्नहरू दिइएको छ। ती प्रश्नहरूको उत्तर दिई आफ्नो सिकाइको स्वमूल्याङ्कन गर्नुहोस्।

### वस्तुगत प्रश्नहरू (Objective Questions)

1. Which of the following is an oldest education system among Eastern Education systems.
   (a) Nationalistic education (b) Monastic education
   (c) Gurukul educaion (d) Madarsa education
2. Why a scholar of education need to study history of education?
   (a) to inform about historical evidents
   (b) to acquient with contemporary education system
   (c) to develop ability to analyze historical events
   (d) to gain insights for educational improvement
3. Which of the following was the main goal of education in ancient Gurukul system?

(a) Fusion of spiritual and material life
(b) Liberate from the cycle of birth-death.
(c) Produce prists for retual seliberation
(d) Save Hindu religion from others attact.

4. Who was responsible for feeding up the learners in Gurukul education system?
(a) Guru (b) Society
(c) Parents (d) Community

5. Which was the aim of education in ancient monastic education in the east?
(a) to establish 'Sangha'
(b) to develop language efficiency
(c) to attain 'Nirbana'
(d) to attain liberation

6. Which ritual was celebrated at the end of monastic education?
(a) Pabbjja (b) Upasampada
(c) Sangati (d) Tapa

7. Which one is meaningof "madarsa"?
(a) the place of religious practices
(b) the place of ritual practices
(c) the place of learning
(d) the place of prayer

8. What was a main objective of education in Madarsa system?
(a) to assimilate life according to muslim values
(b) to dissiminate muslim values
(c) to ensure welfare of muslims
(d) to implement muslim norms and values

9. Which of the ancient education system of the west had National responsibility of education?
(a) Sparata (b) Athence
(c) Romeo (d) Ejeept

10. Which education system develop basis of liberal education?
(a) Ejeeptian education (b) Spartian education
(c) Roman education (d) Athencian education

11. To develop efficiency on oratory was the objective of the
(a) Ejeeptian education (b) Spartian education
(c) Roman education (d) Athencian education

12. "Truth cannot be metaphysical, it is based on observable applicability" this philosophical premise is concern with which of the philosophical school?

(a) Scholasticism (b) Pragmatism

(c) Existentialism (d) Perennialism

13. Concept of Utiliterian curriculum was developed under

(a) Scholasticism (b) Pragmatism

(c) Existentialism (d) Perennialism

14. Which philosophical thought advocates that students are fully free to choose their goals?

(a) Naturalism (b) Progressivism

(c) Existentialism (d) Pragmatism

15. Which was the main achievement of the scholasticism?

(a) Interpretation of religion on logical basis

(b) Beginning of suspicion on religious faith

(c) Suspiction on charchs superimacy

(d) Beginning of scientific methods of instruction.

16. Major contribution of renaissance in the sector of education is–

(a) Separation of education and religion

(b) Establishment of humanistic values in education

(c) Increment of educational institutions

(d) Replacement of religious superstitution

17. Which of the educational movement gave more emphasis on Vernacular school?

(a) Renaissance (b) Scholasticism

(c) Nationalism (d) Reformation

18. Which is the characteristic of basic needs approach of education?

(a) aimed towards development

(b) aimed towards mass education

(c) aimed towards awareness

(d) aimed towards empowerment

19. Which of the international convention declared that "Education is inborn right of children?

(a) Karachi convention 1960

(b) UN convention 1970

(c) Jomtion conference 1990

(d) New York convention 1990

20. Which of the following perspective was preferred by Nationationalistic movement of education?

(a) Economic development

(b) Development of self awareness

(c) Development of toloration

(d) Cultural Development

**विषयगत प्रश्नहरू (Subjective Questions)**

1. Why a teacher need to be acquiented with history of education? Discuss with suitable logic.
2. Describe the major characteristics of ancient Gurukul system of education.
3. What were the objectives of monastic education? Can methods of education prescribed by monastic system be applicable in present context? If so, why not?
4. Discuss contribution on educational development by Madarsa education system.
5. Compair and contrast objectives of education prescribed by Gurukul, monastic and Madarsa system of education.
6. Critically analysis role of teacher in Gurukul, Monastic and Madarsa system of education.
7. Evaluate the ancient sparatian education system.
8. Discuss methods of education of ancient athencian education system are these methods applicable in our context?
9. What similarity and differences can be found in sparatian and Athencian education system?
10. How renaissance contribute to development of education in contemporary uropian society?
11. State the effect of scholastic movement on education.
12. How reformation contribute on educational reform in Mediavl urope?
13. How Nationalistic movement was linked with education?
14. Elaborate, How education was become as basic needs?
15. Critically analysis the concept of right based approach of education.
16. How education helps to promote human right? Give examples.
17. Criticize the concept of inclusive education.
18. A large number of children are still remain out of educational opportunity. Purpose some measures to include them in mainstreem of education.
19. How social justics can be promoted through educational opportunity? Give examples.

20. Explain the features of Nationalistic movement relating with education.

## ६. पृष्ठपोषण (Feedback)

तपाईंले दिनुभएका विषयगत प्रश्नका उत्तरहरूलाई स्वाध्ययन सामग्री एवम् अन्य सामग्रीहरूमा उल्लेख भएका सूचनाहरूसँग दाँजेर हेर्नुहोस्। यदि तपाईंको उत्तर सन्तोषजनक लाग्यो भने अध्ययनको गति अघि बढाउनुहोस् । यदि प्रश्नको उत्तर चित्त बुझ्दो भएन भने पुनः यो एकाइलाई दोहोऱ्याएर अध्ययन गर्नुहोस्। यी प्रश्नहरूको उत्तर सम्पर्क कक्षामा आउँदा लिएर आउनुभयो भने तपाईंले विशेषज्ञहरूबाट पृष्ठपोषण प्राप्त गर्न पनि सक्नु हुनेछ।

वस्तुगत प्रश्नका उत्तरहरूलाई दिइएको उत्तरकुन्जिकाका आधारमा अङ्कन गरी पृष्ठपोषण लिनुहोस्।

**Answer Key**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| c | d | B | a | c | b | c | a | a | c |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| c | b | B | c | a | b | c | b | d | b |

**References**


Webber, J. (2009). The Existentialism of Jean-Paul Sartre. Routledge.

Winch, C. and Gingell, J. (1999). Key Concepts in the Philosophy of Education. London. Routledge.

Routledge Encyclopedia of Philosophy (1998). Version 1.0, London and New York: Routledge.

Calhoun, J. R. (1963). Existentialism, phenomenology, and literary theory. South Atlantic Bulletin 28(4). South Atlantic Modern Language Association. http://www.jstor.org.

Cubberley, E. P. (2005). The history of education. EBook. Stanford University. Retrieved from http/google book.com.

Bitros, G.C. & Karayiannis, A.D. (2009). Character, knowledge and skills in ancient Greek education: Lessons for today's policy makers. Athens University of Economics and Business. Retrieved from Munich Personal RePEc Archive.

McInerney, J. (1998). Ancient Greek Civilization Part I. The Teaching Company Limited.

भाग दुई

# Part Two

# Philosophical foundation of Education

## एकाइ २ : शैक्षिक दर्शनहरूको परिचय

## (Introduction to educational Philosophy)

### १) परिचय (Introduction)

शिक्षाका विभिन्न आधारहरू मध्ये 'दर्शनशास्त्रीय' आधारलाई प्रमुख आधार मानिन्छ । किनभने प्रत्येक दार्शनिक सम्प्रदायका आ– आफ्नै शैक्षिक दर्शनको पक्ष हुन्छ। त्यसमा शिक्षा के हो ? ज्ञान के हो ? शिक्षा कसका लागि ? किन ? कसरी ? जस्ता विषयहरूमा चर्चा गरीएको हुन्छ। तिनै वैचारिक जगमा उभिएर नै शिक्षाको संरचना तयार गरीन्छ। दर्शनशास्त्र एउटा व्यापक विधा हो। हरेक अध्ययनका विधा वा विषयको आधार 'दर्शन' नै हो। शिक्षा पनि अध्ययनको एउटा छुट्टै विधा भएकोले यसको आधार दर्शन हुनु स्वभाविक नै हो। अझ गहिरिएर हेर्ने हो भने शिक्षा र दर्शनभित्रका उपविधाहरू जस्तै सत्य, ज्ञान, ज्ञानको स्वरूप, ज्ञानआर्जनका तरिका, मानिस, मानिसको प्रवृत्ति, मानिसका लक्ष्य उद्देश्य, मानिसको सामाजिक –राजनीतिक जीवन, मूल्य मान्यता, नीति, तर्क आदि एउटै भएकोले अन्य विधाहरूको तुलनामा 'शिक्षारूपी विधा' को मूल आधार नै दर्शन हो । प्रत्येक दार्शनिक सम्प्रदायभित्र रहेका शिक्षा सम्बन्धी विचारहरू नै शैक्षिक दर्शन हुन्।

एउटा शिक्षक – प्रशिक्षक वा तालिम प्राप्त शिक्षक बन्न गईरहेको व्यक्तिले संसारमा के कस्ता शैक्षिक दर्शनहरू विकास भएका छन् ? ती शैक्षिक दर्शनले शिक्षाको कस्तो संरचना प्रस्तुत गरेका छन् ? ती दर्शनले विकास गरेका के कस्ता विचारहरू शैक्षिक नीति निर्माण व्यवस्थापन, पाठ्यक्रम निर्माण र शैक्षणिक गतिविधि आदिमा कसरी र किन उपयोगमा ल्याउन सकिन्छ जस्ता विषयमा जानकारी राख्न र आफ्नो परिस्थिति अनुकुल उपयोगमा ल्याउनमा लागि अन्तरदृष्टि एवंम क्षमता विकास गर्न आवश्यक भएकोले शिक्षाको आधार विषयको पाठ्यक्रममा 'शिक्षाको दर्शन शास्त्रीय आधार' पाठ्यांश समावेश गरीएको हो।

### २) विशिष्ट उद्देश्यहरू र पाठय्वस्तुहरू ( Specific Objectives and Contents)

| विशिष्ट उद्देश्यहरू | Contents |
|---|---|
| • दर्शनशास्त्रको सामान्य परिचय दिन,<br>• दर्शनशास्त्रका क्षेत्रहरूको विषयमा छलफल गर्न,<br>• दर्शनशास्त्रका क्षेत्रहरूलाई शिक्षाको दार्शनिक आधारको रूपमा सार खिच्न,<br>• शिक्षा दर्शनको रूपमा –सारवाद, स्थायीत्ववाद, प्रगतिवाद, पुनर्निर्माणवाद, अस्तित्त्वाद, घटनाविज्ञान, आधुनिकतावाद र उत्तर आधुनिकतावादमाथि छलफल गर्न (प्रत्येक वादको दार्शनिक आधार, र शैक्षिक उपयोग ( शिक्षाको लक्ष्य, विधि, पाठ्यक्रम, शिक्षक र विद्यार्थीको भूमिका) को व्याख्या गर्न) | १ दर्शनशास्त्रका क्षेत्रहरू (तत्त्वमीमांसा, ज्ञानशास्त्र र मूल्यको सिद्धान्त)<br>२ पाश्चात्य शैक्षिक दर्शनहरूको परिचय<br>२.१ स्थायीवाद (Perennalism)<br>२.२ सारवाद (Essentialism)<br>२.३ प्रगतिवाद (Progressivism)<br>२.४पुनर्निर्माणवाद (Reconstructionrism)<br>२.५अस्तित्त्ववाद (Existentialism)<br>२.६ घटना विज्ञान (Phenomenology)<br>२.७ आधुनिकवाद (Modernism) |

| | |
|---|---|
| | २.८ उत्तर आधुनिकतावाद (Postmodernism)<br>उल्लेखित वैचारिक धारका दार्शनिक आधार र शैक्षिक प्रयोग (शिक्षाको लक्ष्य, शिक्षण विधि, पाठ्यक्रम , शिक्षकको भूमिका र विद्यार्थीको भूमिका )। |

## ३) प्रस्तुतिकरण (Content Presentation)

### ३.१ दर्शनशास्त्रको अर्थ (Meaning of Philosophy)

वैद्दिक चिन्तन परम्परामा दर्शन शब्दको अर्थ व्यापक छ। 'दर्शन' शब्द संस्कृतको दृश् धातुबाट बनेको छ। दृश् को अर्थ हो 'देख्नु' । शब्द व्युत्पत्तिअनुसार दर्शनको अर्थ हो – दृश्यते अनेन इति दर्शनम् अर्थात् जसद्वारा देखिन्छ त्यो दर्शन् हो। प्रश्न उठ्न सक्छ केद्वारा देखिन्छ त ? सामान्य अर्थमा आँखाद्वारा देखिन्छ। यहाँ आँखाको अर्थ केवल 'चर्मचक्षु' मात्र होईन, चर्मचक्षु, ज्ञानचक्षु, विवेक चक्षु अर्थात् तेस्रो आँखा समेतले देख्ने कुराहरू दर्शन हुन्। यसको तात्पर्य हो – वस्तुहरूको तात्विक स्वरूपलाई देख्नु। सूक्ष्म दृष्टिद्वारा वस्तु वा घटनाहरूका पछाडि छिपेर रहेको सत्यलाई देख्नु दर्शन हो । दर्शन शब्दको अङ्ग्रेजी रूपान्तरण Philosophy हो । ग्रिक भाषाका 'Philos' / 'Sophy' मिलेर Philosophy भन्ने शब्दको निर्माण भएको हो। Philos को अर्थ 'Love' हो र Sophy को अर्थ "wisdom" हो। शाब्दिक रूपमा अर्थ हुन आउँछ – "Love of wisdom" अर्थात् विद्याप्रतिको प्रेम वा विद्यानुराग। यसरी हेर्दा दर्शनको पश्चिमा अर्थले पनि पूर्वीय अर्थलाई आत्मसात गरेको देखिन्छ। तर पूर्वीय चिन्तन परम्पराको दर्शन शब्दको अर्थ अझ व्यापक देखिन्छ। किनभने पूर्वीय दर्शनको क्षेत्र पश्चिमभन्दा व्यापक देखिन्छ। पूर्वीय दर्शन परम्पराका चार प्रतिपाद्य विषय छन् – १. हेय (दुखः को वास्तविक स्वरूप के हो, जो हेय अर्थात् त्यज्य छ ) २. हेय हेतु (दुखः कहाँबाट उत्पन्न हुन्छ, त्यसको वास्तविक कारण के हो ?) ३. हान (दुखको पूर्ण अभाव के हो ?)। ४. हानोपाय (दुखः निवृत्तिका साधन के हुन ?)। यति मात्र होइन वैद्दिक दर्शनमा ब्रम्हाण्ड, सुष्टि लोक– परलोक, कर्म, धर्म, योग, ईश्वर, कर्मफल, आत्मा, परमात्मा, ब्रम्ह, जीवात्मा, प्रकृति, पुरुष आदि विषयमा गहनतम र सुक्ष्मतम विश्लेषण गरीएको पाइन्छ।

#### ३.१.१ दर्शनशास्त्रका क्षेत्रहरू (Fields of Philosophy)

दर्शनशास्त्र व्यापक क्षेत्र भएको विधा हो। ऐतिहासिक रूपले दर्शनशास्त्रलाई सबैभन्दा पुरानो विधाका रूपमा हेरिन्छ। दर्शनशास्त्र एउटा यस्तो विधा हो जसले यस पृथ्वीमा रहेका सुक्ष्म जीवहरूदेखि लिएर ब्रम्हाण्डसम्मका अनगिन्ती प्रश्नहरूको उत्तर खोज्ने प्रयास गर्दछ। उत्तर खोज्नका लागि गरीने यस्ता प्रश्नहरूको क्षेत्रकै आधारमा दर्शनशास्त्रका क्षेत्रहरू चर्चा गरीएको पाइन्छ । परम्परागत रूपमा पाश्चात्य दर्शनमा दर्शनशास्त्रका क्षेत्रहरूलाई तत्त्वमीमांशा (Metaphysiscs), ज्ञानशास्त्र (Epistemology) र मूल्यको सिद्धान्त (Axiology) गरी व्याख्या गरीएको पाईन्छ। यी तिनवटा क्षेत्रको सङ्क्षिप्त परिचय तलका उपशीर्षकहरूमा उल्लेख गरीन्छ।

- तत्त्वमीमांशा (Metaphysiscs)

तत्त्वमीमांशालाई वास्तविकताको सिद्धान्त मानिन्छ। यसलाई तत्त्वशास्त्र (Ontology) का नामले पनि चिनिन्छ, जसले अस्तित्वको स्वरूप (Nature of existence or nature of being) को अध्ययन गर्दछ। तत्त्वभीमांशले पनि व्यापक क्षेत्र समेटेको हुन्छ। जस्तै सृष्टिविज्ञान (Cosmology), धर्मविज्ञान (Theology), मानिसको स्वरूप (Nature of man), वास्तविकता (Reality) र पहिलो चिज (Primary thing)। यी क्षेत्र अर्न्तगत यो सृष्टि कसरी भयो? यो ब्रम्हाण्ड के हो ? यो एउटै छ या धेरै छन् ? यो आध्यात्मिक सृजना हो या भौतिक ? ईश्वरको अस्तित्त्व छ/छैन ? छ भने ईश्वरको स्वरूप कस्तो छ ? मान्छे के हो? आत्मा के हो ? आत्मा र जीव बिच कस्तो सम्बन्ध छ ? भौतिक दुनियाँ वास्तविक हो कि आध्यमिक ? विचार सत्य हो की पदार्थ सत्य हो ? चेतना पहिले कि पदार्थ पहिले ?, आदि जस्ता अनगन्ती प्रश्नहरूको उत्तर वास्तविकताको सिद्धान्तअर्न्तगत पर्दछन् । दार्शनिक सम्प्रदायहरूले आ–आफ्नै किसिमले माथिका प्रश्नहरूको उत्तर खोज्ने र व्याख्या गर्ने गर्दछन् । माथिका प्रश्नहरू दर्शन शास्त्रका सवालहरू हुन । जसको सर्वमान्य समाधान अझै भएको छैन र भविष्यमा समाधान हुने सम्भावना पनि कम नै देखिन्छ।

- **ज्ञानशास्त्र** (Epistemology)

ज्ञानशास्त्रलाई ज्ञानको सिद्धान्त भनिन्छ । दर्शन शास्त्रको यो क्षेत्रलाई विशेष महत्त्वका साथ हेर्ने गरीन्छ । ज्ञानशास्त्र ज्ञानको स्वरूप र सीमासँग सम्बन्धीत छ। ज्ञान के हो ? मानिसले कसरी ज्ञान आर्जन गर्छन् ? ज्ञानको स्रोतहरू के के हुन् ? ज्ञानलाई पुष्टि गर्ने आधारहरू के हुन् ? ज्ञान कसरी सृजना हुन्छ ? मानव क्षमता वास्तविक ज्ञान आर्जन गर्न सक्षम छ या छैन ? सही ज्ञान को हो र कस्तो हुन्छ ? आदि जस्ता ज्ञानसँग सम्बन्धीत क्षेत्रका प्रश्नहरूको उत्तर दर्शनशास्त्रको यस क्षेत्रअर्न्तगत खोज्ने प्रयत्न गरीन्छ । ज्ञानशास्त्रले पनि दुईवटा क्षेत्रलाई समेटेको हुन्छ (i) ज्ञानेन्द्रीय शास्त्र (empiricism) र तर्कशास्त्र (rationalism) । यिनै क्षेत्रका आधारमा सिकाइ सिद्धान्तको विकास भएको पाइन्छ । शिक्षा दर्शनमा ज्ञानशास्त्र ज्यादै महत्त्वपूर्ण छ । किनकी प्रत्येक दर्शनका शिक्षा सम्बन्धी विचारहरू दर्शन शास्त्रको यस अर्न्तगत चर्चा गरीएको हुन्छ। शिक्षा दर्शनहरू यसैमा आधारित भएर विकास भएका हुन्छन्।

- **मूल्यको सिद्धान्त (Axiology)**

कुनै पनि कुरालाई राम्रो, नराम्रो वा उचित आनुचित भनि त्यसको मुल्याङ्कन वा व्याख्या गर्नका लागि खास किसिमका मूल्यमान्यताको आधार लिनुपर्ने हुन्छ । ती मूल्यहरूमा आधारित भई मावन आचारण र क्रियाकलापहरू निर्धारण हुन्छन् । यिनै मूल्यमान्यताहरूको स्रोत र मूल्यमान्यताको स्तरको स्वरूपसम्बन्धी विषय दर्शनशास्त्रको 'मूल्यशस्त्रीय ' क्षेत्र हो । मूल्यको सिद्धान्तअर्न्तगत दुईवटा उपक्षेत्रहरू छन्  – (१) नीति शास्त्र (Ethics) र (२) शौन्दर्यशास्त्र (Asthetics) । नीतिशास्त्र, मानवीय आचरण, बानीव्यवहार वा प्रथाहरूसँग सम्बन्धीत छ। मानिसले के गर्नुपर्छ र के गर्नुपर्दैन ? असल, खराव आचरण र मूल्यमान्यताहरू के हुन ? असल र खराव व्यवहारहरू के हुन र तिनका लक्ष्यण के के हुन् ? असल र खराव आचरण र मूल्यमान्यताहरू के हुन् ? असल र खराव व्यवहारहरू के हुन र तिनका लक्ष्यण के के हुन् ? जस्ता प्रश्नहरू को उत्तर नीतिशास्त्र अन्तर्गत खोजिन्छ । यसरी नै सौन्दर्यशास्त्रले राम्रो – नराम्रो वा सुन्दर – असुन्दर सँग सम्बन्धीत प्रश्नहरूको संबोधन गर्ने प्रयास गर्दछ। सुन्दरता वा राम्रो के हो ? यसका लक्ष्यण र मापक के हुन् ? कुरूपता के हो र यसका लक्ष्यणहरू के हुन ? जस्ता प्रश्नहरूको उत्तर खोज्ने प्रयास यस क्षेत्र अर्न्तगत गरीन्छ । दर्शनशास्त्रको यस क्षेत्रले पनि शिक्षासँग घनिष्ट सम्बन्ध राखेको हुन्छ । मानव आचरणको विकास, मूल्यमान्यताको स्तर निर्धारण र मानवजीवनमा त्यसको उपयोग गराउनु र सुन्दरताको पारख गर्न सिकाउनु शिक्षाको उद्देश्य नै भएकोले दर्शनशास्त्रको यस क्षेत्रबाट शिक्षाले मूल्यशास्त्रीय सिद्धान्तहरू लिन्छ । मूल्यहरूको लेखाजोखा गर्ने आधारहरू समेत प्राप्त गर्दछ।

तलको तालिकाले दर्शनशास्त्रका क्षेत्रहरूलाई प्रस्ट्याउने प्रयास गरेको छ।

**Fields of Philosophy**

| Metaphysics | Epistemology | Axiology |
|---|---|---|
| Theory of Reality | Theory of Knowledge | Theory of Value |
| Deals with<br>• Ontology<br>• Cosmology<br>• Nations of the God<br>• Noture of man<br>• reality<br>• Primary thing | Deals with<br>• Nature of knowledge<br>• Source of knowledge<br>• Processes of knowledge<br>• Evidences of Knowledge | Deals with<br>• Values and human conduct<br>• Good and evil<br>• Nature of beauty |

दर्शनशास्त्रका तिनवटै क्षेत्रहरू शिक्षाका क्षेत्र पनि हुन् । दर्शनशास्त्रमा यी क्षेत्रहरूको व्याख्या दार्शनिक दृष्टिले गरीन्छ भने शिक्षा दर्शनमा शैक्षिक दृष्टिबाट यी क्षेत्रहरूको व्याख्या गरीन्छ । शिक्षाका उद्देश्य शिक्षाको व्यवस्थापन, पाठ्यक्रम निर्माण, शिक्षकको भूमिका निर्धारण गर्नु लगायत शिक्षाका अन्य पक्षहरूसँग दर्शनशास्त्रका क्षेत्रहरूको प्रत्यक्ष वा परोक्ष सम्बन्ध रहेको हुन्छ ।

## ३.२ पाश्चात्य शैक्षिक दर्शनको परिचय (Introduction to Western Educational Philophies)

संसारको आधुनिक शिक्षा मूलरूपमा पाश्चात्य शिक्षा दर्शनबाट प्रेरित छ । पश्चिमा मुलुकरु खास गरी युरोप अमेरिकामा विभिन्न कालखण्डहरूमा विकास भएको दार्शनिक विचारधाराहरूले शिक्षा व्यवस्थामा प्रभाव पार्दै गयो । शिक्षा दर्शनको प्रायोगिक पक्षको रूपमा विकास भयो । दार्शनिक चिन्तनका विभिन्न सम्प्रदायहरू मध्ये धेरै जसो दार्शनिक सम्प्रदायहरूले आ–आफ्नै किसिमका शैक्षिक विचारहरू विकास विकास गर्दै गए । जसको परिणाम स्वरूप विभिन्न किसिमका शैक्षिक दर्शनहरू विकास भए ।

शैक्षिक दर्शनले सामान्यतया शिक्षा के हो ? शिक्षाका लक्ष्यहरू के हुनुपर्छ ? शिक्षाको व्यवस्थापन कस्तो हुनुपर्छ ? कस्तो पाठ्यक्रम उपयुक्त हुन्छ ? सिकाइका प्रकृया कस्तो हुनुपर्छ ? के कस्ता विधा वा विषयहरू विद्यार्थीले सिक्नुपर्छ ? विद्यालय शिक्षक र विद्यार्थीको भूमिका कस्तो हुनुपर्छ ? आदि जस्ता प्रश्नहरूको समाधान खोज्दछ । प्रत्येक शिक्षा दर्शनहरूले यी प्रश्नहरूको आ–आफ्नै तरिकाले समाधान खोज्दछन् । त्यसैले दर्शन अनुसारका शैक्षिक विचारहरू पनि फरक हुन्छन् ।

पाश्चात्य जगतमा धेरै किसिमका शैक्षिक दर्शनहरू विकास भएका छन् । जस्तै – आदर्शवाद, यथार्थवाद, प्रकृतिवाद, प्रयोजनवाद, प्रगतिवाद, अस्तित्त्ववाद, निर्माणवाद, पुननिर्माणवाद, व्यवहारवाद, आदि । यी विभिन्न वादहरू मध्ये यस तहका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका स्थायित्ववाद, सारवाद, प्रगतिवाद, पुनः निर्माणवाद, अस्तित्त्ववाद, घटनाविज्ञान, आधुनिकतावाद र उत्तरआधुनिकता वादका दार्शनिक आधारहरू र ती दर्शनहरूको शैक्षिक प्रयोगहरूको सङ्क्षिप्त चर्चा क्रमशः गरीएको छ ।

### ३.२.१ स्थायित्ववाद (Perennialism)

- **परिचय (Introduction)**

Perennial भन्ने शब्दको अर्थ हो – सदावार, अर्थात् लामो समयसम्म रहिरहने अर्थात चीरस्थायी । त्यस्ता वस्तु वा ज्ञान जो स्थायी रूपमा लामो समयसम्म रहिरहन्छन त्यसलाई चिरस्थी भन्ने उपमा दिइन्छ । जस्तै कुनै ऋतुमा पनि नसुक्ने नदी, बाह्रमासे फूलहरू, बहुवर्षे बोट विरुवा आदिलाई Perennial को विशेषण लगाइन्छ । त्यसैले Perennialism भन्ने अङ्ग्रेजी शब्दलाई नेपाली भाषामा चीरस्थायीवाद भन्न सकिन्छ । अझ छोटो शब्दमा यसलाई स्थायित्ववाद भन्नु उपयुक्त देखिन्छ ।

स्थायित्ववाद त्यस्तो दार्शनिक वैचारिक धार हो जसले ज्ञानलाई चीरस्थायी वा सधैं रहिरहने वा दीर्धजीवी भएको दावी गर्दछ । स्थायित्ववाद ज्ञानको त्यस्तो एउटा सदावहार फूल हो जुन सधैं फुलिरहन्छ । र त्यो फूलको मूल्य कहिल्यै विनास हुँदैन अर्थात् "everlasting" हुन्छ । अतः स्थायीत्ववाद भनेको प्राचीन तथा मध्यकालमा विकास भएको सभ्यता र ज्ञान अझ पनि जीवन्त छ र त्यसलाई फर्किएर हेर्न जरुरी छ भन्ने मान्यतामा आधारित दर्शन हो । यो दर्शन प्लेटो, एरिस्टोटल र थोमस एक्विनास जस्ता प्राचीन तथा मध्यकालीन दार्शनिकहरूका विचारबाट अङ्कुरित भएको मानिन्छ । यस दर्शनले यथार्थवादी दार्शनिक सिद्धान्तहरूलाई आत्मसात गर्दछ ।

#### दार्शनिक आधारहरू (Philosophiccal Peremises) :

यस दर्शनका दार्शनिक आधारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- सत्य विश्वव्यपी (Universal ) हुन्छ ।
- सत्य अपरिवर्तर्निय (Unchangable) र स्थिर (Constant) हुन्छ ।
- मानिस तार्किक (Rational) प्राणी हो ।
- प्राचीन, मध्यकालीन र आधुनिक संस्कृति तथा शास्त्रहरू ज्ञानका भण्डार हुन् ।

- कला र साहित्यसम्बन्धी महान् कार्यहरू र विज्ञानका नियम तथा सिद्धान्तहरू चीरस्थायी छन्।
- मानिसको दिमाग वा चिन्तन शक्तिको विकास आवश्यक छ।

माथि उल्लेखित विचारहरू स्थायित्ववादका मूल दार्शनिक विचारहरू हुन् । यी नै विचारहरूमा स्थायित्ववादी शिक्षा दर्शन उभिएको छ।

### शैक्षिक उपादेयता (Educational implication)

स्थायित्ववादीहरू शिक्षाको परम्परा गत संरचनालाई स्वीकार गर्छन्। उनीहरू विद्यालयलाई मानिसको वुद्धि वा चिन्तन क्षमता विकास गर्ने स्थानको रूपमा लिन्छन् । शिक्षालाई सत्यको विभिन्न आयामहरूको खोजी गर्ने प्रकृयाका रूपमा हेर्दछन् । सत्य अपरिवर्तनीय विश्वव्यापी र स्थिर हुन्छ भन्ने मान्यतामा आधारित भई शिक्षालाई पनि एक अपरिवर्तनीय, विश्वव्यपी र स्थिर वा चीरस्थायी हुन्छ भन्ने उनीहरूको विचार रहेको देखिन्छ। स्थायित्ववादी शैक्षिक विचारहरूलाई निम्नानुसार सूत्रवद्ध गर्न सकिन्छ –

- सत्य विश्वव्यापी हुन्छ, र समय परिवेश वा व्यक्तिअनुसार फरक हुँदैन। त्यसैले शिक्षा पनि विश्वव्यापी हुन्छ।
- राम्रो किसिमको शिक्षामा सत्यको खोजी गर्ने र त्यसलाई बुझ्ने क्षमता समावेश भएको हुन्छ।
- सभ्यताका महान् कार्यहरूमा सत्य पाउन सकिन्छ। त्यसकारण शिक्षा सभ्यताका महान् कार्यहरूतर्फ नै केन्द्रित हुनुपर्छ।
- शिक्षा एक उदार (Liberal) अभ्यास हो जसले मानिसको वौद्धिकताको विकास गर्नुपर्छ।

शिक्षाको लक्ष्य, उद्देश्य, पाठ्यक्रम, शिक्षण विधि, शिक्षक विद्यार्थीको भूमिका जस्ता शैक्षिक पक्षहरू यिनै विचारहरूमा आधारित देखिन्छन्।

### (क) शिक्षाको लक्ष्य (Aims of Education):

स्थायित्ववादीहरू शिक्षालाई निरन्तर, स्थिर र अपरिवर्तनीय मान्दछन्। महान् पश्चिमी सभ्यताहरूको विषयमा विद्यार्थीहरूलाई बुझ्न सक्ने बनाउनु शिक्षाको कार्य भएकोले उनीहरू कहिल्यै पुराना नहुने विचार र ज्ञानहरूद्वारा विद्यार्थीलाई उन्नत बनाउन चाहन्छन् । जुन सत्यहरू स्थिर र अपरिवर्तनीय हुन्छन् , जस्तै, उनीहरूको विचारअनुसार प्राकृतिक र मानवीय संसार कहिल्यै परिवर्तन हुँदैन, त्यस्ता कुराहरूको ज्ञान दिनुलाई उनीहरू शिक्षाको उद्देश्य मान्दछन्। मानिस तार्किक प्राणी भएकोले उसको दिमागको विकास आवश्यक छ। त्यसैले असल शिक्षाले मानिसको बौद्धिकताको विकासमा उच्च प्राथमिकता दिनुपर्छ भन्ने उनीहरूको विचार रहेको देखिन्छ। उनीहरूको विचारमा शिक्षाले वौद्धिकताको विकासका साथसाथै सबै किसिमका मानवीय शक्तिहरूको पनि विकास गर्नुपर्छ।

### (ख) शिक्षण विधिहरू (Methods of teaching) :

स्थायित्ववादीहरू परम्परा गत शिक्षण विधिप्रति रुचि राख्दछन् । वौद्धिक विकास, तार्किक क्षमता विकास र समालोचनात्मक क्षमताको विकास शिक्षाको मूल लक्ष्य भएकोले यी लक्ष्यहरू प्राप्त गर्ने किसिमका शिक्षण विधितर्फ उनीहरूको झुकाव रहेको देखिन्छ । वौद्धिकताको तालिम दिनका लागि विद्यार्थीहरूलाई शास्त्रहरू पढ्न लगाउने, शिक्षकले पढाइको अवलोकन गर्ने, शास्त्र पढाइका क्रममा विद्यार्थीलाई शिक्षकको अनुकरण गर्न लगाउने, शिक्षकले शास्त्रहरूको अर्थ बुझाई दिने जस्ता क्रियाकलापहरू उपयुक्त हुन्छन् भन्ने उनीहरूको धारणा रहेको पाइन्छ। सास्त्रीय ज्ञानको स्मरण गर्ने, चिन्तन गर्ने, अर्थ खोज्ने जस्ता विधिहरूपनि प्रयोग गर्नुपर्छ भन्ने उनीहरूको धारणा रहेको देखिन्छ । उनीहरूका अनुसार शास्त्रहरूको अध्ययनले एकातिर विद्यार्थीको बौद्धिक विकास गर्छ भने अर्कोतिर विद्यार्थीलाई सावधानीपूर्वक चिन्तन गर्ने र समालोचनात्मक सोचाईका लागि तयारी गर्दछ । त्यसैले विद्यालयले सबै विद्यार्थीहरूलाई उच्चस्तरीय वौद्धिक क्षमता विकासका लागि राम्रो किसिमको सिकाइ अनुभवको अवसर दिनुपर्छ।

### (ग) पाठ्यक्रम (Curriculum) :

स्थायित्ववादी शैक्षिक दर्शनको विकास गर्ने प्रमुख श्रेय Robert Mayanard Hutchins (1963) लाई जान्छ। उनका अनुसार ज्ञान स्थायी भएकाले पाठ्यक्रम पनि स्थायी हुनुपर्छ। उनको शैक्षिक विचार मूल रूपमा दुईवटा सिद्धान्तमा आधारित छ – (१) मानवीय प्रकृति तार्किक छ, (२) ज्ञान अपरिवर्तनीय, सास्वत र विश्वव्यापी हुन्छ। त्यसैले स्थयित्ववादीहरू विश्वव्यापी पाठ्यक्रम (Universal curriculum) को पक्षमा देखिन्छन् । किनकी

उनीहरूको विचारमा मानिसले सिक्नुपर्ने महत्त्वपूर्ण कुराहरू संसारभरि एकै किसिमका हुन्छन् र मानिसको स्वरूप पनि एकै किसिमको हुन्छ। स्थायित्ववादीहरू परम्परा गत सभ्यता, साहित्य, शास्त्र, कला, दर्शन आदिलाई ज्ञानको मूल स्रोत मान्दछन् । त्यसैले उनीहरू 'महान् कितावहरूको पाठ्यक्रम (A great Books curriculum)' हुनुपर्छ भन्ने कुरामा जोड दिन्छन् । महान् कितावहरूको पाठ्यक्रम त्यस्तो पाठ्यक्रम हो जहाँ मानव सभ्यताले विकास गरेका महान् शास्त्रहरू समावेश गरीएको हुन्छ। स्थायित्ववादीका अनुसार प्रारम्भिक शिक्षामा विद्यार्थीहरूलाई पढाइ, लेखाइ, गणित, व्याकरण जस्ता विषयहरूको शिक्षा दिनुपर्छ। जसले व्यक्तिलाई साक्षर बनाउँछ र जीवनपर्यन्त सत्य खोज्ने तत्परताको विकास गर्दछ। माध्यमिक तहको शिक्षाले मानिसमा बौद्धिकता र तार्किक क्षमताको विकास गर्नुपर्छ। जसका लागि परम्परा गत महान् शास्त्रहरूका साथसाथै मानव सरोकारका कुराहरू, सभ्यताका महान् उपलब्धिहरू समावेश गर्नुपर्छ । स्थायित्ववादीहरू धार्मिक सिद्धान्त, नीतिशास्त्र, शौन्दर्यशास्त्र, भाषा, व्याकरण, गणित, तर्कशास्त्र, इतिहास, साहित्य, मनोविज्ञान र वैज्ञानिक नियमहरूलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ भन्ने धारणा राख्छन्।

### (घ) शिक्षकको भूमिका (Role of teacher)

स्थायित्ववादी शिक्षा व्यवस्थामा शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यालयका सम्पूर्ण गतिविधिहरूमा शिक्षाको केन्द्रीय भूमिका हुन्छ। त्यसैले शिक्षकको भूमिका 'विशेष' र आधिकारिक हुन्छ। शिक्षक त्यस्तो व्यक्ति हो , जो उच्च वौद्धिक क्षमता र उच्च तार्किक क्षमताले युक्त हुन्छ। ऊ महान् शास्त्रहरू सभ्यताका महान् उपलब्धिहरूको ज्ञान भएको र उच्च प्राज्ञिक क्षमताले युक्त भएको हुन्छ। उसले विद्यार्थीहरूलाई वौद्धिक क्षमताको विकास र सत्यको खोजी गर्ने कार्यमा प्रभावकारी निर्देशन गर्न सक्नुपर्छ । विद्यार्थीलाई सभ्य र उच्चस्तरीय अनुशासन र आदर्शहरूमा राख्न सक्ने सामर्थ्यता शिक्षकमा हुनुपर्छ। शिक्षक आफैंमा पनि उच्च आदर्शमा आधारित अनुशाशित जीवन बाँचेको हुनुपर्छ, जुन आदर्श र अनुशासन विद्यार्थीहरूका लागि अनुकरणीय होऊन।

### (ङ) विद्यार्थीहरूको भूमिका (Students role)

स्थायित्ववादी शिक्षा व्यवस्थामा विद्यार्थीको भूमिका उल्लेखनीय भएको देखिदैन । परम्पारगत शिक्षा व्यवस्थामा जस्तै यस शिक्षा व्यवस्थामा पनि विद्यार्थीका रुचि, इच्छा, आकङ्क्षा र अनुभवलाई खास महत्त्व दिइदैन। विद्यार्थी एक नैतिक अनुशासित व्यक्तिको रूपमा र ज्ञान तथा मूल्यमान्यता ग्रहणकर्ताको रूपमा रहेको हुन्छ। वौद्धिक विकास, तार्किकताको विकास र सत्यको खोजिगर्न तर्फ प्रेरित भइरहनु आवश्यक मानिन्छ। जसका लागि उ लगनशील र परिश्रमी भइरहनु पर्छ। शिक्षकका निर्देशनअनुसारका क्रियाकलापमा संलग्न हुनुपर्छ। उच्च स्तरीय नैतिकता, परम्परा गत मूल्यमान्यताहरूको अवलम्बन, उच्चस्तरीय अनुशासन आदि विद्यार्थीले पालन गर्नुपर्छ।

यसरी स्थायित्ववादी दर्शनले मानव सभ्यताका महान् उपलब्धि र ज्ञानहरूलाई सधैं जीवीत भइरहने पक्षको रूपमा हेरेको देखिन्छ । निश्चय नै मानव सभ्यताका कतिपय उपलब्धि महान् नै छन् तर पछिल्ला उपलब्धिहरूले अघिल्ला महान् भनिएका सभ्यताहरूलाई प्रतिस्थापन पनि गर्न सक्छ। नयाँ मूल्यमान्यता, आदर्श र ज्ञान पुरानोभन्दा अझ उपयोगी पनि हुन सक्छ। त्यसैले पुराना उपलव्धितर्फ फर्किनुभन्दा नयाँ उपलव्धिको प्रयास उपयुक्त हुन्छ। सत्य स्थिर, चीरस्थायी र विश्वव्यापी हुन्छ भन्ने स्थायित्ववादी विचारलाई आधुनिक तथा उत्तरआधुनिक विचारले प्रतिस्थापित गरीसकेको छ । शैक्षिक दृष्टिले यस दर्शनका कतिपय विचारहरू अनुकरणीय भए पनि कतिपय विचारहरूलाई वर्तमान समयमा मान्न नसिकने देखिन्छ। त्यसैले यस दर्शनका केही राम्रा कुराहरू र अन्य दर्शनका केही राम्रा कुराहरूको संयोजन गरी शैक्षिक उपयोगिताको खोजी गर्नु हाम्रो दायित्व हो।

## ३.२.२ सारवाद (Essentialism) :

### परिचय (Introduction)

Essentialism भन्ने अङ्ग्रेजी शब्दको अर्थ हुन्छ अत्यावश्यक वा सारतत्त्व। यहाँ अत्यावस्यकवाद भन्दा अलि असजिलो महसुस भएकाले Essentialism लाई 'सारवाद' भनिएको छ । सारवाद चिन्तन प्रर्णालीको सम्प्रदाभन्दा पनि एउटा शैक्षिक विचार हो। यो त्यस्तो शैक्षिक विचार हो , जसले परम्परा गत अवधारणा, विचार र सिपहरू आजको समाजका लागि आवश्यककीय भएकाले 'आधारमा फर्किएर' (Back to basics) त्यस्ता कुराहरू सिक्नु सिकाउनु पर्छ भन्ने मूलभूत विचारबाट प्रभावित छ।

यस शैक्षिक दर्शनका प्रणेता William Bagley (1874- 1946) हुन् । यो शैक्षिक दर्शन अमेरिकन समाजको परम्परागत आर्थिक, सामाजिक र राजनैतिक विचारहरूलाई सारभूत कुराको रूपमा स्वीकार

गर्दै विकास भएको हो। तत्कालीन (1970 lt/) अमेरिकन शिक्षामा प्रगतिवादी आन्दोलन भयो। शिक्षालाई पुनसंरचना गरीयो। पुराना कुराहरू सान्दर्भिक हुँदैनन्  र समाजको प्रगतिका लागि नयाँ विचार ज्ञान आदि आवश्यक छ। शिक्षाको आमूल परिवर्तनको माध्यमबाट समाजको प्रगतिशील परिवर्तन हुन्छ भन्ने अवधारणा विकास भयो र अमेरिकाका परम्परागत मूल्यमान्यताहरू छायाँमा परे। यसको विरुद्धमा अर्थात् प्रगतिवादी शैक्षिक आन्दोलनको विरुद्धमा सारवादी शैक्षिक विचार विकास भयो। हुन त १९३० देखि नै सारवादी विचार लोकप्रिय हुन थालेको थियो। १९७० देखि भने अमेरिकन शिक्षामा 'Back to basics' नारा सहित आन्दोलन चल्यो। यस आन्दोलनले विद्यालयलाई परम्परागत मूल्यमान्यता र वौद्धिक ज्ञान हस्तान्तरण गर्ने निकायको रूपमा परिभाषित गऱ्यो। पुराना मूल्यमान्यता र ज्ञानले व्यक्तिलाई नमुना नागरीक बन्न सहयोग गर्ने भएकोले शिक्षापद्धतिले यस्ता कुराहरूलाई ध्यान दिनुपर्छ भन्ने विचार प्रस्तुत गऱ्यो। यो शैक्षिक दर्शन आदर्शवाद (Idelism) र यथार्थवाद (Realism) का दार्शनिक सिद्धान्तमा आधारित भई विकास भएको हो।

**दार्शनिक आधारहरू (Philosophical Pscmises) :**

यो शिक्षा दर्शन परम्परावादी शिक्षामा जोड दिने दर्शन हो। परम्परावादी शिक्षा भनेको - शिक्षक निर्देशित सिकाइ, वौद्धिक विकास , मानिसलाई अत्यावश्यक पर्ने सार कुराहरू समावेश भएको Curriculum को उपयोग, परम्परागत विचारहरूलाई महत्त्व, पाठ्यपुस्तकको उपयोग, आदि जस्ता विशेषताहरूले युक्त शिक्षा व्यवस्था हो। यस शिक्षा दर्शनका दार्शनिक आधारहरूलाई निम्नानुसारका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

- सत्य भौतिक संसारमा अवस्थित छ।
- सत्य परम्परागत तथा आधुनिक विज्ञानमा पनि छ।
- ज्ञान अनुभवहरूको अन्तरक्रियाका साथै तार्किक चिन्तनबाट आर्जन गर्न सकिन्छ।
- तार्किकताको विकास आगमनात्मक (Inductive) र निगमनात्मक (Deductive) चिन्तनको समिश्रणबाट हुन्छ।
- विद्यार्थीहरूले विषयवस्तु र प्रकृया दुवै सिक्नुपर्छ।
- संस्कृतिको उत्तमपना नै मूल्य (Value) हो।
- विषयगत विज्ञता आवश्यक छ।

**शैक्षिक उपादेयता (Educational Implications)**

**(क) शिक्षाको लक्ष्य (Aims of Education) :**

सारवादी शिक्षा दर्शनले व्यक्तिलाई सफल जीवन यापनका लागि आवश्यक पर्ने आधारभूत ज्ञान सिप प्रदान गर्नु शिक्षाको प्रमुख कार्य मान्दछ । साथै परम्परागत संस्कृतिको हस्तान्तरण गर्ने थलोको रूपमा विद्यालयलाई लिन्छ। सारवादी शिक्षा दर्शनका शिक्षाका उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- परम्परागत सांस्कृतिको हस्तान्तरण गर्नु,
- विद्यार्थीमा प्राज्ञिक/ बौद्धिक ज्ञान विकास गर्नु
- चरित्र निर्माण गर्नु,
- विद्यार्थीहरूलाई उत्पादनशील बनाउनु
- विद्यार्थीहरूलाई समाजमा योगदान गर्न सक्ने नागरीक बनाउनु
- विद्यार्थीहरूलाई आधुनिक संसारमा जीवन यापन गर्न योग्य बनाउनु।

सारवादी शैक्षिक विचार एउटा शैक्षिक आन्दोलन थियो । १९७० मा 'Back to basics' नाराका साथ सुरुभएको यस आन्दोलनले विद्यार्थीहरूलाई आवश्यक पर्ने आधारभूत सिपका साथै वौद्धिक दक्षता विकासका लागि विषयवस्तु (विषय विज्ञतासँग सम्बन्धीत) को ज्ञान पनि दिनु आवश्यक छ भन्ने कुराको वकालत गऱ्यो । १९८० को दशकमा पुरानो सारवादी विचारमा नयाँ विचारहरू आए । जसलाई नवसारवाद

(Neoessentialism) भनिन्छ। नयाँ विचारले विद्यालयिय शिक्षाका तहगत उद्देश्यहरूमा जोड दियो। जसअनुसार प्रारम्भिक शिक्षाको उद्देश्य – आधारभूत सिप विकास थियो भने माध्यामिक तहको उद्देश्य – निपुणता विकास गर्नु थियो।

**(ख) शिक्षण विधिहरू (Methods of teaching) :**

सारवादी शैक्षिक चिन्तन अनुसार विद्यार्थीले सिक्नुपर्ने मूलभूतकुराहरू एउटै हुन्छन्। विद्यालयले ती मूलभूत कुराहरूको हस्तान्तरण क्रमबद्ध र व्यवस्थित प्रकृयाद्वारा गर्नुपर्छ। विधागत शिक्षकहरूको व्यवस्था गरी विधागत शिक्षण गर्नुपर्छ। यो दर्शन 'Back to basics' मा विश्वास गर्ने भएकोले परम्परादेखि चलिआएका शिक्षणविधिहरूको प्रयोगलाई नै जोड दिन्छ। सिकाइ प्रकृयालाई सङ्गठित र प्रकृयागत बनाउनुपर्छ। विद्यार्थीले सिक्नुपर्ने कुराहरू एउटै भएकाले विद्यार्थीहरूलाई सामूहिक शिक्षण गर्नुपर्छ। सिकाइका लागि पाठ्यपुस्तक आधारभूत कुरा हो। विद्यार्थीलाई पाठ्यपुस्तक पढाउनु पर्छ। शिक्षकले पाठ्यक्रममा आधारित भई प्रवचन दिनुपर्छ, व्याख्या गर्नुपर्छ। विद्यार्थीले प्रवचन सुनेर र पाठ्यपुस्तक पढेर ज्ञान ग्रहण गर्नु पर्छ। शिक्षकले विद्यार्थीलाई नियमित रूपमा गृहकार्य दिनुपर्छ, बौद्धिक कामहरू दिनुपर्छ। आदि विचारहरूबाट सारवादी शिक्षण विधि प्रेरित भएको देखिन्छ। सारवादी शिक्षण विधि विद्यार्थी केन्द्रित होइन कि शिक्षक केन्द्रित थियो। उनीहरूको विचार थियो कि शिक्षकले नै सम्पूर्ण सिकाइ प्रकृयाको आधिकारिक नेतृत्व लिनुपर्छ।

**(ग) पाठ्यक्रम (Curriculum) :**

सारवादी शिक्षा व्यवस्थामा विधागत पाठ्यक्रम लोकप्रिय रहेको देखिन्छ। सारवादी शैक्षिक चिन्तक Bestor (1956) का अनुसार सारभूत रूपमा पाठ्यक्रममा पाँच वटा विधाअन्तर्गतका विषयहरू समावेश गर्नुपर्छ –

(१) मातृभाषामा (२) गणित (३) विज्ञान (४) इतिहास र (५) अन्तराष्ट्रिय भाषा (Tanner and Tanner 1975, P.T)। सारवादी र स्थायीत्ववादीहरूको पाठ्यक्रमसम्बन्धी विचारमा समानता देखिन्छ। दुवैले परम्परागत ज्ञान र वौद्धिक विकासलाई जोड दिएका छन्। तर सारवादी पाठ्यक्रममा नयाँ कुरा के देखिन्छ भने उनीहरूले आधुनिक प्रायोगिक विज्ञानलाई पनि पाठ्यक्रममा समावेश गरेका छन्। सारवादीहरूका अनुसार इतिहास, विज्ञान, गणित, साहित्य, भाषा, कला जस्ता विषयहरूले व्यक्तिमा सोचाइको आधारभूत क्षमताको विकास गर्ने, जीवनउपयोगी ज्ञान प्रदान गर्ने, संस्कृतिलाई बुझ्न मद्दत गर्ने र वौद्धिक शक्तिको विकास गर्ने भएकोले यस्ता विषयहरू पाठ्यक्रममा समावेश गरीनु पर्छ। सारवादीहरूका अनुसार प्रारम्भिक शिक्षामा भाषा र गणित पढाइका आधारभूत कुरा हुन्। यस्तै माध्यमिक तहका लागि विज्ञान, गणित, इतिहास, अङ्ग्रेजी, अर्न्तराष्ट्रिय भाषा आवश्यकीय विषय हुन्। किनभने यी विषयहरूले व्यक्तिगत तथा सामाजिक जीवनका आवश्यकताहरू पूरागर्न सहयोग गर्छन। १९८० को दशकमा विकास भएको नव सारवादी (Neoessetialist) शैक्षिक विचारले पाठ्यक्रममा नयाँपन ल्याउने सन्दर्भमा कम्प्युटर विज्ञानलाई पाठ्यक्रमा समावेश गऱ्यो। सारवादीहरू प्रत्येक विषयको छुट्टा छुट्टै विषयगत पाठ्यक्रमको पक्षमा देखिन्छन्। विषय विज्ञताको विकास उनीहरूको पाठ्यक्रमको मूल मर्म हो।

**(घ) शिक्षकको भूमिका (Role of the teacher):**

सारवादी शिक्षा परम्परामा शिक्षकको भूमिका पनि परम्परागत मूल्यमान्यता र वौद्धिकताप्रति अभ्यस्त र सकारात्मक प्रवृत्तिले युक्त व्यक्ति हुनुपर्छ। शिक्षक एउटा पेसाकर्मी भएकोले पेसागत दक्षता शिक्षकमा हुनैपर्छ। शिक्षकले विषयगत विज्ञता, शिक्षणसम्बन्धी विज्ञता र पाठ्यक्रम तथा मुल्याङ्कनसम्बन्धी विज्ञता हाँसिल गरेको हुनुपर्छ भन्ने सारवादीहरूको धारणा रहेको देखिन्छ। सारवादीहरूका अनुसार शिक्षकले विद्यालयको शैक्षिक गतिविधिको कुशल नेतृत्व गर्न सक्नुपर्छ। विद्यार्थीको सिकाइ र उनीहरूको भविश्यप्रति सचेत हुनुपर्छ। विद्यार्थीले के सिक्नु पर्छ र के सिक्नु पर्दैन भन्ने कुराको सही निर्णय लिन सक्नुपर्छ। यो कुराहरूको प्राप्तिका लागि शिक्षकलाई राम्रोसँग तयार गरीएको हुनुपर्छ। अर्थात् शिक्षकलाई तालिम दिइएको हुनुपर्छ र शिक्षकले योजनावद्ध र क्रमबद्ध रूपमा शैक्षिक गतिविधिहरू संचालन गर्न सक्नुपर्छ। सारवादी शिक्षा व्यवस्थामा शिक्षकलाई संस्कृतिको हस्तानतरण कर्ताको रूपमा लिइन्छ त्यसर्थ उसले परम्परागत संस्कृति र मूल्यमान्यताहरू विद्यार्थीलाई प्रभावकारी तारिकाले हस्तान्तरण गर्न सक्नुपर्छ। सारवादी शिक्षा संरचनात्मक भएकोले शिक्षाका संरचनाको प्रभावकारी कार्यान्वयन उसको दायित्व हो। सारवादी शिक्षा उपलब्धिको व्यवस्थित परीक्षण गर्ने र उच्च उपलव्धिलाई शैक्षिक कार्यक्रम सफलताको आधार मान्ने भएकोले विद्यार्थीको उच्च उपलव्धि र व्यापक र क्रमबद्ध उपलब्धि परीक्षणप्रति शिक्षक सधैं सचेत रहनुपर्छ। यसरी सारवादी शिक्षकको भूमिका परम्परा निर्देशित देखिन्छ।

### (ङ) विद्यार्थीको भूमिका (Role of student) :

आधुनिक शिक्षा खासगरी प्रगतिवादी शिक्षाले विद्यार्थीहरूलाई पूर्ण स्वतन्त्रता दिनुपर्छ, शिक्षाको केन्द्रबन्दु' विद्यार्थी नै हो, विद्यार्थीकै रुचि, ईच्छा, आकङ्क्षा र अनुभवका आधारमा सिकाइ हुनुपर्छ आदि जस्ता विचारहरूको सारवादी शिक्षा प्रर्णालीले विरोध गर्छ। सारवादीहरू विद्यार्थीको रुचि, इच्छा, आकङ्क्षालाई कम महत्त्व दिन्छन्। सारवादीहरू विद्यार्थीहरूलाई समानताका दृष्टिले हेर्छन र विद्यार्थीले सिक्नै पर्ने कुराहरू पनि समान हुन्छन् भन्ने विश्वास गर्दछन्। त्यसैले सिकाइ प्रकृया वैयक्तिक नभएर सामूहिक हुनुपर्छ भन्ने उनीहरूको धारणा देखिन्छ। विद्यार्थीले विद्यालयका मूल्यमान्यता तथा आधिकारिक व्यक्तिहरूका निर्देशनहरूलाई आत्मसात गर्नुपर्छ। अनुसासित भई शैक्षिक गतिविधिहरूमा संलग्न हुनुपर्छ। शिक्षक र आधिाकारिक व्यक्तिहरूप्रति आदर र सम्मानयुक्त व्यवहार गर्नुपर्छ। कडा परिश्रम, चुनौतिपूर्ण पाठ्यपुस्तकहरूको अध्ययन, नियमित गृहकार्यहरू र शिक्षकले निर्देशित गरेका अन्य क्रियाकलापहरूमा इमान्दारितापूर्वक विद्यार्थीहरू संलग्न भइरहनुपर्छ। परम्परा गत संस्कृति र वौद्धिक ज्ञान प्राप्तिका लागि प्रयाप्त समय दिनु र कठिन परिश्रम गर्नु विद्यार्थी दायित्वहरू हुन्।

परम्परागत अमेरिकन आर्थिक, सामाजिक, राजनैतिक सांस्कृतिक र शैक्षिक विचारहरूलाई स्वीकार गर्दै ती मूल्यमान्यताहरू नयाँ पिंढीमा हस्तान्तरण गर्नुपर्छ भन्ने उद्देश्यबाट प्रेरित 'Back to basics' नाराका साथ विकास भएको सारवादी शैक्षिक दर्शनको शिक्षा प्रर्णालीको परम्परागत संरचनातर्फ फर्किने आहवान गरेको देखिन्छ। निश्चय नै पुराना मूल्यमान्यता र परम्परागत शिक्षाको संरचनामा महत्त्वपूर्ण कुराहरू छन् र ती कुराहरू वर्तमान संसारमा पनि उपयोगी र अनुकरणीय हुन सक्लान।

संसारमा भएको ज्ञान, विज्ञान, र प्रविधिको चरम विकासले शैक्षिक प्रविधिमा आमूल परिवर्तन ल्याइसकेको छ। शिक्षाको संरचना, व्यवस्थापन सिकाइ प्रकृया, पाठ्यक्रम मूल्याङ्कन प्रणाली, शिक्षक तथा विद्यार्थीका भूमिकामा पुर्नसंरचना भइसकेको छ र नयाँ नयाँ प्रभावकारी प्रविधिहरू विकास भइसकेका छन्। मानिसका इच्छा आकाङ्क्षा र आवश्यकतामा परिवर्तन आएको छ। यस परिस्थितिमा पूर्णरूपमा परम्परागत ज्ञान र प्रविधिमा फर्किन सकिने अवस्था छैन । यस अर्थमा सारवादी शैक्षिक विचार पूर्णरूपमा वर्तमान समयमा अनुसरण गर्न सकिने अवस्था देखिदैन। संसारमा सांस्कृतिक मूल्यमान्यतामा पनि परिवर्तन भइसकेको छ। विश्वव्यापी संस्कृति निर्माण हुने क्रममा छ। यस अवस्थामा कुनै एउटा मुलुकको परम्परागत सांस्कृतिक मूल्यमान्यतालाई शिक्षा प्रणालीले हस्तान्तरण गर्नुपर्छ भन्ने कुरा वर्तमान समयमा अलि असान्दर्भिक जस्तो देखिन्छ। यसो भन्दैमा परम्परामा मूल्यमान्यता हस्तान्तरण गर्नुहुदैन, अनुपयोगी छन् भन्ने होइन। परम्परा गत र आधुनिक मूल्यमान्यताहरूको मिलान गरी शिक्षा प्रणालीलाई व्यवस्थित गरीयो भने त्यसको प्रतिफल राम्रो हुन सक्छ होला भन्ने वैचारिक अनुमान गर्न सकिन्छ।

## ३.२.३ प्रगतिवाद (Progressivism)

### परिचय (Introduction)

प्रगतिवादी विचार दार्शनिक विचारभन्दा पनि २०औं शताब्दीको अमेरिकन शिक्षा प्रणालीको सुधारका लागि भएको प्रगतिगामी शैक्षिक आन्दोलन हो र वर्तमान अमेरिका शिक्षा प्रर्णालीको आधार नै प्रगतिबादि शैक्षिक आन्दोलन थियो॥ यो एउटा नयाँ शिक्षा दर्शन हो। प्रगतिवाद 'प्रयोजनवादी' (pragmatism) दर्शन को उपज हो। प्रयोजनवाद कै वैचारिक तथा सैद्धान्तिक आधारमा प्रतिवादी शैक्षिक दर्शन विकास भएको हो। त्यसैले प्रगतिवादी शिक्षा दर्शनलाई प्रयोजनवादको शैक्षिक उपयोग मान्न सकिन्छ। Winch and Gingell (1999) का अनुसार प्रगतिवाद भनेको शिक्षाको लक्ष्य, पाठ्यक्रम र विधिशास्त्रका सिद्धान्तहरूको एउटा समूह हो -P. 183)। प्रगतिवादी शैक्षिक दर्शनले शिक्षामा नवीन विचारहरू, नयाँ उपलब्धिहरू, नयाँ शैक्षिक सिद्धान्तहरूलाई जोड दिन्छ। बहुलवाद र प्रजातान्त्रिक विचारमा उभिएको यस शैक्षिक दर्शनले विद्यार्थीको स्वतन्त्रता, उनीहरूको स्वाभाविक प्राकृतिक विकास, रुचि अनुसारको शिक्षण, विद्यार्थीको सर्वाङ्गीण विकास, आवश्यकतामा आधारित सिकाइ, विद्यार्थीको रुचि र इच्छाको परिपूर्तिका लागि विद्यालय र घरपरिवारको सहयोगात्मक समन्वय जस्ता कुराहरूलाई जोड दिएको देखिन्छ।

प्रगतिवादी शिक्षा दर्शन परम्परागत शिक्षा पद्धतिमा आमूल परिवर्तन गर्ने ध्येयले विकास भएको थियो । प्रयोजनवादी दर्शनको व्यावहारिक प्रयोगको रूपमा देखिएको प्रगतिवादी शिक्षा दर्शन अमेरिकामा विकास भएको आधुनिक शिक्षा दर्शन हो। प्रगतिवादी शिक्षा दर्शनको विकासमा Charles Sander Peirce (1839-1914), William James (1842-1910), W.H. Kilpatric (1871-1965), George Counts

(1889-1974), H. Rugg (1886-1960), John Dewey (1859-1952)दार्शनिक तथा शिक्षाशास्त्रीहरूको योगदान रहेको छ।

### दार्शनिक आधारहरू (Philosophical Premises):

प्रयोजनवाद सिद्धान्तहरू नै प्रगतिवादी दर्शनका आधारहरू हुन् । प्रगतिवादी दर्शनलाई समाज र सामाजिक गतिविधिको उपज मान्दछ। प्रगतिवादी दर्शन पूर्व निर्धारित सत्यको खोज गर्ने होइन बरु व्यवहारको कसीबाट दार्शनिक विचारहरू सृजना गर्ने चिन्तन प्रणाली हो। प्रजातन्त्र, विज्ञान–प्रविधि र मानव समाजको दैनिक जीवनका व्यावाहारिक पक्षहरूलाई जोड दिने भएकाले यस दर्शनलाई प्रजातान्त्रिक र वैज्ञानिक दर्शन भन्न सकिन्छ। यस दर्शनका दार्शनिक पक्षहरूलाई निम्नानुसार चर्चा गर्नु उपयुक्त देखिन्छ।

प्रगतिवादी दर्शनले पूर्वनिर्धारित सास्वत सत्यलाई इन्कार गर्दछ। प्रगतिवादीका अनुसार त्यो सत्य हो जसलाई मानिसहरूले अनुभव गर्न सक्छन्। मानिसहरूको अवलोकान र अनुभव भन्दा बाहिर कुनै पनि सत्य छैन। सत्य स्थिर हुदैन र सत्य भन्ने कुरा मानव निर्मित हुन्छ। ती सिद्धान्त र नियमहरू नै सत्य हुन्छन् जो कार्यरूपमा रूपान्तरित हुन्छन्, उपयोगमा आउँछन र उपयोगी नतिजा निकाल्न सहयोग हुन्छन्।

मानिस आधारभूत रूपले जैविक (biological) र सामाजिक प्राणी हो। संसारको निरन्तरतासंगै मानिसको अस्तित्त्व कायम रहन्छ। मानिसको सम्बन्ध भौतिक तथा सामाजिक संसारसंग हुन्छ। अनुभवहरूको पुनः निर्माण नै विकास प्रकृया हो। कुनै कुरा वास्तविक हो या होइन भन्ने कुरा अवलोकन र मूल्याङ्कन (Judgement) मा भर पर्दछ।

प्रगतिवादले ज्ञानलाई क्रियाकलापको परिमाण मान्दछ। डिवेको विचारमा ज्ञान र अनुभवमा अन्तर छैन। उनका अनुसार क्रियाकलापद्वारा अनुभव हुन्छ र अनुभव द्वारा ज्ञान प्राप्त हुन्छ। ज्ञान स्थिर हुदैन तर परिवर्तनशील हुन्छ। ज्ञानको स्वरूप प्रायोगिक, अनुभवजन्य हुन्छ। ज्ञान बहुलवादी (pluralistic) हुन्छ। ज्ञान अनुभव, परीक्षण र उपयोगद्वारा सम्भव हुन्छ। जसका लागि संलग्नता (initative), खोजमूलक (inventive), स्रोतपूर्णता (resourcefulness) र जवाफदेही (Respondible) गतिविधि आवश्यक हुन्छ। गतिशील (dynamic) र पुनर्निर्माणात्मक संज्ञान (reconstructive cognition) ज्ञान आर्जनका लागि आवश्यकीय कुराहरू हुन्। ज्ञानलाई निश्चित किसिमको परीक्षण र प्रयोगद्वारा जाँच्न सकिन्छ। प्रगातिवादीहरू मानिसको दिमागलाई एउटा गतिशील प्रकृया मान्दछन् र दिमाग मानिसको शरीरको एक प्रकृया भएकाले त्यसको नियन्त्रण र संचालन सम्बन्धित व्यक्तिले नै गर्छ भन्ने कुरा विश्वास गर्दछन्।

प्रगतिवादीहरू आर्दशवादीले भने जस्ता पूर्वनिर्धारित र सास्वत मूल्यहरूको विरोध गर्दछन्। उनीहरूको विचारमा संसारमा त्यस्तो कुनै स्तरीकृत (standard) मूल्यहरू छैनन्। मूल्यहरूको निर्माण अरू कोही नभएर मानिस आफैँ हो। मूल्यहरू सापेक्षित (Relative) र परिर्वतनशील हुन्छन्। मानिसको निरन्तर अनुभव र परीक्षण द्वारा मूल्यहरू सृजना हुन्छन्। ती मूल्यहरूलाई सहि मान्न सकिन्छ जसलाई व्यवहारमा प्रयोग गर्न सकिन्छ।

### शैक्षिक उपादेयता (Educational implication)

प्रगतिवादीहरू शिक्षालाई अनुभवहरूको पुनः निर्माण (reconstruction of experiances) मान्दछन् र शिक्षा वास्तविक जीवनमा आधारित हुनुपर्छ भन्ने कुरामा बढी नै जोड दिन्छन्। 'शिक्षा वर्तमान जीवनका लागि ओ, भविष्यका लागि होइन' भन्ने उनीहरूको एउटा शैक्षिक नारा नै हो। 'स्वतन्त्रता' प्रगतिवादको अर्को महत्त्वपूर्ण अवधाणा हो। त्यसैले उनीहरू चाहन्छन् कि विद्यार्थी स्वयंले आफ्नो रुचि र आवश्यकताअनुसार क्रियाकलापहरूद्वारा सिक्ने मौका पाउनुपर्छ। प्रगतिवादी शिक्षा उपयोगिता (utility), क्रियाकलाप (action), अनुभव र परीक्षण (experinment) मा आधारित हुन्छ। प्रत्येक क्रियाकलापहरू प्रजान्त्रिक मूल्य–मान्यतामा आधारित हुन्छन्। प्रगतिवादी शिक्षा दर्शनको शैक्षिक उपयोगलाई निम्नानुसारका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

### शिक्षाका उद्देश्यहरू (Aims of Education):

प्रगतिवादका अनुसार शिक्षा एउटा प्रकृया हो, त्यसैले शिक्षाका उद्देश्यहरू पनि प्रकृयाद्वारा निर्धारित हुनुपर्छ। शिकारुका के कस्ता रुचि र आवश्यकताहरू छन् भन्ने कुरा शैक्षिक प्रकृयाबाट थाहा हन्छ र त्यसकै आधारमा उद्देश्यहरू विकास हुन्छन्। Dewey का अनुसार शिक्षा स्वयंको केही उद्देश्य हुँदैन बरु शिक्षक, विद्याथीहरूका उद्देश्य हुन्छन्।

शिक्षाबाट के प्राप्त गर्ने भन्ने कुरा शिक्षक र विद्यार्थीले निर्धारण गर्ने भएकोले ती उद्देश्यहरू शिक्षाका उद्देश्य नभएर विद्यार्थीका उद्देश्यहरू हुन्। प्रगतिवादी शिक्षा दर्शनका मूल सिद्धान्तहरूको संश्लेषण गर्दा उनीहरूको शिक्षाको उद्देश्यहरू निम्नानुसार रहेको पाइन्छः

**i)** ***अझ बढी शिक्षाका लागि शिक्षा (Education for more education):*** प्रगतिवादीहरू शिक्षालाई एक निरन्तर प्रकृया मान्छन्। शिक्षा लिनु अझ बढी ज्ञान, सिप र अनुभवहरू आर्जन गर्नु हो। त्यसैले उनीहरू निरन्तर शिक्षा (continuous education) को पक्षमा देखिन्छन्।

**ii) गतिशील र समायोजित मानिस र दिमाग विकाशित गर्न *(To cultivate dynamic and adapted man or mind):*** गतिशीलतालाई प्रगतिवादीहरू मानवीय विशेषता मान्दछन् । संसार गतिशील छ र गतिशीलता विकास हुनुपर्छ। अतः शिक्षाले मानिसमा परिवर्तित परिवेशअनुसार गतिशीलता र सृजनात्मकता विकासका लागि आवश्यक ज्ञान, सिप, क्षमता र अनुभवहरू विकास गर्न मद्दत गर्नुपर्छ।

**iii) नयाँ मूल्य र विचारहरूको सृजना गर्नु *(To creat new values and Ideas):*** प्रगतिवादका अनुसार पुराना मूल्य र विचारहरू वर्तमान समयका लागि उपयोगी नहुन सक्छन्। त्यसैले शिक्षाको उद्देश्य पुराना मूल्य मान्यतालाई विस्थापन गरी समय र परिस्थिति सापेक्ष नयाँ मूल्य मान्यता तथा विचारहरू सृजना गर्ने हुनुपर्छ।

**iv)** ***अनुभवहरूको पुनर्निर्माण र पुनसङ्ठन (Reconstruction and reorganisation of experiances):*** प्रगतिवादीहरू शिक्षालाई बृद्धिको प्रकृया (process of growth) मान्दछन् । Dewey को विचारमा शिक्षा जीवनको पूर्व तयारी होईन, यो आफैं जीवन हो । जीवनमा विभिन्न अनुभवहरू विकसित हुन्छन्। जीवनको विकासका क्रममा मानिसले विभिन्न प्रयोग, परीक्षण वा अनुभवहरू आर्जन गर्छन। यो क्रम निरन्तर चलिरहन्छ।

**v*)*** ***सामाजिक दक्षताको विकास गर्नु (To develop social efficency):*** प्रगतिवादले विद्यालयलाई विद्यालयबाहिरको समाजको लघुरूपको रूपमा लिन्छन् । र विद्यालयलाई सामाजिक अभ्यासको थलो मान्दछन्। समाजमा हुने सबै किसिमका सामाजिक अन्तरक्रियाहरू विद्यालयमा हुनुपर्छ भन्ने मान्यता राख्दछन् । साथै विद्यालयलाई असल सामाजिक सदस्यहरू निर्माण गर्ने संस्था मान्दछन् । त्यसैले सामाजिक सदस्यहरूमा सामाजिक निपुणता वा दक्षता विकास गरी सामजिक विकासमा शिक्षाले योगदान गर्नुपर्छ भन्ने कुरामा उनीहरू सचेत देखिन्छन्।

vi) प्रजातान्त्रिक मूल्य प्राप्त गर्नु ***(To achieve democratic value):*** प्रगतिवादीहरू प्रजातन्त्रका हिमायती हुन्। उनीहरू प्रजान्त्रिक समाजमा मात्र मानिसको सुसङ्गठित विकास हुन्छ भन्ने कुरामा विश्वास गर्दछन् साथै विद्यालयलाई प्रजातान्त्रिक निकायको रूपमा लिन्छन्। विद्यालयले व्यक्तिमा प्रजातान्त्रिक चरित्र, विचार र व्यवहार विकास गर्नुपर्छ जसले गर्दा विद्यालय बाहिरको समाजको प्रजातान्त्रिक मूल्यको प्राप्ति हुनुपर्छ भन्ने उनीहरूको विचार रहेको देखिन्छ।

v) पाठ्यक्रम (curriculum)

प्रगतिवादीहरूको विचारमा शिक्षा एउटा गतिशील, क्रियाशील र सृजनात्मक प्रकृया हो र यही प्रकृयाद्वारा नै पाठ्यक्रम निधारण हुन्छ। पूर्वनिर्धारित पाठ्यक्रमले विद्यार्थीको रुचि, आवश्यकता र अनुभवको सम्वोधन गर्न सक्दैन। प्रगतिवादी विचारअनुसार पाठ्यक्रम मनोविज्ञान र समाजशास्त्रीय सिद्धान्तअनुसार निर्माण गरीनुपर्छ । उपयोगिता सिद्धान्तलाई पनि पाठ्यक्रमले सम्वोधन गरेको हुनुपर्छ। प्रगतिवादले सिकाइको प्राकृतिक पर्यावरणमा जोड दिन्छ। पाठ्यक्रमको विकास र कार्यान्वयनमा समेत प्रजातान्त्रिक पद्धतिको अवलम्बन गरीनुपर्छ।

प्रगतिवादीहरू पाठ्यक्रममा सैद्धान्तिक ज्ञानहरू समावेश गरी विद्यार्थीहरूलाई व्यर्थको वोझ थोपर्न चाहाँदैनन्। उनीहरू पढाइ– लेखाइलाई पनि स्वीकार त गर्दछन् तर पढाइ लेखाइ केवल ज्ञानका लागि नभएर जीवनका विभिन्न पक्षमा उपयोगमा ल्याउनका लागि हुनुपर्छ। प्रगतिवादीहरू विज्ञान, गणित, गृहविज्ञान, कृषि, कला, इतिहास, भूगोल, प्रकृति विज्ञान, स्वास्थ्य शिक्षा जस्ता विषयहरूलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ भन्ने  धारणा राख्दछन् र व्यवसायिक विषयहरूलाई बढी प्राथमिकता दिन चाहन्छन्। प्रगतिवादीहरू सङ्गठीत पाठ्यक्रमको पक्षपोषण गर्दछन्। उनीहरूले पाठ्क्रमको सङ्ठन गर्ने आधारहरू (criteria) विकास गरको छन्। ती हुन–

- उपयोगिताको आधार (Criteria of utility)
- बालबालिकाहरूको स्वाभाविक रुचिको सिद्धान्त (Principle of childrens Natural interest)
- अनुभवको सिद्धान्त (Priniciple of experiaance)
- पेशाको सिद्धान्त (Principle of occupation)
- क्रियाकलापको सिद्धान्त (Principle of activity)
- एकीकरणको सिद्धान्त (Principle of integration)

यसरी हेर्दा के देखिन्छ भने प्रगतिवादीहरू विज्ञहरूद्वारा निर्मित पूर्वनिर्धारित र सैद्धान्तिक स्वरूपको पाठ्यक्रमको विरोध गर्दछन्। उनीहरू शिक्षक–विद्यार्थीको सहकार्य द्वारा पाठ्यक्रम निर्धारण गर्न चाहन्छन।

शिक्षण प्रकृया **(Educative process):**

प्रगतिवादी शिक्षण विधि व्यावहारिक उपयोगितामा आधारित हुन्छ। सिकारुले जे सिक्छ त्यो व्यावहारिक तरिकाले सिक्छ र वास्तविक जीवनमा त्यो सिकाइको उपयोग गर्दछ। सिकारुले क्रियाकलापहरूमा संलग्न भई आफ्नै अनुभवद्वारा सिक्छ। विद्यालय र शिक्षकले उपयुक्त सिकाइ वातावरण तयार गर्दछन्। त्यस वातावरणमा सिकारुले आफ्ना समस्याहरू स्वयं समाधान गर्न विभिन्न क्रियाकलापमा संलग्न हुन्छ र यो एक किसिमको स्वचालित शिक्षा (auto-education) हो। सिकाइमा कुनै किसिमका बाधा व्यवधानहरू हुदैनन्। प्रजातान्त्रिक मूल्यममान्यतामा आधारित क्रियाकलापमा आफै सहभागी भई सत्यको स्वयं अनुभव गर्ने अवसर प्राप्त हुन्छ। पुस्तक र शिक्षक विद्यार्थीका लागि दोस्रो (secondary) प्राथमिकताका विषय हुन्। प्रगतिवादी सिकाइ प्रकृयामा त्यस्तो वातावरण तयार गरीन्छ जहाँ सिकारुले स्वअन्वेषण गर्ने र आफ्ना अनुभवहरूलाई परीक्षण गर्ने मौका पाउँछ। अर्थात् विद्यालयमा वास्तविक जीवनको परिवेश नै सृजना गरीएको हुन्छ। जहाँ सिकारुको इन्द्रियहरूको प्रयोग र शरीरिक क्रियाकलापद्वारा आफ्नो सिकाइलाई निरन्तरता दिन्छ। प्रगतिवादी शिक्षा पद्धतिमा प्रयोग गरीने केही प्रमुख विधिहरू परियोजना विधि (project Method) वैज्ञानिक विधि (scientific method) परीक्षण विधि (experinment method) गरेर सिक्ने विधि (learning by doing) हयुरिस्टिक विधि (Heuristic method) हुन।

**शिक्षकको भूमिकका (Role of the Teacher)**

प्रगतिवादी शिक्षक तालिम प्राप्त हुनु पर्छ । उसमा विद्यार्थीका बानी–व्यवहार, रुचि, इच्छा–आकाङ्क्षा र विकासात्मक अवस्था बुझ्ने क्षमता हुनुपर्छ। प्रजातन्त्र र प्रगतिवादी शिक्षा एक अर्कामा घनिष्ट सम्बन्ध रहेकोले शिक्षक प्रजातान्त्रिक मूल्यमान्यताप्रति प्रतिबद्ध भई त्यसको अभ्यासमा संलग्न हुनुपर्छ। विद्यालयलाई प्रगतिवादले सामाजिक प्रयोगशाला मानेको छ। यस अर्थमा शिक्षक समाजका पक्षहरूसँग राम्ररी परिचित भएको र सामाजिक नेतृत्व दिने क्षमता पनि हुनु आवश्यक देखिन्छ। प्रगतिवादी शिक्षकको शिक्षाका सामग्रीहरूको भूमिकालाई निम्नानुसारकका बुँदाहरूमा उल्लेख गर्न सकिन्छः

- शिक्षक पथप्रदर्शक र सहजकर्ताको रूपमा (Teacher as a guide and facilitator):
- शिक्षक स्रोत व्यक्तिको रूपमा (Teacher as a resource person):
- शिक्षक सहकर्मी वा सहखोजकर्ताको रूपमा (Teacher as a co–inquirer):
- शिक्षक वातावरण निर्माणकर्ताको रूपमा (Teacher as a creator of environment):
- शिक्षकको भूमिका मनोवैज्ञानिकका रूपमा (Teacher as a Psychologist):
- शिक्षक एक वैज्ञाननिकका रूपमा (Teacher as a scientist):
- शिक्षक एक कुशल योजनाकार र व्यवस्थापकका रूपमा (Teacher as an efficient planner and manager)

- शिक्षक प्रजातान्त्रिक मूल्यमान्यताको अनुयायीका रूपमा (Teacher as a follower of the Democratic narms and values)

विद्यार्थीको भूमिका **(Role of the Student):**

प्रगतिवादमा विद्यार्थीको स्वतन्त्रतालाई अधिक महत्त्व दिइन्छ । विद्यार्थीहरू आफ्नो लक्ष्य पहिचान गर्न र क्रियाकलापहरूको छनोट गर्न स्वतन्त्र हुन्छन् । तर उनीहरूले प्रजातान्त्रिक सामाजिक अनुशासन पालन गर्नुपर्छ । विद्यार्थीहरू सृजनात्मक क्रियाकलापमा व्यस्त हुन्छन्। प्रगतिवादी विद्यार्थीका भूमिका निम्नानुसार छन :

- विद्यार्थी एक जैविक, सामाजिक र मनौवैज्ञानिक प्राणी रूपमा (Student as a biological, social and psychological being)
- विद्यार्थी एक सृजनात्मक, गतिशील, मौलिक र सक्रिय प्राणीका रूपमा (Student as a creative, dynamic, orginal ans creative being)
- विद्यार्थी सिकाइ प्रक्रियाको केन्द्रबिन्दु (Student as focus point of learning)
- विद्यार्थी उद्देश्यमूलक र सहयोगात्मक क्रियाकलापमा व्यस्त रहनुपर्छ (Student need to be engaged in purposeful and cooperative activities)
- विद्यार्थी सत्य र मूल्यहरूको सृजनाकर्ताका रूपमा (Students as creator of truth and value)
- विद्यार्थीले स्वतन्त्रताको कदर गर्नुपर्छ र आफ्नाआन्तरिक अनुभूति अभिव्यक्त गर्नुपर्छ (Student need to respect freedom and express internal feelings)
- विद्यार्थी एक योजनाकार र परीक्षण कर्ताको रूपमा (Student as a planner and experimentor)

शैक्षिक दृष्टिले यस दर्शनले ज्ञानलाई प्रायोगिक मान्दछ। सिकाइका क्रममा हुने औपचारिकताको विरोध गर्दै अनौपचारिक र स्वतन्त्र सिकाइ प्रक्रियाको पक्षपोषण गर्दछ। प्रगतिवादले शिक्षालाई जीवन मान्दछन्। भनाइको आशय के हो भने प्रगतिवादले शिक्षा र जीवन बिच मजवुत सम्बन्ध स्थापना गरीदिएको छ । साथै शिक्षालाई समाजको रूपान्तरणको साधनको रूपमा समेत स्वीकार गरेको छ। वास्तविक जीवनका अभ्यासहरूद्वारा सिक्ने अवसर उपलब्ध गराउनु, बालकलाई सिकाइमा स्वतन्त्रता उपलब्ध गराउनु, बालबालिकालाई सम्मान गर्नु, बालककै सक्रियतामा सिकाइ वातावरण तथा पाठ्यक्रमको व्यवस्थापन गर्नु, र जीवनउपयोगी व्यावसायिक सिकाइमा जोड दिनु प्रगतिवादी शिक्षादर्शनका महत्त्वपूर्ण योगदान हुन् । प्रगतिवादी शिक्षाले वास्तवमै प्रभावी क्षेत्र (Affective domain) र मनोक्रियात्मक (Psychomotor domain) का सिप क्षमता विकासमा जोड दिएको देखिन्छ । शिक्षालाई वास्तविक प्रायोगिक जीवन (Real applied life) सँग जोडेर मानिसलाई समाजमा समायोजित र आत्मनिर्भर बनाउन योगदान गरेको देखिन्छ।

### ३.२.४ पुनर्निर्माणवाद (Reconstructionism)

#### परिचय (Introduction)

अमेरिकन शिक्षा प्रणालीमा क्रान्तिकारी परिवर्तनका लागि प्रगतिवादी शैक्षिक आन्दोलनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो । तर प्रगतिवादी शैक्षिक आन्दोलनले पनि तत्कालीन समाजका रोगहरू जस्तैः असमानता, हिंसा, भोकमरी, व्यभिचार आदिलाई वढार्न (सफा गर्न) सकेन । यस परिवेशमा प्रगतिवादी शैक्षिक आन्दोलनभित्रकै केही चिन्तक र समाजशास्त्रीहरूले प्रगतिवादी शैक्षिक आन्दोलनमा सुधार आवश्यक छ भन्ने विचारहरू राख्न थाले। George S. Counts (1932) ले प्रगतिवादीहरूलाई यस्तो सुझाव दिए की– प्रगतिवादी शिक्षालाई सामाजिक सङ्कटहरू समाधान गर्नका लागि सामाजिक कल्याणमा आधारित मानव गन्तव्यको नयाँ दूरदृष्टि (Vision) विकास गरी विद्यालयका गतिविधिहरूलाई त्यसतर्फ प्रवृत्त गर्नुपर्छ। त्यसरी नै Thedore Brameld (1971) ले विद्यालयलाई

सामाजिक सुधारको पूर्ण जिम्मेवारी दिइनुपर्छ भन्ने विचार राखे। यस्ता विचारहरूले समाजमा क्रान्तिकारी उपायहरूद्वारा समाजको आमूल परिवर्तन होइन की प्रजातान्त्रिक प्रक्रियाद्वारा समाजको निरन्तर विकास आवश्यक छ भन्ने मान्यता स्थापित भयो। यो विचारलाई नै पुनर्निर्माणवादी विचारको नाम प्राप्त भयो।

पुन निर्माणवादको अर्थ हो प्रचलित विचार तथा कार्य शैलीमा परिवर्तन गरी समाजको पुनर्निर्माण गर्नु। यस विचारले प्रचलित विचार तथा मूल्यमान्यतालाई नष्ट गरेर समाजमा आमूल परिवर्तनको वकालत गर्दैन। यसको बदलामा प्रजातान्त्रिक विधि तथा प्रक्रियाको प्रयोगद्वारा समाजमा निरन्तर सुधार गर्नुपर्छ भन्ने मान्यता राख्छ। अतः पुनर्निर्मणवादी विचारले समाजमा निरन्तर सुधारको अपेक्षा गर्दछ।

पुन निर्माणवादी विचार प्रयोजनवाद (Pragmatism) तथा प्रगतिवादी (Progressivism) विचारको पछि पछि विकास भएकोले प्रयोजनवादी तथा प्रगतिवादी दार्शनिकहरूले नै यो वैचारिक धारको विजारोपण गरीसकेका थिए। ती वैचारिक विउहरू उमार्ने र हुर्काउने काम गरी पुनर्निर्माणवादलाई वैचारिक धारकै रूपमा विकास गर्न George S. Counts (1889-1974) / Thedore Brameld (1904-1987) को योगदान उल्लेखनीय रहेको छ।

Counts विचार थियो की– शिक्षाकर्मीहरूले निरन्तर सामाजिक परिवर्तनका लागि भविष्यको दूरदृष्टि राख्न सक्नुपर्छ। शिक्षकले सामाजिक तथा राजनैतिक सुधारका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ। परम्परागत पाठ्यक्रमले विचारलाई मात्र जोड दिएकोले समाजमा विभिन्न किसिमका विकृतिहरू विकास भए। पाठ्यक्रमले समाजमा निहित विभिन्न समस्या तथा सवालहरूलाई सम्वोधन गर्नुपर्छ। यसरी उनले विद्यालय र शिक्षाको पुनसंरचनालाई जोड दिंदै विद्यालयले विद्यार्थीहरूमा आफ्नो भावी जीवनको दूरदृष्टि निर्माण गर्न समर्थ बनाउनुपर्छ भन्ने कुराको वकालत गरे।

Brameld का अनुसार पुनर्निर्माणवाद एउटा सङ्कटको दर्शन हो। उनका अनुसार प्रत्येक मानिस एउटा सङ्कटपूर्ण दोबाटोमा उभिएको छ। एउटा बाटो सङ्कटपूर्ण दिशातिर लाग्छ र अर्को बाटो चाहिँ मुक्तिको दिशातर्फ लाग्छ। यदि हामीले चाह्यौं भने हामी मुक्तिको बाटो तर्फ लाग्न सक्छौं। मुक्तिको बाटो निरन्तर सामाजिक परिवर्तन र पुनः संरचनाको बाटो हो। उनी जोन डिबेको विचारबाट बढी प्रभावित देखिन्छन्। शिक्षाद्वारा मानिसको व्यक्तिगत र सामाजिक रूपान्तरण हुनुपर्छ भन्ने उनको धारणा थियो। उनले शिक्षालाई एक शक्तिको रूपमा व्याख्या गरे। उनका अनुसार सामाजिक र राजनैतिक परिवर्तनका लागि विद्यालय एक शक्तिशाली दवाव हो। यसरी नै उनले आर्थिक शोषण, सामाजिक विभेद र पूर्वाग्रह जस्ता सामाजिक असमानताहरूलाई चुनौती दिंदै पुनर्निर्माणवादी सोचलाई उचाइमा पुऱ्याउने काम गरे।

### दार्शनिक आधारहरू (Philosophical Premises)

पुनर्निर्माणवादी शैक्षिक विचार प्रगतिवादका पछि पछि प्रयोजनवादसँगै जोडिएरै आएको शिक्षा दर्शन हो। प्रगतिवादी विचारले समाजलाई दिगो विकासमा सीमित गऱ्यो, त्यस कुरामा असहमत हुँदै पुनर्निर्माणवादीहरूले समाजमा निरन्तर परिवर्तन आवश्यक छ भन्ने कुराको उद्घोष गरे। समाजमा विभिन्न समस्याहरू छन्। ती समस्यालाई सम्पूर्ण रूपले (Holistically) हेर्नुपर्छ र समस्या समाधानका लागि भविष्यको लक्ष्य निर्धारण गरी त्यसतर्फ केन्द्रित हुनुपर्छ भन्ने वैचारिक धरातलमा यो दर्शन उभिएको देखिन्छ। यस दर्शनका मूलभूत विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- ***समाज निरन्तर परिवर्तनको आवश्यकतामा छ (Society is in the needs of constant change):*** यस दर्शनको वैचारक आधार नै निरन्तर परिवर्तन हो। समाज स्थिर हुँदैन र स्थिर राख्न पनि सकिंदैन। निरन्तर परिवर्तन समाजको विशेषता हो। त्यसैले समाजमा निरन्तर परिवर्तनको आवश्यकता छ। निरन्तर परिवर्तनले नै समाज र व्यक्तिलाई पहिले भन्दा उन्नत अवस्थामा पुऱ्याउँछ।

- ***भविष्य वर्तमानभन्दा राम्रो हुनुपर्छ (Future can be better than the present) :*** पुनर्निर्माणवादी दर्शन भविष्य प्रति आशावादी दर्शन हो। समाजमा हुने निरन्तर परिवर्तनले सुखद भविष्यको आधार तयार गर्छ भन्ने उनीहरूको धारणा रहेको देखिन्छ। त्यसैले उनीहरू भन्छन्– वर्तमानको तुलनामा भविष्य राम्रो हुनुपर्छ।

- ***आदर्श प्रजातान्त्रिक सामाजिक व्यवस्था (An ideal democratic social order):*** पुन निर्माणवादी दर्शनले शोषण तथा अन्याय अत्याचारको जगमा उभिएको परम्परागत पुँजीवादी सामाजिक व्यवस्थालाई पनि आलोचना गर्छन् र गैरप्रजातान्त्रिक साम्यवादी सामाजिक व्यवस्थालाई पनि इन्कार गर्दछन् । यी दुवै सामाजिक व्यवस्थाको बदलामा उनीहरू समतामूलक, आदर्श प्रजातान्त्रिक सामाजिक व्यवस्थाको पक्षपोषण गर्दछन् ।

- ***लक्ष्य प्राप्ति (Goal seeking):*** पुनर्निर्माणवादीहरूको अर्को दार्शनिक आधार लक्ष्य प्राप्ति हो । उनीहरूका अनुसार समाजको परिवर्तन कुनै खास लक्ष्यप्रति उन्मुख हुन्छ । त्यसैले परिवर्तन परिवर्तनकै लागि नभएर कुनै राम्रो लक्ष्य प्राप्तिका लागि हुनुपर्छ ।

- ***समाजको पुनर्निर्माणका लागि शिक्षाको उपयोग (Use of education in reconstructing society):*** पुन निर्माणवादले शिक्षालाई समाजको परिवर्तन, सुधार र पुनर्निर्माणको साधन मान्दछन् । समाजमा हुने अन्याय अत्याचारलगायतका सामाजिक विकृतिहरूको हल गर्ने उत्तम उपाय शिक्षा नै हो ।

- ***विद्यालय सामाजिक परिवर्तनको वाहक (School is a change agent for society):*** पुनर्निर्माणवादी विचारकहरूले विद्यालयलाई सामाजिक निकायको रूपमा स्वीकार गर्छन् र विद्यालयले सामाजिक परिवर्तनको नेतृत्व लिनुपर्छ भन्दछन् । विद्यालय सामाजिक संस्था भएकोले समाजको असल भविष्यको लक्ष्य प्राप्तिका लागि विद्यालयले सामाजिक परिवर्तनको बाहकको रूपमा काम गर्नुपर्छ भन्ने उनीहरूको धारणा रहेको देखिन्छ ।

**शैक्षिक उपयोग *(Educational Implication)*:**

प्रगतिवादी शैक्षिक आन्दोलनले समाजका विभिन्न किसिमका समस्याहरूलाई पुरै बढारेर लान सकेन भन्ने असन्तुष्टि जाहेर गर्दै सामाजिक रोगहरू निवारण गर्दै समाजलाई अझ राम्रो पार्ने लक्ष्यका साथ विकास भएको पुनर्निर्माणवादले विद्यालयलाई नयाँ सामाजिक व्यवस्था निर्माण गर्ने साधन मान्दछ र शिक्षा सामाजिक पुनर्निर्माणका लागि हो भन्ने धारणा राख्दछ । यस दर्शनका शैक्षिक प्रयोगहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) शिक्षाको लक्ष्य (Aims of Education)**

पुनर्निर्माणवादी विचार मानव जीवनका व्यापक सामाजिक र सांस्कृतिक आवरणसँग जोडिएको शिक्षा दर्शन हो । यस दर्शनले अझ राम्रोका लागि परिवर्तन (Change for the better) लाई जोड दिन्छ । पुनर्निर्माणवादीहरू समाजमा भएका असमानता तथा सामाजिक समस्याहरू जस्तै जातीय तथा लैङ्गिक विभेद, गरीबी, हत्या, हिंसा, एड्स, शोषण आदि जस्ता कुराहरू निवारण गर्नका लागि शिक्षक, विद्यार्थी र विद्यालयलाई उत्प्रेरित गरी गतिशील र न्यायपूर्ण समाज स्थापना गर्न चाहन्छन् । निरन्तर परिवर्तनद्वारा समाजलाई अझ राम्रो दिशामा लैजान सकिन्छ । विद्यालय वा विद्यार्थीहरू परिवर्तनका संवाहक हुन्, उनीहरूले सर्वप्रथम आफैंलाई र आफ्नो वरिपरिको संसारलाई परिवर्तन गर्नुपर्छ, जसले विश्व समुदायको पुनसंरचनामा योगदान गर्छ भन्ने उनीहरूको मान्यता रहेको देखिन्छ । विश्वसमुदाय (World community), भातृत्व (Brotherhood) र प्रजातन्त्र (Democracy) पुनर्निर्माणवादी शिक्षा दर्शनका विश्वास हुन् र यी विचारहरूलाई उनीहरू विद्यालय र समाजमा लागु गर्न चाहन्छन् (Ozman and Craver 1999, P. 184) । उल्लेखित वैचारिक आधारमा पुनर्निर्माणवादी शिक्षाका उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- प्रजातान्त्रिक आदर्श समाजको स्थापना (Establishment of the democratic Utopian society)
- आम मानिसहरूको कल्याण (Welfare of the masses)
- अझ राम्रो लक्ष्य प्राप्ति (Seeking better goal)
- विश्वसमुदायको भावना विकास (Development of feeling of world community)
- भातृत्व भावनाको विकास (Develop brotherhood feeling)

- निरन्तर सामाजिक परिवर्तनका लागि व्यक्ति र समाजको समावेशीकरण (Inclusion of individual and society for constant social change)

**(ख) शिक्षण विधि** (Methods of teaching)

पुनर्निर्माणवादी शिक्षाको प्रमुख उद्देश्य नै समाजलाई निरन्तर परिवर्तनको मार्गमा लैजानको लागि भूमिका निर्वाह गर्नु हो । त्यसैले उनीहरू परिवर्तन उन्मुख शिक्षण विधिहरू प्रयोग गर्छन् । उनीहरू परम्परागत शिक्षण विधिप्रति असन्तुष्टि जाहेर गर्दछन् । उनीहरूको विचारमा पुराना विधिहरूले पुराना मूल्यमान्यता र प्रवृत्तिको विकासमा जोड दिन्छन् । जसले समाज र व्यक्तिलाई यथास्थितिमा रहन उत्प्रेरित गर्दछन् । पुनर्निर्माणवादीहरू राजनैतिक प्रक्रियाको अध्ययनमा जोड दिन्छन् । जसका लागि शिक्षक र विद्यार्थीले सहकार्य गरी सामाजिक तथा राजनैतिक समस्या वा सवालहरू छनोट गर्ने र ती समस्याहरूलाई समाधान गर्न विभिन्न क्रियाकलापहरू गर्छन् । उनीहरू सक्रियतावाद (Activism) मा विश्वास गर्छन् । त्यसैले वास्तविक सामाजिक परिवेशमा सिक्ने र सिकाइलाई उपयोग गर्ने वातावरण हुनुपर्छ भन्ने उनीहरूको विचार रहेको देखिन्छ । पुनर्निर्माणवादीहरू किताबको पढाइलाई पनि महत्त्व दिन्छन् । तर किताबको पढाइले विद्यार्थीलाई सामाजिक समस्याहरू बुझ्न र परिवर्तनको चेतना विकास गर्न सहयोग गर्नुपर्छ । त्यसैले पुनर्निर्माणवादी पाठ्यपुस्तक तथा सिकाइ सामाग्रीहरू सामाजिक समस्याहरू उजागर गर्ने किसिमका हुन्छन् । पुनर्निर्माणवादीहरू स्वीकार्य प्रथा (Praxis) मा विश्वास गर्दछन् । स्वीकार्य प्रथा त्यस्तो सिद्धान्त हो– जसअनुसार मानिसका क्रियाकलाप तथा गतिविधिहरू सिद्धान्त र मूल्यमा आधारित हुन्छन् । पुनर्निर्माणवादीहरू प्रजातान्त्रिक मूल्यमान्यताका पक्षधर भएकोले उनीहरूका सिकाइ क्रियाकलापहरू पनि प्रजातान्त्रिक शैलीका हुन्छन् । अवलोकन भ्रमण, फोटो तथा पत्रपत्रिकाको अध्ययन तथा विश्लेषण, सामाजिक समस्याहरूको खोज, सरकारी नीति नियमको अध्ययन, पीडितहरूसँग प्रत्यक्ष अन्तरक्रिया, राजनैतिक व्यक्तित्वहरू र विज्ञहरूसँग अन्तरक्रिया, परियोजना कार्य आदि पुन निर्माणवादीका लोकप्रिय सिकाइका तरिका हुन् ।

**(ग) पाठ्यक्रम** (Curriculum)

पुनर्निर्माणवादीहरू विद्यार्थीलाई समाजमा क्रियाशील भएको देख्न चाहन्छन् र विद्यालयभित्र र बाहिरको दुवै परिवेशमा विद्यार्थीले सिक्ने अवसर पाउनुपर्छ भन्ने ठान्छन् । यी कुराको सम्वोधन हुने गरी पाठ्यक्रम सङ्गठित हुनुपर्छ र पाठ्यक्रमले सङ्गठित प्रयास, सत्य र न्यायलाई जोड दिनुपर्छ भन्ने उनीहरूको अपेक्षा रहेको देखिन्छ । उनीहरूका अनुसार पाठ्यक्रमले स्थानीय, राष्ट्रिय र विश्वव्यापी साझा सामाजिक समस्याहरू जस्तैः भोकमरी, हिंसा, गरीबी, आतङ्कवाद, असमानता, विभेद, प्रदूषण, मानव बेचबिखन, एड्स आदिलाई सम्वोधन गर्नुपर्छ । उनीहरूको विचारमा पाठ्यक्रम उदाउँदो पुस्ताको रूपान्तरण (Transformation) गर्ने लक्ष्यमा केन्द्रित हुनुपर्छ ।

पुनर्निर्माणवादीहरू चक्का पाठ्यक्रम "The wheel" curriculum को पक्षमा देखिन्छन् । उनीहरू विद्यालयको मूल लक्ष्य (सामाजिक परिवर्तन) लाई चक्काको केन्द्र मान्दछन् र सम्बन्धीत विषय र क्रियाकलापहरू जस्तैः समूह छलफल, अनुभव, पाठ्यविषयहरू, सिप, व्यावसायिक अध्ययन आदिलाई चक्काको केन्द्रसँग चक्कालाई जोड्ने डन्डी मान्दछन् । चक्काको केन्द्र र डन्डी एक अर्काका आधार भए जस्तै पाठ्यक्रमको केन्द्र र विषयवस्तुहरू आपसमा गाँसिएका हुनुपर्छ । उनीहरू पाठ्यक्रमलाई बाहिरबाट केन्द्रतिर एकीकृत हुने (Centeripetal) र केन्द्रबाट बाहिरतिर छरिने (Centrifugal) प्रक्रियाको रूपमा हेर्दछन् । बाहिरबाट केन्द्रतिर एकीकृत हुने प्रक्रिया यस अर्थमा भनिएको हो की– पाठ्यक्रमले समुदायका मानिसहरूलाई साझा अध्ययन (Common study) का लागि एकै ठाउँमा ( विद्यालयमा) जम्मा गर्दछ । केन्द्रबाट बाहिर जाने प्रक्रियाको अर्थ हो– पाठ्यक्रम विद्यालयबाट (केन्द्रबाट) व्यापक समुदायमा (बाहिर) तर्फ फैलिएको हुन्छ । त्यसैले उनीहरूको विचारमा पाठ्यक्रमले समाज र विद्यालय बिच गतिशील सम्बन्ध स्थापना गर्न सक्नुपर्छ र पाठ्यक्रम सत्य, सहकार्य, मैत्रीभाव, न्याय, सामाजिक समस्या र क्रियाकलापलाई महत्त्वका साथ स्थान दिनुपर्छ ।

**शिक्षकको भूमिका (Role of the teachers)**

पुनर्निर्माणवादी शिक्षकको भूमिका आदर्शमय हुनुपर्छ । एउटा शिक्षक स्थानीय परिवेशदेखि लिएर विश्व परिवेशका सामाजिक समस्याहरूसँग परिचित हुनुपर्छ । शिक्षकले त्यस्ता सामाजिक समस्याहरूको उजागर गर्न सक्नुपर्छ र ती समस्या समाधानका लागि विभिन्न वैकल्पिक उपायहरूको छनोट र कार्यान्वयन गर्ने सामर्थ्यता शिक्षकमा हुनुपर्छ । शिक्षकमा बौद्धिक क्षमताका साथै विद्यार्थीको संवेगलाई जगाउने सिप, विद्यार्थीलाई उनीहरूको वरिपरी रहेका सामाजिक समस्याहरू र सामाजिक असमानताहरू बुझ्न र सक्रियताका साथ ती समस्याहरू समाधान गर्न अग्रसर गराउने क्षमता

समेत हुनुपर्छ। पुनर्निर्माणवादी शैक्षिक विचारमा शिक्षकलाई एक सामाजिक सुधारक (Social activist) को रूपमा पनि हेरिन्छ। समाजको निरन्तर परिवर्तनद्वारा अझ असल सामाजिक व्यवस्था निर्माणमा शिक्षकले अगुवाइ गर्नुपर्छ। शिक्षकले पाठ्यक्रम र पाठ्यपुस्तकमा नसमेटिएका सामाजिक समस्याहरूलाई उजागर गरी विद्यार्थीहरूलाई ती समस्याको स्वरूपको जानकारी दिनुपर्छ र ती समस्याका पक्ष–विपक्षमा सवालहरू उठाइदिनुपर्छ जसले गर्दा विद्यार्थीहरूलाई प्रजातान्त्रिक तौरतरिकाले समस्या समाधानका उपायहरू खोज्न सहयोग प्राप्त हुन्छ। पुनर्निर्माणवादीहरू शिक्षकलाई एक कुशल सहजकर्ता (Facilitator) को रूपमा क्रियाशील रहेको देख्न चाहन्छन्। उनीहरूको विचारका शिक्षकले हस्तक्षेप गर्ने होइन की विद्यार्थीको सिकाइलाई सहजीकरण गर्नुपर्छ। शिक्षकले विद्यार्थीका जिज्ञासाहरूको सहजीकरण गर्नुपर्छ। सिकाइ सामग्रीहरूको उचित व्यवस्थापन गर्नुपर्छ, समस्या समाधानका रणनीतिहरू विद्यार्थीसँग सहकार्य गरी निर्माण गर्नुपर्छ, विद्यार्थीको अध्ययन भ्रममा सहयोग गर्नुपर्छ। शिक्षकले समाजका दोषहरू (Societal flaws) लाई समालोचनात्मक तरिकाले हेर्न र सुधारात्मक कार्यका लागि कार्यक्रमहरू निर्माण गर्ने क्षमता समेत राख्नुपर्छ। यसरी पुनर्निर्माणवादी शिक्षक बहिर्मुखी क्षमता युक्त हुनुपर्ने अवस्था देखिन्छ।

**विद्यार्थीको भूमिका** (Role of the students)

अन्य शैक्षिक दर्शनहरूले जस्तै पुनर्निर्माणवादी शैक्षिक दर्शनले विद्यार्थीलाई शैक्षिक प्रक्रियाको महत्त्वपूर्ण पक्ष मान्दछ। उनीहरूका अनुसार विद्यार्थी लक्ष्य प्राप्तिका लागि जागरुक हुनुपर्छ। आफ्नो भविष्यको लक्ष्य निर्माण गर्ने, क्रियाकलापहरूको योजना तयार गर्ने र त्यसलाई काममा रूपान्तरण गर्ने कार्यमा विद्यार्थी सधैं सक्रिय हुनुपर्छ। विद्यार्थीहरू सामाजिक समस्याप्रति सचेत हुनुपर्छ। समाजका दोषहरूप्रतिको विद्रोह (Rebel) को भावना हुनुपर्छ। तर दक्षिणपन्थी वा हिंसात्मक स्वरूपको नभएर प्रजातान्त्रिक आदर्श र मूल्यमान्यता अनुरूपको हुनुपर्छ। पुनर्निर्माणवादीहरू विद्यार्थीलाई पनि सामाजिक सुधारक (Social activist)को रूपमा हेर्दछन् र उनीहरू निरन्तर सामाजिक गतिविधिमा सक्रिय र क्रियाशील भएको देख्न चाहन्छन्। विद्यार्थी स्वयंले शैक्षिक उद्देश्य र सामाजिक सुधारका प्राथमिकता निर्धारण गर्नुपर्छ भन्ने पुनर्निर्माणवादीहरूको मान्यता रहेको देखिन्छ। उनीहरूका अनुसार वर्तमानको समालोचनात्मक विश्लेषणका आधारमा भविष्यको लक्ष्यतर्फ विद्यार्थीका प्रत्येक गतिविधिहरू केन्द्रित हुनुपर्छ। विद्यार्थीले केवल पाठ्यपुस्तक मात्र पढ्ने होइन की त्यो पढाइलाई सामाजिक गतिविधिसँग जोड्न सक्नुपर्छ। विद्यार्थीहरूले सहकार्यद्वारा सिकाइलाई निरन्तरता दिनुपर्छ। वैज्ञानिक विधि तथा प्रक्रियाहरूको अवलम्बन गरी सूचना सङ्कलन, त्यसको विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रक्रियाहरूको अवलम्बन गरी वस्तुगत निष्कर्षमा पुग्ने प्रयास विद्यार्थीहरूले गर्नुपर्छ।

### **३.२.५ अस्तित्ववाद** (Existentialism)

**परिचय** (Introduction)

प्रायःजसो दार्शनिक चिन्तनहरू प्राकृतिक घटनाहरूको जिज्ञासाको परिणामस्वरूप सृजना हुने गरेको हामी देख्छौं। तर यो दार्शनिक विचार प्राकृतिक घटनाबाट प्रभावित नभएर सामाजिक घटनाहरूप्रतिको जिज्ञासा र विरोधको परिणामस्वरूप विकास भएको देखिन्छ। यो दार्शनिक आन्दोलन युरोपबाट सुरु भएको आन्दोलन हो। युरोपमा औद्योगिक क्रान्तिको समयमा विज्ञान र प्रविधिको व्यापक विकास भयो। उद्योग धन्दाहरू प्रचुर मात्रामा खुले। विज्ञान र प्रविधिको विकास 'वस्तुगत (Objective) ज्ञान' का आधारमा भएको थियो। त्यसैले मानिसहरूले यो भौतिक संसार, सामाजिक संसार र स्वयं मानिसलाई समेत वस्तुगत रूपमा हेर्ने दृष्टिकोण विकास भयो। औद्योगिक विकासले मानिसलाई उत्पादनको लगानीको रूपमा स्थापित गर्‍यो। मान्छेको हात र दिमागमा उद्योग सामग्री र मेसिनहरू स्थापित भए। संसारमा कैयन भयानक युद्धहरू भए। ती युद्धहरूमा मानिस युद्ध सामग्री जस्तै बन्यो। मानिसका व्यक्तिगत इच्छा, आकाङ्क्षा, र विचारहरू गौण बने। सामाजिक र राष्ट्रिय स्वार्थ प्रधान बन्यो। परिणामस्वरूप मानिसका स्वतन्त्रता, उसको अस्तित्व र उसको व्यक्तिगत जीवन सङ्कटमा पर्न गयो। मानिसको स्वतन्त्रता र अस्तित्वमाथिका यस्ता बर्बर परिस्थितिले तत्कालीन चिन्तक, लेखक वा विद्वान्हरूलाई यी बर्बरताको विरुद्धमा आवाज उठाउन बाध्य पार्‍यो। त्यसैले यिनै परिवेशहरूको विरुद्ध आवाज उठाउने सन्दर्भमा अस्तित्ववादी दार्शनिक आन्दोलन सुरु भयो। मानिसहरूलाई यस्ता बर्बरताबाट बचाउनुपर्छ भन्ने आसयबाट यो दर्शनको विकास सुरु भएको हो। यस दर्शनले मानिस माथिको शोषणको विरुद्ध आवाज बुलन्द गर्दछ। मानिसलाई प्रमुख पक्ष मान्दछ। यस दर्शनका अनुसार मानिस समाजभन्दा माथि छ।

अस्तित्ववाद मानवीय अस्तित्वलाई प्रधानता दिने एउटा दार्शनिक आन्दोलन हो । कुनै तत्त्वको अस्तित्वभन्दा पहिले मानवीय अस्तित्व हुन्छ र त्यस अस्तित्वको स्वतन्त्र अभिव्यक्तिले व्यक्तिको पहिचान अर्थपूर्ण हुन्छ भन्ने विचारमा आधारित दर्शनलाई अस्तित्ववादी दर्शन भनिन्छ।

अस्तित्ववाद भन्ने शब्दले नै यसको मुख्य अन्तर्निहित अर्थलाई स्पष्ट गरेको हामी बुझ्न सक्छौं । अस्तित्ववादी दर्शन अध्ययन गर्दा मूल रूपमा हामी तिन कुराहरू पाउन सक्छौं – (१) ठोश मानवीय अस्तित्त्व (Concrete individual existence), (२) विषयगतता (Subjectivity) र अनिर्धारितता (Indeterminism) (३) वैयक्तिक स्वतन्त्रता र रोजाइ (Individual freedom and choice) । अतः हामी भन्न सक्छौं की मानिसको अस्तित्त्व, मानिसको स्वतन्त्रता र विषयगत सत्यतालाई जोड दिने दर्शन नै अस्तित्त्ववादी दर्शन हो ।

**दार्शनिक आधारहरू** (Philosophical premises)

अस्तित्ववादी दर्शन कुनै एउटा दार्शनिकको मात्र विचार होइन । मानव अस्तित्व र स्वतन्त्रताका विषयमा भएका चिन्तनहरूको सङ्कलित संरचना हो । अस्तित्ववादी दार्शनिक चिन्तनका सिद्धान्तहरूलाई निम्नानुसारका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

***१. मानिस चिन्ताले घेरिएको छ* (Human being is sorrounded with anxiety)*:*** अस्तित्ववादी विचारअनुसार मानिस चिन्ताले सताइएको छ । अस्तित्ववादीका अनुसार चिन्ता भनेको अस्तित्वको तनावप्रतिको सचेतता (Awareness of the tension of existence) वा जागरण हो । युद्धका भयानक घाउ र त्रासहरू उसका अगाडि उपस्थित छन् । मान्छे अरूबाट नभएर मान्छेद्वारा नै डराइरहेको छ । यस अर्थमा मानिस मूल्यविहीन भइरहेको छ । मानिसको मूल्य आफैंभित्र छ । मानिसको जीवनमा कुनै निश्चितता छैन ।

***२. मानवीय अस्तित्त्व प्रमुख सरोकारको विषय हो* (Human existence is subject of major concern*:*** प्रायः सबै अस्तित्ववादी दार्शनिकहरूले मानवीय अस्तित्वलाई प्रमुख सरोकारको विषय मानेका छन् । मानिसमा रहेको 'म' भन्ने अनुभूति नै अस्तित्वको प्रमाण हो । मानिसको आफ्नो अस्तित्व छ, त्यसैले ऊ यहाँ छ । अस्तित्त्व भएको कारणले नै मानिसले सोच्न सक्छ । अस्तित्त्व मानिसको निजी कुरा हो र यो विषयगत हुन्छ । मानिसले आफ्ना विचार, भावना, संवेग आदि आफैं बनाउँछ । आफ्ना निर्णयहरू स्वयं गर्छ । के कुरालाई स्वीकार गर्ने र के कुरालाई अस्वीकार गर्ने भन्ने कुरा आफैं निर्णय गर्दछ । आफ्नो अस्तित्त्व भएकै कारण मानिसले यस्ता कार्यहरू गर्न सकेको हो ।

***३. मानव एक्लो/अलग्गिएको छ (Human being is alienated): Alienation*** भन्ने शब्दले अलग वा एक्लो भन्ने बुझाउँछ । मानिसमा देखिने एक्लोपनालाई व्याख्या गर्न यो शब्दको प्रयोग गरीन्छ ***(Johnson, 1963, p. 369)*** . एक्लोपनाले मानिसको विषयगत अवस्थितिको बोध गराउँछ । अस्तित्ववादी विचारकहरू मानिसलाई एक्लो देख्छन् । यस एक्लोपनलाई कसैले पूर्ण व्यक्तिगत स्वतन्त्रताको रूपमा व्याख्या गर्दछन् । कुनै व्यक्ति आफैंमा एक्लो हो । आफूले के गर्ने र नगर्ने भन्ने निर्णय ऊ स्वयंले एक्लै गर्दछ । त्यसैले एक्लोपना भनेको स्वतन्त्रताको अभिलाषा हो । एक्लोपना भनेको कसैको अधीनता वा नियन्त्रण मुक्त अनुभूतिको अवस्था हो ***(Webber, 2009)*** । हामी वर्तमान समयमा मात्र अस्तित्त्वमा छौं । हामीले एक्लै बाँच्नुपर्छ र आफ्ना निर्णयहरू एक्लै गर्नुपर्छ । किनभने मानवीय अस्तित्वको स्वरूप नै यस्तै छ ।

***४. मानिस स्वयं आधिकारिक हो (Human being ownself Authentic):*** मानिस आफ्ना लागि स्वयं नै आधिकारिक हो । कुनै परलौकिक कुराहरू, अन्य मानिसहरू, नियम कानूनहरू आदि आधिकारिकताको नाममा लादिएका कुराहरू हुन् । प्रत्येक मानिस उसको आफ्नै अन्तरनिहीत सम्भावनाहरू लिएर आएको हुन्छ । त्यसैले उसको आफ्नै व्यक्तित्व, चिन्तन, चरित्र, सृजनात्मकता नै उसका लागि आधिकारिक कुरा हुन् । म, मेरो काम र मेरो विचार नै मेरा लागि आधिकारिक हुन्छन् ।

***५. मानिस विषयगत/आत्मनिष्ट हुन्छ (Human being is subjective):*** मानिस स्वयंमा आत्मनिष्ठ हुन्छ । मानिस वस्तुनिष्ठ (Objective) हुन सक्दैन । 'म' भन्नु नै मानिसको आत्मनिष्ठता हो । यदि 'म'– 'हामी' मा रूपान्तरण भयो भने मानिसको आत्म निष्ठता समाप्त हुन्छ र अस्तित्त्व पनि समाप्त हुन्छ । मानिस

स्वयं नै आत्मनिष्ठ भएकोले मानिसको विचार, मूल्य मान्यता, आदर्शहरू, जीवनशैली आदि पनि आत्मनिष्ठ नैं हुन्छन् । ज्ञान पनि आत्मनिष्ठ हुन्छ ।

६. ***अस्तित्त्व सार भन्दा अघि/पहिले हुन्छ (Existence Precedes essence):*** अस्तित्त्ववादी दर्शनको भनाइ छ कि पहिले मानिसको अस्तित्त्व हुन्छ र त्यही अस्तित्त्वले जीवनको 'सार' (Essence) खिच्दछ । सार्त्र (1943) कै शब्दमा "Existence precedes essence" । सार्त्रका अनुसार मानिसको अस्तित्त्व छ त्यसैले मानिसले विचार गर्छ र आफू हुनुको सार खोज्दछ । अस्तित्त्वकै कारण मानिसले म, मेरा इच्छा, मेरो विचार जस्ता कुराहरूमा चिन्तन गर्दछ ।

७. ***स्वर्ग, नर्क र ईश्वर मानव सृजित हुन् (Heaven, Hell and God are human created):*** अस्तित्त्ववादीहरू स्वर्ग, नर्क र ईश्वरको अस्तित्त्व मानव सृजित भएको मान्दछन् । त्यसैले यस्ता कुराहरू पनि आत्मनिष्ठ नै हुन्छन् । अस्तित्त्ववादी दार्शनिक नित्सेले त 'ईश्वर मरिसक्यो' (The God is dead) भनेर दावी नै गरेका थिए । यस्ता परलौकिक विचारले मानिसलाई परआश्रित बनाउँछ र मानिसको अन्तरमुखीपना र स्वतन्त्रतालाई कुण्ठित गर्छ भन्ने उनीहरूको विचार थियो ।

**शैक्षिक उपादेयता (Educational Implication)**

अस्तित्त्ववादी शिक्षाको मुख्य आधार भनेको मानिसको अस्तित्त्व र स्वतन्त्रता नै हो । Hiedeggar को भनाइ छ **"Learn to live in a world that is alien, live authentically"** अर्थात् यो संसारमा बाँच्न सिक्नु प्रतिकूल, छ, प्रतिकुलताका वावजुत पनि आधिकारिक जीवन बाँच । भनाइको आशय के हो भने प्रतिकूलतामा बाँच्ने सामर्थ्यताको विकास गर ।

**(क) शिक्षाका लक्ष्य (Aims of Education):** अस्तित्त्ववाद व्यक्तित्ववादी दर्शन हो । त्यसैले व्यक्तिको स्वतन्त्रता, स्वतन्त्र अस्तित्त्व, 'स्व' को विकास जस्ता कुराहरूको विकासमा शिक्षाले मद्दत गर्नुपर्छ भन्ने उनीहरूको विचार रहेको देखिन्छ । मानिसले आफैं आफ्ना भावनाहरू पहिचान गर्ने र ती भावनाहरूलाई आफ्नो जीवनको सन्दर्भसँग जोड्नुपर्छ भन्ने उनीहरूको विचार रहेको देखिन्छ । साथसाथै अस्तित्त्ववादी दर्शनले पराभौतिक कुराहरूलाई मानवीय सिर्जना मान्दछन् । त्यसकारण पराभौतिक चिन्तनको विकासप्रति उनीहरूको चासो नभएको देखिन्छ । अस्तित्त्ववादी दर्शनको शैक्षिक उद्देश्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. ***मानवीय अवस्थाको बोध गर्न मद्दत गर्नु (To help for understanding of human conding) :*** अस्तित्त्ववादी दर्शनका अनुसार वर्तमान मानव जीवनको अवस्था तरवारको धार माथि उभिएको छ । युद्धको भयानक त्रासमा मानव बाँचिरहेको छ । मानिसमा भय, त्रास, निरासा र कुण्ठाहरू भरिएका छन् । मानिसहरूका बिचमा भएर पनि मानिस एक्लै छ । विभिन्न किसिमका भयानक घटनाहरूले मानिसलाई धरासायी बनाएको छ । अस्तित्त्ववादीहरू चाहन्छन् कि शिक्षाले मानिसलाई उसको यथार्थ अवस्थाको बोध गराउन सकोस् । म को हुँ म कसरी बाँचिरहेको छु ? म हुनुको अर्थ के हो ? आदि जस्ता प्रश्नहरूको उत्तर खोज्न प्रेरित गरोस् ।

२. ***असङ्गत संसारमा बाँच्नका लागि व्यक्तिलाई मद्दत गर्नु (To help individual for survive in absured world):*** जब मानिसले संसारको असङ्गीतलाई बुझ्दछ, उसमा नैरास्यता, आवेग, वेदना आदिको अनुभव हुन्छ । यो एउटा स्वाभाविक प्रक्रिया पनि हो । तर प्रत्येक असन्तुष्टि र कुण्ठाबाट भागेर होइन वर्तमान असङ्गीतहरूसँग सामना गरेर मानिस बाँच्नु पर्छ । यी असङ्गीतलाई बुझ्नुपर्छ र यसलाई स्वीकार गर्दै जीवनको भावी दिशा तय गर्नुपर्छ । शिक्षाले यस संसारमा भएका असङ्गीतहरूको सामना गर्नका लागि मानिसलाई पूर्ण रूपले तयार गर्नुपर्छ ।

३. ***व्यक्तिको पूर्ण व्यक्तित्वको विकासका लागि मद्दत गर्नु (To help for full development of individual's individuality) :*** अस्तित्त्ववादी विचारअनुसार मानिस विभिन्न सम्भावनाहरू लिएर आएको हुन्छ । अर्थात् ऊ पूर्ण विकसित हुने सम्भावनाहरू सहित यस संसारमा अस्तित्त्ववान भएको हुन्छ । ती सम्भावनाहरूलाई पूर्णता दिने कार्य शिक्षाले गर्नुपर्छ । पूर्णताका लागि ज्ञान मात्र नभएर ज्ञानको सही पारख गर्ने वा अभ्यास गर्ने अवसर आवश्यक पर्दछ । आफूलाई चिन्न सक्ने क्षमता, स्वतन्त्रताको अनुभूति र अभ्यास गर्ने क्षमता, स्वनिर्णय र स्वछनोट गर्न सक्ने सामर्थ्यता, आफ्नो अस्तित्त्वको पहिचान गर्ने क्षमता, सांसारिक

कुराहरूलाई विषयगत रूपमा बुझ्न सक्ने क्षमता, स्वतन्त्र चिन्तन र सृजनात्मक क्षमता आदि विशेषताहरू नै अस्तित्त्ववादी दर्शनअनुसार पूर्णताका विशेषता हुन्।

४. ***व्यक्तिलाई विरोधाभाष, त्रास, सन्देह र दाशताका विरुद्ध विद्रोह गर्न उत्प्रेरित गर्नु* (To encourage individual to revolt against the paradox, dread, suspicion, and slavery)** : विज्ञान, समाज, राजनीति, दर्शन, धर्म आदिले मानिसमाथि विभिन्न किसिमका मूल्यमान्यताहरू थोपरेको छ । यसको परिणामस्वरूप मानिस दाशता (Slavery) मा जकडिएको छ । त्यसैले, अस्तित्त्ववादीहरू भन्छन्– शिक्षाले मानिसलाई परम्परागत मूल्यमान्यता, आदर्श, अरूको अधीनता आदिलाई अस्वीकार गर्दै त्यसका विरुद्ध विद्रोह गर्न उत्प्रेरित गर्नुपर्छ।

५. ***स्वइच्छा र अन्तरदृष्टि विकास गर्न मद्दत गर्नु* (To help develop self-will and intuition)*:*** अस्तित्त्ववादी दर्शन अनुसार आफ्नो अस्तित्त्वबोधले मानिसलाई अन्तरमुखी (Introvert) बनाउँछ। म, मेरो विचार, मेरो निर्णय, मेरो काम भन्ने भावना जागृत हुनु नै अन्तरमुखीपना हो । अन्तरमुखीपना नै अस्तित्त्वको वास्तविक अनुभूति भएको अवस्था हो । यदि हामी र हाम्रो भावना जागृत भयो भने व्यक्तिको स्वअस्तित्त्व हराएको अवस्था हो । यदि अस्तित्त्व नै सङ्कटमा पर्छ भने मानिस हुनुको सारमा पनि सङ्कट उत्पन्न हुन्छ। त्यसैले मानिसमा स्वइच्छा र अन्तरदृष्टि अथवा स्वचिन्तनको आवश्यकता पर्दछ। अतः अस्तित्त्ववादीहरूका अनुसार व्यक्तिमा स्वइच्छा वा इच्छा शक्ति विकास गर्न र स्वचिन्तन गर्ने कुरामा शिक्षाले मद्दत गर्नुपर्छ।

६. ***व्यक्तिमा व्यक्तिगत मूल्यमान्यता र स्वचरित्र विकास गर्नै* (To develop personal Norm-values and self-character)** *:* अस्तित्त्ववादी दर्शनले विद्यार्थीहरूमा बनिबनाउ मूल्यमान्यता तथा आदर्शहरू थोपर्ने कुरा र व्यक्तिको वैयक्तिक स्वतन्त्रमा आँच आउने किसिमका कुराहरूको घोर विरोध गर्दछ । के सत्य, के असत्य, के ठिक र के बेठिक जस्ता कुराहरूमा स्वयं चिन्तन गर्ने र छनोट गर्ने अवसर भएन भने व्यक्तिको पूर्ण विकास हुन सक्दैन। व्यक्ति स्वयं स्वतन्त्र अस्तित्त्व भएको प्राणी भएकाले आफ्ना मूल्यमान्यता र आदर्शहरूको छनोट गर्ने स्वतन्त्रता उसले पाउनु पर्छ। आफू कस्तो बन्ने भन्ने कुरा उसको निजी सबाल हो। ऊ जस्तो बन्न चाहन्छ त्यस्तै बन्दछ। त्यसैले शिक्षाको उद्देश्य व्यक्तिमा उसका आफ्नै मूल्यमान्यता र स्वचरित्र निर्माण गर्ने हुनपर्छ।

### (ख) पाठ्यक्रम (Curriculum)

अस्तित्त्ववादीहरू वैयक्तिक विकासको अवसर भएको पाठ्यक्रम रुचाउँछन्। अस्तित्त्ववादीहरू मानवीय अस्तित्त्व, स्वतन्त्रता र मानवतावादी विचारले ओतप्रोत भएको कारण उनीहरूले भन्ने गरेको शिक्षा वा पाठ्यक्रममा मानवतावादी धार स्पष्ट रूपमा देखिन्छ। उनीहरूको पाठ्यक्रमसम्बन्धी स्पष्ट र मान्नै पर्ने त्यस्ता कठोर नियमहरू त छैनन् तर आफ्नो जीवन र आफ्नो शिक्षाका लागि विद्यार्थीहरू स्वयंले उपयुक्त विकल्पको छनोट गर्न पाउनुपर्छ भन्ने चाहिँ उनीहरूको आधारभूत मान्यता हो । उनीहरू ज्ञान र विवेक (Knowledge & Wisdom) दुवैलाई स्वीकार गर्छन् तर त्यस्ता ज्ञान र विवेकहरू विद्यार्थीको दैनिक जीवनको अस्तित्त्वसँग जोडिएको हेनुपर्छ भन्ने उनीहरूको मान्यता रहिआएको छ। यस अर्थमा व्यक्तिको अस्तित्त्वसँग जोडिएका कुराहरू पाठ्यक्रममा समावेश हुनुपर्छ भन्ने उनीहरूको आशय हो।

अस्तित्त्ववादीहरू पाठ्यक्रममा वस्तुनिष्ठ (Objective) ज्ञानलाई कम महत्त्व दिन्छन् त्यसैले उनीहरू विज्ञान, गणित जस्ता वस्तुनिष्ठ ज्ञान प्रति त्यति धेरै चासो राख्दैनन् र मानविकी (Humanistic) अध्ययन तर्फ बढी रुचि राख्दछन्। साहित्य, कला, पौराणिक कथाहरू (Myth), दर्शनशास्त्र, मनोविज्ञान आदि विषयहरू पाठ्यक्रममा समावेश हुनुपर्छ भन्ने उनीहरूको धारणा देखिन्छ। किनभने यस्ता विषयहरूले व्यक्तिलाई आफ्नो अस्तित्त्वप्रति सचेत हुन मद्दत गर्दछ। साथै तर्कशास्त्र (Logic) लाई पनि पाठ्यक्रममा समावेश गर्नुपर्छ भन्ने उनीहरूको धारणा रहेको देखिन्छ। पाठ्यक्रमले विद्यार्थीहरूलाई आफैंले आफूलाई बुझ्ने मौका दिनुपर्छ। विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा भएका वस्तुनिष्ठ ज्ञानहरू घोकाउनुको कुनै अर्थ छैन। त्यसैले विद्यार्थीलाई सत्यमा (आफ्नो अस्तित्त्व र परिवेशमा) बाँच्ने ज्ञानको तालिम दिनुपर्छ।

### (ग) शिक्षकको भूमिका (Role of the Teachers)

अस्तित्त्ववादीहरूले अपेक्षा गरेको शिक्षा व्यवस्थालाई व्यवस्थित गर्न शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ । शिक्षकमा आफूप्रति दृढविश्वास र प्रतिबद्धता हुनुपर्छ तर उसका मूल्यमान्यता र विश्वासहरू विद्यार्थीले मान्नै पर्छ भन्ने

केही छैन । अस्तित्त्ववादी शिक्षकले विद्यार्थीहरूलाई उनीहरू स्वअस्तित्त्व (Self-existence) अनुभूति गर्न उपयुक्त वातावरण निर्माण गरी हरतरिकाले सहयोग गर्नुपर्छ । शिक्षक एउटा पथ प्रदर्शक बन्न सक्छ तर आ नै विचारहरू विद्यार्थीलाई लाद्ने काम कहिल्यै पनि गर्दैन । अस्तित्त्ववादी शिक्षक अन्तरमुखी (Introvert) विशेषताको हुनुपर्छ किनभने उसले वस्तुनिष्ठतालाई आत्मनिष्ठतामा परिणत गर्नपर्छ (He may change the objective in to subjective) । शिक्षकले यस्तो सिकाइ अवस्था सृजना गर्नुपर्छ कि विद्यार्थी स्वयंले नै शिक्षकलाई सम्पर्क गरून । शिक्षक स्वयं नै स्वपहिचान भएको र स्वअस्तित्त्वको अनुभूति गरेको व्यक्ति हुनुपर्छ तब मात्र उसले उपयुक्त सिकाइ वातावरण तयार गर्न सक्छ। शिक्षकले आत्म अनुशासन, आफ्नो आलोचना र विद्यार्थीको उर्वरता (Fertility) मा ध्यान दिनुपर्छ । विद्यार्थीको सचेतनाको स्तर, दुविधाको खुलापन (Openess to controversy) र विचार सृजनाको क्षमताका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न शिक्षकले कुरा गर्ने, भन्ने, वर्णन गर्ने, व्याख्या गर्ने, प्रश्न गर्ने, वस्तु तथा विचारहरू बिचको सम्बन्ध देखाउने जस्ता गतिविधिहरू गर्न सक्छ तर विद्यार्थीलाई आफ्नै मूल्यमान्यताहरू थोपर्ने काम किमार्थ गर्नुहुँदैन । विद्यार्थीहरूलाई उनीहरूकै विश्वास र आदर्श अनुसार चल्न दिनुपर्छ। शिक्षकले विद्यार्थीको पूर्ण स्वतन्त्रताको कदर गर्नुपर्छ र विकल्पहरूको स्वतन्त्रतापूर्वक छनोट गर्ने अवसर दिनुपर्छ।

### (घ) **विद्यार्थीको भूमिका** (Role of the Students)

अस्तित्त्ववादका अनुसार विद्यार्थी एउटा स्वतन्त्र अस्तित्त्व भएको व्यक्ति हो। विद्यार्थीलाई समूहको एउटा सदस्यको रूपमा हेर्ने दृष्टिकोण गलत हो । अस्तित्त्ववादीहरू भन्छन् कि दुईवटा वच्चाहरू उस्तै हुँदैनन् । सूचनामाथिको पहुँच, व्यक्तिगत प्रवृत्ति, रुचि, आकाङ्क्षा आदिका दृष्टिले उनीहरू फरक हुन्छन्। सबैलाई एकै किसिमको शिक्षा दिनुपर्छ भन्ने सोच्नु हाँस्यास्पद कुरा हो । यो भनाइबाट के बुझिन्छ भने अस्तित्त्ववादीहरू सिकाइ प्रक्रियामा विद्यार्थीको भूमिका पूर्ण स्वतन्त्र व्यक्तिको रूपमा रहन्छ । विद्यार्थीहरू अनुशासनमा त बस्नुपर्छ तर शिक्षक वा अन्य व्यक्तिद्वारा लादिएको अनुशासनमा होइन । विद्यार्थी स्वयंले नै आफ्नो अनुशासन र विद्यालयका नियमहरू बनाउँछन् र आफैं पालन गर्छन् । अस्तित्त्ववादीहरू विद्यार्थीहरूलाई एउटा पूर्ण स्वतन्त्र, सक्रिय, आत्मनिर्भर र सृजनात्मक भूमिकामा देख्न चाहन्छन् । पाठ्यक्रम निर्माण प्रक्रियामा पनि विद्यार्थीको सक्रिय भूमिकाको अपेक्षा गर्दछन्।

### (ङ) **शिक्षण विधि** (Method of teaching)

अस्तित्त्ववादीहरू परम्परागत आम शिक्षा (Mass education) को विरोध गर्दछन् । मानिसहरूमा भिन्नता छ । त्यसैले शिक्षण सामूहिक नभएर व्यक्तिगत हुनुपर्छ । मानिसको सिक्ने शैली र गतिमा पनि फरक हुन्छ । प्रत्येक व्यक्तिका लागि फरक किसिमको सहयोग आवश्यक पर्ने भएकोले शिक्षण पनि वैयक्तिक हुनुपर्छ भन्ने उनीहरूको धारणा रहेको देखिन्छ। साथै अस्तित्त्ववादीहरू सिकाइको वैज्ञानिक र प्राविधिक तरिकालाई पनि त्यति रुचाउँदैनन्। सिकाइका लागि तर्क (Logic) र वादविवाद (Dialogue) विधिहरू स्व–पहिचानका लागि उपयुक्त हुन्छ भन्ने विचार राख्दछन् । शिक्षणका वैयक्तिक विधिहरू जस्तै स्वाध्ययन (Self study), स्व प्रतिविम्वन (Self-reflection) स्वअभ्यास (Self practice), अन्तरदृष्टि (Intuition) जस्ता विधिहरूको प्रयोग उपयुक्त भएको उनीहरू देख्छन् । एउटा असल शिक्षणमा निरन्तरता (Continuity), अभिप्रायको उपयोगिता (Intentional practicalization) र अवधारणा निर्माण (Concept formation) जस्ता कुराहरू समावेश हुनुपर्छ भन्ने उनीहरूको विचार छ।

## **३.२.६ घटना विज्ञान** (Phenomenology)

### **परिचय** (Introduction)

Phenomenology भन्ने Phenomenon (Phenomena-plural) भन्ने शब्दबाट बनेको हो । Phenomenon भन्ने शब्दले कुनै अवलोकनीय घटना, दृश्यवस्तुहरूको सत्ता वा मनले बुझेको कुरालाई बुझाउँछ। प्रायः सबै प्राकृतिक घटनाहरूलाई Phenomenon भनिन्छ । कुनै वस्तु वा पक्ष जसलाई हामी इन्द्रियद्वारा अनुभव गर्दछौं ती वस्तुहरू Phenomena हुन्। प्रकृतिका कुराहरू जस्तैः वर्ष, नदी, आगो, बादल, आँधी बतास, मौषम, ऋतु आदि Phenomena हुन्। यदि हामीले मनोविज्ञानका क्षेत्रमा विचार गर्ने हो भने शिक्षण, वृद्धि, विकास, प्रत्यक्षीकरण, अन्तरदृष्टि, उपलब्धि आदि मनोवैज्ञानिक Phenomena हुन् भने सुख, दुःख, डर, अभिलासा, अन्तर दृष्टि, चिन्ता आदि मानसिक Phenomena हुन् । अतः अध्ययनका विभिन्न विधाहरूमा विभिन्न किसिमका घटना र वस्तुहरू

अस्तित्त्वमा हुन्छन्, ती सबै Phenomena हुन् । यही Phenomena zAbaf6 Phenomenology भन्ने शब्द बनेकाले यसलाई नेपाली भाषामा घटना विज्ञान (दृश्य घटनाविज्ञान) भन्नु सान्दर्भिक देखिन्छ।

Phenomenology भन्ने शब्द सुरुमा Kant / Hegel ले गरेका थिए । यो शब्दलाई दर्शनशास्त्रका क्षेत्रमा परिचित गराएर लोकप्रिय बनाउने काम Edmund Husserl (1859-1938) ले गरे । Phenomenology शब्द Phenomenon र Logos शब्द मिलेर बनेको छ । Phenomenon भनेको दृश्यघटना वा जुन सामुन्नेमा आउँछ (that which appears) हो र Logos को अर्थ–अध्ययन (Study) हो । अतः शाब्दिक रूपले Phenomenology भनेको घटनाहरूको अध्ययन हो । वस्तुहरू वा घटनाहरू जसरी हाम्रो सामु उपस्थिति हुन्छन् । त्यही रूपमा तिनीहरूलाई अनुभव गर्नु नै घटना विज्ञान हो ।

घटनाविज्ञानवादीहरू मतअन्धतावाद (Dogmatism) लाई मान्दैनन् । मतन्धतावाद भन्नाले कुनै पनि सिद्धान्त वा विचारलाई कटिवद्ध भई कडा रूपमा समर्थन गर्नु हो । ज्ञान आर्जनका पुराना सिद्धान्तहरू, पुराना तत्त्वमीमांसीय सिद्धान्तहरू र ज्ञान आर्जनको तथ्य तथ्याङ्कवादी वैज्ञानिक विचारलाई समेत उनीहरू आलोचना गर्दछन् र दर्शनशास्त्र र यसको विधिमा नवीकरण हुनुपर्छ भन्ने मान्यता राख्दछन् । अतः घटना विज्ञान भनेको एउटा दार्शनिक तथा विधिशास्त्रीय आन्दोलन हो । मानिसहरूको सचेतनाको विकास र स्वजागरण (Self awareness) लाई यस दार्शनिक दृष्टिकोणले जोड दिन्छ । हाम्रो सम्पर्कमा आउने सबै वस्तु वा घटनाहरूलाई हेर्ने दृष्टिकोण, आफैंलाई र अरूलाई हेर्ने दृष्टिकोणको समग्रतालाई घटनाविज्ञान मानिएको देखिन्छ । मानिसले आफैं आफ्नो आन्तरिक सचेतनाद्वारा के अनुभव गर्दछ भन्ने कुरा घटनाविज्ञानको क्षेत्र हो ।

यस आधारमा हामी भन्न सक्छौं कि – घटनाविज्ञान भनेको सचेतनाको जीवन्त अनुभव हो । हामी हाम्रा दैनिक जीवनमा जे जे घटना र वस्तुहरूको सम्पर्कमा आउँछौं ती घटना र वस्तुको सचेत अनुभव हामी स्वयं गरीरहेका हुन्छौं । हामीले प्रथम पुरुष (First person) को रूपमा जुन अनुभव गरीरहेका हुन्छौं त्यो नै घटना विज्ञान हो । त्यसैले घटना विज्ञानले सचेतनाको संरचना (Structure of consciousness) को अध्ययन गर्दछ।

**घटना विज्ञानका पक्षहरू** (Perspectives of phenomenology)

घटना विज्ञान एउटा दार्शनिक आन्दोलन रूपमा विकास भएको हो । दर्शन–शास्त्र प्रायः सबै प्राज्ञिक विधाहरूको आधार भएकोले यसको प्रभाव विभिन्न क्षेत्रमा पर्न गयो र परिणामस्वरूप यसका विभिन्न पक्षहरू विकास भए । यसका प्रमुख पक्षहरूलाई The Encyclopedia of Phenomenology (Embree 1997, in Wojnar and Swanson 2007, p. 173) ले यसप्रकार उल्लेख गरेको छ।

१. ***वर्णनात्मक घटनाविज्ञान*** (Descriptive phenomenology)**:** वर्णनात्मक घटना विज्ञानलाई दुर्बोध्य घटनाविज्ञान पनि भनिन्छ । पहिले बोध नगरीएका दुर्वोध्य घटनाहरू मानिसको वास्तविक सचेतमा कसरी स्थापित हुन्छन् भन्ने प्रश्नमा वर्णनात्मक घटना विज्ञान आधारित छ।

२. ***प्रकृतिवादी घटनाविज्ञान*** (Naturalistic phenomenology)**:** प्रकृतिमा असङ्ख्य वस्तु र घटना हुन्छन् । मानिस पनि त्यही प्राकृतिक वातावरणमा वस्दछ। प्रकृति र मानिसबिच अन्योन्याश्रित सम्बन्ध भएको कारणले मानिसको सचेतना पनि प्रकृतिकै अंश हो भन्ने कुरामा प्राकृतिक घटना विज्ञानले विश्वास गर्छ।

३. ***अस्तित्त्ववादी घटनाविज्ञान*** (Existential phenomenology)**:** अस्तित्त्ववादी घटना विज्ञान मानिसको ठोस अस्तित्त्वसँग सम्बन्धीत छ । यसले मानवीय अस्तित्त्वको वकालत पनि गर्दछ । मानिसको स्वतन्त्रता र स्वतन्त्र अस्तित्त्व हुनु आवश्यक मान्दछ र मानिसको चेतनामा अस्तित्त्व र स्वतन्त्रतासम्बन्धी अनुभवहरू कसरी स्थापित हुन्छन् भन्ने कुराको अध्ययन गर्दछ।

४. ***अनुवंशिक ऐतिहासिक घटनाविज्ञान*** (Genetic historatic phenomenology)**:** यस घटना विज्ञानले कुनै वस्तु वा घटनाको विकास र निर्माण खास किसिमको अनुवंशिक र ऐतिहासिक ढाँचा हुन्छ भन्ने कुरामा विश्वास गर्दछ । कुनै घटना वा वस्तुलाई बुझ्नको लागि त्यसको अनुवंशिक र ऐतिहासिक पक्षलाई पनि हेर्नुपर्छ भन्ने मान्यता राखिन्छ। मानिसहरूको अनुभव पनि ऐतिहासिक पृष्ठभूमिबाट विकास भएको हुन्छ ।

**५.** ***व्याख्यात्मक घटनाविज्ञान*** (Hermeneutic Phenomenology)**:** हर्मेन्युटिक भनेको वस्तु, घटना, ग्रन्थ, विचार आदिमा रहेका अन्तरनिहित अर्थको खोजी गरी व्याख्या गर्ने शास्त्र हो । त्यसैले व्याख्यात्मक घटना विज्ञानले मानिसको अनुभवको संरचनाको व्याख्या गर्दछ। कुनै अध्ययनकर्ताले वस्तु वा घटना घटेको स्थानमा प्रत्यक्ष संलग्न भई ती वस्तु र घटनाको गहिराईपूर्वक अर्थ खोज्छ त्यसको व्याख्या गर्दछ।

**६.** ***यथार्थवादी घटनाविज्ञान*** (Realistic Phenomenology)**:** मानिसले आफू रहेको संसारमा गर्ने अनुभव र सचेतनाको खास किसिमको संरचना हुन्छ । साथै मानिसका अनुभवहरूको खास किसिमको अभिप्राय वा मनासय (Intentionality) हुन्छ । यथार्थवादी घटनाविज्ञानले मानिसको सचेतना र अनुभवको वास्तविक संरचना कस्तो छ र त्यो संरचनाको अभिप्राय के हो भन्ने कुराको अध्ययन गर्दछ।

यसरी घटनाविज्ञानका पक्षहरू विकास हुनुको कारण यसको लोकप्रियता हो । यो हाल आएर एउटा दार्शनिक आन्दोलनमा मात्र सीमित छैन। यो एउटा लोकप्रिय अनुसन्धान विधिको रूपमा समेत विकास भइरहेको छ।

**दार्शनिक आधार** (Philosophical premises)

यस दर्शनका अनुसार मानिसले निर्माण गर्ने अर्थ र मूल अवधारणा (Meaning and concept) सचेत मनहरूको बिचमा अवस्थित हुन्छ। घटनाहरूको विषयमा हामीले सृजना गर्ने अर्थ (Meaning) मानव क्रियाकलापमा आधारित हुन्छ । मानवद्वारा निर्मित सम्पूर्ण सामाजिक र सांस्कृतिक वस्तुहरू मानवीय क्रियाकलापमा आधारित भएर विकास भएका हुन्छन् । त्यसैले समाज, संस्कृति र मानवीय गतिविधि नै अनुभव र सचेतनाको आधार हो । घटना विज्ञानका दार्शनिक पक्षको चर्चा गर्दै Sdnaders (1982) ले मूल रूपमा तिनवटा सिद्धान्तहरू उल्लेख गरेका छन् :

**१. अभिप्राय वा आसयको विश्लेषण (Intentional analysis) :**

घटनावादीका अनुसार कुनै वस्तु वा घटनाको सार अभिप्रायको विश्लेषणद्वारा निकालीनछ।अभिप्रायको विश्लेषण भनेको कुनै ग्रहण गरीएको वस्तु र त्यस वस्तुप्रतिको विषयगत बुझाइ वा अनुभवको सहसम्बन्ध हो। जस्तै हामीले एउटा रातो कार देख्यौं भने हामीले प्रत्यक्षीकरण गरेको वस्तु कार हो । त्यो कार र हाम्रो वस्तुगत बुझाइको सहसम्बन्ध नै अभिप्रायको विश्लेषण हो। हामीले त्यसलाई विषयगत रूपमा बुझ्दछौं र व्यक्ति व्यक्ति अनुसार बुझाइ पनि फरक फरक हुन्छ। घटनावादीहरू अगाडि भन्छन् कि – अभिप्राय भनेको वस्तुको सम्पूर्ण अर्थ (Total meaning) हो। वस्तुको सम्पूर्ण अर्थ कुनै एउटा बुझाइ वा हेराइभन्दा बढी हुन्छ। अर्थात् हामीले एक पटकको अवलोकनबाट बोध गरेको कुराको सम्पूर्णता त्यो भन्दा बढी नै हुन्छ।

**२. कोष्ठीकरण (Epoche or Bracketing)**

घटनाविज्ञानवादी दार्शनिक चिन्तनको अर्को महत्त्वपूर्ण सिद्धान्त हो कोष्ठीकरण । Husserl ले यसलाई 'Epoche' भनेका छन्। यसको अर्थ हो कोष्ठीकरणगर्नु। यसको अर्थ हो– कुनै विषयमा ध्यान दिंदा त्यसमा प्रभाव पार्न सक्ने कुराहरूलाई ध्यानबाट हटाउनु । प्रत्येक मानिसका आ–आफ्नै विचार, दृष्टिकोण, विश्वास हुन्छन् । प्रत्येक व्यक्ति आ नै किसिमको सामाजिक–सांस्कृतिक वातावरणमा हुर्किएको हुन्छ। परिणामस्वरूप कुनै घटनालाईलाई फरक तरिकाले बुझ्ने र ग्रहण गरीरहेको हुन्छ। अर्थात् व्यक्तिमा रहेको आग्रह पूर्वाग्रहले कुनै वस्तु वा घटनाको बुझाइमा प्रभाव पारिरहेको हुन्छ। जस्तैः पहिले कुनै समयमा चोरीको आरोप लागेको व्यक्तिलाई हामी वर्तमानमा पनि 'चोर' को रूपमा अनुभव गर्छौं। यहाँ हाम्रो पूर्वाग्रहले प्रभाव पारेको छ। वर्तमान अवस्थामा त्यस मानिसको मूल्याङ्कन गर्न हामीले हाम्रो पूर्वाग्रहलाई अलग राख्नुपर्छ। घटनावादीहरूको विचार छ कि – कुनै वस्तु वा घटनाको यथार्थतालाई शुद्ध तरिकाले बुझ्नका लागि आग्रह पूर्वाग्रह, पूर्व विश्वास तथा बुझाइ, आफ्नाविश्वासहरूलाई कोष्ठीकरणगर्नुपर्छ अर्थात् अलग राख्नुपर्छ।

**३. पश्चगामिता** (Eidetic reduction)

यो एउटा प्रक्रिया हो जहाँ अनुभव वा सचेतनाद्वारा सार (Essence) खोज्ने प्रयत्न गरीन्छ। यस प्रक्रियामा घटनावादीहरू पछाडि फर्किनुपर्छ भन्छन् त्यसैले यसलाई पश्चगामिता भनिएको हो । कुनै वस्तु वा घटनाको अवलोकनबाट निष्कर्ष वा सार खिच्नका लागि त्यसको पछाडि वा इतिहाससम्म पुग्नुपर्छ भन्ने भनाइको आशय हो । अर्थात् कुनै कुराको निष्कर्ष निकाल्नका लागि वर्तमान अवस्थाको अवलोकन अप्रयाप्त हुन्छ। किनभने वर्तमानको जरा विगतमा पुरिएको हुन्छ। त्यसैले विगतको उत्खनन गर्दै वर्तमानबाट यथार्थता पहिचान गर्नुपर्छ।

यसरी घटनाविज्ञानले मानवीय सचेतना र अनुभवलाई केन्द्रबिन्दु बनाएको देखिन्छ। उनीहरू जीवन्त अनुभवका आधारमा घटनाको सार खिच्ने कुरामा विश्वास गर्दछन्। यी दार्शनिक विचारहरू विश्वभरि नै लोकप्रिय हुँदै गए र यसले अन्य दार्शनिक, सांस्कृतिक र सामाजिक आन्दोलनमा प्रभाव पार्‍यो।

## ५. शैक्षिक प्रयोग (Educational implication)

घटनाविज्ञान मूल रूपमा समाजशास्त्रीय, साहित्यिक, र अनुसन्धान विधिसम्बन्धी दार्शनिक आन्दोलन हो। तरपनि यो बहुविधात्मक स्वरूपको भएकोले यसको उपयोगिताका विविध पक्षहरू छन्। यस दर्शनमा शिक्षा दर्शनका सम्पूर्ण अङ्गहरू जस्तै शिक्षको अर्थ, उद्देश्य, पाठ्यक्रम, शिक्षक विद्यार्थी आदिको भूमिका स्पष्ट रूपमा उल्लेख गरीएको पाइँदैन तर यसका विचार तथा सिद्धान्तहरूलाई शैक्षिक क्षेत्रमा राम्ररी उपयोगमा ल्याउन सकिन्छ। यसका शैक्षिक उपयोगलाई तलका बुँदाहरूमा यसरी उल्लेख गर्न सकिन्छ :

- घटनाविज्ञानले मानिसहरूको दैनिक जीवन र यससँग जोडिएका सम्पूर्ण घटनाहरूलाई ज्ञान मान्दछ। ज्ञान प्रत्यक्ष अनुभव एक किसिमको प्रत्यावर्तन (Reflection) हो भन्ने उनीहरूको तर्क देखिन्छ। मानिसको जीवीत पर्यावरणलाई ज्ञानको स्रोत मान्नु, दैनिक जीवनका प्रत्यक्ष अनुभवबाट सिकाइ गर्नुपर्छ भन्ने मान्यता राख्नु र प्रत्यावर्तित सिकाइ हुनुपर्छ भन्नु शैक्षिक दृष्टिले उपयोगी कुरा हुन्।

- सचेतना (Consciousness), अनुभव (Experiences), स्वजागरण (Selfawareness), स्वअनुभूति (Self realization), अर्थ निर्माण (Meaning making) लगागतका अवधारणाहरू घटनाविज्ञानका मुख्य अवधारणा हुन्। शिक्षाको विधिशास्त्रीय दृष्टिले यी अवधारणाहरू शैक्षिक जगतमा उपयोगी छन् र उपयोगमा आइरहेकै छन्।

- घटनाविज्ञान दार्शनिक दृष्टिले अस्तित्त्ववादको नजिकको दर्शन हो। यस दर्शनको एउटा मान्यता के छ भने यसले मानिसलाई 'संसारमा स्थित भइरहेका '(Being in the world)' को रूपमा लिन्छ। यो अवधारणा शैक्षिक जगतमा अत्यन्तै उपयोगी देखिन्छ। शिक्षाका नीति निर्माता तथा शिक्षकहरूले विद्यार्थीलाई 'a way of being of the world' को रूपमा लिई शैक्षिक कार्यक्रम निर्माण गर्ने र शिक्षण गर्ने कुरामा जोड दिनु आवश्यक छ।

- विद्यार्थीहरू वर्तमान समाजमा बस्छन्, परिवारमा उनीहरूका बाबुआमा, दाजुभाइ, दिदीबहिनीलगायतका आफन्तहरूसँग बस्छन्। विद्यालय, साथी समूह, घरपरिवार, छरछिमेक, कक्षाकोठा आदि विद्यार्थीको संसार हो। उनीहरूको संसारमा उनीहरू कसरी बसिरहेका छन् र के कस्ता जीवन अनुभव (Live experience) गरीरहेका छन् भन्ने विषयलाई घटनाविज्ञानवादीहरूले महत्त्व दिन्छन्। जुन कुरा शैक्षिक संसारमा आवश्यक मात्र नभएर अपरिहार्य विषय हो।

- घटनाविज्ञानले सचेतना, जीवन्त अनुभव, बहुदृष्टिकोण, विषयगत सत्य आदि कुरामा जोड दिन्छ। त्यसैले पाठ्यक्रम निर्माण गर्दा, पाठ्यपुस्तक तयार गर्दा, शैक्षणिक योजना बनाउँदा र शिक्षण गर्दा सम्बन्धीत पक्षहरूले यी कुराहरूमा ध्यान दिनु जरुरी देखिन्छ।

- घटनाविज्ञानले खोज गर्नका लागि गुणात्मक विधि अवलम्बन गर्नु उपयुक्त हुन्छ र विभिन्न पक्षहरूबाट गहिराई पूर्वक सूचनाहरू सङ्कलन गरेर मात्र 'सार' खिच्न सकिन्छ भन्ने मान्यता राख्छ। यो मान्यता शैक्षिक क्षेत्रका लागि ज्यादै अनुकरणीय छ। यसलाई शिक्षण विधिकै रूपमा उपयोगमा ल्याउन सकिन्छ।

- प्रत्यावर्तन (Reflectivity) घटना विज्ञानको अर्को एक महत्त्वपूर्ण अवधारणा हो। प्रत्यावर्तन भनेको कुनै क्रियाकलापमा संलग्न भइरहँदा प्राप्त हुने एक प्रकारको अनुभूति वा महसुस हो। जसलाई सिकाइको महत्त्वपूर्ण बिन्दु मानिन्छ। यो कुरा शैक्षिक संसारमा ज्यादै उपयोगी छ र यसलाई विधिकै रूपमा अवलम्बन गर्न सकिन्छ।

- घटनाविज्ञानका सिद्धान्तहरू जस्तै बहुआयाम (Multipl.e perspectives) को विश्लेषण गर्ने, वस्तुको सम्पूर्णताको अध्ययन गर्ने, सृजनात्मक विचार गर्ने जस्ता कुराहरू शैक्षिक जगतमा ज्यादै उपयोगी देखिन्छन् साथै कला क्षेत्रको सिकाइमा यी विचारहरू अझ बढी उपयोग हुने देखिन्छ।

- विद्यार्थीहरूमा सृजनात्मकताका साथै समालोचनात्मक (Critical) क्षमता विकास गर्न घटनाविज्ञानका सिद्धान्तहरू उपयोगी देखिन्छन् ।

यसप्रकार घटना विज्ञानका विचारहरू शैक्षिक संसारका लागि उपयोगी छन् । पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, शैक्षिक योजना निर्माण, शिक्षण, विद्यार्थी मूल्याङ्कन, शिक्षक तालिमलगायतका क्षेत्रमा ती विचारहरू लागु गर्न सकिन्छ ।

### ३.२.७ आधुनिकतावाद (Modernism)

### परिचय (Introduction)

आधुनिकतावाद (modernism) को अर्थ हो– सुधार वा नयाँ कुराको सृजना, पुरानोभन्दा नवीकृत नयाँ विचार, नयाँ बाटो वा नयाँ शैली वा पद्धति । आधुनिकतावादले चिन्तनको एउटा नयाँ शैलीलाई बुझाउँछ जुन शैली परम्परागत शैलीभन्दा पछिको र नयाँ हो । खासगरी पहिलो विश्वयुद्धपछि कला, साहित्य, सङ्गीत जस्ता क्षेत्रमा आएको नयाँ प्रयोगवादी धारलाई कला साहित्यको क्षेत्रमा आधुनिकतावाद भनिन्छ । आधुनिकतावाद केवल कला–साहित्यको क्षेत्रमा मात्र आएको परिवर्तन होइन, यो त विज्ञान, प्रविधि, राजनीति, अर्थव्यवस्था, धर्म, संस्कृति, मूल्यमान्यता, सामाजिक सङ्ठन आदिमा आएको नविनता हो ।

आधुनिकतावादी विचारको सुरुवात अठारौं शताब्दीमा युरोपबाट सुरु भयो । जसलाई ज्ञान प्रबोधनको युग (Age of enlightment) भनिन्छ । मध्य युगीन समाजको ईश्वरप्रतिको विश्वास र धर्मप्रतिको अन्ध भरोसाको ठाउँमा मानिस र ज्ञानको श्रेष्ठको स्थापित गर्ने बौद्धिक आन्दोलनलाई 'ज्ञान प्रवोधन' भनिन्छ । यस समयमा मानिसका ज्ञान र विचारलाई प्रकाशित गर्न कला, साहित्य, विज्ञान, दर्शन आदि क्षेत्रमा सर्वमान्य, विश्वव्यापी सिद्धान्त तथा नियमहरू प्रतिपादन गर्ने कार्य सुरु भयो र यसै समयदेखि आधुनिकतावाद सुरु भएको मानिन्छ । दार्शनिक दृष्टिले आधुनिकतावाद चिन्तनको त्यो सम्प्रदाय हो, जसले ज्ञान प्रमाणमा आधारित हुनुपर्छ, ज्ञानको प्रमाणिकरण गर्ने आधार वैज्ञानिक अनुसन्धान हुनुपर्छ, सत्य विश्वव्यापी हुन्छ, प्रमाणहरू स्पष्ट र स्थिर हुनुपर्छ जस्ता मान्यताहरू स्थापित गर्‍यो । प्रत्येक कुराहरूको नियम हुन्छ र त्यो कुरा खास संरचनामा आवद्ध भएको हुन्छ भन्ने दार्शनिक विचारका आधारमा ज्ञान, विज्ञान, कला, साहित्य, दर्शन आदिलाई नियममा आवद्ध गर्ने र वैज्ञानिक अनुसन्धानलाई प्रमुख मान्ने दार्शनिक धार नै आधुनिकतवाादी दर्शन हो ।

### दार्शनिक आधारहरू (Philosophical premises)

युरोपबाट सुरु भएको यो वैचारिक आँधिवेरी संसारभर फैलिनका लागि धेरै समय लागेन । यो आँधिबेरीले संसारलाई एउटा वैज्ञानिक पद्धतिमा आवद्ध गर्‍यो । प्राज्ञिक तथा वैज्ञानिक क्षेत्रका सबै विधाहरूमा यसको द्रुततर प्रभाव पर्न गयो । यो एउटा संसारलाई हेर्ने अग्रगामी विचार थियो । यसले कारण, वैज्ञानिक तर्क, सृजनात्मकता, नवीनता र प्रगतिलाई जोड दिएको थियो । आधुनिकतावादी विचारमा मूल रूपमा तिनवटा विशेषता हुन्छन्– पहिलो–विज्ञान र प्रविधिप्रतिको आघात विश्वास, दोस्रो– विज्ञान प्रविधिको सकारात्मक लाभप्रति जोड र तेस्रो उन्नति अवश्यम्भावी छ भन्ने विश्वास । यस दर्शनले विगत वा इतिहासलाई महत्त्व दिदैन । इतिहासलाई बिर्सनुपर्ने पक्ष ठान्दछ । विगत हामीभन्दा पछाडि छ, जसलाई हामीले छोडेर अगाडि आइसकेका छौं । उन्नतिका लागि पछाडि फिर्ने होइन अगाडि बढ्नुपर्छ भन्ने आधुनिकतावादी विचार रहेको देखिन्छ । आधुनिकतावाद तथ्यहरू र वस्तुगत/वस्तुनिष्ठ सत्यमा विश्वास राख्दछ । यसका प्रमुख दार्शनिक विचारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. ***सत्य वस्तुगत र अवलोकनीय हुन्छ (Truth is objective and observable):*** आधुनिकतावादले सत्यलाई वस्तुनिष्ठ मान्दछ । सत्य भनेको त्यो हो जसलाई प्रत्यक्षीकरण र अवलोकन गर्न सकिन्छ । सत्य विश्वव्यापी हुन्छ । कुनै पनि सत्य तब सत्य हुन्छ जसलाई अवलोकन वा मापनद्वारा परीक्षण गरी सिद्ध गरीन्छ ।

२. ***ज्ञान वस्तुगत हुन्छ (Knowledge is objective):*** अध्ययन अनुसन्धान वा परीक्षणबाट प्राप्त तथ्यलाई उनीहरू ज्ञान मान्दछन् । त्यसैले ज्ञान वस्तुगत हुन्छ भने उनीहरू बुझाई रहेको देखिन्छ । आत्मनिष्ठ र विषयगत ज्ञानलाई उनीहरू ज्ञान मान्दैनन् । किनभने यस्ता ज्ञानहरू परीक्षणको कसीमा जाँचिएका हुँदैनन् । उनीहरूको विचारमा ज्ञानको विश्वव्यापी सामान्यीकरण गर्न सकिन्छ ।

३. ***आम सांस्कृतिक र तार्किक मूल्य मान्यता (Mass culture and rational norms):*** आधुनिकतावादीहरू सामाजिक घटनाहरूमा निरन्तरता हुन्छ भन्ने विश्वास गर्छन्। जीवनको उन्मुख वातावरण मानिसले सृजना गर्दछ । त्यसैले संस्कृति पनि मानिसले नै सृजना गर्ने कुरा हो । संस्कृति परम्परागत पश्चोन्मुख नभएर प्रगतिशील हुनुपर्छ। त्यो संस्कृति नै मानिसका लागि उपयुक्त हुन्छ जो आम मानिसले अवलम्बन गरेका हुन्छन्।

४. ***विज्ञान सबै कुराको आधार हो (Science is foundation of all thing) :*** आधुनिकतावादी दर्शनको मूल प्राण नै विज्ञान हो। विज्ञान एउटा पद्धति हो। जसद्वारा ज्ञानको खोजी परीक्षण र पुनः परीक्षण हुन्छ। समस्या पहिचान, परिकल्पना निर्माण, परिकल्पना परीक्षण र नियम वा सिद्धान्त प्रतिपादन विज्ञानका प्रक्रियागत चरण हुन्। यी चरणहरूको अवलम्बनबाट सृजित ज्ञान विश्वव्यापी हुन्छ भन्ने उनीहरूको मान्यता छ। विभिन्न किसिमका चरहरू ***(Variables)*** बिच रहेको सम्बन्ध पत्ता लगाउने, त्यसको व्याख्या गर्ने र भविष्यवाणी गर्ने काम वैज्ञानिक विधिबाट हुनुपर्छ र यो नै ज्ञान अथवा सत्य पत्ता लगाउने आधार हो भन्ने उनीहरूको मान्यता रहेको देखिन्छ।

५. ***सबै कुराहरू खास संरचनामा आधारित हुन्छ (All things forms in a specific structure):*** आधुनिकतावादीहरू संसारका सबै कुराहरूमा खास किसिमको संरचना भएको देख्छन्। प्रत्येक विचार वा ज्ञान पनि संरचनामा आधारित भएको देख्छन् समाजलाई पनि संरचनात्मक दृष्टिले नै विश्लेषण गर्दछन्।

६. ***वास्तविकता नियमवद्ध, क्रमवद्ध र स्थिर हुन्छ (Reality is lawful, orderly and stable):*** आधुनिकतावादका अनुसार सबै वास्तविकताहरू खास नियममा आधारित हुन्छ। जस्तैः मानिसको जन्म खास किसिमका जैविक नियमका आधारमा हुन्छ। प्राकृतिक घटनाहरू पनि प्राकृतिक नियममा आधारित हुन्छ। भौतिक वस्तु वा घटनाहरू पनि खास नियममा आधारित भई संचालित हुन्छन्।

७. ***विश्वव्यापीकरण (Globlaization):*** आधुनिकतावादीहरूले विश्वव्यापी सत्यको वकालत गर्दछन् । भौतिकवाद (Materialism) को वकालत गर्दछन्। विज्ञान प्रविधिको विकास र यसको आम उपयोगलाई जोड दिन्छन् । आम संस्कृति (Mass culture), आम संचार *(*Mass media), आम उत्पादन (Mass production), आम बजारिकरण (Mass marketing) जस्ता कुराहरूलाई जोड दिन्छन्।

**शैक्षिक उपादेयता (Educational implications):**

आधनिकतावादीले सामाजिक तथा मानवीय क्रियाकलापहरूलाई पनि विज्ञानसँग जोडेर हेर्छ । सम्पूर्ण सामाजिक तथा राजनैतिक गतिविधिहरूलाई वैज्ञानिक विधिको प्रयोगद्वारा बुझ्ने र व्याख्या गर्ने प्रयत्न गर्दछ। उनीहरू मानिसको व्यवहारलाई पनि वैज्ञानिक पद्धतिबाटै अवलोकन गर्नुपर्छ भन्ने मान्यता राख्छन्। यस कारण आधुनिकतावादी शैक्षिक दृष्टिकोण पनि संरचनात्मक र वैज्ञानिक हुने नै भयो। आधुनिकतावादीका शैक्षिक उपयोगलाई निम्नानुसारका शीर्षकहरूमा चर्चा गरीएको छ :

**(क) शिक्षाको उद्देश्य (Aims of Education):**

आधुनिकतावादी दार्शनिक सिद्धान्तहरूका आधारमा शिक्षाका उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. ***विद्यार्थीहरूलाई ज्ञानोदय गर्न मद्दत गर्नु*** **(To help student to enlightenment)*:*** 'ज्ञानोदय' आधुनिकतावादीहरूको प्रमुख जोड रहेको अवधारणा हो । आधिकारिक र तथ्यपरक ज्ञानले मानिसलाई प्रज्वलित गर्छ भन्ने उनीहरूको धारणा रहेको देखिन्छ। अतः शिक्षाको उद्देश्य विद्यार्थीमा ज्ञानोदय गर्न मद्दत गर्ने हुनुपर्छ।

२. ***वैज्ञानिक प्रवृत्तिको विकास गर्नु*** **(Develop scientific attitude)*:*** आधुनिकतावादी शिक्षा दर्शनले जोड दिने अर्को क्षेत्र विज्ञान हो। जबसम्म मानिसा वैज्ञानिक सुझबुझ र दृष्टिकोण विकास हुन सक्दैन त्यस बेलासम्म मानिसमा ज्ञानोदय हुँदैन भन्ने उनीहरूको तर्क रहेको देखिन्छ। अतः शिक्षाले व्यक्तिमा वैज्ञानिक प्रवृत्ति विकास गर्नुपर्छ भन्ने उनीहरूको धारणा हो।

३. ***सामाजिक संरचनाका लागि आवश्यक जनशक्ति तयार गर्नु*** **(To develop necessary human resource for social structure)*:*** आधुनिकतावादीहरू समाजलाई संरचनामा संचालन भएको

मान्छन् । संरचनाभित्र पद्धति हुन्छ र त्यो पद्धति संचालन गर्न विविध सिप क्षमता भएका जनशक्तिहरू आवश्यक पर्दछ । त्यसकारण शिक्षाको लक्ष्य सामाजिक संरचनाका लागि आवश्यक पर्ने जनशक्ति आपूर्ति गर्ने हुनुपर्छ भन्ने उनीहरूको विचार रहेको देखिन्छ।

४. ***सामाजिक सांस्कृतिक संरचनालाई प्रभावकारी बनाउन* (To make efficient of social cultural structure):** समाजको संरचना क्रमबद्ध र स्थिर हुन्छ भन्ने आधुनिकतावादीको धारणा देखिन्छ । स्थिर सामाजिक संरचनामा मात्र उन्नति सम्भव हुन्छ । सामाजिक उन्नतिका लागि वर्तमान सामाजिक संरचनालाई प्रभावकारी बनाउन जरुरी हुन्छ । शिक्षाले सामाजिक संरचनालाई अझ मजबुत र प्रभावकारी बनाउन भरपुर सहयोग गर्नुपर्छ भन्ने उनीहरूको विचार रहेको पाइन्छ।

५. ***विशेषज्ञता विकास गर्नु* (To develop experties)*:*** आधुनिकतावादीहरू साधारण शिक्षालाई भन्दा विषयगत विशिष्टतालाई बढी जोड दिन्छन्। विशेष गरी विज्ञान प्रविधिमा विज्ञताको अपेक्षा गर्दछन्। शिक्षाले व्यक्तिलाई खास खास विषयमा विज्ञ बनाउनु पर्छ, जुन विज्ञताले समाजको सम्बन्धीत क्षेत्रमा योगदान गर्न सकोस् भन्ने चिन्तन रहेको देखिन्छ।

### (ख) शिक्षण विधि (Method of teaching)

आधुनिकतावादीहरू शिक्षणलाई एउटा क्रमवद्ध (Systematic) प्रक्रिया मान्दछन् । पाठ्यक्रमले निर्धारण गरेअनुसारका कुराहरूलाई पूर्ण रूपले योजनावद्ध शैक्षणिक क्रियाकलापको अपेक्षा गर्दछन् । वार्षिक योजना, एकाइ योजना र दैनिक पाठयोजनाको आवश्यकतामा जोड दिन्छन् र ती योजनाका अङ्गहरूको पालन गर्दै प्रतिफलमुखी शिक्षणलाई महत्त्व दिन्छन्। उनीहरू आम शिक्षा (Mass education) मा रुचि राख्छन्। त्यसैले सामूहिक शिक्षण उनीहरूको शिक्षण तरिका हो । व्यावहारवादी शिक्षण विधिहरू उनीहरूका लोकप्रिय विधि हुन् । विशेष किसिमको परिवेश सृजना गरी विद्यार्थीलाई कुनै प्रलोभन (Incentive) वा उत्प्रेरक (Stimulus) दियो वा उत्प्रेरणा (Motivation) दियो भने त्यसप्रति विद्यार्थीले प्रतिक्रिया जनाउँछ र उसको सिकाइ हुन्छ भन्ने यान्त्रिक (Mechanical) सिकाइ पद्धतिमा उनीहरू विश्वास गर्छन् । त्यसैले उनीहरूको शिक्षण विधि Maslow को आवश्यकताको शृङ्खला (Hierarchy या needs), Bloom को सिकाइका पक्षहरू र Skinner को सिकाइ सिद्धान्तमा आधारित हुन्छन्। साथै सिकाइका वैज्ञानिक विधिहरू खोज विधि, परियोजना कार्य, प्रयोगात्मक विधिहरू प्रयोग गर्नुपर्छ भन्ने उनीहरूको धारणा रहेको देखिन्छ। उनीहरू मूल्याङ्कन प्रक्रियालाई पनि शिक्षणको अभिन्न अङ्ग मान्दछन् र वस्तुगत (Objective) मापनका साधन र तरिका प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गर्न चाहन्छन् । मापनमा विश्वसनीयता र वैधता जस्ता गुणहरूको अनिवार्यता देख्छन् साथै मूल्याङ्कनको परिणाम सामान्यीकरण गर्न सकिने हुनुपर्छ भन्ने उनीहरूको मान्यता रहेको देखिन्छ।

### (ग) पाठ्यक्रम (Curriculum)

आधुनिकतावादीहरू पूर्ण संरचनात्मक पाठ्यक्रम चाहन्छन्। पाठ्यक्रम पूर्व निर्धारित हुनुपर्छ। यसमा खास तत्त्वहरू (उद्देश्य, विषय, विधि, सामग्री, मूल्याङ्कन) समावेश भएकै हुनुपर्छ। वैज्ञानिक विधिद्वारा पाठ्यक्रम निर्माण गर्नुपर्छ। पाठ्यक्रम समावेश हुने उद्देश्यहरू विशिष्ट, मापनीय र कार्यमा रूपान्तरण गर्न सकिने (Actionable) हुनुपर्छ । विभिन्न विधाका पाठ्यक्रमहरू छुट्टाछुट्टै हुनुपर्छ। पाठ्यक्रममा समावेश हुने विषयहरूको सङ्गठन गर्दा खास नियम र आधारहरूको अवलम्बन गरीनुपर्छ। वैज्ञानिक विधिहरूको अनुसरण गरी विद्यार्थीको मूल्याङ्कन गरीनुपर्छ र निश्चित आधारहरू प्रयोग गरी उनीहरूको उपलब्धिको प्रमाणीकरण गर्नुपर्छ। आधुनिकतावादी विद्यालय र पाठ्यक्रम Tyler को rational model मा आधारित हुन्छ।

### (घ) शिक्षकको भूमिका (Role of the Teachers)

आधुनिकतावादी दर्शनले शिक्षकलाई शैक्षणिक नेता (Instructional leader) मान्दछ। त्यसैले शिक्षकको भूमिका र दायित्व पूर्व परिभाषित हुन्छ। शिक्षक तालिमप्राप्त हुनुपर्छ र विज्ञान प्रविधिका साथै सिकाइ सिद्धान्तहरूको राम्रो ज्ञान भएको र त्यसलाई कार्यरूपमा उतार्न सक्ने हुनुपर्छ। आधुनिकतावादीहरू विषयगत शिक्षक हुनुपर्छ भन्ने कुरामा जोड दिन्छन्। पाठ्यक्रमले निर्धारण गरेका ज्ञान सिप र क्षमताहरूलाई विद्यार्थी समक्ष प्रस्तुत गर्ने कला, विद्यार्थीहरूको मनोविज्ञान बुझ्ने क्षमता, कक्षा व्यवस्थापन गर्ने क्षमता, शिक्षण योजना निर्माण र कार्यान्वयन गर्ने क्षमता, विषयगत ज्ञान, मूल्याङ्कन गर्ने क्षमता र विज्ञान प्रविधिलाई उपयोगमा ल्याउने क्षमता शिक्षकमा हुनुपर्ने आधारभूत गुणहरू हुन्। यसका

साथै राज्य वा विद्यालयले निर्माण गरीएका आचरणहरूको अवलम्बन गर्दै आफूभन्दा माथिल्लो तहका व्यक्तिहरूको निर्देशनअनुसार क्रियाशील रहनुपर्छ। शिक्षकको काम प्रतिफल मुखी (Result oriented) हुनुपर्छ। यसरी हेर्दा आधुनिकतावादी शिक्षकको भूमिका विद्यालयको पद्धति र संरचना भित्र बाँधिएको देखिन्छ।

### (ङ) विद्यार्थीको भूमिका (Role of the Students)

आधुनिकतावादीहरू विद्यार्थीलाई शैक्षिक पद्धतिको महत्त्वपूर्ण वस्तु मान्छन् र सम्पूर्ण शैक्षिक प्रक्रियाहरू उनीहरूको सिकाइमा केन्द्रित हुनुपर्छ भन्ने कुरामा जोड दिन्छन्। शैक्षिक पद्धतिले विद्यार्थीको भूमिका र दायित्वको पनि किटान गरीदिएको हुन्छ। ती भूमिका र दायित्वमा आधारित भई विद्यार्थीहरू क्रियाशील रहनुपर्छ। आधुनिकतावादीहरू विद्यार्थीको वैयक्तिक कुराहरूलाई भन्दा सामूहिक कुरालाई बढी महत्त्व दिन्छन्। त्यसैले विद्यार्थीको भूमिका व्यक्तिगत नभएर समूहको सदस्यको रूपमा हुन्छ। विद्यार्थीहरू आफ्नो संस्कृतिमा होइन की विद्यालयको संस्कृतिमा रूपान्तरण हुन सक्नुपर्छ। विद्यार्थी आत्मनिष्ठ नभएर वस्तुनिष्ठ हुनुपर्छ र तर्क वा विज्ञानसम्मत विधिद्वारा आफ्ना विचार र अनभवलाई पुष्टि गर्न क्रियाशील हुनुपर्छ। पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सिप, क्षमता प्राप्तिका लागि शिक्षकको निर्देशनअनुसार क्रियाशील रहनु पर्छ।

यद्यपि आधुनिकतावाद हाम्रो दैनिक जीवन र चिन्तन शैलीमा अभिन्न भएर जोडिएकै छ, तर आधुनिकतावादका कतिपय विचारहरू आलोचनायोग्य छन्। सत्य वस्तुगत हुन्छ, अवलोकनीय हुन्छ र विश्वव्यापी हुन्छ भन्ने नियमलाई पूर्ण रूपले स्वीकार गर्न सकिँदैन। किनभने कतिपय सत्यहरू विषयगत हुन्छन्, मानिसको विचार विषयगत हुन्छ, मानिसका अनुभव विषयगत हुन्छन्। मानिसको मन छ , अनेक किसिमका भावना र विचारहरू जागृत हुन्छन् तर तिनीहरू अवलोकनीय छैनन् र प्रत्येक मानिसअनुसार ती कुराहरू फरक हुन सक्छन् तर ती कुराहरू सत्य नै हुन्। शैक्षिक दृष्टिले शिक्षालाई वैज्ञानिक पद्धतिको रूपमा हेर्नु एक दृष्टिले उपयुक्त भए पनि अर्को पक्षबाट उपयुक्त देखिंदैन। एउटा पूर्वनिर्धारित संरचनामा मात्र शिक्षा पद्धति बाँधिनु हुँदैन। शिक्षामा लचिलोपन आवश्यक छ।

## ३.२.८ उत्तर-आधुनिकतावाद (Post-modernism)

### परिचय (Introduction)

अङ्ग्रेजी भाषाको Post र Modern मिलेर बनेको ‘Post-modern’ भन्ने शब्दको शाब्दिक अर्थ हो– आधुनिकताभन्दा पछि वा आधुनिक चिन्तनभन्दा अझ परिष्कृत रूप। अर्थात् आधुनिकताकै जगमा सृजना भएर विकास भएको ‘उत्तर’ चिन्तन। यो एउटा वैचारिक आन्दोलन हो र विचारको एउटा शैली हो। प्राज्ञिक क्षेत्रमा उत्तर–आधुनिकता वादको विकास सन् १९८० को दशकबाट सुरु भएको मानिन्छ। तर उत्तर आधुनिकवाद यसै समयबाट सुरु भयो भनि किटान गरेर भन्न सकिंदैन किनभने यो वैचारिक आन्दोलन आधुनिकतावाद (Modernism) सँग जोडिएर आउँछ। अर्कोतर्फ यो कुनै एउटा क्षेत्रमा मात्र विकास भएको आन्दोलन होइन। यो त समग्र प्राज्ञिक क्षेत्रको वैचारिक आन्दोलन हो। कला, साहित्य, सङ्गीत, चलचित्र, मनोविज्ञान, दर्शनशास्त्र, समाजशास्त्र, सूचना तथा संचार, फेसनलगायतका अन्य विभिन्न क्षेत्रमा विकास भएको नवीन चिन्तन परम्परा हो।

उत्तर–आधुनिकतावादलाई परिभाषित गर्न ज्यादै कठिन छ। किनभने यस वैचारक आन्दोलनका विचारहरू ज्यादै छरपस्ट छन्। विद्वान्हरूले पनि यसलाई ठोस परिभाषामा बाँध्न जटिलताको महसुस गरेको देखिन्छ। Knox and Marston (2004) अनुसार Post-modernism is a view of the world that emphasizes opening to a range of perspectives in social inequality, artistic expression and political empowerment.

Pring (2004) को विचारमा "Post-modernism is a characterized culturally and intellectually by a revolt against this control (control of modernism) and by an assertion of different modes of cultural expression (P. 225).

हामी उत्तरआधुनिकतावादलाई आधुनिकतावादप्रतिको असन्तुष्टिको परिणाम स्वरूप विकास भएको सापेक्षतावादी र व्यक्तिवादी दार्शनिक धारको रूपमा बुझ्न सक्छौं। आधुनिकतावादले विज्ञान र प्रविधिप्रति ज्यादै महत्त्व दियो, विज्ञान र प्रविधिले ल्याएका उपलब्धिलाई नै उन्नतिको कारक देख्यो र यसबाट नै सबैको उन्नति सम्भव देख्यो। सत्य वस्तुगत हुन्छ, तर्कमा आधारित हुन्छ, निरपेक्ष हुन्छ, र वैज्ञानिक विधिद्वारा सत्यको ज्ञान गर्न सकिन्छ भन्ने मान्यता

अघि सार्‍यो । यी विचारहरूप्रतिको असन्तुष्टिको परिणाम स्वरूप उत्तरआधुनिकवादी वैचारक धारको विकास भयो जसले– मानव संस्कृतिमा छरपस्टता देख्छ, अस्पष्टता देख्दछ र बहु–संयोजन देख्दछ।

**दार्शनिक विचारहरू** (Philosophical thoughts)

उत्तरआधुनिकतावाद बहुविशेषता भएको दर्शन हो । यो दर्शनले जोड दिएका विचारहरू पश्चिमी मार्क्सवादी चिन्तन परम्पराको आलोचनात्मक सिद्धान्त (Critical theory) मा आधारित भएको देखिन्छन् । उत्तर आधुनिकतावादका केही प्रमुख दार्शनिक विचारहरूलाई तल उल्लेख गरीएको छ :

१. ***सत्य सापेक्षित र वैयक्तिक हुन्छ*** (Truth is relative and individual)**:** यस दर्शन अनुसार संसारमा कुनै पनि निरपेक्ष सत्य हुँदैन । सत्य भन्ने कुरा देश, काल र परिस्थितिमा भर पर्छ । कुनै परिवेशमा सत्य मानिएको कुरा अर्को परिस्थितिमा असत्य हुन्छ ।

२. ***ज्ञान आत्मनिष्ट हुन्छ*** (Knowledge is subjective) **:** उत्तर–आधुनिकतावादीहरू ज्ञानलाई आत्मनिष्ठ अर्थात् विषयगत भएको देख्दछन् । आधुनिकतावादले भन्ने गरेको ज्ञानको वस्तुगत स्वरूपलाई उनीहरू पूर्ण रूपले अस्वीकार गर्दछन् । उत्तर आधुनिकतावादले ज्ञानका कुनै पनि दिव्य कथनहरू (Meta narratives) लाई स्वीकार गर्दैनन् र ज्ञानको समालोचना गर्ने वा परीक्षण गर्ने वस्तुगत आधारहरू (Objective bases) लाई पनि अस्वीकार गर्दछन् । उनीहरूका अनुसार संसारलाई व्याख्या गर्ने कुनै एउटा त्यस्तो वैध ज्ञान वा सत्य छैन । ज्ञान भन्ने कुरा संस्कृति र भाषाको परिणाम हो । त्यसैले यो आत्मनिष्ठ हुन्छ ।

३. ***विगत वा इतिहास म***हत्त्व***पूर्ण हुन्छ***(Past or History is imporant)**:** उत्तरआधुनिकतावादी दर्शनले मानिस तथा समाजको विगतलाई ज्यादै ममहत्त्वपूर्ण पक्षको रूपमा व्याख्या गर्छन् । उत्तरआधुनिकतावादका अनुसार ज्ञान आर्जन गर्ने, संसारको व्याख्या र समाजको चित्रण गर्न इतिहास महत्त्वपूर्ण छ । सबै सामाजिक घटनाहरू, विचार, सामाजिक सङ्ठनहरू, शक्ति सम्बन्ध आदि विगतबाट विकास भएका हुन्छन् ।

४. ***मानव समाजमा सांस्कृतिक विभिन्नता हुन्छ*** (There is cultural diversity in human society)**:** उत्तर आधुनिकतावादीहरू समाजलाई सांस्कृतिक उपज मान्दछन् । मानव समाजमा सांस्कृतिक भिन्नता भएको देख्छन् । उत्तरआधुनिकतावादीका अनुसार संसारमा कुनै पनि विश्वव्यापी उच्च संस्कृति छैन पनि र हुँदैन पनि । प्रत्येक व्यक्ति र समुदायका आआफ्नै संस्कृति हुन्छन् र ती संस्कृति उनीहरूका लागि उत्तम हुन्छन् ।

५. ***मानव संस्कृतिकै विस्तार रूप हो*** (Human being is an extention of a culture)**:** उत्तरआधुनिकतावादीहरू मानिसलाई संस्कृतिको उपज र संस्कृतिको विस्तारित स्वरूपमा देख्दछन् । उनीहरूको विचारमा प्रत्येक मानिसको आ–आफ्नै संस्कृति र विचार हुन्छ । मानिस भन्नु नै समाज निर्मित र समाजद्वारा निर्धारित हुन्छ । मानिसको आफ्नै स्वतन्त्र पहिचान हुन्छ र संस्कृतिक पहिचान हुन्छ । मानिसको स्व अस्तित्त्व र सांस्कृतिक पहिचानलाई जोगाउनु आजको आवश्यकता भएको छ भन्ने उत्तरआधुनिकवादी विचार रहेको देखिन्छ ।

६. ***आत्मनिष्ठ व्याख्या सम्भव छ*** (Subjective interpretation is possible) **:** उत्तर आधुनिकवादीहरू सोचाइ र व्याख्याको खास किसिमको संरचना हुनुपर्छ भन्ने आधुनिकतावादी चिन्तनलाई अस्वीकार गर्दै यसको विरोध गर्दछन् । उत्तर आधुनिकतावादीहरू भन्छन्– सोचाइ र व्याख्याको कुनै खास र सर्वव्यापी संरचना हुँदैन । मानिसका आ–आफ्नै चिन्तन गर्ने, बुझ्ने र त्यो बुझाइलाई व्याख्या गर्ने सामर्थ्य हुन्छ । मानिसले लेखक वा वक्ताको कथनलाई आफ्नै तरिकाले अर्थात् आत्मनिष्ठ भएर बुझिरहेको हुन्छ र त्यो बुझाइलाई उसले आफ्नै ढङ्ग वा शैलीमा व्याख्या गर्छ । यस्तो व्याख्या नै सही व्याख्या हो । त्यसैले व्याख्या जहिले पनि आत्मनिष्ठ हुन्छ र आत्मनिष्ठ व्याख्या मात्र सम्भव छ ।

३. **शैक्षिक उपादेयता** (Educational implication)

उत्तरआधुनिकतावाद एउटा विचारको खुलापन (Openess) मा आधारित दर्शन हो। बन्द संरचना भएको आधुनिकतावादी दर्शनको प्रतिक्रिया स्वरूप विकास भएकोले यस दर्शनले शिक्षाको खुला एवं लचिलो किसिमको संरचनाको वकालत गर्दछ। यस दर्शनका शैक्षिक उपयोगलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

***(क) शिक्षाको लक्ष्य*** (Aims of education)***:*** उत्तरआधुनिक विचारले विद्यार्थीहरूमा खुला सोच, चिन्तन र प्रवृत्तिको विकासमा जोड दिन्छ। विभिन्न किसिमका संकीर्णताहरूबाट चिन्तनलाई माथि उठाउन सक्नुपर्छ र विद्यार्थीले आफ्नो स्वतन्त्र अस्तित्त्व र पहिचानलाई महसुस गर्नुपर्छ भन्ने पक्षमा यस दर्शनले जोड दिएको देखिन्छ। यस दर्शनका दार्शनिक आधारहरूको अध्ययन गर्दा शिक्षाका उद्देश्यहरू निम्नानुसार रहेको पाउन सकिन्छ :

- विद्यार्थीमा नयाँपन, नयाँसोच, खुला चिन्तन क्षमताको विकास गर्नु,
- नयाँ जीवन शैलीको विकासका लागि विद्यार्थीलाई सहयोग गर्नु,
- बहुविचार, बहुसत्य र बहुसंस्कृतिको आत्मसात गर्न विद्यार्थीहरूलाई प्रशिक्षित गर्नु,
- विद्यार्थीमा स्वशासित (Self-governing) हुने क्षमताको विकास गर्नु,
- सबैको पहिचानलाई स्वीकार गर्ने प्रवृत्ति विकास गर्नु,
- विद्यार्थीलाई आफ्नो संसारको अर्थ निर्माण (Meaning creation) गर्न सक्ने बनाउनु आदि।

**(ख) शिक्षण विधि** (Methods of teaching)

उत्तर आधुनिकतावादीहरू सिकाइलाई एउटा बनिबनाउ प्रक्रिया होइन कि, एउटा स्वभाविक प्रक्रिया मान्दछन्। उनीहरू ज्ञानलाई संस्कृतिको उपज मान्दछन्। त्यसैले सिकाइ प्रक्रिया पनि एउटा सांस्कृतिक प्रक्रिया नै हो। उनीहरू कुनै एउटा विधि र तरिकालाई मात्र शिक्षण विधिको रूपमा स्वीकार गर्देनन्। सिकाइका बहुतरिका (Multiple style), मिश्रित तरिका र खुकुलो (Playful) तरिकाहरू प्रयोग गर्न रुचि राख्छन्। उनीहरूको विचारमा सिक्ने सिकारुले हो र सिकाइ पनि उसकै लागि भएकोले जसरी उसलाई सिक्न सजिलो हुन्छ, त्यसरी नै उसले सिक्न पाउनुपर्छ। विद्यार्थीले विविधतालाई र स्वपहिचान आत्मसात गर्नुपर्छ। किनभने शिक्षाको मूल स्रोत नै यही हो। विगतका घटनाहरू, सामाजिक वर्ग, लैङ्गिकता, धर्म, संस्कृतिक अभ्यासहरू आदिमा ज्ञान आधारित हुन्छ। त्यसैले सिकाइ लागि यी कुराहरूको अध्ययन पनि विद्यार्थीले गर्नुपर्छ। भाषा अर्को ज्ञानको आधार हो। भाषिक विसंरचना (Deconstruction) द्वारा अर्थ खोज्ने अभ्यासबाट पनि सिकारुले ज्ञान खोज्ने अभ्यास गर्नुपर्छ। ज्ञानको स्थानीयकरण (Localization) र सान्दर्भीकरण (Contextualization) गरी सिकारुले सिक्नुपर्छ। Autobiography र ethnography critical pedagogy जस्ता अवधारणाहरू उत्तर आधुनिकतावादका लोकप्रिय विधिहरू हुन्। यसका साथै श्रव्य सामग्री, दृश्य सामग्री, र श्रव्य दृश्य सामग्रीको प्रयोगमा पनि उनीहरूको रुचि देखिन्छ। स्थानीय कला, साहित्य र संस्कृतिको अध्ययनलाई पनि उनीहरू शिक्षण विधिको रूपमा स्वीकार गर्दछन्। उनीहरू विद्यार्थीहरूलाई समाजमा कोही मानिसहरूले कसरी शक्ति आर्जन गरेका छन् र कोही मानिसहरू शक्ति विहीन भएका छन् भन्ने कुरा बुझ्ने सामर्थ्यता विकास गर्न चाहन्छन्। यस अर्थमा राजनैतिक अभ्यासहरूको अवलोकन पनि उनीहरूको शिक्षण विधिको रूपमा रहेको देखिन्छ।

**(ग) पाठ्यक्रम** (Curriculum)

उत्तरआधुनिकतावादी सोचअनुसारको पाठ्यक्रमको निश्चित संरचना हुँदैन र पाठ्यक्रममा स्थिरता पनि हुँदैन। दुर्वोध्य कुराहरूलाई पाठ्यक्रममा समावेश गरीँदैन। पाठ्यक्रममा (Subjective) विषयगत कुराहरू समावेश गर्नुपर्छ भन्ने उनीहरूको धारणा देखिन्छ। उत्तरआधुनिकतावादीहरू स्थानीय पाठ्यक्रमका पक्षधर हुन्। त्यसैले पाठ्यक्रममा स्थानीय भाषा, साहित्य, कला, संस्कृति जस्ता विषयहरू समेटिएका हुन्छन्। मानवशास्त्र, समाजशास्त्र, राजनीति आदि विषयहरू उनीहरूका रुचिकर विषयहरू हुन्। उनीहरू पाठ्यक्रममा सामाजिक कथनहरू (Discourse) पनि समावेश गर्न चाहन्छन्। उनीहरू पूर्वनिर्धारित पाठ्यक्रममा रुचि राख्दैनन्। सिकारुले आवश्यकता र सामाजिक परिवेश अनुकूल हुने गरी सिकाइ प्रक्रियासँगै पाठ्यक्रम निर्माण गर्दै जाने उनीहरूको रणनीति देखिन्छ।

**शिक्षकको भूमिका** (Role of the teachers)

उत्तरआधुनिकवादी शिक्षक बहुसत्य मान्ने र सत्यको बहुस्वरूपको जानकारी राख्ने हुन्छ । शिक्षक कुनै पूर्वनिर्धारित नियम र मूल्यमान्यतामा बाँधिएको हुँदैन । बहुलवादी विचार भएको हुन्छ र समाजका विविधताको कदर र सम्मान गर्दछ । उत्तर आधुनिक शिक्षकले विद्यार्थीका आवश्यकता र विचारहरूको कदर गर्दछ । ऊ एउटा प्रशिक्षकको रूपमा नभएर विद्यार्थीहरूसँगै काम गर्ने एउटा समूह सदस्यको रूपमा उपस्थित भएको हुन्छ र एउटा प्रयासकर्ता (Seeker) जस्तो भूमिकामा रहन्छ । शिक्षक Feminist ideology र critical pedagogy बुझेको र आलोचनात्मक दृष्टिकोण भएको हुन्छ । विद्यालयमा शिक्षकको एकाधिकार हुँदैन । शिक्षक सामूहिक संस्कृतिको अवलम्बनकर्ता र सामूहिक शैक्षिक नेतृत्वकर्ताको रूपमा उपस्थित भएको हुन्छ।

**विद्यार्थीको भूमिका** (Role of Students)

उत्तरआधुनिक शिक्षापद्धतिमा विद्यार्थीको भूमिका स्वतन्त्र र स्वच्छन्द किसिमको हुन्छ। विद्यालयमा उपस्थित बहुसंस्कृतिको सम्मान गर्नु र आफ्नो स्वपहिचान कायम राख्नु विद्यार्थीको दायित्व हो । विद्यार्थीहरू नयाँ संस्कृतिको निर्माणप्रति उत्प्रेरित हुनुपर्छ । विद्यार्थीहरू बिचमा कुनै किसिमको उचो-निचो क्रम (Hierarchy) हुँदैन । विद्यार्थीहरूले आपसमा अन्तरक्रिया गरी अनुभवहरू आदान-प्रदान गर्दछन् । सामाजिक घटनाहरूको अध्ययन गर्दछन् । सामाजिक गतिविधिमा संलग्न भएर सिक्छन् । भाषा तथा ज्ञानको विनिर्माण (Deconstruction) द्वारा सिकाइ गर्दछन् । यसरी उत्तर आधुनिकतावाद आधुनिकतावादका कमीकमजोरीको विरुद्ध विकास भएको दार्शनिक आन्दोलन हो । यो वैचारिक आन्दोलन विकासकै क्रममा छ। यस वैचारिक आन्दोलनमा शिक्षा दर्शनको पूर्ण विकास हुन बाँकी नै छ। यसका दार्शनिक विचारका आधारमा शैक्षिक विचारहरूको व्याख्या गर्नुपर्ने अवस्था रहेको छ।

## ४) साराँश (Summary)

यो एकाइमा शिक्षाको दर्शनशास्त्रीय आधारको विषयमा केन्द्रित छ । दर्शनशास्त्रको सामान्य परिचय र दर्शनशास्त्रका तिन क्षेत्रहरू तत्त्वमीमांसा, ज्ञानशास्त्र र मूल्य शास्त्रको परिचय र शिक्षासँगको सम्बन्धका विषयमा सङ्क्षिप्त छलफल गरीएको छ।

संसारको आधुनिक शिक्षाप्रणाली पाश्चात्य शिक्षा दर्शनबाट अनुप्राणीत छ। पश्चिमी जगतमा विकास भएका विभिन्न दार्शनिक सम्प्रदायहरूले शिक्षालाई विभिन्न किसिमले हेरेका छन्। पश्चिमी दुनियाँमा विकास भएका दार्शनिक विचारहरूमध्ये यस एकाइमा स्थायीत्ववाद, सारवाद, प्रगतिवाद, पुनर्निर्माणवाद, अस्तित्त्ववाद, घटनाविज्ञान, आधुनिकतावाद र उत्तरआधुनिकतावादको सामान्य परिचय र यी वैचारिक सम्प्रदायका दार्शनिक आधारहरूको चर्चा गरीएको छ। यी प्रत्येक दर्शनको शैक्षिक उपयोगको चर्चा गर्ने सन्दर्भमा- प्रत्येक दर्शनले शिक्षाका लक्ष्य/उद्देश्य, शिक्षण विधि, पाठ्यक्रम, शिक्षकको भूमिका र विद्यार्थीको भूमिकाको विषयमा केकस्ता विचारहरू प्रस्तुत गरेका छन् भन्ने सवालमा आधारित भई विश्लेषणात्मक छलफल गरीएको छ । एक्काइसौं शताब्दीको शिक्षा कुनै एउटा दर्शनमा मात्र आधारित हुन सक्दैन । माथि उल्लेख गरीएका प्रत्येक शिक्षा दर्शनमा हाम्रो परिवेशमा उपयोग गर्न सकिने र नसकिने दुवै किसिमका विचारहरू हामी प्राप्त गर्न सक्छौं। त्यसैले विभिन्न दार्शनिक सम्प्रदायहरूबाट हाम्रो देश, काल र परिस्थितिमा उपयोगी हुने विचारहरू लिई शिक्षा पद्धतिको सुधार गर्न सकिन्छ।

## ५) अभ्यास (Exercise)

यस एकाइमा तपाईंले सिक्नुभएका कुराहरूको स्वमूल्याङ्कन गर्नका लागि तल केही प्रश्नहरू दिइएका छन् । ती प्रश्नका उत्तर दिई आफ्नो सिकाइ उपलब्धिको स्वमूल्याङ्कन गर्नुहोस् ।

**विषयगत प्रश्न**हरू (Subjective Questions)

1. Philosophy is the main foundation of education". Elaborate this statement with suitable reasons.
2. Why a trained teacher and teacher educator need to study philosophy of education? Present your ideas giving reasons.
3. Introduce fields of philosophy and explain relationship of each fields of philosophy with education.

4. Among the fields of philosophy, which field of philosophy of education is most nearest with the discipline of education and why? Justify your ideas.
5. State the educational premises of perennialism and evaluate whether these premises are applicable in Nepalese context?
6. Compare and constract aims of education prescribed by perennialism and essentialism.
7. Discuss the role of student in progressivism and give appropriate logic whether these ideas are applicable in our instructional context?
8. Explain the nature of curriculum according to the progressive thought and existential thought. Support one of them with strong causes.
9. How reconstructionist thinker give emphasis on aims of education? How can these ideas be addressed? Present your view.
10. Elaborate the philosophical premises of existentialism and link them to educational implicaiton.
11. Describe the pedagogical perspective of existentialism.
12. Introduce phenomenology as a philosophy of education.
13. Judge the philosophical premises of modernism. Are you agreed with these premises? Why?
14. Explore the effect of modernism on education system of Nepal.
15. Critically analyze the curriculum structure of Modernism.
16. Introduce post modernism as a philosophical thoughts and judge its epistemological perspective.
17. Compair modernism and postmodernism in terms of reality, epistemology and axiology.
18. Describe methods of education in post modernism.
19. Critically analysis the role of teacher in modernism.
20. Which educational philosophy do you prefer to apply in our context? Why? give reasons.

**वस्तुगत प्रश्नहरू (Objective Questions)**

1. Which field of philosophy seeks to address the question – "What is the aim of human being?"
   (a) Metaphysics (b) Epistemology
   (c) Axiology (d) Logic
2. Which field of philosophy can help to proof knowledge?
   (a) Metaphysics (b) Epistemology
   (c) Axiology (d) Logic
3. Which field of Philosophy deals with orgination, conditions and facors of learning ?
   (a) Metaphysics (b) Epistemology
   (c) Axiology (d) Logic
4. Among the filed of Philosophy Which field maks judgement on human action ?

(a) Metaphysics (b) Epistemology

(c) Axiology (d) Logic

5. "What should we do and what we should not do" this statement is closely related with‘.

(a) Metaphysics (b) Epistemology

(c) Axiology (d) Logic

6. Which field of the philosophy deals with the question that - How something is differ of similar with another ?

(a) Metaphysics (b) Epistemology

(c) Axiology (d) Logic

7. "Moral principles in Education" related with

(a) Perennialism (b) Progressivism

(c) Essentialism (d) Existentialism

8. Which philosophy of education states that "Truth is process of making"

(a) Perennialism (b) Esentialism

(c) Progressivism (d) Existentialism

9. Which is the basic philosophical premise of perennialism ?

(a) Truth is Universal

(b) Truth is Changabbe

(c) Truth is relative

(d) Truth is dynamic

10. Which educational Philosophy gives more emphesis on intellecfud development ?

(a) Existentialism (b) Pragmetism

(c) Reconstructionsim (d) Perennialism

11. "Universal" curriculum is concerns with which of the following educational philosophy

(a) Existentialism (b) Pragmetism

(c) Reconstructionsim (d) Perennialism

12. "To transform traditional knowledge" is preseribed aim of education by ‘.

(a) Existentialism (b) Essentialism

(c) Perennialism (d) Modernism

13. "Back ot basics" is a slogan of Which of the Philosophical movement of education ?

a) Prennialism (b) Essentialism

(c) Existentialism (d) Post modernism

14. "Values are mammade, changing and relative" Which educationl philosophy gives more emphasis to this peemise?

(a) Constructionism (b) Progressivism

(c) Post - Modernism (d) Existentialism

15. Education should help to reconstruction and reorgrnization of experiences". which philosophy of education takes it as a objectives of Education .

(a) Essentialism (b) Existentialism

(c) Progressivism (d) Perennialism

16. Which education philosophy provides high emphasis on technical and vocational education ?

(a) Essentialism (b) Existentialism

(c) Progressivism (d) Perennialism

17. Project method is more popular in which of the educational philosophy

a) Modernism (b) Progressivism

(c) Postmodernism (d) Existentialism

18. Which educational philosophy takes student as a dynamic, creative and changeable human being?

(a) Idealism (b) Perennicalism

(c) Essientialism (d) Progressivism

19. "Man cannot be sometimes slave and sometimes free, he is wholly and for ever free, or he is not free at all" This argument is provocated by‘‘.

(a) Modernism (b) post - Modernism

(c) Progressivism (d) Existentialism

20. According to existentialism, Which of the following is objective of education ?

(a) To Cultivate dynamic and adaptive man or mind

(b) To help student to survive in the absurd world

(c) To develop social and Polical efficiency .

(d) To creat New values and ideas to transform society.

21. "If in place of 'I' the term 'we' is used , then the subjectivity of 'I' will be finished which philosophy says so ?

a) Phenomenology (b) Postmodernism

(c) Existentialism (d) Progressivism

22. Which of the educational philosophy conceived student as an individual , not a unit of a group?

(a) Pragrmatism (b) Progressivism

(c) Existentialism (d) Modernism

**Answer Key**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| A | c | b | C | C | D | a | c | a | d | D |
| 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| B | b | b | C | C | B | d | d | b | c | C |

## ६) पृष्ठपोषण (Feedback)

तपाईंले माथि उल्लेखित सबै विषयगत प्रश्नहरूको उत्तर लेख्ने प्रयास गर्नुभयो होला। सबै प्रश्नको उत्तर लेख्न नसक्नु भएको भए केही प्रश्नहरूको उत्तर त निश्चय नै लेख्नु भयो। ती प्रश्नका उत्तरहरूलाई अध्ययन सामग्रीहरूको पुनरावलोकन गरी अङ्कन गर्नुहोस्। प्रश्नको स्वरूपका आधारमा प्रत्येक प्रश्नको अङ्कभार स्वयं निर्धारण गरी अङ्कन गर्नुहोस् र आफ्नोअध्ययनको स्तर आफैं निर्धारण गर्नुहोस्। तपाईंको पढाईको स्तर कमजोर महसुस भयो भने अध्ययन कार्य दोहोऱ्याउनुहोस् र सन्तोषजनक देखिएमा अध्ययनको गतिलाई अगाडि बढाउनुहोस्।

विषयगत प्रश्नहरूको उत्तर लेख्दा तपाईं सचेततापूर्वक प्रश्न पढ्नुहोस् र प्रश्नले मागेको उत्तर के हो भन्ने कुराको मनमनै सुनिश्चित गर्नुहोस् र लेख्न सुरु गर्नुहोस्। उत्तरमा अनावश्यक गफ लेखेर समय वर्वाद नगर्नु होस्। सङ्गठित रूपमा प्रश्नले मागेको उत्तर लेख्नुहोस्। जस्तैः अभ्यासमा दिएको सात नं. को प्रश्नलाई हेर्नुहोस्। उक्त प्रश्नले प्रगतिवादी शिक्षामा विद्यार्थीको भूमिका कस्तो हुन्छ र हाम्रो सन्दर्भमा त्यो भूमिका उचित हुन्छ या हुँदैन भन्ने विषयमा तपाईंका तर्कहरू मागेको छ। यस प्रश्नको उत्तर लेख्दा २/३ हरफमा प्रगतिवादको परिचय दिनुहोस् र अर्को अनुच्छेदका विद्यार्थीका भूमिकाहरूको चर्चा गर्नुहोस्। ती भूमिका मध्ये कुन कुन भूमिका किन हाम्रो सन्दर्भमा उपयोगी छन् वा उपयोगमा ल्याउन सकिंदैन छुट्याउनु होस् र आफ्नो तर्कद्वारा ती कुराहरूलाई पुष्टि गर्ने प्रयत्न गर्नुहोस्। अन्त्यमा २/३ हरफमा निष्कर्ष लेख्नुहोस्।

अभ्यासमा भएका वस्तुगत उत्तरहरू उत्तरकुन्जिका हेरी अङ्कन गर्नुहोस् र पृष्ठपोषण लिनुहोस्।

## 7) Suggested Reading


Aikin, F. S. (2006). Pragmatism, Naturalism, and Phenomenology. *Human Studies, 29(3)*. Springer. http://www.jstor.org.

Apple, M. W. and Whitty, G. ( 1999). Structuring the Postmodern in Education Policy. D. Hill, P. McLaren, M. Cole and G. Rikowski (edits.). *Postmodernism in Educational Theory: Education and the Politics of Human Resistance.* Clare Coogan Cole.

Bolton, N. (1979). Phenomenology and Education. *British Journal of Educational Studies 27(3).* Blackwell Publishing, Society for Educational Studies http://www.jstor.org .

Brann, E. T.H. (1992).What is Postmodernism? *The Harvard Review* of *philosophy*.

Calhoun, J. R. (1963). Existentialism, phenomenology, and literary theory. *South Atlantic Bulletin 28(4).* South Atlantic Modern Language Association. http://www.jstor.org.

Embree, L. (1997). What is phenomenology. In L. Embree, E. A. Behnke, D. Carr, J. C. Evans, & J. Huertas-Jourda et al. (Eds.), *The encyclopedia of phenomenology( 18).* Boston: Kluwer Academic.

Knox, P. and Marston, S. (2004) *Places and regions in global context: Human Geography*. New Jersey Pearson Eduction Inc.

Peters. M. (2002). Derrida and the tasks for the new humanities: postmodern nursing and the culture wars. UK. *Nursing Philosophy* (3), pp. 47–57. Blackwell Science Ltd.

Pring, R. (2004). *Philosophy of education: Aims, Theory, Common Sense and Research*. Continuum.

*Routledge Encyclopedia of Philosophy* (1998). Version 1.0, London and New York: Routledge.

Taylor, B. C. ( 2004). Postmodern Theory, chapt- 6. *Engaging Organizational Communication Theory and Research.* http/www.googlesearch.com.

Tiryakian, A. E. (1965). Existential phenomenology and the sociological tradition. *American Sociological Review 30(5).* American Sociological Association. Retrieved from http://www.jstor.org

Winch, C. and Gingell, J. (1999). *Key Concepts in the Philosophy of Education*. London. Routledge.

Kalen (1999). Postmodernism and education. *Polis Bilimleri Dergisi Cilt: 3 (1 -2).* Turkish Journal of Police Studies.

## एकाइ ३ : पूर्वीय शिक्षा दर्शन

## Eastern Philosophy of Education

### १) परिचय (Introduction)

दर्शनशास्त्रको विकासका दृष्टिले पूर्वीय क्षेत्र खास गरी भारतीय उपमहाद्वीप उर्वर मानिन्छ। यस उपमहाद्वीपमा प्राचीनकालमै दर्शनशास्त्रको विकास भइसकेको थियो। ऋषिमुनि तथा तपस्वीका साथै ज्ञानको खोजीका लागि भौतिक सुखसुविधाहरू परित्याग गरी हिंडेका साधकहरूको कठोर चिन्तन, मनन, अभ्यास र साधनाद्वारा धेरै किसिमका दार्शनिक विचारहरू विकास भएका छन्। ती दर्शनहरूले यो जगतदेखि अदृश्य जगत्सम्मका सम्पूर्ण पक्ष तथा तत्त्वहरूको व्याख्या गरेका छन्। शैक्षिक दृष्टिले पनि पूर्वीय चिन्तन परम्परा महत्त्वपूर्ण भएकाले यस एकाइमा पूर्वीय दर्शनसम्बन्धी विषयवस्तुहरू समावेश गरीएको छ।

पूर्वीय दर्शनलाई यस एकाइमा दुई भागमा बाँडिएको छ। पहिलो भागमा वैद्दिक दर्शन समेटिएको छ। जस अर्न्तगत पूर्वीय दर्शनका छ वटा दर्शनहरू– साङ्ख्य, योग, वैशेषिक, न्याय, मीमांशा र वेदान्त दर्शनको सामान्य परिचय र यी दर्शनका दार्शनिक पक्षहरूको चर्चा गरीएको छ। यी सबै दर्शनमा आधारित भई सम्पूर्ण वैद्दिक दर्शनको शैक्षिक उपयोगको सङ्क्षेपमा चर्चा गरीएको छ। पूर्वीय दर्शनको दोस्रो भागमा बुद्ध दर्शनको सामान्य चिनारी, यस दर्शनका दार्शनिक आधारहरू र यसको शैक्षिक उपयोगको सङ्क्षिप्त चर्चा गरीएको छ र अन्त्यमा समग्र पूर्वीय दर्शनको सङ्क्षिप्त समालोचना गरीएको छ।

### ३) विशिष्ट उद्देश्यहरू(Specific Objectives) पाठ्यवस्तुहरू (Contents)

| विशिष्ट उद्देश्यहरू (Specific Objectives) | पाठ्यवस्तुहरू (Contents) |
|---|---|
| • पूर्वीय दार्शनिक चिन्तनको वर्णन गर्न,<br>• पूर्वीय दर्शनको शैक्षिक प्रयोगको (शिक्षाको लक्ष्य, विधि, पाठ्यक्रम, शिक्षकको भूमिका र विद्यार्थीको भूमिका) विषयमा छलफल गर्न,<br>• पूर्वीय दर्शनको समीक्षा गर्न। | ३.१ वैद्दिक दर्शन र शिक्षा<br>३.१.१ षड्दर्शनको परिचय साङ्ख्य, योग, वैशेषिक, न्याय, मीमांसा र वेदान्त)<br>३.१.२ दार्शनिक आधारहरू<br>३.१.३ शैक्षिक उपयोग<br>३.२ बुद्ध दर्शन र शिक्षा<br>३.२.१ परिचय<br>३.२.२ दार्शनिक आधारहरू<br>३.२.३ शैक्षिक उपयोग<br>३.३ पूर्वीय दर्शनको समीक्षा |

### ३) प्रस्तुतिकरण (Content presentation)

### ३.१ वैद्दिक दर्शन (Vedic Philosophy)

### ३.१.१ परिचय (Introduction)

वैद्दिक चिन्तन पद्धति संसारकै प्राचीनतम चिन्तन पद्धतिको रूपमा मानिन्छ। मानवीय ज्ञानलाई समृद्ध गर्ने कुरामा वैद्दिक दर्शनहरूको योगदान अतुलनीय छ। विज्ञान, दर्शन, साहित्य, सङ्गीत, आध्यात्मिकता, धर्म र संस्कृतिको आधार भूमिको रूपमा वैद्दिक दर्शनहरूलाई मानिन्छ। ऋषि, महर्षिको कठोर चिन्तन, त्याग र तपस्याको परिणाम स्वरुष

यी दर्शनहरू विकास भएका छन्। जब संसारका अधिकांश मानिसहरू अज्ञानका अन्धकारमा सुतिरहेका थिए, त्यसबेला पूर्वीय क्षेत्रका ऋषिमुनिहरूले ज्ञानका अनेक दीपहरू प्रज्वलित गरीसकेको थिए । ऋषिमुनिहरूले केवल सामान्य घटनाको प्रक्षेपण मात्र गरेनन कि यो ब्रम्हाण्ड, सृष्टि, जीवन, मृत्यु, सुख, दुख जस्ता विषयमा सत्यको खोज गर्नेतर्फ केन्द्रित रहे।

पूर्वीय दर्शन परम्परामा विभिन्न किसिमका दार्शनिक चिन्तनहरू अस्तित्त्वमा छन् । जस्तै –वेद, उपनिषद, गीता, चार्वाक, जैन, बुद्ध, साङ्ख्य, योग, न्याय, मीमांशा, वैशोषिक, वेदान्त, र अन्य। पुस्तकमा वैद्विक दर्शनअर्न्तगतका छ वटा दर्शनहरू (साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त) को सामान्य चिनारी गर्ने प्रयत्न गरीएको छ।

### ३.१.२ षड्दर्शन (Six Philosophies)

वैद्विक चिन्तन परम्परामा धेरै साहित्यहरू छन्। वैद्विक साहित्यहरूको सङ्ख्या धेरै भएता पनि दर्शनकै रूपमा चिनिएका छ वटा दर्शनहरू महत्त्वपूर्ण छन्। ती हुन्– सङ्ख्या दर्शन, योग दर्शन, वैशेषिक दर्शन, न्याय दर्शन, मीमांशा दर्शन र वेदान्त दर्शन। यी प्रत्येक दर्शनको सङ्क्षिप्त पारिचय तलका शीर्षकहरूमा प्रस्तुत गरीएको छ।

### ३.१.३ साङ्ख्य दर्शन (Sankhya Philosophy)

'साङ्ख्य शब्द 'सङ्ख्या' शब्द द्वारा ब्युत्पन्न हुन्छ। सङ्ख्याको अर्थ हुन्छ सम्यक ज्ञान वा विवेक ज्ञान। केही विद्वानहरूको भनाइमा साङ्ख्य दर्शनको नामाकरण सङ्ख्या (गान्तिको) अर्थमा भएको पनि पाइन्छ। किनभने साङ्ख्य दर्शनले २५ तत्त्वलाई स्वीकार गरेको छ र यसलाई २५ तत्त्ववाला दर्शन भनेर चिनिन्छ। पूर्वीय दर्शन परम्परामा साङ्ख्य लाई सवभन्दा पुरानो भएको मानिन्छ। सङ्ख्या दर्शनका रचयिता महर्षि कपिल हुन्।

### ३.१.४ कार्यकारण वाद (Causality)

संख्य दर्शनका अनुसार प्रत्येक कार्यको कुनै कारण अवश्य नै हुन्छ  किनभने विना कारण कार्य उत्पन्न हुन सक्दैन । कुनै उत्पत्तिको अर्थ अभिव्यक्ति हो । कारणमा त्यो उत्पत्ति पहिलेदेखि नै बीज रूपमा वा अव्यक्त रूपमा अन्तरनिहित हुन्छ। कार्यद्वारा त्यसको प्रकटीकरण हुन्छ। जब कुनै कुरा विनास हुन्छ, त्यो पूर्णरूपमा  नष्ट भएको होइन। व्यप्त कार्य पुन आफ्नो कारण्मा विलीन मात्र भएको हो। त्यसैले हामीले देख्ने संसारका जति पनि कार्यहरू छन् ती सबै कार्यका पछाडि कारण छ।

### ३.१.५ प्रकृति (Prakriti)

साङ्ख्य दर्शनका अनुसार यो सम्पूर्ण जगतको जननी प्रकृति हो। सम्पूर्ण जगतको उत्पत्तिको कारण भएर पनि प्रकृति स्वयं अजन्म हो र उसको कुनै कारण छैन। सृष्टिको आदिकारण भएकोले यसलाई मूलप्रकृति मानिएको छ। यो नै समस्त सृष्टिको प्रधान कारण हो। प्रकृति सत्व, रज र तम नामक तिन गुणद्वारा बनेको छ। समस्त जगत उसैबाट सृजित हुन।

### ३.१.६ पुरुष (Purusa)

साङ्ख्य दर्शनमा दोस्रो स्वतन्त्र तत्त्वको रूपमा पुरुषलाई लिइएको छ। साङ्ख्य ले भनेको 'पुरुष' 'पुरुष जाति' को अर्थमा होइन, एउटा स्वतन्त्र चेतन तत्त्वको रूपमा यसलाई बुझ्नुपर्छ। साङ्ख्य का अनुसार पुरुष चेतन या आत्म तत्त्व हो। जो शरीर, इन्द्रियहरू, मन, वुद्धि र अहंकारभन्दा भिन्न छ। पुरुषको स्वभाव चैतन्य छ। ऊ व्यापक र निर्गुण छ। कार्यकारण भावभन्दा पर छ, ऊ नित्य भएर पनि कसैले उत्पन्न गरेको होइन, न उ कसैको कारण हो, उसले कसैलाई उत्पन्न पनि गर्दैन।

### ३.१.७ पच्चिस तत्त्व (Twenty five elements)

साङ्ख्य दर्शनले तत्त्व विश्लेषणका क्रममा पच्चिस तत्त्वहरूको उल्लेख गरेको छ  –ती २५ तत्त्वहरू निम्नानुसार छन् :

१. प्रकृति

२. महत् या वुद्धि

३. अहंकार (अभिमान)

४.	मन

५-९	पञ्चज्ञानेन्द्रिय (आँखा, जिब्रो, नाक, कान, छाला)

१०-१४	पञ्चकर्मेन्द्रिय (मुख,हात, पाउ, मलद्वार, जनेन्द्रिय)

१५-१९	पञ्चतन्मात्रा (रूप, रस, गन्ध, स्पर्श, शब्द)

२०-२४	पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकास)

२५.	पुरुष

### ३.१.८ सृष्टिक्रम (Evolution)

सृष्टिका ऋममा सर्वप्रथम महत्त्व अर्थात् बुद्धिको सृष्टि हुन्छ । प्रकृतिबाट सृजना हुनाले यो अचेतन हुन्छ । यो प्रकृतिको सुक्ष्मतम् तत्त्व हो जसले चैतन्य पुरुषलाई स्वच्छ ऐनाले जस्तै आफूमा प्रतिविम्बित गर्छ । यसबाट अचेतन बुद्धि चेतन हुन्छ । अनि निर्गुण पुरुष साकार ज्ञाता र भोक्ता जीवको रूपमा प्रतीत हुन्छ । महत् वा बुद्धिद्वारा अहंकार उत्पन्न हुन्छ । अहंकार अभिमानको भावना हो, म र मेरो भन्ने भावना हो । अहंकार तिन प्रकारको हुन्छ । सात्विक, राजय र तामस । सात्विक अहंकारबाट मन र पञ्च कर्मेन्द्रिय पञ्च ज्ञानेन्द्रिय उत्पन्न हुन्छन् । तामस अहंकार तमोगुण प्रधान हुन्छ । यसबाट पञ्चतन्मात्रा उत्पन्न हुन्छन् । र यसैबाट पञ्चमहाभूत उत्पन्न हुन्छन् । यसरी सृष्टिको कम अधि बढ्छ ।

### ३.१.९ बन्धन र मोक्ष (Bondage and Salvation)

साङ्ख्य दर्शनका अनुसार संसारिक जीवन त्रिविध दुःखः आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःखले भरिएको छ । आध्यत्मिक दुख शारीरिक र मानसिक दुख हुन् । शारीरिक पीडा, रोग आदि शारीरिक दुख हुन । मनसंग सम्बन्धीत दुख मानसिक दुख हुन । काम, क्रोध, लोभ, मोह आदि जस्ता मनोविकासका कारण मानसिक दुख उत्पन्न हुन्छ । अधिभौतिक दुःख बाह्य वस्तुका कारण हुने दुःख हुन् । जस्तै सर्प बिच्छी आदिले डस्नु, युद्धमा संलग्न हुन, जंगली जनावरहरूको आक्रमणमा पर्नु आदि । आधिदैविक दुःख दैवी विपत्तीबाट हुने दुःख हुन् । जस्तै बाढी, पहिरो, भूकम्प, खडेरी, भूतप्रेत आदिको भय । साङ्ख्य दर्शनका अनुसार दुःखको कारण अज्ञानता हो । शुभ कर्मले सुख अशुभ कर्मले दुःख उत्पन्न हुन्छ । ज्ञानद्वारा मोक्ष प्राप्त हुन्छ तर अज्ञानताले बन्धन प्राप्त हुन्छ ।

## ३.२ योग दर्शन (The Yoga Philosophy)

### ३.२.१ परिचय (Introduction)

योग शब्द ‘युज’ धातुबाट व्युत्पन्न हुन्छ । जसको अर्थ हो– ‘समाधि’। योग शब्दको अर्थ जोड्नु वा मिलाउनु पनि हुन्छ । त्यसैले ‘समाधि’ र ‘जोड्नु’ दुवै अर्थमा योगको अर्थ प्रयुक्त देखिन्छ । जिवात्मा र परमात्माको मिलान हुनु नै योग हो । यसका रचयिता पतञ्जलिले योगलाई चित्रवृत्तिनिरोध भनेका छन् । चित्रवृत्तिको निरोध समधिको अवस्थामा हुन्छ । त्यसैले योगलाई समाधि भनिएको हो । योगले कर्मका विधानहरू उल्लेख गरेको छ त्यसैले यसलाई कर्मप्रधान दर्शन मान्न सकिन्छ । योगले मोक्ष मार्ग उल्लेख गर्छ यस अर्थमा यो मोक्ष प्रदायक दर्शन हो । पतन्जलि योग दर्शनमा चार पादहरू – समाधिपाद, साधनपाद, विभूतिपाद र कौवल्यपाद, छन् ।

### ३.२.२ चित्ता तथा चित्ताका वृत्तीहरू (Chitta and Chitta Virti)

चित्तको अर्थ हो अन्तस्करण । योग दर्शनले बुद्धि, अहङ्कार र मन यी तिनवटालाई मिलाएर चित्त ‘नाम दिएको छ । चित्त प्रकृति द्वारा सृर्जित तत्त्व हो र यसमा सत्वगुण प्रधान हुन्छ । चित्त सुद्ध चैतन्य स्वरूप पुरुषको अभिव्यक्तिको माध्यम हो । चेतन पुरुषको सम्पर्कले अचेतन चित्त चेतन हुन्छ । जब नित्य, निराकार पुरुष चैतन्य चित्तको सम्पर्कद्वारा साकार, सीमित अनित्य जीव चैतन्यको रूपमा आउँछ, यो अवस्था नै पुरुषको बन्धनको अवस्था हो । जब साम्यक ज्ञानद्वारा मानिसले यो कुरा बुझ्छ चित्त वृत्ती निरोध हुन्छ । चित्त प्रकृतिमा विलीन हुन्छ र पुरुष चाहि आफ्नो चैतन्य स्वरूपमा प्रकाशित हुन्छ । यो अवस्थालाई नै योग दर्शनले मोक्षको अवस्था मानेको छ ।

### ३.२.३ चित्ता बृत्तिका प्रकारहरू (Types of Chitta Virti)

योगदर्शनले पाँच प्रकारका चित्त बृत्तिहरू बताएको छ –१. प्रमाण २. विपर्यय ३.विकल्प ४.निद्रा ५. स्मृति । सत्य ज्ञान तिन प्रकारका हुन्छन् – प्रत्यक्ष, अनुमान र शब्द ।इन्द्रियहरूद्वारा प्रत्यक्षीकरण हुने ज्ञानलाई प्रत्यक्ष ज्ञान भनिन्छ । वस्तु वस्तु बिचको सम्बन्धका आधारमा अनुमान गरी प्राप्त हुने ज्ञानलाई अनुमान प्रमाण भनिन्छ । वेद, सत् शास्त्र तथा

आप्त पुरुषका वचनलाई शब्द प्रमाण भनिन्छ। मिथ्या ज्ञान त्यो हो, जुन आफ्नो स्वरूपभन्दा विपरीत प्रतीत हुन्छ। जस्तै एउटा चन्द्रमाको ठाउँमा २ वटा चन्द्रमा देख्नु, डोरीलाई सर्प देख्नु।

### ३.२.४ चित्तावृत्तिका अवस्थाहरू (Conditions of Chitta Virti)

योग दर्शनले चित्त वृत्तिका पाँच अवस्थाहरू उल्लेख गरेको छ – क्षिप्त, मूढ विक्षिप्त, एकाग्र र निरुद्ध। क्षिप्त चित्तमा रजोगुणको अधिकता हुन्छ, जसले गर्दा चित्त अस्थिर, चञ्चल र विषय उन्मुख भएर सुख दुखको भोग गर्छ। मूढ चित्तमा तमोगुणको अधिकता हुन्छ। जसका कारण चित्त विवेक शुन्य, कर्तव्य अकर्तव्यको बोध रहित भई प्रमाद, आलस्य, निद्रामा परिरहन्छ अर्थात् विवेकहीन कार्यमा प्रवृत्त हुन्छ। विक्षिप्त चित्तवृत्ती सत्व गुणको अधिकता रहन्छ। तर कहिलेकाहीं रजोगुणपन देखिन सक्छ। विक्षिप्तको तात्पर्य हो विशेष रूपले क्षिप्त, अर्थात् अधिक क्षिप्त चाहि होइन, पूर्णरूपले क्षिप्त भएको भन्दा अलि उत्तम अवस्था यस्तो अवस्थामा ध्यानमा एकाग्रता हुँदैन। चित्तवृत्तिको चौथो अवस्थामा चित्त एकाग्र हुन्छ। त्यस अवस्थामा सत्व गुणको अधिकता हुन्छ र रजोगुण र तमोगुण दबेका हुन्छन्। चित्त विभिन्न वृत्तिहरूबाट रहित भएर ध्येय वृत्तीमा एकाग्र हुन्छ। चित्तवृत्तिको पाँचौ र अन्तिम अवस्था विरुद्ध अवस्था हो। यस अवस्थामा वृत्तिहरू केही समय सम्म निरोध हुन्छन्। तर संस्काहरू पूर्णरूपमा निरुद्ध हुन्छन यो अवस्था नै मोक्ष हो।

### ३.२.५ पाँच क्लेशहरू (Five Sorrows)

योग दर्शनले पाँच क्लेश (दुःख) को चर्चा गरेको छ। ती पाँच क्लेश हुन – अविद्या, अस्मिता, राग, द्वेश र अभिनिवेष। अविद्या भनेको अनित्य वस्तुहरूलाई नित्य सम्झिनु, अपवित्र कुराहरूलाई पवित्र सम्झिनु, दुखदायकलाई सुखदायक देख्नु र अनात्मालाई आत्मा सम्झिनु हो। अस्मिताको अर्थ हो शरीर र मनलाई 'म' वा 'आफू' सम्झिनु। राग भनेको दुख सृजना गर्ने पदार्थहरू प्रति आशक्ति राख्नु। द्वेशको अर्थ हो – दुखदायी पदार्थप्रति क्रोध र घृणाको भावना राख्नु। अभिनिवेष भनेको सधैं जीवीत रहने अपेक्षा गर्नु र मृत्युबाट भयभित हुनु।

### ३.२.६ अस्टाङ्क योग (The eightfold Path of Yoga)

योग दर्शनले शरीर, इन्द्रियहरू र चित्तवृत्तीको शुद्धिका लागि निम्न अनुसारका आठ अङ्गहरूको वर्णन गरेको छ :

१. **यम (Absention):** यमको अर्थ हो नियन्त्रण वा संयम। योग साधनाका लागि मन, वचन र शरीरलाई समयभित्र बनाउनु आवश्यक छ। यम पाँच प्रकारका हुन्छन्। अहिंशा – मन वचन र कर्मले कुनै प्राणीको हिंशा नगर्नु। सत्य – मन, वचन र कर्मले सत्यको पालन गर्नु। अस्तेय – मन, वचन र कर्मले अरूको वस्तुको हरण वा चोरी नगनु र कसैलाई उसको अधिकारबाट प्राप्त वस्तु तथा अवसरबाट बन्चित नगुर्नु। ब्रहचर्य –मन, वचन र कर्मले यौन समयम रहनु। अपरिग्रह – मन, वचन र कर्मले विषय भोगका लागि वस्तुहरूको सङ्ग्रह नगर्नु।

२. **नियम (Observances):** नियम भन्नाले योग साधनका लागि आवश्यक नियम भनिएको हो। योग साधनका लागि पाँच नियमहरू पालन गर्न योग दर्शनले निर्देशित गरेको छ। शौच – शौचको अर्थ हो शुद्धि या सफाइ। शरीर र चित्तमा भएका फोहोर वा मयललाई सफा गर्नु। सन्तोष – सबै किसिमका तृष्णाहरूलाई त्याग गरी उचित प्रयत्न द्वारा जे प्राप्त हुन्छ त्यसलाई प्रशन्नतापूर्वक ग्रहण गर्नु। र आवश्यकता भन्दा बढी वस्तुहरूको सङ्ग्रह गर्ने इच्छा नराख्नु। तप – उपयुक्त तरिका र अभ्यासद्वारा शरीर तथा मनलाई सबै प्रकारका द्वन्द्वबाट मुक्त राख्नु। सुख–दुख, जाडो– गर्मी आदि सहन गर्ने क्षमता विकास गर्नु। स्वध्याय – शास्त्रहरूको अध्ययन गर्नु र मन्त्र जय गर्नु। ईश्वरप्रणिधान – ईश्वरको ध्यान एवं स्मरण गर्नु।

३. **आसन (Postures) :** आशन भनेको शरीरको सम्यमता हो। ध्यानका लागि त्यस्तो आशनको आवश्यकता पर्दछ, जसले शरीरलाई सुख प्राप्त होस र चित्त स्थिर बनिरहोस।

४. **प्राणायाम (Breathe Control):** प्राणायाम भनेको प्राण वायु वा श्वास – प्रश्वास प्रकृयाको सम्यमता हो। पतन्तजलिका शब्दमा 'स्वास – प्रश्वासको स्वभाविक गतिलाई रोक्नु नै प्राणायाम हो'। योग दर्शनमा तिन किसिमका प्राणायामको चर्चा गरीएको छ। पूरक – श्वासलाईभित्र तानेर रोक्नु, रेचक – भित्रको वायुलाई बाहिर निकालेर रोक्नु, कुंभक – श्वास– प्रश्वासको भित्री वा बाहिरी गतिलाई रोक्नु।

५. **प्रत्याहार (Sense Control):** प्रत्याहारको शाब्दिक अर्थ हो 'पछाडि सर्नु' । इन्द्रियहरूको बहुमुखी प्रवृत्तिलाई अन्तरमुखी बनाउनु, इन्द्रियहरूलाई विषयहरूबाट हटाएर मनको वशमा राख्नुलाई यहाँ प्रत्याहार भनिएको हो।

६. **धारणा (Fixing the mind on a particular subject):** धारणाको अर्थ हो चित्तलाई अन्य बस्तुबाट हटाउँदै एक विशेष ध्येय (ध्यान गरीएको वस्तु) तर्फ स्थिर गर्नु।

७. **ध्यान (Meditation):** जब चित्त निरन्तर र एकाग्रता पूर्वक ध्येय वस्तुमा प्रवाहित हुन्छ त्यो अवस्था नै ध्यान हो। ध्यान द्वारा ध्येय वस्तुको यथार्थ ज्ञान प्राप्त हुन्छ।

८. **समाधि (Concentration) :** समाधि शब्दको अर्थ एकाग्रता । त्यस्तो एकाग्रता जहाँ ध्यान गर्नेले आफूलाई ध्यान गरीएको वस्तुमै लिन गराओस। समाधि अवस्थामा ध्यानले ध्येय वस्तुकै आकार ग्रहण गर्दछ । ध्यान र ध्यान गरीएको वस्तुको एकता भएपछि ध्यान गर्ने व्यक्ति पनि ध्यान गरीएको वस्तुमा एकाकार हुन्छ ।

### ३.२.७ ईश्वर (The God)

योग दर्शनले साङ्ख्या दर्शनले ईश्वरको अस्तित्त्वलाई स्वीकार गर्दछ। ईश्वर सधैं मुक्त छ। नित्य एवं स्थान विशेष र समय भन्दा पर छ। ईश्वरमा ज्ञान र ऐश्वर्यको पूर्णता हुन्छ। योगमा ईश्वरको व्याख्या जगतको सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताको रूपमा नभएर एक विशेष पुरुषको रूपमा गरीएको छ।

## ३.३ वैशेषिक दर्शन (Vaisesika Philosophy)

### ३.३.१ परिचय (Introduction)

वैशेषिक दर्शन साङ्ख्य दर्शनपछिको सर्वाधिक प्राचीन मानिन्छ। यो बहुतत्त्ववादी वस्तुवादी दर्शन हो। किन भने यसले वस्तुहरू बिचको भेदलाई जोड दिन्छ। यस दर्शनका प्रवर्तक महर्षि कणाद हुन्। कसैले भन्छन् – यसले पदार्थ विशेषको चर्चा गरेकोले यसको नाम बैशोषिक भयो। कसैले साङ्ख्य आदि दर्शनभन्दा विशेष महत्त्वको दर्शन भएकोले वैशेषिक नामाकरण गरीएको हो। नाम जे भए पनि यस दर्शनले पदार्थहरूको गहन विश्लेषण गरेको छ।

### ३.३.२ पदार्थ (Matters)

पदार्थको वर्गीकरण र परमाणुवादको स्थापना वैशेषिक दर्शनका प्रमुख विषयहरू हुन्। पदार्थको अर्थ हो – पदको अर्थ अर्थात् कुनै पद (नाम) द्वारा साङ्केतिक वस्तु। पदार्थको सामान्य लक्ष्यण केहो भने – नामद्वारा चिनिने योग्यता भएको वस्तु र 'ज्ञेयत्व' अर्थात् ज्ञानको विषय बन्ने योग्यता भएको वस्तु। त्यसैले कुनै पनि वस्तु जसलाई नामले चिन्न सकिन्छ र त्यो ज्ञानको विषय बन्न सक्छ भने त्यसलाई पदार्थ भनिन्छ। वैशेषिक दर्शनले यी ज्ञेय पदार्थहरूको वर्गीकरण गरेको छ। त्यसैले वैशेषिक दर्शनले अनगिन्ती पदार्थहरूलाई सात मुख्य भागमा वर्गिकरण गरेको छ। ती हुन – १. द्रव्य, २.गुण, ३.कर्म, ४.सामान्य, ५.विशेष, ६.समवाय, ७.अभाव।

- **द्रव्य (Substance)**

वैशेषिक दर्शनका अनुसार द्रव्य भनेको गुण र क्रियाको आधार हो। द्रव्यको स्वतन्त्र सत्ता छ र द्रव्य गुण र कर्मको आश्रय स्थल हो। द्रव्य स्वरूपका दृष्टिले नित्य, स्वतन्त्र विशेषयुक्त हुन्छ र अणुरूप हुन्छ। द्रव्य भनेको गुण र कर्मको आधार हो। वैशेषिक दर्शनअनुसार द्रव्य नौ वटा छन् :– १. पृथ्वी, २. जल, ३. तेज, ४. वायु, ५.आकास, ६.दिक, ७.काल, ८.आत्मा, ९.मन। यी मध्ये पहिला ४ वटा (पृथ्वी, जल, तेज, वायु) लाई अनित्य द्रव्य भनिएको छ भने बाँकी पाँचवटा (आकाश, काल, दिक, आत्मा र मन) लाई नित्य द्रव्य भनिएको छ। तर प्रथम चार द्रव्यहरू परमाणु रूपका दृष्टिले चाहि नित्य हुन्। अनित्य द्रव्यहरू आफूभन्दा फरक अन्य कुनै कारणले उत्पन्न हुन्छन् र नस्ट हुन्छन्। यसको विपरीत नित्य द्रव्यहरू नित्य, स्वतन्त्र र निरपेक्ष हुन्छन्। सम्पूर्ण जीव र निर्जीव पदार्थहरू यिनै नित्य तथा अनित्य नौ द्रव्य अन्तर्गत नै पर्दछन्।

- **गुण (Quality)**

वैशेषिक दर्शनले गुणलाई पनि पदार्थको श्रेणीमा राखेको छ। तर गुणलाई त्यस्तो मानिएको छ, जसको स्वतन्त्र अस्तित्त्व हुँदैन। गुण द्रव्यमा आश्रित हुन्छ। वैशेषिक दर्शनमा २४ प्रकारका गुणहरूको चर्चा गरीएको छ। १.रूप २. रस

३. गन्ध ४. स्पर्श ५.सङ्ख्या ६. परिणाम ७.पृथकत्व ८. संयोग ९.वियोग १०.दूरी ११.समिपता १२. बुद्धि १३.सुख १४.दुख १५.इच्छा १६. द्वेष १७.प्रयत्न १८.गुरुत्व १९.द्रवत्व २०.स्नेह २१. संस्कार २२.धर्म २३.अधर्म २४. शब्द।

- **कर्म (Action)**

कर्मको पनि स्वतन्त्र अस्तित्त्व छैन। गुण पनि द्रव्यमै आश्रित छ। कर्म प्रयत्नपुर्वक द्रव्यमा केही समयका लागि प्रकट हुन्छ। कर्म वस्तुहरूको संयोग वा विभागको कारण हो। सबै द्रव्यमा कर्म हुँदैन। कर्म मूर्त द्रव्यमा मात्र हुन्छ। अर्थात् कर्म पृथ्वी, जल, तेज, वायु र मन मा भाग रहन्छ। आकाश, दिक् काल र आत्मामा कर्म रहन सम्भव छैन।

- **सामान्य (Generality)**

सामान्यलाई जाति पनि भनिन्छ। संसारमा असङ्ख्य पदार्थ छन् त्यसमध्ये कतिपय साझा विशेषता भएका छन् भने कतिपय विल्कुलै भिन्न विशेषताका छन्। पदार्थहरूमा हुने समानताका गुणलाई नै यहाँ जाति भनिएको हो। वैशेषिक दर्शनले सामान्यलाई एक र अनेक भित्र एक मानेको छ। प्रत्येक मानिसहरू आफैंमा अलग अलग व्यक्ति हुन तर त्यो अनेकताभित्र 'मनुस्यत्व' एक छ। यही नै सामान्य हो।

- **विशेष (Particularity)**

वैशेषिक दर्शनका अनुसार प्रत्येक नित्य द्रव्यहरू जस्तै परमाणु, आत्मा, मन, आकाश, काल, दिक्, मा आफ्नै 'विशेष' हुन्छ। जसले उसलाई अन्य द्रव्यभन्दा भिन्न गराउँछ। नित्य द्रव्यमा रहने यो विशेष पनि नित्य हुन्छ। नित्य द्रव्य अनन्त छ त्यसैले विशेष पनि अनन्त छ। एउटा नित्य द्रव्यमा हुने विशेषले त्यो द्रव्यलाई अन्य द्रव्यभन्दा भिन्न गराउँछ।

- **समवाय (Inherence)**

संसारमा रहेका वस्तुहरू बिच हामी अनेक प्रकारको सम्बन्ध देख्न सक्छौं। कुनै सम्बन्ध क्षणिक हुन्छ तर कुनै सम्बन्ध स्थायी वा नित्य हुन्छ। जस्तै लेख्दाको समयमा कलम र कागजको सम्बन्ध क्षणिक हुन्छ। तर कुनै पदार्थमा यस्तो योग हुन्छ जसलाई भिन्न गर्न सकिन्न जस्तै कपास र कपडा, घडा र माटो। यिनीहरूलाई पृथक गर्न खोज्यो भने एउटा पदार्थ (कपडा, घडा) नास हुन्छ। अधिल्लो किसिमको सम्बन्ध जसलाई पृथक गर्न सकिन्छ, लाई संयोग सम्बन्ध भनिन्छ। पछिल्लो किसिमको सम्बन्ध जसलाई पृथक गर्न सकिदैन 'समवाय' सम्बन्ध भनिन्छ।

- **अभाव (Non-Existence)**

अभाव शब्दले 'नभएको' बोध गराउँछ। जस्तै रातमा सूर्य नहुनु, घडामा पानी नहुनु यो अभाव हो। अभाव सधैं भाव सापेक्ष हुन्छ। अभावको ज्ञान विरोधी ज्ञान भाव विना हुन सक्दैन। जस्तै आकासमा सूर्यको अभाव तब मात्र सम्भव हुन्छ, जब आकाशमा सूर्य हुन्छ भन्ने भावको ज्ञान हुन्छ।

### ३.३.३ कारण (Causes)

वैशेषिक दर्शनमा कारणको चर्चा पनि छ। अन्य दर्शनहरूले कारणका दुईवटा भेद मात्र मानेका छन् (उपादान कारण र निमित्त कारण)। तर वैशेषिक दर्शनले तिनवटा कारणहरू उल्लेख गरेको छ।

- **समवायी कारण (Inherent cause):** कुनै दुई पदार्थ बिचको अन्तरनिहित सम्बन्ध जसलाई पृथक गर्न सकिदैन। जस्तै माटो र घडा वीचको सम्बन्धे।
- **असमवायी कारण (Non-inherent cause):** असमवायी कारण केवल गुण र कर्ममा हुन्छ। जो समवायी कार्यको जनक हो त्यो कारण नै असमवायी कारण हो। जस्तै कपडामा रेशाहरूको रङ्ग। कपडा रङ्गीन हुनुको कारण रेशामा (धागोमा) लगाईएको रंग कारण हो।
- **निमित्ता कारण (Efficient causes):** जो कुनै कार्यको कर्मकर्ता हो र ऊ विना त्यो कार्य उत्पन्न हुँदैन त्यो निमित्त कारण हो। जस्तै घडा बनाउनका लागि कुमाले, उसको चक्र, लट्ठी आदि निमित्त कारण हुन्।

### ३.३.४ परमाणुवाद (Atomism)

वैशेषिक दर्शनका अनुसार यस जगतको सृष्टिको कारक तत्त्व (उपादान कारण) परमाणुहरू हुन् र पदार्थहरूमा परमाणु हुन्छन्। त्यसैले यस सिद्धान्तलाई परमाणुवाद भनिन्छ। वैशेषिक दर्शनका अनुसार परमाणुहरू नै जगतका कारण

हुन् । यस जगतका सारा भौतिक पदार्थहरू वा सृष्टिहरू विनाशशील छन् । ती प्रत्येक वस्तुहरू नित्य परमाणुहरूको विभिन्न संयोग द्वारा बन्छन् । त्यसैले पदार्थको उत्पत्तिको अर्थ परमाणुहरूको संयोग र विनासको अर्थ हो परमाणुहरूको वियोग /सृष्टिको मूल तत्त्व परमाणु नित्य छ। परमाणुलाई इन्द्रियहरू द्वारा प्रत्यक्षीकरण गर्न सकिदैन। परमाणु नित्य तथा अविभाज्य भौतिक द्रव्य हो।

### ३.३.५ ईश्वर (The God)

प्रारम्भिक कणाद ऋषिको वैशेषिक सूत्रमा ईश्वरको विषयमा स्पष्ट उल्लेख भएको पाइदैन । तर वैशेषिक का पछिल्ला आचार्यहरूले ईश्वरको सत्ता स्पष्ट रूपले स्वीकार गरेका छन् र ईश्वर सिद्धिका प्रमाणहरू प्रस्तुत गरेका छन्। पछिल्ला टीकाकारहरूले गरेको व्याख्या अनुसार वेद ईश्वर– वाक्य हो । ईश्वर नित्य, सर्वज्ञ र पूर्ण छन् । ईश्वर यस जगतका निमित्त कारण हुन भने परमाणु चाहिँ उपादान कारण हुन् । अनेक परमाणु र अनेक आत्माहरू नित्य र स्वतन्त्र द्रव्यका रूपमा ईश्वरको साथ विराजमान छन् । ईश्वरले यिनको सृष्टि गर्दैनन् किनकि नित्य भएकाले परमाणु र आत्मा उत्पत्ति र विनास रहित छन् । ईश्वरको कार्य सृष्टिको समयमा परमाणुमा आद्यस्पन्धन (कम्पन/गति) प्रदान गर्नु हो र प्रलयको समयमा त्यस गतिलाई अवरोध गरी सृष्टिलाई पुन अदृश्य तर्फ सङ्क्रमित गर्नु हो।

### ३.३.६ बन्धन र मोक्ष (Bondage and Liberation)

वैशेषिक दर्शनको लक्ष्य पनि अन्य दर्शनहरूको जस्तै मोक्ष प्राप्ति नै हो। वैशेषिक दर्शनका अनुसार अविद्याका कारण बन्धन हुन्छ र विद्याद्वारा मोक्ष प्राप्ति हुन्छ। अविद्यावस आत्मा कर्म जालमा फस्छ र कर्मले उसलाई बन्धनमा पार्छ । कर्मद्वारा धर्म अधर्मको सन्चिति हुन्छ। ज्ञानद्वारा कर्मको नास गरेपछि नयाँ कर्महरू उत्पन्न हुँदैनन। सन्चित कर्महरूको नास र नयाँ कर्मको सृजना नभएपछि आत्मा शरीर, इन्द्रिय र मनबाट अलग भएर आफ्नो सुद्ध स्थितिमा आउँछ। यही आत्माको सुद्ध अवस्था नै मोक्ष हो जहाँ दुखको नास पूर्ण रूपले हुन्छ।वैशेषिक दर्शनमा मोक्ष प्राप्तिका साधनहरू पनि उल्लेख गरीएको छ। ति हुन् – तत्त्वज्ञान, श्रद्धा, निष्काम कर्म र ईश्वरीय कृपा।

## ३.४ न्याय दर्शन (Nyaya Philosophy)

### ३.४.१ परिचय (Introduction)

न्याय शब्द अनेक अर्थमा प्रयोग हुन्छ तर दार्शनिक क्षेत्रमा न्याय शब्दको अर्थ हो –जसद्वारा प्रतिपाद्य विषयलाई सिद्ध गर्न सकिन्छ वा जसको सहायताद्वारा कुनै निश्चित सिद्धान्तमा पुग्न सकिन्छ। यसबाट के बुझिन्छ भने न्याय विद्या प्रतिपादन गर्ने दर्शन हो। न्याय दर्शनलाई प्रमाण शास्त्र पनि भनिन्छ। न्याय दर्शनका प्रवर्तक महर्षि गौतम हुन्।

### ३.४.२ न्याय र ज्ञानशास्त्र (Nyaya and Epistemology)

न्याय दर्शनको मूल विषय नै ज्ञानसंग सम्बन्धीत छ। न्यायमा वुद्धि, उपलब्धि, अनुभव जस्ता शब्दहरूलाई ज्ञानको पर्याय शब्दको रूपमा प्रयोग गरीएको छ। न्याय कदृर बस्तुवादी दर्शन भएकोले ज्ञानलाई ज्ञाता र ज्ञेय (ज्ञान लिने व्यक्ति र ज्ञान गरीने वस्तु) बिचको सम्बन्ध मान्दछ। विना ज्ञाता र ज्ञेय ज्ञान प्राप्त हुन सक्दैन। जब आत्मा वा ज्ञाता ज्ञेयको सम्पर्कमा आउँछ तब मात्र ज्ञान नामक गुण उत्पन्न हुन्छ। आत्मा ज्ञानको आश्रय हो। ज्ञान चाहिं उत्पन्न हुन्छ। आत्मा ज्ञानको आश्रय हो। ज्ञान चाहिं आत्माको आगन्तुक धर्म हो। ज्ञानको कार्य ज्ञेय पदार्थलाई प्रकाशित गर्नु हो। जसरी बत्तीले नजिकका वस्तुहरूलाई प्रकाशित गर्छ, त्यसरी नै ज्ञानले आफू नजिक रहेका वस्तुहरूलाई प्रकाशित गर्दछ। अनुभव दुई प्रकारका हुन्छन् – यथार्थ अनुभव र अथयार्थ अनुभव। कुनै वस्तुलाई त्यो वस्तु जे हो त्यही रूपमा ज्ञान गर्नु यथार्थ ज्ञान हो भने कुनै वस्तुलाई त्यही रूपमा नभएर अर्कै रूपमा ज्ञान गर्नु अयथार्थ अनुभव हो। जस्तै डोरीलाई सर्पको रूपमा जान्नु।

### ३.४.३ प्रमा र अप्रमा (प्रमाण र अप्रमाण) (Real & Unreal Knowledge)

न्यायले यथार्थ ज्ञानलाई प्रमाण भनेको छ। वस्तु जे रूपमा छ त्यही रूपमा ग्रहण गर्नु प्रमा हो। डोरीलाई डोरीकै रूपमा घडालाई घडाकै रूपमा ग्रहण गर्नु प्रमा हो। अतः यथार्थ ज्ञान र यथार्थ अनुभवलाई न्यायले प्रमा मानेको छ। यसको ठिक विपरित अयथार्थ ज्ञानलाई अप्रमा भनिएको छ। संसय, भ्रम र तर्क अप्रमाअन्तर्गत राखिएको छ।

- **अनुमान (Inference)**

अनुमान त्यस्तो ज्ञान हो जुन प्रत्यक्षबाट अप्रत्यक्ष तर्फ आउँछ। अनुमान ज्ञान आफ्नो उत्पत्तिका लागि प्रत्यक्ष ज्ञानमा आश्रित हुन्छ। अनुमानद्वारा भूत र भविष्यको पनि ज्ञान हुन्छ तर प्रत्यक्ष ज्ञान वर्तमानको मात्र ज्ञान हो।

***स्वार्थ अनुमान***– जब मानिस आफ्नै स्वप्रयोजनका लागि वा ज्ञान प्राप्तिका लागि अनुमान गर्छ त्यसलाई स्वार्थ अनुमान भनिन्छ।

***परमार्थ अनुमान*** – जब अरूलाई बुझाउनका लागि अनुमान गरीन्छ त्यो परमार्थ अनुमान हो।

- **उपमान (Anology)**

उपमान अर्थ हो उपमा अर्थात् सादृश्यताका आधारमा ज्ञान प्राप्त गर्नु । न्याय दर्शनले उपमालाई पनि प्रमाण मानेको छ। यस प्रमाणअर्न्तगत हामी त्यस वस्तुको ज्ञान प्राप्त गर्दछौं जो हाम्रा लागि अज्ञात हुन्छ। तर त्यो अज्ञात वस्तु जस्तै वस्तुको बारेमा हामीलाई पहिलेदेखि नै ज्ञान हुन्छ। त्यही पहिलेदेखि नै जानिराखेको (सादृश्य) वस्तुका आधारमा हामी कुनै अज्ञात वस्तुको ज्ञान गर्छौं। जस्तै हामीले कहिल्यै नीलगाई देखेको छैन। नीलगाई गाई जस्तै हुन्छ र जङ्गलमा बस्छ भन्ने हामीलाई थाहा छ भने जंगलमा गएर हेर्दा गाई जस्तै कुनै प्राणी देख्यौ भने यो नीलगाई हो भन्ने ज्ञान प्राप्त हुन्छ ।

- **शब्द प्रामाण (Authority or testimony)**

शब्द प्रमाण भनेको कसैको शब्द या कथनलाई प्रमाण मान्नु। शब्द तब प्रमाण बन्दछ जब त्यो शब्द यथार्थ, वास्तविक र विश्वास योग्य हुन्छ। सबै मानिसहरूको शब्दलाई ज्ञान मान्न सकिदैन। शब्दज्ञानका लागि आधिकारिक वा विश्वासनीय व्यक्ति आवश्यक हुन्छ। विश्वासनीय व्यक्तिको कथन नै 'आप्त वचन' हो। आप्त पुरुषको उपदेशहरू नै शब्द हुन्। वेद, पुराण, ऋषि, धर्मशास्त्रहरू आदिबाट जुन ज्ञान प्राप्त हुन्छ त्यसलाई शब्दज्ञान वा शब्द प्रमाण मानिएको छ ।

### ३.४.४ आत्मा (Soul)

न्याय दर्शनमा आत्मालाई महत्त्वपूर्ण मानिएको छ। किनभने आत्मा तत्त्वको ज्ञानबाट नै मानिसको मुक्ति प्राप्त गर्ने विश्वास मानिन्छ। न्याय दर्शनका अनुसार आत्मा स्वभावतः निर्गुण एवं निस्कृय छ। शरीर र मनको सम्पर्कमा आएपछि उसमा चेतनाको उत्पत्ति हुन्छ। त्यसैले चेतना आत्माको आगन्तुक गुण हो। न्यायले आत्मालाई सत् स्वरूप मान्दछ। आत्माको सत्ता नित्य छ। मृत्युपछि शरीरको नास हुन्छ। आत्माचाहिं आफ्नो पूर्व कर्मअनुसार पुनः शरीर धारण गर्दछ। यो क्रम त्यसबेलासम्म चलिनै रहन्छ, जबसम्म आत्माले मुक्ति प्राप्त गर्दैन।

### ३.४.५ ईश्वर (God)

न्याय दर्शनले ईश्वरलाई एक आत्मा भनेको छ, जो चैतन्यले युक्त हुन्छ। न्यायमतअनुसार आत्मा दुईप्रकारका हुन्छन् (१) जिवात्मा (२) परमात्मा। परमात्मालाई नै ईश्वर भनिन्छ। ईश्वर जीवात्मा भन्दा पूर्णरूपले भिन्न छ। ईश्वर नित्य छ। जीवात्मा अनित्य संसरिक र सीमित छ। ईश्वर सबै प्रकारका गुणहरूले युक्त हुन्छ तर जीवात्मा अपूर्ण हुन्छ। ईश्वर जगतका स्रस्टा, पालक र संहारक हुन्। ईश्वर अनन्त छन्। महान् छन्।

### ३.४.६ सृष्टि (Creation)

न्याय दर्शनका अनुसार ईश्वर जगतका सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता हुन्। ईश्वरले विश्वको सृष्टि शून्यबाट होइन की विभिन्न पदार्थहरूको सहयोगमा गर्छन। पृथ्वी, जल, वायु, अग्निका परमाणुहरू तथा आकाश, दिक् **(Space)** काल (समय) मन तथा आत्माको सहयोग द्वारा हुन्छ। परमाणुहरूको संयोजनले सृष्टि हुन्छ। तर परमाणुहरू प्रारम्भमा गतिहीन हुन्छन्। ती परमाणुहरूलाई गतिवान बनाउने काम ईश्वरद्वारा हुन्छ। त्यसैले ईश्वरको अभावमा सृष्टिको कल्पना गर्न सकिदैन।

### ३.४.७ कार्यकारण वाद (Causality)

न्याय दर्शनमा कार्यकारण वादलाई स्वीकार गरीएको छ। कारण र कार्यमा अन्योन्याश्रित सम्बन्ध हुन्छ। कारण कार्यको पूर्ववृत्ति हो र कार्यचाहिँ कारणको उत्तरवृत्ति हो। एक कार्यका लागि अनेक कारण हुन्छन् भन्ने कुरा मान्न सकिदैन। कुनै कार्य आफ्नै कारण बाहेक अन्य कुनै कारणबाट उत्पन्न हुन सक्दैन। कार्य उत्पत्तिभन्दा पहिलेदेखि नै कारणमा विद्यमान हुँदैन। कार्य भनेको नयाँ सृष्टि हो। उसको सत्ता उत्पत्तिसंगै सुरुहुन्छ।

### ३.४.८. बन्धन र मोक्ष (Bondage and Liberation)

न्याय दर्शनका अनुसार शरीर धारण गर्नु अर्थात् संसारमा जन्म लिनु नै बन्धन हो। यो बन्धन यस्तो भयानक छ जो मृत्युपछि पनि छुट्दैन। शरीर नास भएपछि पनि अन्य शरीर धारण गरेर संसारमा पुर्नजन्म ग्रहण गर्नुपर्दछ। बन्धनमा परेपछि मानिस गलत धारणाहरू विकास गर्न थाल्छ। जस्तै – अनात्मा तत्त्वलाई आत्मा तत्त्व सम्झिन्छ, क्षणिक वस्तुहरूलाई स्थायी देख्न थाल्छ, दुःखलाई सुख देख्छ, अप्रिय वस्तुलाई प्रिय वस्तुको रूपमा अङ्गाल्छ, कर्म र कर्मफललाई निशेध गर्छ, र सन्देहरहित कुराहरूमा सन्देह गर्छ। यी अवस्थालाई न्यायले दुखका कारणको रूपमा चित्रित गरेको छ।

जबसम आत्मा शरीर इन्द्रिय र मनद्वारा ग्रसित वा सङ्क्रमित भइरहन्छ तबसम्म दुखबाट छुटकारा मिल्न सक्दैन। मोक्ष हुनु भनेको दुखबाट सधैंका लागि मुक्त हुनु हो। न्याय दर्शनका अनुसार मोक्ष अवस्था यस्तो अवस्था हो जहाँ केवल दुःखको अन्त्य मात्र हुने होइन की आत्माको सुखको पनि अन्त्य हुन्छ। मोक्षको अवस्था सुख दुःख र आनन्द विहीन अवस्था हो। दुखको अभावमा आनन्द पनि नास हुन्छ। कुनै पनि किसिमको अनुभूति बाँकी नरहनु आत्माको पूर्ण मुक्तिको अवस्था हो। मोक्ष प्राप्तिका लागि न्यायदर्शनले श्रवण, मनन र निदिध्यासनमा जोड दिएको छ।

## ३.५ मीमांसा दर्शन (Mimansa Philosophy)

### ३.५.१ परिचय (Introduction)

मीमांसा र वेदान्त एउटै आधारभूमिबाट विकास भएका हुन्। मीमांसा वेदको पूर्वभाग (सुरुको भाग, मन्त्र – ब्राम्हण) कर्मकाण्डमा आधारित भएकोले यसलाई पूर्व मीमांसा, कर्ममीमांसा या धर्ममीमांसा भनिन्छ। वेदान्तलाई चाहिं वेदको उत्तर भाग (अन्तिम भाग) अर्थात् उपनिषद भाग वा ज्ञानमीमांसा या ब्रम्हमीमांसा भनिन्छ। त्यसैले पूर्वमीमांसाका लागि 'मीमांसा' नाम र उत्तर मीमांसाका लागि वेदान्त शब्द प्रचलित भए। षाटदर्शनहरू मध्ये यो दर्शन पूर्णरूपले वेदमा आधारित दर्शन हो। यो दर्शन कुनै नयाँ दार्शनिक विचार प्रस्तुत गर्नका लागि नभएर वैद्दिक धर्म र मन्त्रहरूको विस्तृत व्याख्या गर्ने प्रयोजनका लागि सृजना भएको देखिन्छ। महर्षि जैमिनी मीमांसा सूत्रका रचयिता हुन्। मीमांसाले वैद्दिक कर्मकाण्डहरूलाई दार्शनिक आधारमा प्रतिस्थित गर्ने कार्य गरेको छ। त्यसैले मीमांसाले वेदले निर्देशित गरेका कर्महरूमा जोड दिन्छ।

### ३.५.२ प्रमाण (Evidence/Epistemology)

मीमांसाले पनि ज्ञान वा प्रमाणलाई 'प्रमा' भनेको छ। यथार्थ ज्ञान प्रमा हो र यो यथार्थ ज्ञान प्राप्तिको साधन प्रमाण हो। मीमांसा दर्शनमा छ वटा प्रमाणका भेदहरू बताइएको छ– (१) प्रत्यक्ष (२) अनुमान (३) उपमान (४) शब्द (५) अर्थापत्ति र (६) अनुपलब्धि। प्रत्यक्ष ज्ञान त्यो हो जसमा ज्ञान लिइने विषयको प्रत्यक्ष अनुभूति हुन्छ। कुनै पनि विषयको प्रत्यक्षीकरणमा आत्मा, ज्ञान र विषयको प्रत्यक्षीकरण हुन्छ। प्रत्यक्ष ज्ञान तव मात्र सम्भव हुन्छ जब इन्द्रियसंग विषयको सम्पर्क हुन्छ। मीमांशाको अनुमान न्यायको जस्तै छ। मीमांसा दर्शनले उपमानलाई एक स्वतन्त्र प्रमाण मान्दछ तर यसलाई प्रत्यक्ष ज्ञान मान्दैन।

मीमांसा दर्शनमा शब्द प्रमाणलाई महत्त्वपूर्ण र स्वतन्त्र प्रमाणको रूपमा अङ्गिकार गरीएको छ। सार्थक वाक्य, जुन वाक्य विश्वासीय वा आधिकारिक होस र ज्ञानदायक होस, त्यसलाई शब्द प्रमाण भनिन्छ।

मीमांसा दर्शनमा अर्थापत्तिलाई पाँचौं र स्वतन्त्र प्रमाणको रूपमा मानिएको छ। अर्थापत्ति शब्द दुईवटा शब्दको संयोजन हो। 'अर्थ' र 'आपत्ति'। यी दुई शब्दको अर्थ क्रमश : 'विषय' र 'कल्पना' हो। त्यसैले अर्थापत्तिको अर्थ हुन आउँछ – 'कुनै विषयको कल्पना गर्नु'। कहिले कही यस्तो घटना देखिन्छ जसलाई बुझ्न विरोधाभाष सृजना हुन्छ। त्यस्तो विरोधाभाषको व्याख्या गर्नलाई कुनै कल्पना गरीन्छ।

अनुपलब्धि पनि एक स्वतन्त्र प्रमाण हो। यो प्रमाण मीमांसाका आचार्यहरू बिच विवादास्पद भएकोले कसैले यसलाई स्वतन्त्र प्रमाण मान्दैनन्। तर पनि अनुपलब्धि मीमांसाभित्र समेटिएको छैटौं प्रमाण हो। हामीलाई कुनै विषयको अभाव वास्तविक ज्ञान त्यस वस्तुको अनुपस्थिति द्वारा हुन्छ। जस्तै – कुनै कोठामा घडाको अभाव छ, त्यो अभावको ज्ञान हामी कसरी गर्छौं त ? मीमांसाका अनुसार घडाको अभावको ज्ञान त्यसको अनुपस्थिति द्वारा हुन्छ।

### ३.५.४ आत्मा (Soul)

आत्मा नित्य, अमूर्त, व्यापक र सर्वगत छ, जो ज्ञानको आश्रय हो। आत्मा ज्ञाता कर्ता र भोक्ता हो। आत्मा शरीर, इन्द्रिय मन र बुद्धिभन्दा भिन्न छ। ज्ञान आत्माको स्वरूप होइन र आत्माको पृथक धर्म हो। आत्मा जड (अचेतन) पदार्थ हो जो ज्ञान नामक गुणको आश्रय स्थल हो। ज्ञान आत्माको आगन्तुक गुण हो। मोक्ष अवस्थामा आत्मामा ज्ञान, सुख,

दुःख, प्रयत्न, इच्छा आदि गुण उत्पन्न हुँदैनन। आत्मा अमर छ। न त यसको उत्पत्ति हुन्छ न नास नै हुन्छ। शरीरको मृत्यु पछि पनि आत्माको अस्तित्व कायम रहन्छ। मीमांसाका अनुसार मृत्यु पस्चात् आत्मा शरीरलाई त्यागेर आफ्नो कर्मफलको सुख दुःख भोग्नका लागि परलोकतिर प्रस्थान हुन्छ।

### ३.५.५ ईश्वर (God)

मीमांसा दर्शनमा ईश्वरको विषयमा स्पष्ट र प्रयाप्त उल्लेख भएको पाईदैन। जैमिनिले ईश्वरको विषयमा चर्चा गरेको छैन। संसारको सृष्टिका लागि र धर्म अधर्मको पुरस्कार र दण्ड दिनका लागि ईश्वरलाई मान्नु भ्रान्ति हो। यस प्रकार मीमांसामा ईश्वरको गुण धर्मको चर्चा स्पष्ट रूपमा छैन। तर मीमांसामा देवताहरूलाई बलि ग्रहणकर्ताको रूपमा मानिएको छ। देवताहरूको उपयोगिता यसकारण मानिएको छ की उनीहरूको नाममा हवन गरीन्छ। वेदमा उल्लेख भएका अनेक देवताहरूलाई मान्नुले मीमांसा अनेक ईश्वरवादी जस्तो पनि देखिन्छ। पछिल्ला मीमांसाका आचार्यहरूले ईश्वरलाई स्थान दिएको पाईन्छ। उनीहरूले ईश्वरलाई कर्मफल प्रदान गर्ने बाला र कर्मको संचालकको रूपमा व्याख्या गरेका छन्। अतः मीमांसा दर्शनमा ईश्वरसम्बन्धी स्पष्ट विचार पाईदैन र धेरै अन्तरविधि विचारहरू पनि भएको देखिन्छ।

### ३.५.६ धर्म (Dharma)

वेदले निर्देशित गरेका क्रियाकलापहरू धर्म हुन्। मीमांसाका अनुसार कर्ममा 'अपूर्व' नामक फल उत्पादक शक्ति हुन्छ जसले कर्म र कर्मफललाई जोड्छ। त्यो 'अपूर्व' कर्तामा रहन्छ र अवसर पाउना साथ फल उन्मुख भएर कर्मफल उत्पन्न गर्छ। शुभ कर्मले आफ्नो पुण्य शक्ति द्वारा सुखरूपी फल प्रदान गर्छ भने अशुभ कर्मले आफ्नो पाप शक्तिद्वारा दुःखरूपी फल प्रदान गर्छ नीमांसाका अनुसार वेदले निर्दिष्ट गरेका कर्महरूको त्याग गर्नु अधर्म हो। कर्तव्य र अकर्तव्यको आधार वैद्दिक वाक्य हुन्। उत्तम जीवन त्यो हो जहाँ वेदको आदर्शको पालन भएको हुन्छ।

मीमांसाले वेदमा आधारित निम्न ५ कर्महरूलाई धर्म मानेको छ :-

१) ***नित्य कर्म :*** नित्य कर्म भनेका ती कर्म हुन् जसलाई मानिसले दैनिक रूपमा गर्नुपर्छ। स्नान, ध्यान, पूजा, सन्ध्या, प्रार्थना आदि। यी कार्यहरू गर्दा पुण्यको संचय त हुँदैन तर नगर्दा पापको उदय हुन्छ।

२) ***नैमित्तिक कर्मः*** विशेष अवसरमा गरीने कर्महरू नैमित्तिक हुन्। जस्तै - ग्रहणको समयमा गंगा स्नान र दान, जन्म, मृत्यु, विवाहका समयमा गरीने कर्महरू। यी कर्म गर्नाले विशेष लाभ त हुँदैन तर यी कर्म गरीएन भने पाप सञ्चय हुन्छ।

३) ***काम्य कर्मः*** निस्चित फलको आशा राखेर गरीने कर्महरू काम्य कर्म हुन्। जस्तै - पुत्र प्राप्ति, धन प्राप्ति, ग्रह शान्ति आदिका लागि गरीने जप, यज्ञ, हवन, बलि आदि। यस्ता कर्महरू गर्नाले पुण्य संचय हुन्छ र नगर्दा पनि पाप लाग्दैन।

४) ***निषिद्ध कर्मः*** वेद वाक्य आदि द्वारा निरोध गरीएका कर्महरू जस्तै चोरी, झूट, परस्त्री गमन, शास्त्रहरूको उपेक्षा आदि। यस्ता कर्महरू नगर्दा पुण्य प्राप्ति त हुँदैन तर गर्‍यो भने पापको भागी हुनुपर्छ।

५) ***प्रायश्चित कर्मः*** यदि कसैले निषिद्ध कर्म गर्छ भने त्यसबाट प्राप्त हुने अशुभ कर्मफलबाट बच्नका लागि गरीने कर्म प्रायश्चित कर्म हुन्। प्रायश्चित कर्मका लागि विभिन्न विधानहरू हुन सक्छन्।

### ३.५.७ पदार्थ (तत्त्व-विचार) (Metaphysics)

यस दर्शनले यस जगतका सम्पूर्ण भौतिक पदार्थ र अनेक जीवात्माहरूलाई सत्य मान्दछ। यो जगको सृष्टि पनि भएको होइन न त यसको प्रलय नै हुन्छ। जगतका यी विभिन्न पदार्थहरू आउँछन् जान्छन्। यिनमा परिवर्तन भई रहन्छ। यसरी नै यो जगत चलिरहन्छ। वेद नित्य तथा अपौरुषेय हो। ईश्वरको अस्तित्त्व छैन जस्ता विचारहरू एकातिर छन् भने अर्कोतिर आत्मा, स्वर्ग, नर्क र वैद्दिक यज्ञमा उल्लेख गरीएका देवताहरूको अस्तित्त्व पनि स्वीकार गरीएको देखिन्छ। मीमांसामा परमाणुको सत्तालाई पनि स्वीकार गरीएको छ। मीमांसाका अनुसार कर्मको नियमद्वारा परमाणु गतिशील हुन्छन्। यसको परिणाम स्वरूप जीवात्माहरूका लागि कर्मफलको भोगका लागि योग्य संसार बन्दछ।

### ३.५.८ बन्धन र मोक्ष (Bondage and Liberation)

मीमांसाको मतअनुसार आत्मा स्वभावतः अचेतन छ। आत्मामा चेतनाको संचार त्यसबेला हुन्छ जब आत्माको संयोग शरीर इन्द्रिय र मनसंग हुन्छ। मोक्षको समयमा आत्माको सम्बन्ध शरीर मन र इन्द्रियसँग टुट्छ। मोक्षको समयमा आत्मा चेतना शून्य हुन्छ। यस समय आत्मामा धर्म र अधर्म सधैंका लागि नस्ट हुन्छ र पुर्नजन्मको पनि अन्त्य हुन्छ।

अधर्मकै कारण आत्माले विभिन्न शरीरमा जन्म लिनुपर्छ। जब धर्म र अधर्मको क्षय हुन्छ, तब आत्मा र शरीरको सम्बन्ध सधैंका लागि छुट्छ। यो अवस्था नै मोक्ष हो। मोक्ष दुःखको अभावको अवस्था हो। मोक्ष अवस्थामा सांसारिक दुखको पूर्णरूपमा विनास हुन्छ। मोक्ष प्राप्ति ज्ञान र कर्मद्वारा सम्भव छ। काम्य र निषिद्ध कर्म परित्याग र नित्य कर्मको अनुस्ठान एवं आत्माज्ञान मोक्षका उपायहरू हुन्। आत्म ज्ञान मोक्षका लागि आवश्यक छ।

### ३.५.९ ज्ञान (Knowledge)

मीमांसा दर्शनमा ज्ञानको कुरा प्रमाण र आत्मा संग जोडिएको छ। अगाडि उल्लेख गरीएका प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ती र अनुपलब्धि ज्ञानका भेद पनि हुन्। मीमांसाको ज्ञान शास्त्रीय मूल विचार पनि यिनै हुन्। यिनैको विषयमा पहिले नै चर्चा भै सकेकोले त्यसको पुनरावृत्ति असान्दर्भिक हुन्छ।

## ३.६ वेदान्त दर्शन (Vedanta Philosophy)

### ३.६.१ परिचय (Introduction)

वैद्रिक दर्शन शास्त्रहरूमा वेदान्तको स्थान सर्वोपरि रहेको छ। प्राचीन कालदेखि आधुनिक कालसम्म वेदान्त दर्शनमा चिन्तन मनन भएको छ। पूर्वीयक्षेत्रमा मात्र नभएर वेदान्तको प्रचारप युरोपमा पनि व्यापक छ। वेदको अन्तिम भागमा अवस्थित दार्शनिक सिद्धान्तहरूको व्याख्या उपनिषदहरूले गर्छन। तिनै उपनिषदहरूमा भएको ज्ञानलाई व्यवस्थित गर्ने क्रममा 'वेदान्त' नामक दर्शनको विकास भएको हो। वेदान्त दर्शनलाई उत्तर मीमांसा दर्शन पनि भनिन्छ।

वेदान्त दर्शनका प्रवर्तक महर्षि व्यास हुन्। धेरै विद्वान्हरूले यस ग्रन्थका भास्य (भाषाटीका/भाषालाई अर्थ्याउने काम) लेखे। ती भास्यहरूबाट वेदान्तका सम्प्रदायहरू विकास भए।

शंकराचार्यको अद्वैत वेदान्तका मूल विषयहरूका चर्चा क्रमशः तलका उपशीर्षक अर्न्तगत गरीएको छः

- **अद्वैतवाद (Non-Dualism)**

शंकराचार्यको दर्शनमको नाम नै 'अद्वैत' वेदान्त हो। अद्वैतको अर्थ हो जहाँ सत्यको सत्ता दुई वा सोभन्दा बढी हुँदैन। यस दर्शनमा एक मात्र ब्रम्हलाई परम तत्त्व मानिएको छ। यस दर्शनलाई अद्वैत मान्ने कारण के हो भने यस दर्शनले ब्रम्ह बाहेक अरू कुनै दोस्रो वस्तुको सत्तालाई स्वीकार गर्दैन। शंकराचार्यले साङ्ख्य दर्शनको द्वैतवादको कटु आलोचना गरेबाट पनि शंकराचार्य अद्वैतवादी भएको पुष्टि हुन्छ। शंकराचार्यले आधाश्लोकमै दर्शनको सार प्रस्तुत गरेका छन् –

*'ब्रम्ह सत्य जगन्मिथ्या, जीवोब्रम्हैव नापरः।'* अर्थात् ब्रम्ह सत्य हो, जगत मिथ्या हो, जीव (आत्मा) ब्रम्ह भन्दा अलग छैनन्। अतः ब्रम्ह बाहेक द्वितीय सत्यको अस्तित्त्व नस्वीकारेको कारण यस दर्शनलाई अद्वैत भनिएको हो।

- **जगत (Sansara)**

शंकराचार्यका अनुसार जगतको विस्तृत सत्ता छ। जगत भनेको समस्त नामरूप, क्रियाकारक र त्यसको फल जगत हो। अर्थात् हामीले इन्द्रिय अनुभव गर्ने सबै कुराहरू, संसारमा भइरहेका कर्महरू, जीव संचित कर्मबाट सुख दुख यी सबै जगतभित्र पर्दछन्। शङ्करका अनुसार यो सम्पूर्ण जगत मिथ्या हो। यो जगत डोरीमा देखिएको सर्प जस्तै हो। संसार भ्रम हो। तर पनि जगतको सत्ता छ। शङ्करले जगतलाई न त पूर्णसत्य मानेका छन्। न त भ्रम र स्वप्न जस्तै मिथ्या मानेका छन्। जगत त्यसबेला मिथ्या देखिन्छ जब यसको व्याख्या पारमार्थिक दृष्टिले गरीन्छ।

- **सृष्टि (Evolution)**

अद्वैत वेदान्तअनुसार यो संसार ईश्वरको सृष्टि हो। सृष्टिको विपरीत क्रिया प्रलय हो। सृष्टि र प्रलयको चक्र निरन्तर रूपमा चलिरहन्छ। ईश्वरले माया द्वारा सृष्टि गर्छन्। माया ईश्वरकै शक्ति हो। जगत ईश्वरद्वारा सृजना हुन्छ र प्रलयकालमा पुनः ईश्वरमै विलीन हुन्छ। त्यसैले ईश्वर जगतको स्रष्टा, पालनकर्ता र संहारकर्ता हुन्। जीवको भोगका लागि विभिन्न लौकिक वस्तुहरू ईश्वरले निर्माण गराउँछन्। जीवहरूको सृष्टि – जीवको पूर्वजन्मको कर्मअनुसार हुन्छ। सृष्टि ईश्वरको क्रीडा हो। सृष्टि गर्नु ईश्वरको स्वभाव हो। वेदान्त दर्शनअनुसार ईश्वरद्वारा पाँच सूक्ष्म तत्त्व (आकाश, वायु, आग्नि, जल र पृथ्वीका सूक्ष्म रूप मानौ परमाणु) उत्पत्ति हुन्छन्। त्यसपछि मायाबाट आकाश, आकासबाट बायु, बायुबाट अग्नि, अग्निबाट जल र जल बाट पृथ्वी उत्पन्न हुन्छन्। यसरी सूक्ष्म पञ्च तत्त्वहरू बन्छन्। यिनै सूक्ष्म पञ्चतत्त्वहरूको संयोग भएर स्थूल पंञ्चतत्त्वहरू बन्छन्।

- **माया या अविधा (Ignorance)**

अद्वैत वेदान्तको प्रतिपाद्य विषय मध्ये माया एक हो । वेदान्तमा माया, अविद्या, अज्ञान, अध्यास र विवर्त जस्ता शब्दहरू पर्यायवाची शब्दका रूपमा प्रयोग भएका छन् । जसरी आत्मा र ब्रम्हमा तादाम्यता देखिन्छ। त्यसरी नै माया र अविद्या पनि अभिन्न देखा पर्छन । मायाले वस्तुको वस्तविक रूपलाई ढाकिदिन्छ। मायाका कारण वस्तुमाथि आवरण लाग्छ । जसरी डोरीमा देखिने सर्पले डोरीको वास्तविक स्वरूपमा पर्दालाई दिन्छ त्यसरी नै मायाले सत्यमाथि पर्दा लगाइदिन्छ । मायाले सत्य वस्तुको स्थानमा दोस्रो वस्तु उपस्थित गराइ दिन्छ । मायाले केवल डोरीको ठाउँमा सर्प उपस्थित गराइदिन्छ। मायाको यो कार्यलाई भावात्मक कार्य भनिन्छ।

- **आत्मा या ब्रम्ह (Soul or Supreme Soul)**

अद्वैत वेदान्तमा चर्चा गरीने विभिन्न विषयहरू मध्ये आत्मा या ब्रम्ह विचार ज्यादै गहन र सुन्दर छ । शंकराचार्यले यी दुई शब्दलाई एकै अर्थमा प्रयोग गरेको देखिन्छ। जीवहरूमा जुन शुद्ध चैतन्य प्रकाशित भइरहेको छ त्यही ब्रम्हरूपमा यो समस्त जगतमा पनि व्यप्त छ। यही अखण्ड सत्‌चिदानन्द स्वरूप परम तत्त्वलाई आत्मा या ब्रम्ह मानिन्छ। आत्मा शरीर, इन्द्रिय, मन, अंहकार र वुद्धिभन्दा भिन्न छ। आत्मा सुद्ध चैतन्य छ र समस्त ज्ञान तथा अनुभवको आधार हो । आत्मा तथा ब्रम्ह स्वतः सिद्ध तथा स्वप्रकाश छ । शुद्ध आत्मा अविद्या वा मायाको कारण शरीर, इन्द्रिय र मनले युक्त भएर जीवका रूपमा उपस्थित हुन्छ। आत्माको व्यावाहारिक अभिव्यक्तिका तिन अवस्था हुन्छन् – जाग्रत, स्वप्न र सुषुप्ति। जाग्रत अवस्थामा हामीलाई बाह्य पदार्थको ज्ञान इन्द्रिय र वस्तुहरूको सन्निकटताद्वारा हुन्छ र मानसिक पदार्थको अनुभव अन्तकरण र मनोभावको सन्निकटता द्वारा हुन्छ। स्वप्न अवस्थामा अन्तकरणले एकलै काम गर्छ र मानसिक पदार्थहरूको कल्पना गर्छ जुन कुरा चैतन्य द्वारा प्रकाशित अभावमा अन्तकरण आफ्नै कारणले अविद्यामा लीन हुन्छ। अतः यो अज्ञानी अवस्था हो। अन्तकरणको अभावमा पनि सुषुप्तिमा जीवत्व कायम रहेको हुन्छ। किनभने यस अवस्थामा अविद्या नस्ट हुँदैन।

ब्रम्ह निर्गुण र निर्विशेष छ त्यसैले यो लक्ष्यण रहित छ। इन्द्रिय, बुद्धि विकल्प र वाणीद्वारा ग्राह्य नहुने हुनाले उसलाई अगोचर या अंतिनद्रय, निर्विकल्प र अनिर्वचवीय भनिन्छ। समस्त अनुभवहरूको स्रस्टा भएको कारणले ब्रम्ह स्वतः सिद्ध र स्वप्रकार आत्मा चैतन्य हो। यदि उसको वर्णन गर्ने हो भने निषेधात्मकताद्वारा गर्नुपर्छ। ब्रम्हको विषयमा 'नेति नेति' वाक्य द्वारा बुझ्नु पर्छ। नेति – नेति द्वारा (यो पनि होइन, यो पनि होइन) ब्रम्हको गुणको र विशेषणको निषेध हुन्छ। नेति नेति द्वारा ब्रम्हको अनिर्वचनीयता र निर्विशेषता सिद्ध हुन्छ तर उसको शून्यताको हैन।

- **ईश्वर (The God)**

शंकराचार्यका अनुसार निर्गुण परब्रम्ह सगुण र सविशेष अपर – ब्रम्ह वा ईश्वर हो। रूपरहित पर– ब्रम्ह मायाका कारण ईश्वरको रूपमा स्थापित हुन्छन्। मायामा प्रतिविम्बित भएको या मायासँग जोडिएको या मायाको कारण जानिएको परब्रम्ह नै ईश्वर हो। परब्रम्ह बुद्धिद्वारा ग्रहण गर्न नसकिने छ। अतः परब्रम्हको लागि जे शब्द चयन गरीन्छ त्यसले ईश्वरको बोध गराउँछ। अर्थात् जब ब्रम्हलाई बुद्धि र शब्दद्वारा जान्ने प्रयत्न गरीन्छ तब त्यो ईश्वर बन्न जान्छ। सापेक्ष बुद्धिका लागि ईश्वरनै सर्वोच्च हो। मायाका कारण ब्रम्ह नै ईश्वर, जीव र जगतका रूपमा प्रतीत हुन्छन्। तर मायाको निवृत्ति हुने बित्तिकै परब्रम्ह नै प्रकाशित हुन्छ। ईश्वर जीव र जगतको व्यावहारिक सत्ता छ र यी तिन वटै सँगसंगै अस्तित्त्वमा आउँछन् तथा संगसंगै निवृत्त हुन्छन्। जीवको दृष्टिमा ईश्वर नै सबैथोक हो। अर्थात् मायाका कारण परब्रम्ह ईश्वरका रूपमा हुन्छन् र ईश्वर चाहि जीव जगत्‌का रूपमा उपस्थित हुन्छन्।

- **जीव (Jiva)**

अद्वैत वेदान्तका अनुसार जसरी ईश्वर ब्रम्ह नै हो, त्यसरी नै जीव पनि ब्रम्ह नै हो। माया या अविद्याका कारण ब्रम्हको प्रतिरूप ईश्वर र जीवको रूपमा हुन्छ। ईश्वरकै प्रतिरूपमा जीवहरू सृष्टि हुन्छन्। ईश्वर माया पति हुन् र जीव माया दास हुन्। जीव माया या अविद्याको आवरण (अज्ञान) र विक्षेप (मिथ्या ज्ञान) दुवै शक्तिहरूद्वारा आवद्ध छ। जीव त्रिगुणात्मक हुन्छ (सत्व, तम, रज)। जीवका लागि भौतिक देह र इन्द्रियआवश्यक छन्। ईश्वरका मायाका कारण जीवहरूमा मोहित हुने गुण हुन्छ। जीवहरूमा अज्ञान जन्य कर्म र भोगको प्रवृत्ति हुन्छ। अज्ञानताकै कारण जीवहरू कर्म गर्छन र स्वयंलाई कर्ता मान्छन् र सुख दुख रूपी कर्मफलको भोक्ता ठान्छन्। जीव र ईश्वरको भेद व्यवाहारिक भेद मात्र हो। परमार्थिक अर्थमा ईश्वर जीव र ब्रम्ह बिचमा कुनै फरक छैन। अविद्याको गहिरो निद्रामा लामो समयदेखि निदाइरहेको जीवलाई जब ब्रम्हको ज्ञान हुन्छ, म नै ब्रम्ह हु (तत्त्वमसि) को ज्ञान हुन्छ तब उसलाई देह, इन्द्रियर वुद्धि भन्दा परको अद्वैत तत्त्वको ज्ञान हुन्छ।

- **सक्षि (Sakshi)**

सक्षि भनेको त्यो शक्ति हो जसका कारण जीव, देह, इन्द्रिय, अन्तकरण प्रकाशित हुन्छन् । यस्तो निलिप्त निर्विकार द्रस्टा या सक्षि हो । सक्षि कै कारण जीवका विभिन्न अनुभवमा एकता बनिरहन्छ । सुषुप्तिको अवस्थामा जब जीव र अन्तस्करण अविद्यामा लीन भएको हुन्छ, त्यसबेला अरू कुनै विषयहरू रहँदैनन् त्यसबेला पनि सक्षि प्रकाशित भइरहेको हुन्छ । त्यसै कारणले सुषुप्तिभन्दा पूर्वको र पछिको अनुभवमा एकता भइरहन्छ । यसरी ज्ञात वा अज्ञात रूपमा सब वस्तुहरू सक्षि चैतन्यका विषयहरू हुन् । सक्षि कहिल्यै पनि विषयको रूपमा ज्ञात हुन सक्दैन किनभने सक्षि द्रस्टाको रूपमा प्रत्येक अनुभवमा प्रकाशित हुन्छ । जीव कर्ता र मोक्ता हो, सक्षि केवल निर्विकार द्रस्टा हो । सक्षि सुद्ध, नित्य, चैतन्य र निर्गुण निर्विकार द्रस्टा हो ।

- **मोक्ष (Salvation)**

मोक्षलाई अद्वैत वेदान्त हो आत्मा या व्रम्हको स्वरूपको अनुभूति भनेको छ । आत्मा या ब्रम्ह सुद्ध चैतन्य एवं अखण्ड आनन्द स्वरूप छन् । आत्मा ज्ञान स्वरूप छ र मोक्ष आत्माको स्वरूप ज्ञान हो । ब्रम्ह र मोक्ष एउटै हो । जसले ब्रम्हलाई जान्दछ उ स्वयं ब्रम्ह हुन्छ अर्थात् मोक्ष हुन्छ । जीवको जीवत्व अविद्याका कारणले इन्द्रिय, शरीर, अंहकार युक्त भएर शुभ अशुभ कर्ममा कर्ता र भोक्ताको रूपमा सुख दुख रूपी फलहरू भोग्दछ । जन्म मरणको चक्रमा निरन्तर परिरहन्छ । यो नै जीवको बन्धन हो । जब आत्माज्ञानद्वारा अविद्याको निवृत्ति हुन्छ तब जीवले ब्रम्हभाव प्राप्त गर्दछ । यही नै उसको बन्धनको मुक्ति हो अर्थात् मोक्ष हो ।

- **पञ्चकोश (Pancha Kosha)**

जीवको शरीर पाँचवटा कोशहरूको संयोजनबाट निर्मित छ । ती कोशहरू हुन् – अन्नमय कोश, प्राणमय कोश, मनोमय कोश र आनन्दमय कोश । यी सबै कोशहरू चेतन आत्माका आवरण हुन् । ***अन्नमय कोश*** – अन्नबाट उत्पन्न भएको यो शरीर नै अन्नमय कोश हो । जुन अन्नबाट जीवीत हुन्छ र अन्नको अभावमा नस्ट हुन्छ ।***प्राणमय कोश***– पाँच किसिमका वायुहरू (प्राण, अपान, समान, व्यान र उदान) र पाँच कर्मेन्द्रिय (हात, पाउ, बोली, गुदा र जनेन्द्रिय) मिलेर बनेको कोशलाई प्राणमय कोश भनिन्छ । ***मनोमय कोश*** – मन र ज्ञानेन्द्रियहरू मिलेर बनेको कोश हो । ***विज्ञानमय कोश*** – यी कोशहरू बुद्धि र ज्ञानेन्द्रियहरू मिलेर बनेका हुन्छन् । ***आनन्दमय कोश*** – अविद्याको रूपमा रहेको, तमोगुण र रजोगुणले ढाकिएको, प्रिय, आनन्द र हर्ष जस्ता गुणले युक्त भएको मलिन र सत्व प्रधान कोश नै आनन्दमय कोश हो । यी पाँचवटा कोशहरूको संयोजन नै मानव देह हो ।

### ३.६.२ वैदिक दर्शनका दार्शनिक आधारहरू (Philosophical Premises of Vedic Philosophy)

वैद्रिक दर्शन ज्यादै व्यापक दर्शन हो । वैद्रिक दर्शनका शास्त्रहरू धेरै छन् जस्तै चारवेद, गीता, १८ पुराण, १०८ उपनिषदहरू, भिमांसा, न्याय, साङ्ख्य ,वेदान्त, योग, महाभारत, रामायण, आदि । वैद्रिक दर्शनको अध्ययन गरी त्यसबाट सार खिच्नका लागि कैयन पुस्ताहरूको अखण्ड प्रयासबाट मात्र सम्भव छ । जसरी दार्शनिक ग्रन्थहरूमा व्यापकता छ, त्यसरी नै वैद्रिक दर्शनका विचारहरूमा पनि व्यापकता र विविधता छ । वैद्रिक दर्शनमा राजनीति, दर्शन , समाजशास्त्र, कला, विज्ञान, चिकित्सा, अर्थशास्त्र, धर्म, मनोविज्ञान, शिक्षा आदि विधा सँग सम्बन्धीत ज्ञानको सागर प्रवाहित छ । सामान्य मानव क्षमताले ती ज्ञानहरूलाई ग्रहण गर्न कठिन छ ।

वैद्रिक दर्शनमा तत्त्वभीमांशीय दृष्टिले हामी बहुविचारहरू प्राप्त गर्न सक्छौ । वैद्रिक दर्शनले ईश्वरलाई सृष्टिकर्ताको रूपमा पनि मान्दछ भने पदार्थलाई र पुरुष र प्रकृतिलाई पनि सृष्टिको कारण मान्दछ । कुनै शास्त्रहरूले ब्रम्ह (Cosmic energy) लाई सृष्टिको कारक मान्दछन् । ईश्वरको सत्ता स्वीकार गर्ने र नगर्ने विचारहरू पनि हामी वैद्रिक दर्शनमा पाउन सक्छौं । ईश्वर एक छ र ईश्वर अनेक छन् भन्ने दुवै दृष्टिकोणहरू वैद्रिक दर्शनमा पाउन सकिन्छ । ब्रम्ह सत्य हो, विचार सत्य हो र पदार्थ सत्य हो भन्ने सत्यको त्रिआयामिकता वैद्रिक दर्शनमा पाईन्छ । त्यसरी नै चेतना पहिले कि पदार्थ पहिले भन्ने सवालमा पनि दुवै विचारहरू वैद्रिक दर्शनमा विद्यमान रहेको देखिन्छ ।

ज्ञान शास्त्रीय दृष्टिले पनि वैद्रिक दर्शनमा बहुविचार छन् । कसैले ब्रम्हज्ञानलाई, कुनै दर्शनले आत्मज्ञानलाई ,कुनै दर्शनले भौतिक तथा आत्ध्यात्मिक ज्ञानलाई ज्ञानको रूपमा लिएको देखिन्छ । कुनै दर्शनले – मानव क्षमता वा दिमागले वास्तविक ज्ञान प्राप्त गर्न सम्भव छैन भन्ने धारणा राख्छन् भने अरू शास्त्रहरूले मानवजीवनको प्राप्ति नै वास्तविक ज्ञान प्राप्त गर्नका लागि भएकोले वास्तविक ज्ञानको प्राप्ति सम्भव भएको दावी गर्दछन् । ब्रम्ह, आत्मा, ईश्वर, प्रकृति, प्रत्यक्षीकरण, अनुमान, शब्द, वेद आदिलाई ज्ञानका स्रोतको रूपमा व्याख्या गरेको पाइन्छ । वैद्रिक

दर्शनहरूले – वेद, अनुमान, उपमा, चिन्तन, तर्क आदिलाई ज्ञानका प्रमाणको रूपमा व्याख्या गरेका पाईन्छ । कर्म, अनुभव, चिन्तन, भक्ति, योग प्रत्यक्षीकरण आदिलाई ज्ञानआर्जन गर्ने प्रकृयाको रूपमा व्याख्या गरेको पाइन्छ।

वैद्विक दर्शनहरूमा मूल्यसम्बन्धी विचारहरू पनि व्यापक छन् । मूल्यमा आधारित कर्म वैद्विक दर्शनहरूको सार हो । धर्म, निष्ठा, भक्ति र सुद्ध सङ्कल्पबाट मानिसले कर्म गर्नुपर्छ भन्ने कुराको शिक्षा नै वैद्विक दर्शनको देन हो । मानिसहरूले नित्य कर्म र नैभित्तिक कर्महरू गर्नुपर्छ । कर्ममा भएका त्रुटीहरू र गरीएका कुकृत्यहरूबाट मुक्त हुनको लागि प्रयश्चित्तकर्महरू गर्नुपर्छ। वेदले निशिद्ध गरेका कर्महरूको परित्याग गर्नुपर्छ र वेदाज्ञाको पालन गर्नुपर्छ। भक्ति र निस्काम कर्मले मानिसलाई बन्धनमुक्त बनाउँछ । परोपकार मानिसको प्रमुख कर्तव्य हो । अहङ्कार, भय, मिथ्या अभिमान, क्रोध, लोभ, हिंशा आदिले आफ्नो मात्र नभएर दुनियाँको विनास गर्ने भएकोले यसबाट सधैं अलग रहनुपर्छ, आदि वैद्विक दर्शनका मूल्यसम्बन्धी कुराहरू हुन् । वैद्विक दर्शनहरूले यो ब्रम्हाण्डका सबै सृष्टिहरूलाई सुन्दर देख्छन् । 'सत्य शिवम् सुन्दरम' वैद्विक दर्शनको शौन्दर्यशास्त्रीय विचार हो । यसरी नै 'सत् चित् आनन्द' पनि वैदिक दर्शनको मूल्यशास्त्रीय मन्त्र हो।

### ३.६.३ वैद्विक दर्शनको शैक्षिक प्रयोग (Educational implications of Veidic philosophy) :

वैद्विक दर्शनका दार्शनिक विचारहरूमा 'विद्या' को विषयमा प्रर्याप्त चर्चा गरीएको पाईन्छ। विद्यालाई मृत्युमाथि विजय प्राप्त गर्ने, अमृत्व प्राप्त गर्ने,ब्रम्हप्राप्त गर्ने, आत्मसाक्षत्कार गर्ने दुखः निवारण गर्ने, यस, ऐश्वर्य र सम्पन्नता प्राप्त गर्ने साधनको रूपमा व्याख्या गरीएको छ। वैद्विक दर्शनहरूले मानव जीवनको कुल आयु एकसय वर्षलाई चार भागमा विभाजन गरी चार आश्रमहरूको चर्चा गरेको छ । मावन जीवनको २५वर्षसम्मको अवधि जसलाई ब्रम्हचार्य आश्रम भनिन्छ , यो उमेरलाई विद्या आर्जनको उमेर मानिएको छ। गृहस्थ आश्रम २५ देखि ५० वर्षको उमेर हो। यस उमेरमा मानिस सांसारिक ऋण (देव ऋण/ऋषिऋण र पितृ ऋण) बाट मुक्त मुक्त हुनुपर्छ । ५० देखि ७५ वर्षको अवधिलाई वानप्रास्थ आश्रम भनिन्छ। यस उमेरमा पारिवारिक बन्धनबाट मुक्त भई आध्यमिक साधना गर्नुपर्छ। चौथो तथा अन्तिम आश्रम सन्यास (७५ वर्ष भन्दामाथि ) आश्रम हो। यो आश्रममा सांसारिक बन्धनबाट मुक्त भई मानिसले मोक्ष प्राप्तिको अभ्यास गर्नुपर्छ भनिएको छ।

वैद्विक दर्शनहरूले यी चारै आश्रमका लागि फरक फरक किसिमका शिक्षा हुनुपर्छ भन्ने धारणा राखेको पाइन्छ। वैद्विक दर्शनहरूमा चर्चा गरीएको शिक्षा प्रणाली गुरुकुल शिक्षा प्रर्णाली हो । प्राचीन गुरुकुल शिक्षा वर्णव्यवस्थामा आधारित थियो । वर्णअनुसार शिक्षाका उद्देश्य र शिक्षण विषयहरू फरक थिए । विभिन्न वैद्विक दर्शनमा शिक्षाको विषयमा विभिन्न किसिमले चर्चा गरीएको छ। सबै दर्शनले उल्लेख गरेका साझा विचारका आधारमा वैद्विक दर्शनको शैक्षिक उपयोगलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ३.६.४ शिक्षाको लक्ष्यहरू (Aims of Education) :

वैद्विक दर्शनमा शिक्षाका उद्देश्यहरू एउटा मात्र छैन । जसरी दार्शनिक सिद्धान्तमा विविधता छ, त्यसरी नै शिक्षाका उद्देश्यमा पनि विविधता र अनेकता रहेको पाइन्छ। वैद्विक दर्शनहरूमा प्रकृतिलाई ईश्वरीय शक्तिका रूपमा चित्रित गरीएको छ। शिक्षा वा विद्याले मानिसलाई प्रकृतिको शक्तिको जानकारी गराउनुपर्छ। जसले गर्दा मानिसले प्रकृतिका चुनौतिहरूको सामना गर्न सकोस् । वैद्विक दर्शनका आधारमा भन्न सकिन्छ कि – व्यक्तिको शारीरिक र वौद्धिक विकास गर्नु, आध्यात्मिकता विकास गर्नु, व्यावाहारिक सिप क्षमता विकास गर्नु, दुखका कारणहरू पहिचान गर्नु, दुःखबाट निवृत्ति प्राप्त गर्नु आत्मसाक्षत्कार वा ब्रम्ह प्राप्ति गर्नु जन्ममरणको चक्रबाट सदाका लागि मुक्ति प्राप्त गर्नु , सुख , सम्पन्नता र यस प्राप्त गर्नु, दया, माया प्रेम, समानुभूति, सदभाव, पवित्रता, प्रज्ञा जस्ता गुणहरूको विकास गर्नु, शुद्ध, पवित्र र निष्काम कर्ममा संलग्न हुने क्षमता विकास गर्नु आदि वैद्विक दर्शनभित्र पाउन सकिने शिक्षाका उद्देश्यहरू हुन् । यी उद्देश्यहरूलाई हेर्दा के भन्न सकिन्छ भने प्राचीनकालदेखि आधुनिककालसम्म विकास भएका पाश्चात्य दर्शनले प्रस्तावित गरेका धेरै जसो शिक्षाका उद्देश्यहरू वैद्विक दर्शन भित्र प्राप्त गर्न सकिन्छ।

### ३.६.५ शिक्षण विधि (Methods of tecaching) :

वैद्विक दर्शनले सिकाइका विभिन्न तरिकाहरू उल्लेख गरेको पाइन्छ। वैद्विक दर्शनमा परम्परामा मौखिक वा श्रुति परम्परामा आधारित शिक्षण प्रकृयादेखि लिएर आधुनिक शिक्षा दर्शनले विकास गरेका विधिहरूको समेत चर्चा भएको पाइन्छ। साङ्ख्य दर्शनले सिकाइका तिन विधिहरू – प्रत्यक्ष, अनुमान र शब्द विधि उल्लेख गरेको छ। योगले – आशन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिलाई सिकाइका तरिकाको रूपमा व्याख्या गरेको छ। न्यायले – प्रत्यक्ष, अनुमान, उपमा, र शब्दलाई ज्ञानअर्जनका तरिकाको रूपमा उल्लेख गरेको छ । समग्र वैद्विक

दर्शनहरूलाई आधार मानेर हेर्दा वैद्रिक दर्शनले सिकाइका ६ वटा चरणहरूको चर्चा गरेको देखिन्छ – (१) श्रवण (२) अभ्यास (३) बोध (४) परिणामको ज्ञान (५) व्याख्यात्मक कृतिहरूको अध्ययन (६) निष्कर्ष। वैद्रिक दर्शनमा आधारित गुरुकुल शिक्षामा गुरुसेवा, गुरुभक्ति शास्त्रहरूको वाचन, गुरुको प्रवचनको श्रवण, गुरुद्वारा निर्देशित क्रियाकलापमा संलग्नता , छलफल, ज्ञान सिपको व्यावहारिक प्रयोग, समस्या समाधान, स्वचिन्तन आदि शिक्षण विधिसँग सम्बन्धीत कुराहरू हुन्।

### ३.६.६ पाठ्यक्रम (Curriculum) :

वैद्रिक दर्शनले शिक्षा केवल व्यक्तिका लागि मात्र नभएर सम्पूर्ण मानव समुदायका लागि हो भन्ने धारणा राखेको छ । वैद्रिक दर्शनले व्यक्तिको वहुपक्षीय विकास र समाजमा अनेकताभित्र एकताका लागि शिक्षाले योगदान गर्नुपर्छ भन्ने विचारहरू उल्लेख भएको पाइन्छ। वैद्रिक दर्शनमा मानव जीवनका विभिन्न उमेरका लागि भिन्न भिन्न किसिमका ज्ञान र क्षमताको विकासलाई जोड दिएको देखिन्छ। जीवनका प्रारम्भिक उमेरहरूमा पढाइ, लेखाइ, गणित, जस्ता विषयहरू, युवा अवस्थाका लागि दर्शन, नीतिशास्त्र, सहित्य, ज्योतिष, विज्ञान, चिकित्सा, अर्थनीति, तर्कशास्त्र, कर्मकाण्ड, आदि र प्रौढ अवस्थाका लागि धर्म, आध्यत्मिकता, दर्शन, भक्ति आदिसँग सम्बन्धीत विषयहरूको शिक्षा उपयुक्त हुन्छ भन्ने विचारहरू पाउन सकिन्छ। प्राचीन वर्ण श्रम व्यवस्थामा आधारित शिक्षा परम्परामा ब्राम्हणहरूका लागि – वेद, पुराण, दर्शन, नीतिशास्त्र, ज्योतिष, कर्मकाण्ड व्याकरण, न्याय, तर्क शास्त्र साहित्य जस्ता विषयहरू लोकप्रिय थिए। क्षत्रीहरूले धर्नुविद्या, अश्वरोहण, राजनीति , दण्डनीति, अर्थशास्त्र , पौराणिक कथाहरू आदि जस्ता विषयहरूको अध्ययन गर्ने प्रचलन थियो भने वैश्य समुदायका लागि कृषि पशुपालन, व्यापार र उद्योग जस्ता विषयहरूको अध्ययनमा जोड दिइन्थ्यो। त्यसरी नै शुद्र समुदायका लागि सेवा व्यवसायहरू, शीलप, निर्माण आदि संग सम्बन्धीत ज्ञान सिप दिने परम्परा थियो। यसरी वैद्रिक दर्शनले एकातिर सामाजिक आवश्कताअनुसारको पाठ्यक्रमको परिकल्पना गरेको देखिन्छ भने अर्कोतिर मानिसका लागि जीवन पर्यन्त शिक्षाको आवश्यकतालाई ध्यान दिएको देखिन्छ।

### ३.६.७ शिक्षकको भूमिका (Teachers role) :

वैद्रिक दर्शनहरूले शिक्षकलाई शैक्षिक प्रकृयाको महत्त्वपूर्ण व्यक्तिको रूपमा लिएको देखिन्छ। शिक्षक एउटा आदर्श चरित्रले युक्त र शास्त्रीय ज्ञानको ज्ञाता हुन्छ। शिक्षकको उच्चस्तरीय अनुभवहरू विद्यार्थीका लागि अनुकरणीय हुन्छन्। शिक्षक स्रोतसम्मन्त्र हुन्छ, सत्यवादी हुन्छ, व्यावहारिक सिपले सज्जित हुन्छ नैतिक मूल्यमान्यता र आदर्शहरूको परिपालक हुन्छ र सामाजिक रूपले उच्च प्रतिष्ठित हुन्छ। शिक्षक अर्थात् गुरुले विद्यार्थीको जीवनमा महत्त्वपूर्ण भूमिका खेल्छ। शिक्षकप्रति विद्यार्थीहरूको पूर्ण आस्था भरोसा विश्वास र सम्मान रहन्छ। शिक्षकको काम केवल पढाउने मात्र नभएर विद्यार्थीको भवी जीवनलाई पनि निरन्तर निर्देशित गरीरहनु हो । शिक्षक एउटा महान् धार्मिक आध्यात्मिक सामाजिक, दार्शनिक र प्राज्ञिक नेता हो। वैद्रिक दर्शनले शिक्षकलाई व्रम्हा, विष्णु, र महेश्वरको उपमा दिएको छ। पिताको उपमा दिएको छ। त्यसैले वैद्रिक दर्शनमा शिक्षकको भूमिका सदैव वन्दनीय रहेको छ।

### ३.६.८ विद्यार्थीको भूमिका (Students role):

वैद्रिक दर्शनले विद्यार्थीहरूलाई एक आध्यत्मिक र सामाजिक प्राणीको रूपमा लिएको देखिन्छ। विद्यार्थीको निपुणता प्राप्तगर्न सक्ने सम्भावना हुन्छ भन्ने विश्वास गरीन्छ। गुरुकुल शिक्षाको समयभरि (२५ वर्षसम्म) विद्यार्थीहरूले ब्रम्हचार्यको ब्रत धारण गर्नुपर्छ। तोकिएको समयमा उठ्ने नित्यकर्महरू गर्ने, गुरुको प्रवचन सुन्ने, गुरुले दिएका जिम्मेवारीहरू पुरा गर्ने स्वध्ययन गर्ने, वौद्धिक छलफलमा संलग्न हुने, गुरुसँग आफ्ना जिज्ञासा र समस्याहरू प्रस्तुत गर्ने, जस्ता कामहरूमा विद्यार्थीहरू संलग्न भइरहनुपर्छ। थोरै सुत्ने, ठिक्क खाने, निरन्तर प्रयत्नशील रहने, चातुर्यता कायम राख्ने र पारिवारिक बन्धनबाट मुक्त हुने यी पाँचवटा लक्ष्यणहरू विद्यार्थीमा हुनुपर्छ भन्ने वैद्रिक मान्यता रहेको देखिन्छ। आज्ञाकारिता अनुशासन भक्ति, पवित्रता, परोपकार, अहिंशा, प्रेम आदि गुणहरू विद्यार्थी जीवनका अपेक्षित गुणहरू हुन्।

वैद्रिक दर्शनलाई संसारकै पुरानो, महान् र व्यापक दर्शन मानिन्छ। यस दर्शनलाई आधुनिक ज्ञानका विभिन्न विधाहरूको आधार मानिन्छ। त्यसैले शिक्षासम्बन्धी महत्त्वपूर्ण विचारहरू पनि वैद्रिक दर्शनमा नीहीत छन्। वैद्रिक दर्शनहरूले निःशुल्क शिक्षा, जीवनपर्यन्त शिक्षा, स्वप्रयासद्वारा शिक्षा, प्राकृतिक वातावरणमा स्वभाविक शिक्षा जस्ता शिक्षाका आधुनिक चिन्तनहरूको विषयमा पहिले नै चर्चा गरेको पाइन्छ। शिक्षाद्वारा मानिसको शरीर मन र आत्माको सङ्गठित विकास हुनुपर्छ भन्ने सवाललाई जोड दिएको देखिन्छ। अनुशासन, नैतिकता र उच्च आदर्शमय जीवनको परिकल्पना वैद्रिक दर्शनहरूमा गरीएको पाइन्छ जुनकुरा आजको भौतिवादी र उपभोगमुखी आधुनिक समाजमा हराइसकेको छ।

## ३.७ बौद्ध दर्शन (Buddhist Philosophy)

### ३.७.१ परिचय (Introduction)

पूर्वीय चिन्तन परम्परामा बौद्ध दर्शनलाई 'अवैद्विक' दर्शन मानिन्छ किनभने यस दर्शनलाई 'नास्तिक दर्शन' को श्रेणीमा गणना गरीन्छ । बौद्ध दर्शनका प्रणेता गौतम बुद्ध हुन् । तत्त्वज्ञानको प्राप्ति पछि आफूले प्राप्त गरेको ज्ञान लोककल्याणका लागि मानिसहरूलाई दिने सङ्कल्पका साथ उनी भारतको वाराणसी नजिकै सारनाथ पुगे र पाँच जना भिक्षुहरूलाई आफ्ना शिष्य बनाई आफूले साक्षत्कार गरेको ज्ञानको उपदेश दिए। बुद्धका उपदेशहरू नै बौद्ध धर्म आधार हो साथसाथै बौद्ध धर्मको अभ्यास सँगसँगै यसको दार्शनिक पक्षको पनि विकास भयो। वर्तमान युगमा पनि बौद्ध दर्शन एउटा विश्वदर्शनकै रूपमा स्थापित भएको छ।

### ३.७.२ चार आर्य सत्य (Four Noble Truths)

चार आर्य सत्य गौतम बुद्धद्वारा प्रतिपादित एक व्यावहारिक दार्शनिक विचार हो। मानिसको जीवनमा प्रत्यक्ष घट्ने घटनाहरू वा भोगाइमा अनुभूति हुने कुराहरूलाई बुद्धले चार आर्य सत्यको नाम दिएका छन्।

- **प्रथम आर्य सत्य : संसार दुःखले परिपूर्ण छ (There is fufering)**

संसारका सबै पदार्थहरू अनित्य र नासवान भएकाले यी सबै दुःख रूप हुन्। लौकिक सुख पनि दुःखले घेरिएको छ । लौकिक सुख प्राप्त गर्ने प्रयासमा दुःख छ, प्राप्त भएपछि पनि दुःख छ किनभने प्राप्त सुख नष्ट होला वा छुट्ला भन्ने विचारले दुःख नै सृजना गर्छ। काम, क्रोध, लोभ, मोह, शोक, रोग, जन्म, बुद्धयाईं, मरण यी सबै दुःख हुन्। अप्रिय संयोग दुःख हो, प्रिय वियोग दुःख हो, इच्छा पूर्ण नहुनु दुःख हो। स्वार्थ, हिंसा, संघर्ष आदि दुःख हुन्।

- **द्वितीय आर्य सत्यः दुःखका कारण छन् (There are causes of suffering)**

द्वितीय आर्य सत्य अनुसार दुःख उत्पन्न हुन्छ अर्थात् यसको उदय हुन्छ। उत्पन्न हुने वस्तु कार्य हो। प्रत्येक कार्यका कुनै न कुनै कारण हुन्छन् । कारण विना कार्य उत्पन्न हुन सक्दैन । दुःख कार्य भएकोले यसका कारण छन् । बुद्धले दुःखका कारणहरूको विस्तृत चर्चा गरेका छन्। दुःख बाह्रवटा कार्यकारण चक्रको शृङ्खलामा घुमिरहन्छ। यस चक्रलाई बुद्ध दर्शनले द्वादशाङ्ग चक्र भनेको छ। जस अन्तर्गत अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण पर्दछन्।

- **तृतीय आर्य सत्य : दुःखको अन्त्य सम्भव छ (There is cessation of suffering)**

कारणद्वारा कार्यको उत्पत्ति हुन्छ। दुःख कार्य हो, त्यसैले यसका कारण छन्। जब कारण हट्छन् दुःख निवारण हुन्छ भने कार्य उत्पन्न नै हुँदैन । अर्थात् जब दुःखका कारणहरू रहँदैनन् दुःखको उत्पत्ति नै हुँदैन । दुःख विरोधलाई बुद्धले निर्वाण भनेका छन्। बुद्ध उपदेशअनुसार निर्वाणको प्राप्ति यसै जीवनमा सम्भव छ। जो सुकै व्यक्ति पनि यसै जीवनमा आफ्ना दुःखहरूको निरोध गर्न सक्दछ। दुःखको मूलकारण अविधा हो। अविधाकै कारण द्वादशाङ्ग चक्र संचालित हुन्छ । अविद्याको नास विद्याद्वारा हुन्छ । जब अविद्याको नास हुन्छ तृष्णालगायतका कुराहरू पनि नास हुन्छन् । जब तृष्ण लगायतका कुराहरू नास हुन्छन् तब दुःखको निरोध हुन्छ र निर्वाण प्राप्त हुन्छ।

- **चतुर्थ आर्य सत्य : दुःख निरोधका मार्गहरू छन् (There are ways to leading to the cessation of suffering)**

बुद्धले चतुर्थ आर्यसत्यमा दुःख निरोधका लागि अपनाउनु पर्ने मार्गहरूको उल्लेख गरेका छन्। दुःखका कारणहरू अन्य गर्ने उपायहरूलाई नै यहाँ दुःख निरोध मार्ग भनिएको हो । बुद्धले दुःख विरोधका लागि नैतिक र आध्यात्मिक साधनाका मार्गहरू उपदेश गरेका छन्। बुद्धद्वारा उपदेशित दुःख निवारण मार्गलाई अष्टाँगिक मार्ग (The Eight fold Noble path) भनिन्छ। ती आठवटा मार्गको अवलम्बनद्वारा मानिसले दुःखबाट मुक्ति पाउँछ अर्थात् निर्वाण प्राप्त गर्छ ।

### ३.७.३ अष्टाङ्गिक मार्ग (Eight fold Noble path)

बुद्धले दुःख निवारणका लागि आठवटा मार्गहरूको उपदेश दिएका छन्। यी आठ मार्गहरू चतुर्थ आर्य सत्य कै अङ्ग हुन्।

- ***सम्यक् दृष्टि*** (Right views) सम्यक् दृष्टिले अर्थ सही वा यथार्थ वा युक्तिसङ्गत वा ठिक दृटिष्कोण वा हेराइ हो। वस्तुहरूको यथार्थ स्वरूपलाई सही रूपमा जान्नु नै सम्यक दृष्टि हो। चार आर्य सत्यको यथार्थ ज्ञान भएको अवस्था नै सम्यक दृष्टिको अवस्था हो। चार आर्यसत्यको ज्ञानद्वारा नै मानिस निर्वाण प्राप्ति मार्गतर्फ उन्मुख हुन्छ।

- ***सम्यक सङ्कल्प*** (Right resolve) सम्यक् सङ्कल्प भनेको अस्टाङ्गिक मार्गको अवलम्बन गर्ने दृढ निश्चय हो। सम्यक् दृष्टि सर्वप्रथम सम्यक् सङ्कल्पमा रूपान्तरित हुन्छ। जब मानिसमा चार आर्य सत्य वा अस्टाङ्गिक मार्गको पालन गर्ने दृढ निश्चय पैदा हुन्छ, त्यो अवस्था नै सम्यक् सङ्कल्पको अवस्था हो। जुन जुन कुराहरू अशुभ र निर्वाण प्राप्तिका बाधक छन् ती कुराहरू नगर्ने दृढ प्रतिज्ञा नै सम्यक सङ्कल्प हो।

- ***सम्यक वाक्*** (Right speech) सम्यक् वाक् वाणीको सत्यता र पवित्रतासँग सम्बन्धीत छ। सम्यक् वाक् सम्यक सङ्कल्पको अभिव्यक्ति हो। नियिनैत्रत, सत्य, अरूको कल्याण गर्ने, अरूलाई प्रिय लाग्ने, शान्ति दिने र शुभ वचनहरूको प्रयोग नै सम्यक वाक् हो।

- ***सम्यक् कर्मान्त*** (Right actions) सम्यक कर्मान्त हिंशा, द्वेश, र दूराचारको त्याग गर्ने तथा सत्कर्मको आचरणसँग सम्बन्धीत छ। बुद्धका अनुसार हिंसा, स्तेय (चोरी) र इन्द्रियभोग खराब कर्महरू हुन्। त्यसैले अहिंशा अर्थात् जीवको हिंशा नगर्नु, अस्तेय अर्थात् अरूको सम्पत्ति चोरी नगर्नु, इन्द्रियसम्यम अर्थात् इन्द्रियसुखको परित्याग गर्नु नै सम्यक कर्मान्तको पालन हो।

- ***सम्यक आजीवीका*** (Right livelihood) सम्यक आजीवीकाको अर्थ हो– इमान्दारीतापूर्वक जीवीकोपार्जन गर्नु। अरूलाई धोका दिनु, घुस खानु, लुट्नु, अत्याचार गर्नु, निशिद्ध वस्तुहरूको (शस्त्र, पशुपंक्षी, मासु, मदिरा विष आदि) व्यापार गर्नु आदि निशिद्ध कर्म हुन्। यस्ता कर्महरूद्वारा जीवीका चलाउने मानिसले निर्वाण प्राप्त गर्न सक्दैनन्। यस्ता पापकर्महरूको परित्याग गरी शुद्ध, पवित्र र इमान्दारिताको कमाइद्वारा जीवीकोपार्जन निवारणका लागि अपरिहार्य छ।

- ***सम्यक व्यायाम*** (Right effort) सम्यक् व्यायम भन्नाको शारीरिक व्यायाम होईन। शुभ कुराहरूको उत्पत्ति वा सृजना र अशुभ कुराहरूको निरोध वा त्यागका लागि गरीने सही प्रयत्न हो। त्यसैले यहाँ व्यायामको अर्थ शारीरिक अभ्यास नभएर मानसिक अभ्याससँग सम्बन्धीत छ। मानिसको मन तथा बुद्धिमा पुराना गलत विचारहरूले घर गरेको हुन्छ। नयाँ खराब विचारहरू पनि निरन्तर आईरहेका हुन्छन्। अतः पुराना खराब विचारहरूलाई मन र बुद्धिबाट निकाल्नु र नयाँ खराब विचारहरूलाई मनमा प्रवेश गर्नबाट रोक्ने सत्प्रयास नै सम्यक व्यायाम हो।

- ***सम्यक स्मृति*** (Right mindfulness) सम्यक स्मृतिको अर्थ वस्तुहरूको वास्तविक स्वरूपका विषयमा जागरुक रहनु हो। शरीर तथा मनका भोग्य वस्तुहरू एवं काम, क्रोध, लोभ, मोह आदि भावहरूको अनित्यता र अपवित्रतालाई निरन्तर स्मरणमा राख्नु र चित्तलाई एकाग्र बनाई राख्ने कुरासँग सम्यक् स्मृति सम्बन्धीत छ। बौद्ध दर्शनद्वारा प्रतिपादित आर्यसत्यको सधैं स्मरण हुनु सम्यक स्मृति हो॥ सम्यक् स्मृतिको पालनले साधकलाई समाधि योग्य बनाउँछ। अतः सम्यक स्मृति समाधिको पूर्व सर्त मानिन्छ।

- ***सम्यक् समाधि*** (Right concentration) सम्यक् समाधि चित्तको एकाग्रताद्वारा निर्विकल्प प्रज्ञा (ज्ञान) को अवस्था हो। समाधि अवस्था भनेको एकाग्रतापूर्वक ध्यानमा लिन गएको अवस्था हो। सम्यक् समाधिका लागि साधक कुनै शान्त ठाउँमा गई एकाग्र चित्तले स्थिर आशनमा बस्नुपर्छ र निर्वाण प्राप्तिको साधना (ध्यान) गर्नुपर्छ।

### ३.७.४ प्रतीत्यसमुत्पाद (Dependent origination)

प्रतीत्यसमुत्पादको अर्थ हो– कारणको अपेक्षा राखेर या कारणमा निर्भर भएर कार्यको उत्पत्ति। त्यसैले प्रतीत्यसमुत्पाद भनेको बौद्ध दर्शनको कार्यकारणबाट हो। बौद्ध दर्शनअनुसार कार्य सधैं कारण सापेक्ष हुन्छ। कारण भएकैले कार्य हुन्छ। यदि कारण नहुने हो भने कार्य पनि हुँदैन र उत्पन्न हुन पनि सक्दैन। बुद्ध दर्शन अनुसार कारण कार्यका बाह्र शृङ्खला छन्। जसलाई 'द्वादशाङ्ग चक', 'भाव चक्र, जममरण चक्र र धर्मचक्र पनि भनिन्छ। यी बाह्रवटा

अङ्गहरू चक्रवत रूपमा घुमिरहन्छन् । प्रथम अङ्ग द्वितीय अङ्गको कारण हुन्छ भने द्वितीय अङ्ग तृतीय अङ्गको कारण बन्दछ। एवं प्रकारले यो भावचक्र चलि नै रहन्छ ।

### ३.७.५ अविद्या (Ignorance)

बुद्ध दर्शनमा अविद्यालाई द्वादशचक्र वा जन्ममरण चक्रको मूल कारण मानिन्छ। त्यसैले यो दुःखको पनि मूल कारण हो। अविद्या अनादि हो, यसको कुनै कारण छैन। अविद्याले नै हामीलाई यस्ता कर्महरू गर्न उत्प्रेरित गर्दछ, जसको कर्मफल संस्कारका रूपमा पुनर्जन्मको कारण बन्दछ। अनित्य वस्तुलाई नित्य सम्झिनु, असत्यलाई सत्य सम्झिनु, अनात्मालाई आत्मा सम्झिनु, अविद्या हो। अर्थात् वस्तुको यथार्थ स्वरूपलाई बुझ्न नसक्नु नै अविद्या हो। अविद्याको नास केवल मौलिक निर्विकल्प निरपेक्ष अपरोक्षानुभूतिद्वारा मात्र सम्भव हुन्छ। जसलाई बौद्ध दर्शनमा 'बोधि' या 'प्रज्ञा–पारमिता' भनिन्छ। बोधि या निर्वाण निरपेक्ष तत्त्व हो। जो नित्य, शुद्ध र चैतन्य स्वरूप हुन्छ।

### ३.७.६ अनात्मवाद (Theory of No-soul)

बुद्ध दर्शनले 'स्व' भावलाई पनि मानसिक अनुभव भनेको छ। 'स्व' अर्थात् आत्मालाई शरीर र मनको सङ्कलन भनेको छ। आत्मालाई नाम रूपको संज्ञा दिएको छ। नाम रूप आत्मालाई 'पंच स्कंध' को समूह भनिएको छ। ती पंच स्कन्ध हुन : १. रूप (पृथ्वी, जल, अग्नि, वायु) यी चार महाभूतले बनेको शरीर। २. वेदना (सम्पूर्ण संवेग र भावनाहरू) ३. संज्ञा (प्रत्यक्षीकरण) ४. संस्कार (स्मृति र धारणा) ५. विज्ञान (चेतना)। बौद्ध दर्शनअनुसार मानिस यी पाँच स्कन्धको योग हो। यही नै आत्मा हो। शरीरभन्दा भिन्न शास्वत आत्मा छैन। आत्मा अनित्य छ किनकि प्रत्येक स्कन्धहरू अनित्य छन्।

### ३.७.७ अनिश्वरवाद (Atheism)

बुद्धले ईश्वरीय सत्ता स्वीकार गरेका छैनन्। बुद्धमत अनुसार यो संसार कार्यकारण (प्रतीत्यसमुत्पाद) को नियमद्वारा संचालित हुन्छ। सारा संसार उत्पत्ति र विनासको नियममा आधारित हुन्छ। विश्व परिवर्तनशील र अनित्य छ। यो नासवान तथा परिवर्तनशील जगत् ईश्वरद्वारा सृजित होइन। यदि नित्य एवं अपरिवर्तनशील ईश्वरले यस जगत्को सृष्टि गरेको भए यो जगत पनि नित्य र अपरिवर्तनशील हुने थियो। यदि ईश्वरलाई नै जगतको स्रष्टा मान्ने हो भने उनले कुनै खास प्रयोजनका लागि सृष्टि गरेको हुनुपर्छ। जब कुनै प्रयोजनका लागि सृष्टि गरीन्छ भने ईश्वरको अपूर्णता सिद्ध हुन्छ।किनभने प्रयोजन कुनै न कुनै ईच्छाको अभिव्यक्ति हो। यसप्रकार तार्किक युक्तिद्वारा ईश्वरको विचार खण्डित हुन्छ। कार्यकारण नियमको स्रष्टा ईश्वर मान्नु देषपूर्ण छ र भ्रामक छ। यसप्रकार विभिन्न रूपले बुद्धले ईश्वरको अस्तित्त्वलाई अस्वीकार गरेका छन्।

### ३.७.८ निर्वाण (Liberation)

बौद्ध दर्शनको केन्द्रीय विषय नै निर्माण हो। निर्वाण शब्दको शाब्दिक अर्थ हो 'निभ्नु' जस्तैः तेल सकिएपछि बत्ती निभ्नु। यहाँ निभ्नुको अर्थ जीवन समाप्त हुनु वा मृत्यु हुनु भन्ने होइन। यहाँ निभ्नुको अर्थ हो – सम्पूर्ण पाप कर्महरू समाप्त हुनु, अविद्या नष्ट हुनु अथवा तृष्णा रूपी आगो निभ्नु हो। अविद्याको नास भएपछि यस जीवनकालमा नै मानिसले निर्वाण प्राप्त गर्न सक्छ। बुद्धले पनि आफ्नो जीवन अवस्था मै निर्वाण प्राप्त गरेका थिए। जब मानिसले निर्वाण प्राप्त गर्छ ऊ संसार–चक्रबाट मुक्त हुन्छ। त्यसैले निर्वाणपछि पुनर्जन्म हुँदैन। निर्वाणलाई बुद्धले अवर्णनीय भनेका छन्। शब्दद्वारा निर्वाणको वर्णन गर्न सकिंदैन। यसको केवल अनुभूति गर्न सकिन्छ।

### ३.७.९ बुद्धदर्शनको शैक्षिक प्रयोग (Educational implication of Buddhis philosophy)

#### (क) शिक्षाका उद्देश्यहरू (Aims of Education) :

बौद्ध दर्शन अहिंशा, दया, माया, प्रेम र समानुभूति जस्ता कुराहरूप्रति प्रतिबद्ध भएको दर्शन हो। त्यसैले यस दर्शनका शिक्षाका उद्देश्यहरू पनि यिनै कुराहरूबाट प्रेरित छन्। बौद्ध शिक्षाको मूल उद्देश्य बुद्ध धर्मका आदर्श र मूल्यमान्यताको अवलम्बन गर्न व्यक्तिलाई समर्थ बनाउनु हो। व्यक्तिलाई स्वअनुभव र स्वनियन्त्रण गर्न सक्ने बनाउनु बुद्धका विचारहरू बुझ्न सक्ने क्षमताको विकास गर्नु, अहिंसात्मक प्रवृत्ति र असल आचरणको विकास गर्नु, पवित्र भावनाबाट प्रेरित व्यक्तित्व विकास गर्नु, समाजकल्याणका लागि त्याग गर्नसक्ने क्षमता विकास गर्नु, आदि बौद्ध शिक्षाका उद्देश्यहरू हुन्। बौद्ध शिक्षा परम्परामा धेरै पहिलेदेखि नै व्यवसायिक सिप क्षमता समावेश थियो। त्यसर्थ पवित्र र स्वआर्जित जीवन यापनका लागि व्यवसायिक क्षमताको विकासलाई पनि बौद्ध शिक्षाको उद्देश्यको रूपमा व्याख्या

गर्न सकिन्छ। वौध धर्मको अन्तिम लक्ष्य निर्वाण प्राप्ति हो। अर्थात् सांसारिक जीवनका दुखहरूबाट पूर्ण रूपले निवृत्ति प्राप्त गर्नु हो। त्यसकरण निर्वाण प्राप्ति पनि बौद्ध शिक्षाको महत्त्वपूर्ण उद्देश्य हो।

### (ख) शिक्षण विधि (Metod of teaching) :

वर्तमान समयमा बौद्ध शिक्षा व्यवस्थामा शिक्षणका आधुनिक प्रविधिहरूको प्रयोग गरीन्छ। बौद्ध शिक्षण परम्परामा प्रचलित धर्मिक संस्कारहरू (मठीय शिक्षा अर्न्तगत व्याख्या गरीएको छ) गरी विद्यार्थी भर्ना गरीन्छ। ती संस्कार पछि अध्ययन गर्ने कम सुरु हुन्छ। विद्यार्थीलाई शिक्षकले शिक्षा लिने प्रकृयाको अभिमूखीकरण गर्दछन्। शिक्षकले पाठ्यवस्तु पढ्छन् र विद्यार्थीले ध्यानपूर्वक सुनेर पढाइको अनुकरण (शिक्षकलाई पछ्याउँदै भन्ने) गर्नुपर्छ। ग्रन्थहरू पढ्ने अभ्याससंगै गुरुको प्रवचन सुनेर त्यसको (पढाइको) अर्थ ग्रहण गर्नुपर्छ। प्रश्नोत्तर, छलफल र वादविवाद जस्ता विधिहरू पनि आवश्यकताअनुसार प्रयोग गरीन्छ। शिक्षकले पञ्च तत्त्वको क्रमअनुसार विद्यार्थीको सिकाइलाई अघिबढाउने प्रयत्न गर्दछन्। जस्तै पहिले विद्यार्थीहरूलाई स्वरूपको ज्ञान दिने, त्यसपछि सुख दुःख वा वेदनाको अनुभूति गराउने, अनि संज्ञाको ज्ञान दिने र अन्त्यमा स्वको माध्यमद्वारा बाह्य वस्तु (विज्ञान) सँग परिचित गराउने। यस क्रममा विद्यार्थीहरूले प्रश्न वा जिज्ञासा राख्ने र स्वचिन्तन गर्ने अवसर पनि प्राप्त गर्दछन्।

### (ग) पाठ्यक्रम (curriculum) :

बौद्ध शिक्षण परम्पराको सुरुमा पाठ्यक्रम थिएन। बुद्धधर्मका ग्रन्थहरू खासगरी त्रिपिटक (अभिधम्म पिटक, सुत्त पिटक र विनय पिटक) लाई नै शिक्षणका मूल विषयहरू मानिन्थ्यो। बुद्धधर्मको विकास र प्रचारप्रसार हुने क्रममा बुद्ध धर्मका विभन्नि सम्प्रदायहरू विकास हुनपुगे। जस्तै महायान हीनयान, बज्रयान। यी सम्प्रदायहरूले आआ नै किसिमको शिक्षा व्यवस्था विकास गरे र आफ्नै मूल्यमान्यतामा आधारित पाठ्यक्रम प्रयोगमा ल्याउन थाले। बुद्ध धर्म मान्ने विभन्न मुलुकहरूले आफ्नो देशको परिस्थिति अनुकुलको बौद्ध शिक्षाको व्यवस्था गरे। विस्तारै बौद्ध शिक्षाको पाठ्यक्रममा बुद्ध विचार सँगसँगै आधुनिक ज्ञानहरू पनि संगठित गर्न थालियो। त्यसैले विभिन्न मुलुकमा बौद्ध शिक्षाको पाठ्यक्रम पनि फरक तरिकाले सङ्गठित गरीएका छन्।

बौद्ध धर्म, बौद्ध धर्मका ग्रन्थहरू बौद्ध सहित्य, जस्ता विषयरु बौद्ध शिक्षाको पाठ्यक्रमका साझा कुराहरू हुन्। बौद्ध शिक्षाको पाठ्यक्रममा प्राकृत, पालि, आफ्नोदेशको राष्ट्रभाषा र अन्तराष्ट्रिय भाषाहरू पनि अध्ययनका विषयहरू हुन्। बौद्ध शिक्षण परम्परामा कला, तर्कशास्त्र, औषधि विज्ञान र अन्य व्यवसायिक विषयहरू पनि समावेश भएको पाइन्छ। बौद्ध शिक्षाको पाठ्यक्रमले प्रमुख प्राथमिकता दिएका विषयहरू दया, माया, प्रेम, अहिंशा, शान्ति, इमान्दारिता, सम्मान, नैतिकता, पवित्रता जस्ता मूल्यमान्यता हुन्।

### (घ) शिक्षकको भूमिका (Role of teacher) :

बौद्ध शिक्षामा शिक्षक विद्यार्थी सम्बन्ध नजिकको हुन्छ। शिक्षक एक पवित्र आचरण भएको र बुद्धमार्गको अवलम्बन गरेको व्यक्ति हो। शिक्षक एउटा आदर्शमय र पवित्र जीवन बाँचेको व्यक्ति हो। उसभित्र दया, माया र प्रेमको सागर छल्किएको हुन्छ भन्ने अपेक्षा गरीन्छ। जातीयता र साम्प्रदायिकताको सीमाभन्दा माथि उठेर संसारलाई सकारात्मक दृष्टिले हेर्न सक्ने क्षमता शिक्षकमा हुनुपर्दछ। शिक्षक ब'द्धधर्म र आदर्शहरूको संरक्षक र प्रचारक पनि हो। ऊ निरन्तर अध्ययन ध्यान र बौद्ध परम्पराका गतिविधिमा संलग्न रहेको हुन्छ। ब्रम्हचार्यको पालन गरी क्रोध र अंहकार रहित जीवन बाँचेको हुनुपर्छ भन्ने मान्यता राखिएको हुन्छ। आफ्ना शिष्यहरूप्रति शिक्षकले प्रेमपूर्ण, सरल र विनयशील व्यवाहार गर्नुपर्छ। विद्यार्थीलाई केवल पढाउने मात्र नभई उनीहरूको व्यवाहारको रेखदेख गरी शिक्षकले पथप्रदर्शन समेत गर्नुपर्छ। विद्यार्थीको स्वतन्त्रतालाई शिक्षकले कुण्ठित गर्नुहुँदैन भन्ने मान्यता रहेको पाईन्छ। दण्डविहीन वातारणमा विद्यार्थीहरूको बौद्ध परम्पराअनुसारको व्यक्तित्व विकासमा शिक्षक प्रयत्नशील भइरहनु पर्छ।

### (ङ) विद्यार्थीको भूमिका (Role of Students) :

बौद्ध शिक्षा परम्परामा विद्यार्थीलाई नव शिष्यको रूपमा हेरिन्छ। बौद्ध परम्परा का खास संस्कारहरू गरेपछि उसलाई विद्यार्थीको रूपमा स्वीकार गरीन्छ। बुद्ध शिक्षामा विद्यार्थीलाई अँध्यारोबाट उज्यालो तर्फ लम्कँदै गरेको साधकका रूपमा हेरिन्छ। त्यसैले बुद्ध मार्गको प्राप्ति प्रति विद्यार्थी हरसमय प्रयत्नशील रहनुपर्छ। गुरुको निर्देशन अनुसारका क्रियाकलापहरूमा संलग्न हुनुपर्छ। इन्द्रियभोगबाट टाढा रही ब्रम्हचार्यको नियम पालन गर्नुपर्छ। पञ्चशीलका नियमहरूको पालन गर्नुपर्छ। चिन्तन गर्नु र स्वतन्त्र कर्ममा प्रयत्नशील रहनुपर्छ। बौद्ध परम्पराका आदर्श र मूल्यमान्यताप्रति स्वउत्प्रेरित हुनुपर्छ। साधारण र पवित्र जीवन यापनको अभ्यासमा संलग्न रहनुपर्छ।

भौतिक वादको चरम विकासका कारण संसार युद्ध, हिंसा, अशान्ति र सामाजिक विसङ्गीतहरूमा जकडिएको छ। मानिसमा धोर स्वार्थीपन, अहंकार, क्रोध, व्यभिचारले घर गरेको छ। एकथरी मानिसहरूले अर्का थरी मानिसमाथि अन्याय, अत्याचार र शोषण गरीरहेका छन्। यस्तो परिवेशमा बुद्ध दर्शनका विचारहरू समाजलाई सकारात्मक दिशातिर परिवर्तन गर्नका लागि ज्यादै उपयोगी र अनुकरणीय देखिन्छन्। बौद्ध शिक्षा परम्परा का आदर्शहरूको शिक्षण हो मानिसको मनमा शान्ति, अहिंसा, प्रेम दया, मायाँ सहानुभूति जस्ता गुणहरूको विकास गर्न सम्भव देखिन्छ।

### **३.७.१० पूर्वीय दर्शनको समालोचना** (Critique of Eastern Philosophy) :

पूर्वीय दर्शन खासगरी वैद्विक दर्शन संसारकै प्राचीनतम र व्यापक मानिन्छ। पूर्वीय दर्शनका आधार वेदहरूलाई अपौरुषेय (मानिसले सृजना गरेको होइन) र दिव्य ईश्वरीय वाणी मानिन्छ। वेदहरूको व्याख्या गर्न ऋषिमुनिहरूले उपनिषदहरूको रचना गरेको मानिन्छ। त्यस पछि विभिन्न धार्मिक तथा दार्शनिक साहित्यहरू सृजना भए। पूर्वीय दर्शनसँग सम्बन्धीत ग्रन्थ तथा सहित्यहरूको सङ्ख्या ज्यादै धैरै छन्। यिनीहरूको सङ्ख्यात्मक व्यापकता पनि वैचारिक व्यापकताको प्रमाण हो।

पूर्वीय दर्शनलाई सम्पूर्ण आधुनिक ज्ञानका विधाहरूको जरो मानिन्छ। धर्म, अध्यात्म, विज्ञान, कला, सहित्य सङ्गीत, समाजशास्त्र, मनोविज्ञान, अर्थशास्त्र, शिक्षा आदि विधाहरू पूर्वीय दर्शनमा समावेश छन्। पूर्वीय दर्शनहरूले नैतिकता आदर्श र मूल्यमान्यताका सवालहरूलाई जोडदार रूपमा उजागर गरेका छन्। अहिंशा, शान्ति, विश्ववन्धुत्व, स्वतन्त्रता, सहअस्तित्त्व, परोपकार, प्रकृति र पर्यावरण, प्रकृति र मानव बिचको सम्बन्ध, मूल्यमा आधारित राजनीति, मूल्यमा आधारित कर्म, आदि पूर्वीय दर्शनका सरोकारका विषय हुन्। प्राय सबै पूर्वीयदर्शनहरूले दुःखका कारण र दुःखबाट निवृत्ति प्राप्त गर्ने उपायहरू सुझाएका छन्। बालकदेखि वृद्धसम्म, भोगवादी (भौतिक वादी) देखि सन्यासीसम्म, राजा देखि रङ्कसम्मका सबै मानिसहरूका लागि पूर्वीय दर्शनले ज्ञानको सागर प्रदान गरेको छ। यतिमात्र होइन कि आधुनिक भौतिक विज्ञानले पत्तालगाएको "Black hole" को कुरा यो शताब्दीभन्दा पाँचहजार वर्ष पहिले सृजना भएको 'गीता' मा उल्लेख भइसकेको थियो। यस्ता विज्ञानसम्बन्धी अन्य गहन रहस्यहरूपनि पूर्वीय दर्शनमा समावेश छन्। पूर्वीय दर्शनमा ज्ञान, भक्ति र वैराग्यको समन्वय छ र मानिसलाई आफ्नो क्षमता, योग्यता र रुचि अनुसार यी तिन मध्ये कुनै एउटा वा सबै मार्गको अवलम्बन गरी मुक्ति प्राप्त गर्ने मार्गचित्र देखाइएको छ। मानिसको शारीरिक र मानसिक विकास र स्वनियन्त्रणका लागि योगका विभिन्न तरिकाहरू विकास गरीएको छ। पूर्वीय दर्शनकै बौद्ध सम्प्रदायले मानिसलाई उच्च आदर्शपूर्ण, अहिंशात्मक र शान्तिपूर्ण जीवन यापनका उपायहरू हामीलाई दिएको छ। यस्ता बहुमूल्य ज्ञान दिने ती सबै दर्शनहरू संसारकै लागि पूर्वीय चिन्तन परम्पराले दिएका अमूल्य उपहार हुन्।

पूर्वीय दर्शन तथा परम्परामा कतिपय यस्ता कुराहरू पनि छन् जुनकुरा वर्तमान युगमा सकारात्मक दृष्टिले हेरिन्छ। जस्तै धैरै जसो पूर्वीय दर्शनले आत्माको पुनर्जन्मको कुरा गर्दछन् भने कतिपय दर्शनहरू जस्तै बुद्ध र जैन दर्शनले यस विचारलाई स्वीकार गर्दैनन्। यो कुरा पूर्वीय दर्शनभित्रको विवादको विषय हो। पूर्वीय दर्शनहरू विशेषगरी बौद्विक दर्शनहरू संस्कृत भाषामा लिपिवद्ध छन्। काव्यात्मक शैलीमा त्यसको प्रस्तुतीकरण गरीएको छ। आलङ्कारिक शब्द र उपमाहरूको प्रयोग गरीएको छ। त्यसैले यस्ता दर्शनहरू सर्वसाधारण मानिसहरूको क्षमताको पहुँच भन्दा माथि छन्। बहुअर्थ लाग्ने भएकोले त्यसबाट सजिलै अर्थ ग्रहण गर्न सकिदैन। पूर्वीयदर्शनमा ईश्वरको विषयमा बहुधारणा छन्। कुनै दर्शन 'एकेश्वरवाद' (ईश्वर एउटै छ भन्ने विचार)मा आधारित छन भने कतिपय दर्शनले बहुईश्वरवादको पक्षमा आफ्ना विचारहरू प्रस्तुत गरेका छन्। भने कुनै दर्शनले ईश्वरको अस्तित्त्वलाई नै अस्वीकार गरेका छन्। पूर्वीय दर्शनहरूमा आत्मा, परमात्मा र ब्रम्हसम्बन्धी विचारहरूमा पनि एकरूपता पाइदैन।

पूर्वीय धर्मिक परम्परामा पूर्वीय दर्शनको सन्दर्भमा आधारित भई केही नराम्रा प्रथाहरू विकास भएको पाइन्छ। जस्तै वर्णव्यवस्था, बलिप्रथा, मूर्तिपूजा, धर्मका नाममा राजनीति, धर्मका आडमा व्यापार, छुवाछुतको भावना, अनावश्यक कर्मकाण्डी प्रथाहरू आदि। यस्ता कुराहरूले पूर्वीय दर्शनको महानतालाई चुनौति दिइरहेको अनुभूति हुन्छ। यस्ता कतिपय प्रथाहरू पूर्वीयदर्शनको सही बुझाइ र सही व्याख्याको अभावमा विकास भएको मानिन्छ। त्यसैले यस्ता कुराहरूको पुर्नव्याख्या आवश्यक देखिन्छ।

संस्कृत भाषाको अभ्यासमा आएको कमीसँगै पूर्वीय दर्शनको अध्ययन र प्राज्ञिक अभ्यासमा कमी आएको छ। यस्तो अवस्थामा पूर्वीय दर्शनका महत्त्वपूर्ण शास्त्रहरूलाई राष्ट्रभाषा तथा राष्ट्रिय भाषामा आधिकारिक अनुवाद गरी सर्वसाधारणको पहुँच पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ। कतिपय कुराहरूको समयानुकुल पुर्नव्याख्या गर्नुपर्ने आवश्यकता देखिन्छ। प्राज्ञिक निकायहरू खासगरी विश्वविद्यालयहरूले पूर्वीय दर्शनसँग सम्बन्धीत विषयहरूमा प्राथमिकताका साथ अनुसन्धान गरी हाम्रो ऐतिहासिक ज्ञान सम्पदानको जगेर्ना र प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ।

## ४) सारँश (Summary)

पूर्वीय दर्शन पाश्चात्य दर्शनको तुलनामा प्राचीन मानिन्छ । पूर्वीय चिन्तन परम्पराका विभिन्न दर्शनहरूमध्ये वैदिक दर्शन र बौद्ध दर्शन प्रमुख दार्शनिक विचारहरू हुन् । वैदिक दर्शन ज्यादै व्यापक दार्शनिक सम्प्रदाय हो । यस सम्प्रदायभित्र धेरै दार्शनिक उपसम्प्रदायहरू छन् । बौद्धिक दर्शनका ग्रन्थहरू पनि धेरै छन् । वैदिक दर्शनका विभिन्न उपसम्प्रदाय वा ग्रन्थहरूमध्ये यस एकाइमा साङ्ख्य , योग, वैशेषिक, न्याय, मीमांसा र वेदान्त दर्शनको सामान्य परिचय र यी प्रत्येक दर्शनका दार्शनिक आधारहरूको सङ्क्षेपमा वर्णन गरीएको छ । यी सबै दर्शनका दार्शनिक विचारहरूमा आधारित भई शैक्षिक उपयोगसँग सम्बन्धीत कुराहरू जस्तै शिक्षाको लक्ष्य, शिक्षण विधि, पाठ्यक्रम र शिक्षक तथा विद्यार्थीको भूमिकासँग सम्बन्धीत विषयमा छलफल गरीएको छ । वैदिक दर्शन प्राचीन दर्शन भए पनि यस दर्शनले उल्लेख गरेका कतिपय शैक्षिक विचारहरू वर्तमान समयमा पनि त्यत्तिकै उपयोगी र अनुकरणीय देखिन्छन् ।

पूर्वीय चिन्तन परम्पराको अर्को महत्त्वपूर्ण दार्शनिक सम्प्दाय बौद्ध दर्शन हो । अहिंशा र शान्तिमा आधारित यस दर्शनले मानिसलाई दुःख निवारणका उपायहरू सुझाएको छ । यस दर्शनका प्रमुख दार्शनिक आधारहरू उल्लेख गर्दै शिक्षामा बौद्ध दर्शनको उपयोगको विषयमा पनि यस एकाइमा सङ्क्षेपमा छलफल गरीएको छ र अन्त्यमा पूर्वीय दर्शनको समालोचनात्मक टिप्पणी प्रस्तुत गरीएको छ।

## ५) अभ्यास (Exercise)

यस एकाईमा तपाईले अध्ययन गरेका कुराहरूबाट तपाईले के कस्ता सिकाइ उपलब्धिहरू प्राप्त गर्नुभयो भन्ने कुराको स्वमूल्यङ्नका लागि केही विषयगत र वस्तुगत प्रश्नहरू दिइएका छन् । ती प्रश्नहरूको उत्तर दिई आफ्नो मूल्याङ्कन आफैं गर्नुहोस् ।

### विषयगत प्रश्नहरू (Subjective Questions)

1. Elaborate the characterists of Eastern Philosophical thoughts.
2. How a trained teacher can acquire professional supports through studying Eastern Philosophy?
3. Describe the principle of "cause-effect relationship" stated in the Sankhya philosophy.
4. How the eight fold paths of Yoga can be implemented in the educative process? Recommend the ways you think.
5. Write short note on "Atomism" of Veishesik Philosophy.
6. Describe the concept of "Real and unreal knowledge" according to Nyaya Philosophy.
7. Critically analysis the principle of bondage and salvation of Mimansa Philosophy.
8. Describe the concept of liberation (Moksha) interms of non-dual vedenta.
9. Compair the philosophical premises of vedenta and Buddhist philosophy.
10. Analyze concept of reality of veidic thought.
11. Explore the aims of education in Veidic philosophies and evaluate their relevancy in Nepalese context.
12. Are methods of teaching prescribed by Veidice philosophies meaningful to cultivate holistic personality? If so, why not?
13. Critically analysis the curriculum structure of the veidic philosophy.
14. Compair the role of modern teacher and Veidic teacher.
15. Elaborate the aims of education according to Buddhist philosophy.

16. Compare the role of student in Veidic and Buddhist thought
17. How Eight fold Noble paths can be addressed in education? Purpose ways.
18. Critically analyze the veidic philosophical thought.
19. How Buddhist Philosophy can be used to establish peaceful social life? Show the ways you think.
20. Critically analyze the Buddhist philosophical thought.

## वस्तुगत प्रश्नहरू (Objective Questions)

1. According to Sankhya Philosophy, what are the causal factors for evolution.
   (a) Soul and Purusa (b) God and Prakriti
   (c) Purusa and Prakriti (d) Matter and Prakriti
2. According to Yoga Philosophy, in the stage of ignorance -d"9_ which guna becomes superior?
   (a) Rajo guna (b) Tamo guna
   (c) Sattwa guna (d) Sunya guna
3. Which is the correct meaning of Pratyahar -k|Tofxf/_ ?
   (a) Controll sense (b) Control breath
   (c) Fixing the mind (d) Concentration
4. Which of the following philosophy says the Atome is the cause of evolution?
   (a) Nyaya (b) Sankhya
   (c) Mimansa (d) Veishesika
5. Which is the philosophical subject of Nyaya?
   (a) Religion (b) Value
   (c) Prakriti (d) Evidence
6. According to Nyaya, the knowledge which is originated through intimate -;lGgs6_ contact of sense and object is called–
   (a) Anology (b) Testimony
   (c) Cognition (d) Inference
7. What major cause of bondage according to Nyaya Philosophy/
   (a) Get birth (b) Sense organs
   (c) Ignorance (d) Material gain
8. "This creation -;+;f/_ is Maya of the Brahma which philosophy says so?
   (a) Nyaya (b) Mimamsa
   (c) Yoga (d) Vedanta
9. Which one is major teaching of vedic philosophy?
   (a) Liberation from family attachment

(b) Liberation from birth-death cycle

(c) Liberal from unethical action

(d) Liberation from sinful action

10. Which is a common thoughts of veidic philosophy interms of objective of education?

    (a) to release from material life

    (b) to release from attachment

    (c) to release from sin

    (d) to release from sorrow

11. Which philosophical principle is equally emphasized by veidic and Buddhist thought?

    (a) Imortality of the soul

    (b) Sorrow and its causes

    (c) Suprimacy of supreme soul

    (d) Relativity of soul

12. Which is the most preferable subject of study in Veidic education system?

    (a) Puranas (b) Vedas

    (c) Karmakanda (d) Ethics

13. Which Eastern philosophy prescribed- perception, inference, anology and testimony as the ways of aquiring knowledge?

    (a) Nyaya (b) Sankhya

    (b) Vendanta (c) Mimansa

14. Which characteristic is expected in a teacher in veidic thought?

    (a) As like a guide (b) As like a leader

    (c) As like a instructor (d) As like a father

15. Which is prohibited action for student is veidic system of education

    (a) Spiritual pleasure (b) Retual pleasure

    (c) Sense organ pleasure (d) Common pleasure

16. According to Buddhist system of education which is main aim of education?

    (a) Attainment of Brahma (b) Attainment of Joy

    (c) Attainment of Nirbana (d) Attainment of Salvation

17. Which is the first stage of knowldge acquisition process in Buddhist thought?

    (a) Knowledge of Rupa (b) Knowledge of Sanskara

    (c) Knowledge of Vedana (d) Knowledge of Sangya

18. Which quality is expected in Buddhist teacher?

    (a) Live a pure and self-earning life

    (b) Spritually and materially connected life

(c) Highly cultured life

(d) Live a highly sanacted life

19. Which is the identity of a new student in Buddhist education system?

(a) A person liberated from family attachment

(b) A person impatience for spiritual perfection

(c) A person comming from dark to the light

(d) A person going to equipeded with Buddhist values.

20. Which perspective of Buddhist philosophy can be most useful in present context?

(a) Social progress (b) Spiritual practice

(c) Creativity and empathy (d) Non-voilence and peace

21. Most preferable aspect of development according Eastern thoughts is

(a) Knowledge (b) Rationality

(c) Wisdom (d) Intellectuality

22. Which is a critical aspect of veidic philosophy from social perspective?

(a) Sprituality (b) Rebirth of soul

(c) Religiousness (c) Cast system

**Answer key**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| c | B | A | C | c | c | a | d | c | d | b |
| 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| b | A | d | C | c | a | a | c | d | c | c |

## ६) पृष्ठपोषण (Feedback)

तपाईंले गर्नुभएको स्वमूल्याङ्कनलाई अर्थपूर्ण बनाउन तपाईंले लेख्नुभएका उत्तरहरूलाई स्वअध्ययन सामग्रीको पुनरावलोकन गरी जाँच्नुहोस् । स्वअध्ययन सामग्री नपुग जस्तो लाग्यो भने अन्य सामग्रीहरू अध्ययन गरी उत्तर सुनिश्चित गर्नुहोस् र आफ्ना उत्तरको सवल र दुर्वल पक्ष पहिल्याउनुहोस् । दूर्वल पक्षलाई सुधार गर्ने योजना बनाई कार्यान्वयन गर्नुहोस् र आफ्नो अध्ययनको गतिलाई निरन्तरता दिनुहोस् । वस्तुगत प्रश्नहरू तलको उत्तरकुन्जिका हेरी अङ्कन गरी पृष्ठपोषण लिनुहोस् । यदि तपाईंलाई कुनै विषयमा थप अध्ययन गर्नुपर्ने भएमा, कुनै विष्यावस्तु नबुझिएमा फोन तथा इमेल मार्फत विज्ञहरू सम्पर्क गर्नुहोस् । तपाईंले लेखेका उत्तरहरू सम्पर्क कक्षामा आउँदा ल्याउनुभयो भने विज्ञहरूबाट पृष्ठपोषण लिन सक्नुहुनेछ । थप अध्ययनका लागि सन्दर्भ ग्रन्थहरूको सूचीमा उल्लेख भएका सामग्रीहरू खोजी गरी पढ्नुहोस् । इन्टरनेटमा सर्च गरेर पनि तपाईंले चाहेको विषयका लागि अध्ययन सामग्री जुटाउन सक्नुहुनेछ।

## References

निगम, शोभा (२००३) भारतीय दर्शन। मोतीलाल बनारसीदाश/दिल्ली।

शर्मा चन्द्रधर (१९९५)। भारतीय दर्शन – आलोचना और अनुशीलन। दिल्लि। मोतीलालबनारसीदास।

सरस्वती, स्वामी जगदीश्वरानन्द (२०१०) षड्दर्शनम्। दिल्ली। विजयकमा्र गोबन्द'राम हासानन्द।

शास्त्री, उदयवीर (२०१०) न्यायदर्शनन्। दिल्ली। विजयकुमार गोबन्द'रामहसानन्द।

मुसलगाँवकर, गजाननशास्त्री (२०६५ वि.सं.)। साङ्ख्य दर्शन्, नई दिल्ली। चौरवम्भा पब्लिकेशन्स।

King, R. (1999) . Indian Philosophy - An Introduction to HIndu and Buddhist Thought. London . Ane Books.

तीर्थ श्रीस्वामी ओमानन्द (२०६६ वि.सं.) पतान्जलयोगप्रदीय। गीताप्रेस गोरखपुर।

Macdonell, A (2004) . A practical Sanskrit Dictionary. Deltu; Motilal Banarsidass publishers .

सिन्हा, हरेन्द्र प्रसाद (१९९३)। भारतीय दर्शन की रूपरेखा। दिल्ली। मोतीलाल बनारसीदास।

Sharma, R.N. (1994), History of Indian philosophy . Delhi Surjeet prublications .

Bahasur, K.P. (1988). The Wisom of Nyaaya New delhi sterling publishers.

शर्मा, नारायण (२०६५, अनु.)। उपनिषद तत्त्व चिन्तन। काठमाडौं। विद्यार्थी पुस्तक भण्डार।

Sadhu Ram (1965). Essays on Sansksrit Literature. Delhi. Miunshil Tam Manohar Lal.

Bahasur, K. P. (1988). The wisom of saankhya. Sterling publisher. New Delhi.

Bartley, C. (2011). An Introduction to Indian Philosophy. Continuum International Publishing Group.

Gupta, S. D. (1922). A History of Indian Philosophy (vol. I). 1st ed. Cambridge.

Leaman, O. (1999). Key Concepts in Eastern Philosophy. Routledge.

Leaman, O. (2011). Eastern Philosophy: Key Readings. Routledge.

Thompson, M. (2011). Teach Yourself Eastern Philosophy. Papermill eBooks. Retrived from from www.philosophyandethics.com

भाग तिन

एकाइ चार

# शिक्षाको समाजशास्त्रीय आधार

# (Sociological Foundation of Education)

## १) परिचय (Introduction)

यस एकाइमा तपाईंहरूले शिक्षालाई समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गर्नुहुने छ । यसमा समाजशास्त्रीय सिद्धान्तहरू जस्तै संरचनात्मक प्रकार्यवाद, द्वन्द्व सिद्धान्त र साङ्केतिक अन्तरक्रिया मुख्य सिद्धान्तका रूपमा रहेका छन्। यिनै सिद्धान्तको सम्बन्ध शिक्षासँगै रहेको छ त्यसको बारेमा पनि यस एकाइमा चर्चा गरीएको छ।

## २) विशिष्ट उद्दश्यहरू र पाठ् यवस्तुहरू (Specific Objectives and Contents)

| विशिष्ट उद्दश्यहरू र पाद्‍य वस्तुहरू | पाद् वस्तुहरू |
|---|---|
| • शिक्षाको समाजशास्त्रीय आधारको उत्पत्ति, विकास सिद्धान्त र विधिहरूको व्याख्या गर्नु,<br>• संरचनात्मक र प्रकार्यवादी द्वन्द्व र साङ्केतिक अन्तरक्रिया सिद्धान्तबारे व्याख्या गनु। | **Theories of sociological foundation of education**<br>4.1 Sociological Theories: (Structural Functionalism, Conflict, and Symbolic Interactionism)<br>4.2 Education and its Relation with the above theories<br>• Education and Functionalism<br>• Education and Marxism<br>Education and Interactionism |

## ३) प्रस्तुतीकरण (Contents presentation)

### ३.१. समाजशास्त्रको परिचय (Introduction to Sociology)

मानव सभ्यताको विकासदेखि नै मानिसले सामाजिक प्राणीको रूपमा विभिन्न क्रियाकलाप गर्दै आएको पाइन्छ। आफु जीवीत रहन र अन्य व्यक्तिहरू माफ समायोजित हुन मानिसले विभिन्न क्रियाकलाप गऱ्यो । मानिसले आफ्नो आवश्यकता पूरा गर्नका लागि विस्तारै विस्तारै समूह, सङ्गठन, समुदाय, संस्कृति, मूल्य, मान्यता आदि जस्ता मूर्त तथा अमूर्त कुराहरूको सिर्जना र विकास गर्दै गए । आफ्नो आवश्यकताहरू परिपूर्ति गर्नका लागि मानिसले विभिन्न पक्षहरूसँग सम्बन्ध स्थापित गर्दै गयो । त्यसको परिणामस्वरूप मानवको क्रियाकलाप व्यवहार, रहन सहन, संस्कार, संस्कृति, मूल्य मान्यता आदि जस्ता पक्षको अध्ययन गर्ने एउटा छुट्टै विधाको रूपमा समाजशास्त्र (sociology) को विकास भयो।

शाब्दिक रूपमा हेर्ने हो भने अङ्ग्रेजी भाषाको sociology भन्ने शब्द, ल्याटिन भाषा र ग्रिक भाषाका दुई शब्दहरू क्रमश 'Socius' / 'Logos' मिलेर बनेको शब्द हो। ल्याटिन भाषाको socius भन्ने शब्दको अर्थ समाज (society) वा companion वा associate भन्ने हुन्छ भने, ग्रिक भाषाको 'Logos' भन्ने शब्दको अर्थ study वा science भन्ने हुन्छ। तसर्थ शाब्दिक रूपमा sociology को अर्थ science या the society भन्ने हुन्छ। सन् १८३४ भन्दा अगाडि sociology एउटा छुट्टै विधा वा अध्ययन क्षेत्रको रूपमा थिएन, यो विधा अर्थशास्त्र, दर्शनशास्त्र, राजनीतिशास्त्र आदि जस्ता विषयसँग जोडिएर रहेको एउटा टुक्रे विषयको रूपमा थियो । हुनत प्राचीन दार्शनिक प्लेटोले आफ्नो पुस्तक (republic) मा, अरस्तुले एथिक्स (ethics) र पोलिटिक्स (politics) मा र

कन्फ्युसियसले एनालेक्समा समाजशास्त्रको कुरा उठाएता पनि यसको व्यवस्थित रूपमा अध्ययन गर्ने कार्यको थालनी Auguste Comte बाट भएको हो । सन् १८३७ सा फ्रान्सका दार्शनिक अगस्त कम्ते (French Philosopher- Auguste Marie Francois Xavier Comte 1798–1857) ले Cours de Philosophie Positive नामक जर्नल प्रकाशन गरे। त्यस जर्नलमा सन् १८३७ social physics भन्ने शब्द प्रयोग गरीएको थियो। सन् १८३९ मा प्रकासन भएको 'Cours de Philospheie Positive' नामक जर्नलको छैटौं अङ्कमा Social Physics को सट्टा Sociology शब्द प्रयोग गरीयो। sociology शब्दको पहिलो पटक प्रयोग गर्ने कार्य Auguste comte ले गरेको हुनाले उनलाई समाजशास्त्रका पिता (father of sociology) पनि भनिन्छ। social physics लाई जनाउन जोन स्टुअर्टले‚Ethology' भन्ने शब्द पेश गरे तर त्यो शब्द स्वीकार्य भएन (Fulcher & Scott, 2003:24)।

समाजशास्त्र एउटा सामाजिक विज्ञान हो। यसले सम्पूर्ण समाजको व्यवस्थित एवम् क्रमिक रूपमा अध्ययन गर्दछ। समाजशास्त्रलाई सामाजिक विज्ञानको रूपमा विकास गराउनमा अगस्त कम्तेका अतिरिक्त समाजशास्त्रीहरू हर्बट स्पेन;/ (Herbert Spencer 1820-1903), इमायल दुर्खिम (Emile Durkheim 1858-1917), कार्ल मार्क्स (Karl Marx 1818-1883) र म्याक्स वेवर (Max Weber 1864-1920) को पनि महत्त्वपूर्ण योगदान रहेको छ। त्यसैले यिनीहरूलाई समाजशास्त्रको जग वसाल्ने पिताहरू (Funding fathers of sociology) भनिन्छ। प्राचीन समयमा समाजशास्त्रलाई समाजको, सामाजिक सम्बन्धको, सामाजिक घटनाहरूको, सामाजिक समूहको र सामाजिक अन्तरक्रियाको अध्ययन गर्ने व्यवस्थित विज्ञानको रूपमा स्वीकार गरीन्थ्यो। समाजशास्त्रले मानव समाजमा हुने सामाजिक अन्तरक्रिया, सामाजिक सहयोग, सामाजिक सङ्घर्ष, समूह र व्यवहार, सामाजिक अपराध, रीतिरिवाज, चालचालन, संस्कृति, पारिवारिक परम्परा र सम्बन्ध आदि जस्ता मानव समाजसँग सम्बन्धीत सम्पूर्ण सामाजिक पक्षको बारेमा अध्ययन गर्दछ (In short, sociology can be defined as the scientific study of social relations, institutions, and society.)। अगस्त कम्तेले भौतिकशास्त्र, जीवशास्त्र, रसायनशास्त्र जस्तै मानव व्यवहारको अध्ययन गर्ने, समाजको सम्पूर्ण पक्षको अध्ययन गर्ने विधाको आवश्यकताको महसुस गरे। त्यसको परिणामस्वरूप सामाजिक घटना सङ्घ संस्था, सामाजिक सम्बन्ध आदिको अध्ययन गर्ने विधाको रूपमा समाजशास्त्रको विकास गरे। अगस्त कम्ते आफ्ना अग्रज गुरु Saint–Simon द्वारा समाजशास्त्रतर्फ प्रभावित भएका थिए। सेन्ट साइमन physics का शिक्षक थिए, तसर्थ उनी समाजको बारेमा अध्ययन गर्ने विज्ञानलाई पनि physics जस्तै छुट्टै विज्ञानको रूपमा स्थापित गराएर सामाजिक घटनाको व्यवस्थित रूपमा अध्ययन गर्न चाहन्थे तर उनको छोटो उमेरमा नै मृत्यु भयो। सन् १८१७ देखि Auguste Comte n] Saint–simon, जो भौतिक विज्ञानका शिक्षक थिए, उनको संस्थामा नै सचिवको रूपमा काम गरेका थिए। सेन्ट साइमनको प्रभावबाट नै अगस्त कम्ते समाजशास्त्रतर्फ उन्मुख भएका थिए (Abraham, 2006)।

समाजका मानिसहरूको सामाजिक सम्बन्ध उनीहरूको अन्तरक्रिया, प्रक्रिया र परिवर्तनका बारेमा समाजशास्त्रले अध्ययन गर्दछ। समाजलाई सामाजिक सम्बन्धको जालोका रूपमा लिइन्छ (society as the web of social relationship)। यसको सम्बन्ध अन्य सामाजिक पक्षहरू जस्तै इतिहास, राजनीतिकशास्त्र, अर्थशास्त्र मनोविज्ञानसँग रहेको छ। सामाजशास्त्रले सामाजिक घटना र सामाजिक जीवनका विभिन्न पक्षको बारेमा अध्ययन गर्दछ। त्यसैले समाजशास्त्र भौतिकशास्त्र जस्तो शुद्ध विज्ञान होइन, यो सामाजिक विज्ञान हो। यसको सम्बन्ध मानिसहरू, तिनीहरूको सम्बन्ध, सामाजिक क्रियाकलापहरू, सामाजिक घटना, सामाजिक सम्बन्ध, सामाजिक अन्तरक्रिया र सामाजिक जीवनसँग केन्द्रित रहन्छ। समाजशास्त्रले व्यक्ति, समाज र संस्कृतिको अध्ययन गर्ने हुनाले यसको आफ्नै अध्ययन क्षेत्र, अध्ययन विधि र शैलीहरू रहेका छन्। समाजशास्त्रले सामाजिक घटनाहरूको पूर्ण अध्ययन गर्दछ (sociology is very simply the systematic study of social behaviour and human groups. It focuses on social relationship, how these relationships influence people's behaviour, and how societies, the sum total of these relations, develop, and change.)।

### ३.२. समाजशास्त्रीय सिद्धान्तहरू (Sociological theories)

#### ३.२.१ संरचनात्मक प्रकार्यवादी सिद्धान्त (Structural functionalism theory)

समाज र सामाजिक सम्बन्धको अध्ययन गर्नका लागि संरचना (structural) र प्रकार्य (functionalism) दुई शब्दहरू सँगै प्रयोगमा आउने शब्द हुन् । यिनीहरूसँगै प्रयोग भए तापनि यिनीहरूको विचमा भिन्नता पाइन्छ । संरचना र प्रकार्य शब्दले फरक फरक अर्थ दिन्छन् । जसमा एकको अभावले अर्को शब्दलाई अर्थपूर्ण बनाउन सक्दैन । सामान्यतय कार्य (Function) भनेको कुनै सामाजिक संस्थाको योगदान हो, जसले सम्पूर्ण सामाजिक संरचनालाई अगाडि बढाउन सहयोग गर्दछ । प्रणाली वा संरचना भन्नाले छुट्टै अस्तित्त्व भएका तर एक आपसमा आश्रित, अन्तर सम्बन्धीत भागहरू हुन् (System is an entity made up of inter connected and inter related parts) । तसर्थ कुनै एक भागले अर्को भागलाई वा सिङ्गो संरचनालाई प्रभाव पार्दछ । प्रकार्यवादको विकासमा Auguste Comte (1789-1957), Herbert Spencer (1820-1903), Emile Durkheim (1858-1917), Max Weber (1864-1920) / Talcott Parsons (190-1979) को महत्त्वपूर्ण योगदान छ। सन् १९५० देखि १९६० को दशकमा प्रकार्यवादले समाजशास्त्रको क्षेत्रमा धेरै प्रभाव पारेको थियो । Talcott Parsons / Robert K. Merton को यस सिद्धान्तको विकासमा महत्त्वपूर्ण योगदान रहेको छ। Auguste Comte ले समाजलाई प्राणीसँग तुलना गरेका छन् । सन् १८५१ मा Auguste comte ले आफ्नो पुस्तक System of Positive Policy समाजलाई विभिन्न तत्त्वहरू भएको संरचनाको रूपमा तुलना गरेका थिए । जसरी प्राणीको शरीरमा विभिन्न अङ्ग प्रत्याङ्गहरू हुन्छन्, तिनीहरूले विभिन्न कार्य गर्दछन् त्यसै गरी समाजमा पनि समाजको सम्पूर्ण गतिविधिलाई निरन्तरता दिन विभिन्न तत्त्वहरूले फरक फरक काम गर्नु पर्दछ । समाजका एकाइहरू एक आपसमा सम्बन्धीत एवम् अन्तर सम्बन्धीत भएर आ–आफ्नो किसिमको भूमिका निर्वाह गर्नु नै प्रकार्य (Function) हो । समाजको निरन्तरताको अहित हुने कार्य गरीन्छ भने त्यसलाई अकार्य (dysfunction) भनिन्छ। प्रकार्य भन्नाले कुनै पनि एकाइले पूरा गर्ने भूमिका क्रियाकलाप वा कार्य हो । समाजका विभिन्न व्यक्तिहरूको बिचको सम्बन्ध नियमनको आधारमा सङ्गठित हुन्छ । सामाजिक संरचना भन्नाले समाजद्वारा स्थापित वा मानङ्कित व्यवहारको सङ्गठित रूप हो । संरचनात्मक प्रकार्यवादी सिद्धान्तको मुख्य जोड समाज र यसका संस्थाहरूको अन्तर सम्बन्धमा निहीत छ। जसरी टाउको, आँखा, कान, नाक, मुख, हात, खुट्टा, मुटु, फोक्सो आदि अङ्गहरू मिलेर मानिसको वा अन्य कुनै प्राणीको शरीर बन्दछ त्यसै गरी समाज पनि यसका विभिन्न एकाइहरू जस्तै परिवार नातागोता, छरछिमेक, समाजमा स्थापित सङ्घ संस्थाहरूद्वारा मिलेर बनेको एउटा संरचना हो । समाज भनेको सामाजिक सम्बन्धको जटिल जालो (complex web) हो, त्यही सामाजिक जटिल सम्बन्धको जालोको रूपमा रहेका विभिन्न एकाइहरूद्वारा समाजको निर्माण हुने भएकोले समाजलाई व्यवस्थित बनाउनका लागि विभिन्न एकाइले गर्ने कार्यलाई प्रकार्य भनिन्छ। यो संरचनालाई जीवीत राख्न वा निरन्तरता दिन फरक फरक अङ्गहरूले विभिन्न कार्यहरू गर्नुपर्दछ (society like an organism, is perceived as a system of functionally interrelated components each of which, like an organ, performs a function essential to the survial of the system) । समाजको एउटा एकाइ वा एउटा पक्षमा प्रभाव पर्ने हो भने यसले सिङ्गो सामाजिक संरचनामा नै असर पार्दछ। तसर्थ समाज भनेको एक आपसमा अन्तरसम्बन्धीत भएका स्वचालित एकाइहरूको प्रणाली हो (Delaney, 2005:41)।

तर आधुनिक समाजशास्त्रीहरू समाजशास्त्रलाई जीवीत प्राणीसँग तुलना गर्नु राम्रो मान्दैनन् । समाजशास्त्री Talcott Parsons का अनुसार समाज भनेको अन्तर सम्बन्धीत भागहरूको सञ्जाल हो, जसले सिङ्गो सामाजिक संरचना सञ्चालनमा योगदान गर्दछ (Society is a network of connected parts, each of which contributes to the maintenance of the system as a whole) । प्रकार्यवादी सिद्धान्तमा विश्वास गर्ने समाजशास्त्रीहरूका अनुसार समाज भनेको एउटा सङ्गठित स्थिर र यसका सदस्यहरू राम्रोसँग एक आपसमा अन्तर सम्बन्धीत भएको मानिसहरूको समूह हो, जसमा प्रायः सबै मानिसहरू साझा मूल्यमा सहमत हुन्छन् । समाजलाई निरन्तरता दिन वा जीवन्त राख्न समाजका केही आधारभूत आवश्यकताहरू पुरा गर्नु पर्ने हुन्छ (Society has certain basic needs or requirements which must be met if they are to survive, Haralambos, 2003:10) । यस्ता आधारभूत आवश्यकताहरूलाई कार्यात्मक पूर्वसर्तहरू वा पूर्व आवश्यकताहरू भनिन्छ। जस्तैः समाजलाई निरन्तर रूपमा अगाडि बढाउनका लागि समाजका मानिसहरूलाई आधारभूत आवश्यकताको रूपमा नाना, छाना र खानाको आवश्यकता पर्दछ। त्यसै गरी समाजलाई निरन्तरता दिन र सामाजिक प्रक्रियालाई चलाइ राख्न एउटा बालकलाई सामाजिकीकरण गराउन आवश्यक हुन्छ । सामाजिकीकरण विना समाजको सञ्चालन वा सामाजिक प्रक्रिया असम्भव हुन्छ। समाजको लागि प्रकार्यात्मक पूर्व आवश्यकता भनेको समाजका भाग वा अङ्गहरू

बिच न्यूनतम एकताको आवश्यकता हुनु हो । समाजका एकाइहरू बिच हुने एकता मूल्य सहमति (Value consensus) मा भर पर्दछ । Value consensus भनेको समाजका सदस्यहरू बिच कुनै साझा मूल्य वा मान्यताप्रति हुने सहमति हो (Value consensus is an agreement about values by members of society. value consensus provides the foundation for co-operation since common values produce common goals. The corner stone of functional theory is the idea that there is a general consesus in values and norms of societies and that the social institutions are integrated as a functioning whole.)

**३.२.२ प्रकार्यवादी सिद्धान्तका मुख्य विचारहरू** (Major principles of structural functionalism)

प्रकार्यवादी सिद्धान्त (Functionalist theory) विभिन्न आधारभूत सिद्धान्तमा आधारित छ । त्यस्ता सिद्धान्तलाई (Giddens, 2005) का अनुसार निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

- **अन्तरनिर्भरता** (Interdependency)

संरचनात्मक प्रकार्यवादी सिद्धान्त समाज विभिन्न अन्तरनिर्भर र अन्तरसम्बन्धीत तत्त्वहरूद्वारा निर्माण हुन्छ भन्ने मान्यतामा आधारित छ। यसको अर्थ समाजका हरेक भाग एक आपसमा अन्तरसम्बन्धीत छन् एक भागको सम्बन्ध अर्को भागसँग रहेको छ। समाजको कुनै एक भागमा असर पर्‍यो भने त्यसले सबै क्षेत्रमा प्रभाव पार्दछ। जसरी शरीरको कुनै एउटा अङ्गमा समस्या भयो भने त्यसले सबै शरीरको क्रियाकलापलाई असर गर्दछ। त्यसै गरी समाजका विभिन्न तत्त्वहरू मध्ये एउटा तत्त्वमा असर पर्‍यो भने त्यसले सिङ्गो समाजलाई नै प्रभाव पार्दछ। समाजको मूल्य मान्यता, चालचलन, रीतिरिवाजले व्यक्तिको व्यवहारलाई प्रभाव पार्दछ।

- **सामाजिक संरचनाको कार्यहरू** (Functions of social structure)

सामाजिक संरचना भन्नाले कुनै समाजको सङ्गठन जसभित्र यसका संस्थाहरू, सङ्गठनको सामाजिक स्थान र सङ्गठनको स्रोत साधनको वितरण जस्ता पक्षहरू पर्दछन् । प्रकार्यवादी समाजशास्त्रीहरूका अनुसार समाजका प्रत्येक एकाइहरूले समाज सञ्चालनका लागि विभिन्न कार्यहरू गर्दछन् (According to the functionalism each of the various elements of social structure performs a functions for society.) । समाजलाई व्यवस्थित बनाउन र समाजलाई निरन्तरता दिन सामाजिक संरचनाभित्रका विभिन्न तत्त्वहरूले फरक फरक कार्य गर्नु पर्दछ। जसरी शरीरका विभिन्न अङ्गहरूले आफ्नो कार्य गर्नाले शरीरले पूर्णता पाउँछ वा सिङ्गो शरीरले काम गर्दछ त्यसै गरी समाजका प्रत्येक एकाइले राम्रोसँग कार्य गरे मात्र समाज नियमित र निरन्तर रूपमा सञ्चालन हुन्छ (The functions of any part of society is its contribution to the maintenance of society.) । सामाजिक प्रणालीलाई निरन्तरता दिन केही हदसम्म वा केही मात्रामा आदेश र स्थिरताको पनि आवश्यकता पर्दछ (Slattery, 2003:190)। तसर्थ सामाजिक प्रणाली साझा मूल्य मान्यता, संस्कृति लक्ष्य र सर्वस्वीकृत लक्ष्यहरू र मान्यतामा अडेको छ। जसमा समाजका विभिन्न भागहरूले फरक फरक कार्य गर्नु पर्दछ।

- **सहमति र सहयोग** (Consensu and cooperation)

प्रकार्यवादी सिद्धान्तमा विश्वास गर्ने समाजशास्त्रीहरू समाजमा सहमतिको प्रवृत्ति हुने कुरामा विश्वास गर्दछन् । सहमति (consensus) भनेको कुनै मूल्य वा मान्यतामा समाजका सबै व्यक्तिहरू सहमत हुनुलाई value consensus भनिन्छ। समाजका सबै मानिसहरूले सामान्यतय स्वीकार गर्ने वा प्रायः सबैले मान्य हुने साझा मूल्य मान्यतालाई (value consensus) भनिन्छ । त्यही साझा मूल्यमान्यता प्राप्त गर्नका लागि विभिन्न एकाइका रूपमा रहेका समाजका विभिन्न पक्षहरूले एक आपसमा मिलेर एकले अर्कोलाई सहयोग गर्दै कार्य गर्ने गर्दछन् । समाजका एकाइहरू एक आपसमा अन्तर सम्बन्धीत हुनु भनेको नै तिनीहरूले एकले अर्कोलाई सहयोग गर्दै कार्य गर्नु हो। जब मानिसहरू साझा मूल्यमान्यता र लक्ष्यमा सहमत हुन्छन् त्यसपछि उनीहरू एक आपसमा सहयोगको आदनप्रदान गरी साझा लक्ष्य पूरा गर्नतर्फ लाग्दछन् (People are more likely to cooperate when they share similar values and goals.) । प्रकार्यवादीहरूका अनुसार जब मानिसहरूमा एकले अर्कोलाई, एक समूह वा जातले अर्को समूह वा जातलाई सहयोग गर्ने चलन कम हुन्छ

त्यसपछि समाज निष्क्रिय बन्न जान्छ र मानिसहरूको बिचमा विभेद, विखण्डन देखापर्दछ जसको कारण समाजमा द्वन्द्व बढेर जान्छ (value consensus integrates the various parts of the society. It forms the basis of social unity or social solidarity since individuals will tend to identify and feel kinship with those who share the same values as themselves.) .

- **सामाजिक सन्तुलनता** (Social equilibrium)

समाजका विभिन्न एकाइहरू बिच समन्वय र सन्तुलन रहन्छ भने त्यसलाई सामाजिक सन्तुलन भनिन्छ (social equlibrium is a state of persistence or balance between parts within a social system.)। समाजका विभिन्न फरक फरक एकाइ सन्तुलनमा रहेर निरन्तर रूपमा काम गरी रहन्छन्। समाजका विभिन्न एकाइ वा भागहरूले त्यस बेला सम्म सन्तुलित रूपमा काम गर्दछन् जति बेलासम्म समाजका विभिन्न तत्त्वहरूलाई बाह्य तत्त्वहरू जस्तै नयाँ प्रविधि, जलवायुमा आएको परिवर्तन वा बाह्य विदेशी समाजको मूल्यमान्यताले प्रभाव पार्दैन । यस्ता परिवर्तित तत्त्वहरूले प्रभाव पार्नु भन्दा अगाडिसम्म समाजमा रहेका विभिन्न एकाइ वा भाग वा रूपले एक आपसमा स्थिर (stable) भएर काम गरीन्छन्। सबै तत्त्वहरूले सन्तुलित रूपमा काम गरीरहनाले समाज निरन्तर रूपमा सन्तुलित अवस्थामा चल्दछ। यदि सामाजिक संरचनाको कुनै एक तत्त्वमा असन्तुलन आयो भने समाज नियमित र निरन्तर रूपमा अगाडि बढ्न सक्दैन । जब समाजमा विभिन्न तत्त्वहरूको कारणले परिवर्तनका लागि दबाब पर्दछ त्यसपछि समाजका तत्त्वहरूले पनि नयाँ परिस्थिति र परिवेश अनुसार आफूलाई समायोजित गराउन परिवर्तनको आवश्यकता पर्दछ। सामान्यतया समाज स्थिर (stable) प्रकतिको हुन्छ । समाजका विभिन्न अङ्गहरूले यसलाई निरन्तर रूपमा अगाडि बढाउन विभिन्न कार्यहरू गरेका हुन्छन् । तर विभिन्न परिवर्तनकारी तत्त्वहरूद्वारा सामाजिक संरचनाका तत्त्वहरूमा परिवर्तन पार्दछन् त्यस पछि समाजका विभिन्न तत्त्वहरू बिचको सन्तुलन क्रमिक रूपमा घटेर जान्छ । तसर्थ यस सिद्धान्तले समाजलाई सन्तुलित व्यवस्थाको रूपमा हेर्दछ अर्थात् समाज पहिले देखि नै सन्तुलित अवस्थाको छ भन्ने मान्यताको आधारमा व्याख्या गर्दछ । यसै क्रममा समाजशास्त्री Herbert Spencer ले आफ्नो मुख्य कृति The Principle of sociology (1893) मा भनेका छन्- समाज सालबाट जटिलतिर बढ्दै जाने जटिल संरचना हो जहाँ अंश पूर्णसँग सम्बन्धीत हुन्छ। समाजका विभिन्न अङ्गहरूसँग सन्तुलन कायम हुनुपर्ने हुन्छ (society is a thing which grows from simple to complex, differentiated structures in which the parts depends on the whole. The whole system needs to be in balance in equilibrium and nothing, not even the government should disturb it.)।

- **प्रकार्य र नकारात्मक प्रकार्य** (Function and dysfunction)

अमेरिकन समाजशास्त्री R.K. Merton ले प्रकार्य (function) र नकारात्मक प्रकार्य (dysfunction) बिचको भिन्नता छुट्याउँदै संरचनात्मक प्रकार्यवादलाई फरक तरिकाले प्रष्ट्याउने प्रयास गरेका छन् । उनको भनाइअनुसार समाजका तत्त्वहरू वा सामाजिक संरचनाका विभिन्न तत्त्वहरूले समाजको क्रियाकलापलाई निरन्तर रूपमा अगाडि बढाउन सहयोग गर्दछन् भने त्यस्ता तत्त्वहरूलाई प्रकार्य तत्त्व (function) भनिन्छ। तर कतिपय समाजका एकाइहरू समाजको कुनै पक्षको क्रियाकलापलाई आवश्यक हुन्छन् तर तिनै तत्त्वहरू समाजको विखण्डनका लागि, सामाजिक संरचनालाई निरन्तरता दिने काममा अवरोध पुऱ्याउने क्रममा सक्रिय रहन्छन् भने त्यस्ता तत्त्वहरूलाई नकारात्मक कार्य (dysfunctional) भनिन्छ। जस्तै नेपाली समाजमा रहेका विभिन्न जात जातिहरूको एकता, उनीहरू बिच रहेको सद्भावले समाजलाई विखण्ड हुनबाट बचाउँछ तर जातीय विखण्डन, सङ्कीर्णता र जातीय भेदभावले समाजमा अस्थिरता, वेमेल सिर्जना गर्दछ तसर्थ त्यस्ता पक्ष नकारात्मक प्रकार्य (dysfunctional) का तत्त्वहरू हुन् (Dysfunction refers to an element or a process of society that may actually disrupt a social system or lead to a decrease in stability. Schaefer; 2005.)।

### ३.३ द्वन्द्व सिद्धान्त (Conflict Theory)

द्वन्द्व सिद्धान्तको प्रतिपादन गर्ने कार्य जर्मन दार्शनिक, अर्थशास्त्री, समाजशास्त्री कार्ल मार्क्स (Karl Marx, 1818-1883) बाट भएको हो। उनको जन्म ५ मे १८१८ मा जर्मनको पर्सोयाको ट्रियर नगरमा भएको थियो। सन् १८४१ मा वर्लिन विश्वविद्यालयबाट विद्यावारिधि (Ph.D) गरेका दार्शनिक, समाजशास्त्री, राजनीतिज्ञ कार्ल मार्क्स हेगलबाट प्रभावित भएका थिए। दार्शनिक हेगलले मानव तथा सारा ब्रहमाण्डको अस्तित्त्व नै विवेकको कारणबाट सम्भव भएको हो भन्ने आफ्नो विचार व्यक्त गरे तर कार्ल मार्क्सले हेगलको विचारको विपरित द्वन्द्व सिद्धान्तको प्रतिपादन गरे। कार्ल मार्क्सले प्रतिपादन गरेका विभिन्न सिद्धान्तहरू मध्ये वर्ग सङ्घर्षको सिद्धान्त (Theory of class conflict), अतिरिक्त मूल्यको सिद्धान्त (Theory of surplus value), द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त (Theory of dialeical materialsim), आर्थिक निर्धारणको सिद्धान्त (Theory of economic determinism) महत्त्वपूर्ण सिद्धान्तका रूपमा रहेका छन् (Delaney, 2005:70)। द्वन्द्व सिद्धान्तको बारेमा धारणा राख्ने क्रममा वा सैद्धान्तिक दृष्टिकोण प्रस्तुत गर्नमा कार्ल मार्क्सका अतिरिक्त, मार्क्स वेवर (Max Weber) 1864-1920), George simmel (1858-1918), Lewis coser (1913-2003), C.Wright Mills (1916-1962), Ralf Darendorf (1929-) र Randall Collins (1941-) को महत्त्वपूर्ण योगदान रहेको छ। सन् १८४८ मा मार्क्सले कमिन्युष्ट मेनिफेस्टो (Communist ManIoesto) प्रकाशित गरे जसमा वर्ग सङ्घर्षको चर्चा गरीएको छ। कार्ल मार्क्सका अनुसार मानिसले आफू बाँच्नका लागि पनि खाद्यान्न र अरु वस्तुहरू उत्पादन गर्नु पर्‍यो। वस्तुको उत्पादन गर्ने क्रममा मानिस अन्य मानिसको सर्म्पकमा पुग्यो किनकि एक्लैले खाद्य वस्तु र अन्य वस्तुको उत्पादन गर्न सम्भव थिएन। सामान्य सिकार गर्ने समाजदेखि ठुला ठुला उद्योग धन्दा चलाउने जटिल खालको समाजसम्म उत्पादन भनेको एउटा सामाजिक प्रक्रिया वा सामाजिक उद्योग रहेछ। उत्पादनमा प्राविधिक तत्त्वहरू उत्पादनका शक्तिहरू (forces of production) को पनि सङ्लग्नता हुन्छ। त्यस्ता उत्पादनका शक्तिहरूअन्तर्गत प्रविधि कच्चा पदार्थहरू र वैज्ञानिक ज्ञान सिप पनि पर्दछन्, जसलाई उत्पादनको क्रममा प्रयोगमा ल्याइन्छ। वस्तुको उत्पादन गर्ने क्रममा समाजमा रहेको एक व्यक्तिले अर्को व्यक्तिलाई वा एक समूहले अर्को समूहलाई शोषण गर्न थाल्दछ। उत्पादनका साधन हुने र प्रयोग गर्न सक्ने एवम् नहुने र प्रयोग गर्न नसक्नेहरूको बिचमा भिन्नता देखा पर्दछ। प्राचीन सामन्ती एवम् तानाशाही समाजमा पनि जमिनदारले कृषकलाई शोषण गरेको थियो, पुँजीवादी समाजमा मालिकहरू (employers) ले कामदार वा रोजगारमा सङ्लग्न हुने व्यक्ति (employees) लाई शोषण गरेको पाइन्छ। जहिले पनि पुँजीपति वर्गले श्रमिक वर्गलाई शोषण गर्न चाहन्छ। श्रमिक वर्ग शोषणबाट मुक्त हुन चाहन्छ। तसर्थ यी दुई वर्ग बिच रुचिमा द्वन्द्व देखा पर्दछ। द्वन्द्व सिद्धान्त दुई परस्पर फरक विशेषता, स्वार्थ र आदर्श भएका वर्ग बिचको युद्ध हो। पुँजीपति वर्ग र सर्वाहारा वर्ग बिचको द्वन्द्वलाई नै द्वन्द्व सिद्धान्त (conflict theory) भनिन्छ।

कार्ल मार्क्सको भनाइमा समाजमा आर्थिक दृष्टिकोणले दुई किसिमको वर्ग (class) हुन्छन्। यहाँ वर्ग (class) भन्नाले समाजमा रहेका त्यस्ता समूह जसको सम्पत्ति, शक्ति र प्रतिष्ठा वा इज्जतमा समाजमा रहेका अन्य व्यक्तिहरू सो सरह स्थान हुँदैन । वर्ग भनेको एक अर्कोमा समान आर्थिक हैसियत र आय स्रोत भएका मानिसको समूह हो (Class is a group of people who have a similar level of wealth and income.)। समाजमा शारीरिक श्रम गरेर बाँच्ने मानिसहरू समाजको तल्लो वर्गको नागरीकहरूको रूपमा पर्दछन्। मार्क्सका अनुसार समाजको त्यो वर्ग जो सँग सम्पत्ति छ, जसले उत्पादनका साधनहरू (forces of production) माथि नियन्त्रण गरेको छ त्यस्तो वर्गलाई पुँजीपति वर्ग (bourgeoisie) भनिन्छ। श्रम गर्ने कामदार वर्गलाई सर्वहारा वर्ग (proletariat) भनिन्छ। समाजमा रहेको स्रोत र साधनको वितरण समाजका सबै वर्गलाई समान रूपमा हुन सक्दैन। समाजमा रहेको प्राकृतिक स्रोत र साधनको वितरणमा असमानता (inequality) हुनाले नै समाजमा हुने र नहुने (haves and have-nots) को सिर्जना हुन जान्छ। समाजमा अभावयुक्त वस्तुको उत्पादन कम हुनाले नै त्यस्ता वस्तु वा स्रोत जसले पर्याप्त पाउँछन् तिनीहरू हुने खाने वर्ग (haves) मा पर्दछन्। जोसँग त्यस्ता दुर्लभ वस्तुको पहुँच कम छ वा उत्पादनका साधन माथि नियन्त्रण छैन तिनीहरू सर्वहारा वर्ग वा (आफ्नो श्रम बाहेक अन्य सबै कुरा हारेको वा नभएको) वर्गमा पर्दछन्। समाजमा यस किसिमको वर्गीय अन्तर ल्याउने तत्त्व पनि धन सम्पत्ति र त्यसबाट किन्न पाउने चिज एवम् शक्ति (Power) नै हो। कुनै व्यक्तिले धन सम्पत्ति आर्जन गर्‍यो वा शक्ति प्राप्त गर्‍यो भने अर्को वर्गले गुमाउँछ। कार्ल मार्क्सले आर्थिक दृष्टिकोणमा नै समाजको वर्गीकरण हुन्छ, समाजमा वर्ग बन्दछ भनेका छन्। उनका अनुसार उत्पादनका साधनका मालिक वा पुँजीपति वर्ग र श्रमिक वर्ग जसले आफ्नो जीवीकोपार्जनका लागि श्रम गर्दछन् यी दुईको सम्बन्ध समाजका शोषक र शोषिताको रूपमा रहन्छ। यिनीहरूको बिचमा नै द्वन्द्व हुन्छ। वर्गीय शोषणका कारणले नै सामाजिक सङ्घर्ष वा द्वन्द्व हुन्छ। मार्क्सले व्यक्त गरेको वर्ग सङ्घर्षको सिद्धान्त अनुसार असमान पुँजीको वितरणको कारणले गर्दा

समाजका मानिसहरू पुँजीपति वर्ग र सर्वहारा वर्ग बन्न पुग्दछन् । यी दुई वर्गको इच्छा र उद्देश्य एक आपसमा भिन्न हुन्छ । पुँजीपति वर्गको शोषणको सीमा उत्कर्षमा पुगेपछि सर्वाहारा वर्गमा वर्गीय चेतनाको विकास हुन्छ, वर्गीय चेतना भनेको श्रमिक वर्गमा आफूहरू माथि पुँजी पतिले ठगेको, शोषण गरेको भन्ने बारे जानकारी हुनु हो (Class consciousness is a subjective awarness of common vested interested and the need for collective political action to bring about social change.) । वर्गीय चेतना बढ्दै जाँदासँगै वर्गीय एकता र द्वन्द्व बढ्न जान्छ । समाजमा हुने द्वन्द्वको मुख्य कारण मार्क्सका दृष्टिकोणमा स्रोत, साधनको असमान वितरण तथा व्यक्तिले सम्पत्ति राख्न पाउनु र सम्पत्तिको असमान वितरण नै हो । मार्क्सले समाजमा सधैं दुई परस्पर विरोधी वर्ग हुन्छन् र ती दुई वर्ग बिच सधैं सङ्घर्ष हुन्छ जसको परिणाम स्वरूप समाज परिवर्तन भइ रहन्छ भन्ने मान्यता राखेका छन् ।

मानव समाज परिवर्तनशील छ । विकास वा परिवर्तन भनेको नै दुई परस्पर विरोधी वस्तु वा पक्ष बिचको द्वन्द्व हो । मार्क्सले द्वन्द्वात्मकता (Dialectics) भन्ने शब्द जर्मन दार्शनिक हेगलले प्रयोग गरेको शब्दबाट लिएका थिए । जसमा भनिएको थियो पहिला विचार वा वाद (Thesis) देखा पर्दछ त्यसको विरोधमा प्रतिवादको (Anti Thesis) विकास हुन्छ, वाद र प्रतिवादको बिचमा द्वन्द्व भएर संवादको (Synthesis) को सिर्जना हुन्छ । समाजमा देखिएको एउटा विचार समूह वा वर्गलाई वाद (Thesis) भनिन्छ त्यसको विरुद्धमा अर्को समूह देखा पर्दछ त्यसलाई (Anti thesis) भनिन्छ । यी दुई वर्ग बिच द्वन्द्व हुँदा संवाद (Synthesis) को सिर्जना हुन जान्छ । मार्क्सका अनुसार वाद, प्रतिवाद र संवादको निरन्तरताको रूपमा नै समाज चलिरहन्छ (According to Marx, capitalism is inherently a class system in which class relations are characterized by conflict. Although owners of the capital and workers each dependent on the other the capitalists need labour and the workers need wages the dependency is highly unbalanced. The relationship between classes is an exploitative one, since workers have little or no control over their labour and employers are able to generate profit by appropriating the product of workers labour (Giddens, 2005:14) । जब श्रमजीवी वर्गले आफ्नो श्रमको शोषण भएको महसुस गर्दछ त्यसपछि उनीहरू भौतिक रूपमा नै उत्पादनका साधनहरूमाथि स्वामित्व भएको वर्ग वा पुँजीपति वर्गको विरोधमा उत्रन्छन् । समाजमा देखापर्ने त्यस स्थितिलाई वर्ग सङ्घर्ष भनिन्छ । उत्पादनको साधन र उत्पादनको शक्ति माथि पुँजीपति वर्गको स्वामित्व रहन्छ । वस्तुको उत्पादनको मूल्य वा वास्तविक ज्याला श्रमिकले पाउँदैन । श्रमिकलाई श्रमको मूल्य नदिई पुँजीपति वर्गले फाइदा लिन्छ । श्रमिक वर्गलाई थोरै ज्याला दिएर अधिक श्रम लगाई शोषण गरीन्छ । यहाँ उत्पादनका शक्तिहरू (forces of production) भन्नाले त्यस्ता पक्षहरू पर्दछन् जसलाई हामी उत्पादन गर्न प्रयोग गर्दछौं जस्तै श्रम शक्ति (मानसिक र शारीरिक क्षमताहरू) उत्पादनको शक्ति हो । उत्पादनका साधनहरू (Means of production) भन्नाले प्राकृतिक स्रोतहरू, कच्चा पदार्थहरू र औजारहरू जस्तै विभिन्न प्रकारका मेशिनहरू, ट्याक्टर, हलो, कुटो, कोदालो आदि पर्दछन् । यी सबै साधन र स्रोत माथि पुँजीपति वर्गको स्वामित्व रहन्छ । अर्कोतर्फ श्रमिकले आफैले उत्पादन गरेको वस्तुलाई आफैले अतिरिक्त मूल्य (Surplus value) तिरेर किन्नु पर्दछ । अतिरिक्त मूल्य (Surplus value) भनेको वस्तुको उत्पादनमा लागेको खर्च कटाएर उक्त वस्तु बेच्दा प्राप्त हुने फाइदा हो । कुनै वस्तुको उत्पादन गर्दा श्रमिकले पाउने ज्याला र कच्चा पदार्थ किन्दा लाग्ने लागतभन्दा उत्पादित वस्तुको बजार मूल्य बढी हुन्छ । आफैंले उत्पादन गरेको वस्तुलाई श्रमिकले पाएको आफ्नो ज्यालाभन्दा बढी पैसा तिरेर किन्नु पर्दछ । त्यस मूल्यलाई नै अतिरिक्त मूल्य भनिन्छ (Accroding to Marx, the surplus value is the difference between the cost of products and the cost of raw materials and labours wages.) । तसर्थ अतिरिक्त मूल्य भन्नाले कुनै पनि वस्तुको वास्तविक उत्पादन मूल्य र वस्तुको बजार मूल्य बिचको फरक हो । अतिरिक्त मूल्य पुँजीपतिले लिने हुनाले पनि द्वन्द्व हुन्छ (Giddens. 2005:16-17) ।

द्वन्द्व सिद्धान्तको मुख्य प्रतिपादक कार्ल मार्क्स भए तापनि अन्य समाजशास्त्रीहरूले पनि समाजमा द्वन्द्व विभिन्न कारणले हुने धारणा व्यक्त गरेका छन् । यसै क्रममा जर्मन समाजशास्त्री राल्फ ड्यारेन्डर्फ (Ralf Dahrendof) ले कार्ल मार्क्सको भन्दा फरक धारणा व्यक्त गरेका छन् । उनका अनुसार समाजमा द्वन्द्व सिर्जना गर्ने तत्त्व आर्थिक असमानता मात्र होइन । उनका अनुसार समाजमा द्वन्द्व ल्याउने मुख्य पक्ष भनेको अख्तियारी (authority) हो । अख्तियार

(authority) पाउने र अख्तियार नपाउने व्यक्ति बिच समाजमा द्वन्द्व हुन्छ । जसले राज्यको अधिकार पाएका छन् तिनीहरूले अधिकार विहीन समूहलाई दबाब दिन्छ । त्यसपछि समाजमा अधिकार प्राप्त गर्नका लागि मानिसहरू बिच द्वन्द्व हुन्छ भन्ने धारणा राल्फ ड्यारेन्डर्फको छ (Slattery, 2003:79) । कुनै पनि सङ्घ संस्थामा वा सङ्गठनमा व्यक्तिमा नीति निर्माण गर्ने, कुनै व्यक्तिलाई रोजगारी दिने वा हटाउने (hire and fire) जस्ता अधिकार व्यक्तिगत नभई व्यक्तिले संस्थागत रूपमा पाएको अधिकार वा उसको पदमा भर पर्दछ । यस किसिमको अधिकार उच्च पदस्थ कर्मचारीमा निहीत हुन्छ । जसलाई Weber ले वैधानिक शक्ति (legitimated power) भनेका छन् । शक्तिमा भएका व्यक्तिले आफ्नो पदीय अधिकार प्रयोग गरी आफूले बनाएको नीति, नियम र निर्णयलाई कार्यान्वयनमा ल्याउने प्रयास गर्दछन् जो शक्तिमा छैनन तिनीहरूले शक्तिमा हुने र अख्तियारवाला व्यक्तिले बनाएको निर्णयलाई स्वीकार गर्नु पर्ने हुन्छ अथवा अस्वीकार गर्नु पर्दछ । अख्तियारीमा रहेको व्यक्तिले शक्ति नियन्त्रण गर्न खोज्दछ तर त्यो शक्तिशाली पदमा पुग्न अन्य व्यक्तिहरू प्रयास गर्दछन् । तसर्थ अख्तियारी पाउने र अख्तियारी नपाउने समूहको बिचमा द्वन्द्व हुन्छ भन्ने धारणा ड्यारेन्डर्फको छ (The main source of conflict is authority; struggles arise between those who have authority and those who do not, Dahrendorf assumed that the differential distribution of power and authority becomes the basis of conflict.) .

राल्फ ड्यारेन्डर्फका अनुसार द्वन्द्व सिद्धान्तका निम्नलिखित विशेषताहरू रहेका छन्:-

- समाजको मुख्य विशेषताहरू भनेको नै नियन्त्रण (domination), द्वन्द्व (conflicts) र दबाब (coercion) हो,
- सामाजिक संरचना, केही व्यक्तिको अन्य व्यक्तिहरूमाथिको अख्तियारीमा आधारित हुन्छ जस्तै मालिकको निर्देशन कामदारहरूमाथि हुन्छ त्यस्तै अफिसरहरूको मातहातमा तल्लो तहका अन्य व्यक्तिहरू रहन्छन्, शिक्षकको नियन्त्रण र निर्देशनमा विद्यार्थीहरू रहन्छन्,
- प्रत्येक समूहको साझा रुचि हुन्छ जुन अर्को समूहको भन्दा भिन्न र एक आपसमा विरोधी पनि हुन्छ।
- जब मानिसहरू आफ्नो साझा उद्देश्य प्रति सचेत हुन्छन् त्यसपछि उनीहरू एउटा सामाजिक समूहमा सङ्गठित हुन्छन् यस्तो समूहले राजनीतिक पार्टीको रूप लिन सक्छ,
- केही सीमित व्यक्तिहरू वा समूहहरूको हातमा मात्र अधिकार वा अख्तियारी सीमित रह्यो भन्ने, अन्य व्यक्तिले अधिकार प्राप्त गर्ने अवसर पाएनन् भने वा राजनीतिक सङ्गठन वा समूह निर्माण गर्ने अवसर मानिसहरूले स्वतन्त्र रूपमा पाए भने समाजमा द्वन्द्व बढेर जान्छ भन्ने धारणा राल्फ ड्यारेन्डर्फको छ (Smelser, 1991:10)।

नेपालको परिवेशमा पनि प्रधानमन्त्रीः मन्त्री, सचिव, प्रधान सेनापति, विश्वविद्यालयको उपकुलपति जस्ता पदहरूमा पुग्नका लागि व्यक्तिहरूको बिचमा धेरै दौड धुप हुने गरेको पाइन्छ । पद पाउनेले पद नपाउनेमाथि अधिकार जमाउन खोज्छ । पद नपाउनेहरू सङ्गठित बन्दछन् र पदमा हुनेको विरुद्धमा मोर्चाबन्दी गर्दछन् । तसर्थ दुई समूह शक्तिमा वा अधिकारमा हुने र शक्ति वा अधिकार नपाउनेबिच द्वन्द्व भइ रहन्छ । नेपालमा प्रधानमन्त्री पदका लागि विगतमा भएका ताण्डप नृत्य यसको ज्वलन्त उदाहरण हो । विद्यालयमा हेडमास्टर पदका लागि, क्याम्पसमा क्याम्पस प्रमुख र विभागीय प्रमुख पदका लागि, विद्यार्थीहरूमा स्ववियु सभापति बन्नका लागि आन्तरिक रूपमा समान विचार समूहभित्र र बाह्य रूपमा एक विचार समूह र अर्को विचार समूहबिच द्वन्द्व हुने गरेका उदाहरणहरू पाइन्छ। ड्यारेन्ड्रफको भनाइ अनुसार कुनै पनि समाजमा द्वन्द्व र सहमति भई रहने कुरा हुन् । कुनै पनि समाजमा केही मात्रामा पूर्व सहमति (consensus) नभई त्यसै द्वन्द्व हुँदैन (infact, there cannot be conflict unless some degree of consensus has laready been established.)।

त्यसै गरी अर्का समाजशास्त्री सि.राइट. मिल्स (C.Wright Mills) ले पनि समाजमा हुने द्वन्द्वका सम्बन्धमा फरक धारणा र दृष्टिकोण व्यक्त गरेका थिए । अमेरिकाको टेक्सास राज्यमा २८ अगष्ट सन् १९१६ मा जन्मेका मिल्स (Mills) ले समाजमा बढ्ने द्वन्द्वलाई आर्थिक दृष्टिकोणले भन्दा पनि विभिन्न अद्यौगिक विकासमा कारणले राज्यको शक्ति सीमित व्यक्तिहरूमा हुन्छ जसलाई उनले शक्ति सभ्रान्त वर्ग भनेका छन् । त्यस्ता शक्ति सभ्रान्त वर्गभित्र सैनिक, औद्योगिक क्षेत्रका व्यक्ति र नेताहरू पर्दछन् । तिनीहरूले नै राज्यको सबै शक्ति आफ्नो हातमा लिन्छन् र अरुमाथि शासन

गर्दछन् (Accroding to C.Wright Mills the power elite are those such as military, industrial and governmental leaders who controlled the fate of the state.)। आधुनिक अद्यौगिक पुँजीपति समाजमा समाजका केही सीमित मानिसहरू साधारण मानिसहरू वा आम समुदायको पहुँचभन्दा टाढा रहन्छन् । समाजका सीमित मानिसमा मात्र शक्ति निहीत हुन्छ तसर्थ उनीहरू दिन प्रति दिन शक्तिशाली बन्दै जान्छन् साधारण व्यक्तिहरूले आफूलाई शक्तिहीन सम्झन्छन् । तसर्थ उनीहरूमा द्वन्द्वको भावना विकास हुन्छ । राजनीतिक नेताहरूलाई राज्यको संरक्षण गर्न सेना चाहिन्छ । सेनालाई आफ्नो तलब भत्ता दिन राज्य सरकार चाहिन्छ । ठुला ठुला व्यापारीहरूलाई बढी नाफा कमाउन, हातहतियार बेच्न सेना र सरकार दुबै चाहिन्छ सबैको बिचमा सम्बन्ध स्थापित भएको हुन्छ । त्यसै सम्बन्धको आधारमा उनीहरूले राज्यको शक्ति आफ्नो हातमा लिन्छन् समाजका अन्य वर्गलाई नियन्त्रण गर्दछन्। शक्ति प्राप्त नगर्नेहरूले आफूलाई अपहेलित सम्झन्छन् र द्वन्द्व बढेर जान्छ भन्ने धारणा मिल्सको छ।

## ३.४ साङ्केतिक अन्तरक्रिया सिद्धान्त (Symbolic interaction theory)

अमेरिकाको सिकागो (Chicago) विश्वविद्यालयका समाजशास्त्रका प्राध्यापक हर्वट ब्लुमर (Herbert Blumer 1900-1987) ले साङ्केतिक अन्तरक्रिया (symbolic interactionism) भन्ने शब्दलाई पहिलो पटक प्रयोग गरेका हुन् (Flucher & Scott, 2003:52-55) । ब्लुमर आफ्ना गुरु George Herbert Mead द्वारा प्रभावित भएका थिए। समाजशास्त्री इमर्सन. पि. स्किमिड (Emerson P. Schmid) ले आफ्नो पुस्तक 'Man and society' का लागि सामाजिक मनोविज्ञानसँग सम्बन्धीत एउटा लेख लेख्न अनुरोध गरे, त्यसपछि हर्वट ब्लुमरले symbolic interactionism भन्ने शब्द प्रयोग गरेका हुन्। यस सिद्धान्तको मुख्य रुचि भनेको मानिसको सामाजिक विकास कसरी हुन्छ भन्ने नै हो। साथै यस सिद्धान्तको मुख्य कार्य भनेको मानिस कसरी सामाजिक रूपमा विकासित हुन्छ भन्ने कुराको अध्ययन गर्नु हो । जब मानिसमा सामाजिक बानी व्यवहार आचरण सिपको विकास हुन्छ त्यसपछि ऊ सामूहिक जीवनमा समाहित हुन्छ (The central task of symbolic itneractionism was to study how the individual develops socially as a result of participating in group life. Dalaney, 2005:105)। साङ्केतिक अन्तरक्रिया सङ्केतको प्रयोग गरी हुने मानवीय अन्तरक्रियाको सहायताबाट सामाजिक सत्यताको निर्माण हुन्छ भन्ने कुरामा आधारित 5 (symbolic interactionism is based on the idea that social reality is constructed in each human interaction through the use of symbols (Delaney, 2005:110) symbolic interactionism is based on the idea that people act on the basis of their definition of the situation and that social reality is nothing other than the social consructions built up in interaction. सङ्केतअन्तर्गत शब्दहरू र हाउभाउहरू पर्दछन्, समाजशास्त्री ब्लुमरका अनुसार साङ्केतिक अन्तरक्रिया तिन वटा आधारहरूमा केन्द्रित हुन्छ। पहिलो आधार भनेको कुनै पनि वस्तुले मानिसलाई दिने अर्थ (meaning) को आधारमा मानिसहरूले त्यस वस्तुहरूप्रति कार्य वा व्यवहार गर्दछन्। त्यस्ता वस्तुहरूअन्तर्गत संसारमा भेट्ने सबै वस्तुहरू जस्तै भौतिक वस्तुहरू रुख अथवा कुर्ची। यस्तै मानिस नै पनि यसमा पर्न सक्छ जस्तै आमा, भण्डारपाल, साथी, सत्रु संस्था पनि व्यक्तिले अन्तरक्रिया गर्ने पक्ष हुन सक्छन् जस्तै विद्यालय वा सरकार आदि दोस्रो आधार भनेको कुनै पनि वस्तुको अर्थ व्यक्तिले आफ्ना अन्य सहकर्मीसँग गरेको अन्तरक्रियामा आधारित हुन्छ अन्तरक्रियाबाट अर्थ आउन सक्छ । तेस्रो आधार भनेको व्यक्तिले जोसँग अन्तरक्रिया गरेको छ त्यस अन्तरक्रियाको आधारमा अन्तरक्रिया गरीएको वस्तुको अर्थलाई परिमार्जन गरीन्छ।

साङ्केतिक अन्तर क्रियाको सम्बन्धमा हर्लम्बस (Haralambos 1980) भन्दछन्– अर्थ भनेको निश्चित तत्त्व होइन, अर्थ अन्तरक्रियाको परिवेशमा आधारित हुन्छ। कुनै पनि वस्तुको अर्थ लगाइन्छ वा सिर्जना गरीन्छ वा विकास गरीन्छ । तिनीहरू वास्तविक अन्तरक्रियाको क्रममा परिमार्जन गरीन्छ, फरक अर्थ लगाइन्छ । तसर्थ साङ्केतिक अन्तरक्रियाको मुख्य अभिप्राय भनेको नै कुनै पनि कार्य वा क्रियाकलापलाई बुझ्न उक्त कार्यलाई कर्ताले दिएको अर्थको व्याख्या आवश्यक हुन्छ (An understanding of action requires an interpretation of the meanings which actors give to their activities.)। जस्तै उदाहरणका लागि धेरै कोठा भएको एउटा घरमा साँझमा एउटा कोठामा बाहेक अन्य सबै कोठामा बिजुली बत्ती बलेको छ तर एउटा कोठामा महिला र पुरुष मैन बत्ती बालेर बसेका छन्। यस कार्यप्रति विभिन्न व्याख्या वा अर्थ लगाउन सकिन्छ। मानौं त्यस कोठाको फिउज गएको होला, वा त्यो कोठामा बिजुली बत्ती नै जडान नगरेको हुन सक्छ, वा त्यो कोठामा मैन बत्ती बालेर कुनै धार्मिक कार्य

गर्दैं छ वा उनीहरू वैवाहिक उत्सव वा अन्य कुनै महत्त्वपूर्ण दिन (red letter day) मनाउँदै गरेको पनि हुन सक्छन् भनेर अर्थ लगाउन सकिन्छ। तसर्थ एउटा कोठामा मात्र साँझमा मैनबत्ती बाल्नुको पछाडि विभिन्न अर्थहरू जोडिएका छन्। तसर्थ कुनै पनि कार्यलाई बुझ्न कर्ताहरू (actors) ले दिएको अर्थ पत्ता लगाउन आवश्यक हुन्छ। यसै क्रममा G.H. Mead भन्दछन्- symbolic interaction is the interaction that takes place between people through symbols such as signs, gestures, shared rules, and most important, written and spoken language.

हर्बट ब्लुमरले भन्दा अगाडि नै अमेरिकन समाजशास्त्री George Herbert Mead ले मानिसको भित्री आत्माको बारेमा अध्ययन गर्ने कार्यको थालनी गरेका थिए। मेडका अनुसार हरेक मानिसमा आफैंमा सोच विचार गर्न सक्ने क्षमता र कुनै परिस्थितिमा कसरी काम गर्ने भन्ने बारे सोच्ने क्षमता हुन्छ। सन् १९३४ मा 'Mind, self and society' नामक पुस्तक प्रकाशन गरी उक्त पुस्तकमा उनले समाजबिना कुनै आत्म (self), वा स्वः बारे कुनै किसिमको चेतना र कुनै पनि कुराकानी हुँदैन भन्ने धारणा व्यक्त गरे। मेड (mead) ले मस्तिष्कलाई कुनै वस्तुको रूपमा नभई प्रक्रियाको रूपमा व्यक्त गरेका छन्। उनले म (I) लाई सामाजिकीकरण नभएको (unsocialized) आत्मको रूपमा लिएका छन् र me लाई सामाजिकीकरण भएको आत्मको रूपमा लिएका छन् (the 'me' as Mead used the term, is the social self)। मेड नै पहिलो व्यक्ति हुन् जसले सामाजिक अन्तरक्रियाको माध्यमबाट सामाजिकीकरणको बारेमा अध्ययन गरेका थिए। उनका अनुसार बालक खाली दिमाख (blank state) को रूपमा जन्मन्छ। व्यक्तिमा विकास हुने व्यक्तित्व उसले समाजका अन्य व्यक्तिसँग गर्ने अन्तरक्रियामा आधारित हुन्छ। मेडका अनुसार म (I) सामाजिकीकरण नभएको आत्म र मलाई (me) सामाजिकीकरण भएको आत्म हो। यहाँ म भनेका स्वस्फूर्त रूपमा देखा पर्ने सामाजिकीकरण नभएको, भविष्यवाणी गर्न नसकिने रुचि चाहना आकङ्क्षाको पक्ष हो। यो कुनै व्यक्तिको कार्यहरूको विषयवस्तु हो। मलाई (me), भनेको स्व (self) को एउटा भाग वा अंश हो जुन अरु व्यक्तिहरूको कार्यको रूपमा निर्माण हुन्छ। मेड (mead) का अनुसार मलाई (me) ले अरुको मप्रतिको धारणालाई जनाउँछ। यो आत्मको निर्णायात्मक र नियिनैत्रत पक्ष हो। यसले समाजका अन्य व्यक्तिको धारणाहरूलाई प्रतिविम्वित गर्दछ। यदि व्यक्तिले समाजको मान्यता अपेक्षाअनुसारको व्यवहार गर्न सक्दैन भने त्यस अवस्थामा मको प्रभाव पर्दछ (an individual who fails to conform to the norms and expectation of society is under the influence of the "I". The me is the judgmental and controlling side of other member of society.)। तसर्थ मेड (Mead) को म (I) र मलाई (me) को बारेमा अझ स्पष्ट पार्दा I भनेको एउटा व्यक्तिले अरु र समाजलाई दिने प्रतिक्रिया हो र मलाई (me) भनेको कुनै व्यक्तिले समाजका अन्य व्यक्तिहरूले जस्तै नातेदार, साथी आदिले ऊ प्रति कसरी सोचेका छन् भनेर बनाएको आत्मधारणा हो। म भनेको Mead को शब्दमा अनुशासनहीन, अनावश्यक व्यवहार हो। व्यक्तिको निरन्तर अन्तरक्रिया समाजका अग्रजहरूसँग बढ्दै जाँदा व्यक्तिले 'म' (I) लाई रूपान्तरण गरी मलाई (Me) मा पुऱ्याउँछ (I represents the spontaneous behaviour of the human self-that behaviour which is unconditioned and undisciplined. Over time, the process of continuous interactions with parents and others gives rise to the concept of me which seeks to restrain and regulate the behaviour of I in accordance with the established norms of the groups or society, Abraham, 2006:33) .

त्यसै गरी अर्का समाजशास्त्री चार्ल्स हर्टन कुली (Charles Horton Cooley) जो जोन डिबेका चेला पनि थिए, उनले साङ्केतिक अन्तरक्रियामा आत्मलाई वा स्व लाई हेर्ने ऐना (looking glass self) को धारणा अगाडि सारे। कुलीका अनुसार समाजले वा समाजका सदस्यहरूले जे अपेक्षा गरेका छन् त्यसैअनुसार व्यक्तिले कार्य गर्दछ नकी व्यक्ति आफैँले चाहेअनुसारको काम हुन्छ। तसर्थ व्यक्तिले उत्तेजना प्रतिक्रिया ढाँचामा काम गर्दैन (individual learns to act as society (others) wants him/her to act, not as he himself or she, herself might want to act, thus, individual do not react solely on a stimulus response mechanism.) . तसर्थ कुलीका अनुसार आत्म (self) भनेको नै अन्य व्यक्तिसँग हुने सामाजिक अन्तरक्रियाको उपज हो। व्यक्तिले आत्मधारणा (self-concept) बनाउँदा तिन वटा चरणहरू पुरा गर्नुपर्दछ। पहिलो

हो– हामीहरूले, आफूलाई अरु (साथी, नातेदार वा अपरिचित व्यक्ति) माफ कसरी प्रस्तुत गरेका छौ त्यसको कल्पना गर्नुपर्दछ । त्यसपछि अरुले हामीलाई कसरी मूल्याङ्कन गरेका छन् जस्तै चलाख, आकर्षक लजालु आदि त्यसबारे कल्पना गर्नुपर्दछ त्यसपछि हामीले कुनै किसिमको अनुभूति आफ्नो बारेमा आफैले बनाउनुपर्दछ (Schaefer, 2005:84)। आत्मलाई हेर्ने ऐना (looking glass self) भनेको समाजका अन्य व्यक्तिले कुनै व्यक्तिलाई कसरी लिएका छन् भन्ने बारे व्यक्तिले बनाएको आत्म धारणा हो (Cooley's looking glass self is that the self results from an individual's imagination if how other view him or her.)। कुलीका अनुसार आत्म र समाजसँगै जन्मेका विभाजन नहुने वा छुट्याउन नसकिने पक्ष हुन्। आत्मको बारेमा चेतनशील नहुनु भनेको समाजको बारेमा पनि चेतना विहीन हुनु नै हो । तसर्थ आत्मको बारेमा वा स्व को बारेमा चेतनशील हुनु भनेको समाजको बारेमा चेतनशील हुनु हो। आत्मको चेतना र सामाजिक चेतना छुट्याउन नसकिने पक्ष हुन्। मानिसले आफ्नो बारेमा बनाएको चेतना भनेको नै उसको मस्तिष्कको कल्पना हो, समाजका अन्य व्यक्तिले आफूलाई के भनेका होलान भनेर कुनै व्यक्तिले आफूले अरुको धारणाको आधारमा आफ्नै बारेमा बनाएको कल्पना नै आत्मालाई हेर्ने ऐना (looking glass self) हो (looking glass self is one's image of oneself based on the one's perception of the images of others.)। उदाहरणका लागि यस सिद्धान्तअनुसार एम. एड् पढ्ने एउटा केटाले म राम्रो छु भनेर सोच्यो भने पनि ऊ राम्रो हुँदैन, त्यस्तै उसका अन्य साथीहरू विशेष गरी केटी साथीहरूले उसलाई राम्रो छ भनेर सोचे भने पनि ऊ राम्रो हुँदैन तर यस सिद्धान्त अनुसार ऊ त्यस बेला राम्रो हुन्छ जुन बेला उसले मलाई मेरा अन्य साथीहरूले राम्रो छ भनेर सोचेका छन् भन्ने आत्म धारणा बनाउँछ।

यसै सम्बन्धमा C.H. Cooley ले आफ्नो'Looking Glass Self' मा तिन वटा मुख्य कुराहरू उठाएका छन्

- अरुले आफूलाई कसरी हेर्दछन्। आफूले अरुलाई कसरी हेरिन्छ।
- अरुले आफूलाई कसरी हेर्देछन् भन्ने बुझाइको निर्माण।
- यस प्रतिको अनुभूति र प्रतिक्रिया।

यसै क्रममा George Ritzer (2000:372) ले साङ्केतिक अन्तरक्रियाको आधारभूत सिद्धान्तलाई निम्नअनुसार प्रस्तुत गरेका छन् :–

- मानिसमा सोच विचार गर्न सक्ने क्षमता छ (Human being is endowed with the capacity for thought)
- मानिसको सोच विचार गर्ने क्षमतालाई सामाजिक अन्तरक्रियाले आकृति दिन्छ (The capacity for thought is shaped by social interaction)
- सामाजिक अन्तरक्रियामा मानिसले अर्थहरू र सङ्केतहरूको बारेमा सिक्दछ जसले मानिसलाई उनीहरूको भिन्न मानवीय सोच विचारसम्बन्धी विशेषतालाई जोड दिन्छ (In social interaction, people learn the meanings and symbols that allow them to exercise their distinctively human capacity for thought.)
- अर्थ र सङ्केतले मानिसहरूलाई भिन्न रूपको कार्य र अन्तरक्रिया गर्ने अवसर दिन्छ (Meaning & symbols that use in action and interaction on the basis of their interaction of the situation.) .

### ३. शिक्षा र समाजशास्त्रीय सिद्धान्तको सम्बन्ध (Education and its relationship with above theories)

शिक्षालाई विभिन्न सिद्धान्तसँग जोडेर हेर्न सकिन्छ। जसरी संरचनात्मक प्रकार्यवादी सिद्धान्तअनुसार समाजका विभिन्न तत्त्वहरू मिलेर समाज सञ्चालनका लागि कार्य गर्दछन् त्यसैगरी शिक्षण संस्था पनि एउटा संरचना हो, यसको स्थायित्वको लागि र कार्यको निरन्तरताको लागि विभिन्न एकाइ जस्तै शिक्षक, विद्यार्थी, अभिभावक

विद्यालय प्रशासक र व्यवस्थापक सबैले आ–आफ्नो कार्य निरन्तर नियमित रूपमा गर्नुपर्दछ। शिक्षक, विद्यार्थी, प्रशासक कर्मचारी र व्यवस्थापक शिक्षण संस्थाको भौतिक पूर्वाधार आदिको संयुक्त प्रयासबाट नै शिक्षण संस्थाले गति लिन सक्छ। यिनीहरूको बिचमा अन्तरनिर्भरता र सन्तुलन कायम रहेको छ। यदि एक तत्त्व वा पक्षमा असन्तुलन आयो भने सिङ्गो शैक्षिक संरचनामा नै प्रभाव पार्दछ। अर्कोतर्फ, शिक्षण संस्थाको पाठ्यक्रम, योजना र विभिन्न शैक्षिक कार्यक्रमहरू पनि एक आपसमा अन्तर सम्बन्धीत छन् कुनै एकमा प्रभाव पर्ने हो भने अर्को पक्ष पनि प्रभावित बन्न जान्छ। शिक्षण संस्थालाई निरन्तरता दिन यो सँग सम्बन्धीत सबै पक्षको बिचमा सन्तुलन कायम हुनुपर्दछ।

शिक्षालाई द्वन्द्वात्मक दृष्टिकोणबाट विशेष गरी कार्ल मार्क्सको दृष्टिकोणबाट पनि हेर्न सकिन्छ। निजी शिक्षण संस्थामा पनि लगानी गर्ने लगानीकर्ता र काम गर्ने शिक्षकका बिच द्वन्द्व भइरहन्छ। निजी विद्यालय सञ्चालकले काम गर्ने शिक्षकहरूलाई कम तलब दिएर बढी नाफा आफू लिन चाहन्छन्। शिक्षकहरू शोषणका कारण सङ्गठित भएर विद्यालयवा कलेज सञ्चालकहरूका विरुद्ध लागि पर्दछन्। जसको परिणाम द्वन्द्व सिर्जना हुन्छ। शिक्षामा पनि सम्पत्ति हुनेले धेरै लगानी गरी गुणस्तरीय शिक्षा पाउनाले समाजमा वर्गीय विभेद खडा हुन्छ। सम्पन्नले गुणस्तरीय शिक्षा पाउँछन्, विपन्नले कम गुणस्तरीय शिक्षा पाउँछन्। अर्कोतर्फ शिक्षण संस्थामा पनि राल्फ ड्यारेन्डर्फले भने झैं शक्तिमा पुग्नका लागि जस्तै प्रधानाध्यापक बन्नका लागि विद्यालय व्यवस्थापन समितिको सदस्य बन्नका लागि पनि विभिन्न व्यक्ति र विचार समूहबिच अन्तर सङ्घर्ष र द्वन्द्व देखा पर्दछ। अर्का समाजशास्त्री सि.राइट.मिल्सको धारणाअनुसार पनि शिक्षण संस्थामा पनि शक्तिमा रहेका व्यक्तिले आफ्नो हातमा शक्ति पार्नका लागि प्रयास गर्ने गरेको पाइन्छ। विद्यालयका प्रधानाध्यापक पनि साधारण विद्यार्थीहरू र आम अभिभावकको पहुँचभन्दा टाढा रहन्छन्। विश्वविद्यालयमा पनि आफूलाई विद्वत र न्यायका प्रतिमूर्ति भन्न रूचाउने कतिपय प्राध्यापकहरूबाट विद्यार्थीहरूमा अन्याय, दमन र शोषण हुने गरेका तथ्यहरू पाइन्छन्। जसले गर्दा विद्यार्थीहरू र शिक्षकहरूबिच वर्गीय खाडल बढेर जान्छ। शिक्षण संस्थामा पनि वर्गीय द्वन्द्व हुन्छ।

साङ्केतिक अन्तरक्रियाक दृष्टिकोणबाट पनि शिक्षालाई हेर्न सकिन्छ। शिक्षण संस्थामा कुनै एउटा कक्षाका सबै विद्यार्थीहरूलाई कुनै शिक्षकले एउटै ठाउँमा राखेर समान विषयवस्तु शिक्षण गर्दा पनि विद्यार्थीहरूले फरक फरक ढङ्गबाट अर्थ लगाउँछन्। विद्यार्थीको शिक्षण संस्थाको सुरुका वर्षहरूको व्यवहारलाई समाजिकीकरण नभएको आत्म (unsocialized self) को रूपमा लिइन्छ। जसको कारण विद्यार्थीहरू अनैतिक व्यवहार गर्ने, उत्शृङ्खल व्यवहार गर्ने गर्दछन्। क्रमिक रूपमा सामाजिक अन्तरक्रिया बढ्दै जाँदा उक्त 'I', 'me' मा रूपान्तरण हुन्छ र सामाजिक व्यवहार गर्न थाल्दछन्। समाजमा अन्य व्यक्तिहरूसँगको अन्तरक्रिया सम्पर्क बढ्दै जाँदा 'I' 'me' मा रूपान्तरण भएर जान्छ। 'Me' भनेको सामाजिकीकरण भएको असल व्यवहार हो। त्यसैगरी, चार्ल्स हर्टन कुलीको स्व लाई हेर्ने ऐना (looking glass self) को आधारमा पनि शिक्षण संस्थालाई हेर्न सकिन्छ। यस सिद्धान्तअनुसार, व्यक्तिले विभिन्न दृष्टिकोणबाट आफूले आफैंलाई विश्लेषण गरी आफ्नो काम, कर्तव्य र व्यवहारप्रति सचेत भई आफ्नो व्यवहारमा सुधार ल्याउने प्रयास गर्दछ। मलाई अरुले कुन रूपमा लिएका छन् मैले के गर्नुपर्दछ, कुन कुन क्रियाकलाप गर्न हुने, कुन क्रियाकलाप गर्न नहुने भनि व्यक्तिले आत्म धारणा बनाउँछ र आफ्नो व्यवहारमा परिर्वतन ल्याउँछ।

## ४) सारांश (Unit summary)

समाजशास्त्र समाजको अध्ययन गर्ने शास्त्र हो। समाजशास्त्रलाई व्यवस्थित रूपमा अध्ययन गर्ने शास्त्रको थालनी अगष्ट कम्टे (Auguste Comte) ले गरेको हुँदा उनलाई समाजशास्त्रका पिता भन्ने गरेको पाइन्छ।

समाजशास्त्र एउटा सामाजिक विज्ञान पनि हो। यसले सम्पूर्ण समाजको व्यवस्थित एवम् क्रमिक विज्ञानका रूपमा स्थापित गर्ने काममा इमायल दुर्खिम, कार्ल मार्क्स, हर्वर्ट स्पेन्सर तथा सेन्ट साइमन जस्ता समाजशास्त्रीहरूले ठुलो भूमिका रहेको छ।

समाजशास्त्रले सामाजिक घटना, सामाजिक परिस्थिति र जटिल सम्बन्धका बारेमा चर्चा गर्ने भएकाले यसलाई सामाजिक सम्बन्धको जाल (Web of Social relationship) पनि भन्ने गरीन्छ। सामाजशास्त्रीय सिद्धान्तहरू मुख्य तिन प्रकारका छन् :

**४.१ संरचनात्मक प्रकार्यवादी सिद्धान्त :** यस सिद्धान्तका अनुसार समाजका हरेक एकाइले व्यवस्थित रूपमा कार्य सम्पादन गरेमा समाज सञ्चालित हुन्छ भन्ने कुरामा विश्वास गर्दछ। यस अर्थमा समाजलाई एक आपसमा

अन्तरसम्बन्धीत एवम् स्वचालित एकाइहरूको प्रणालीका रूपमा लिन सकिन्छ। यस सिद्धान्तले आत्मनिर्भरता, निरन्तरता, सहमति र सहयोग, सामाजिक सन्तुलन जस्ता नियमहरू (Principles) लाई मुख्य आधार भन्दछ।

**४.२ द्वन्द्व सिद्धान्त :** यो सिद्धान्तका अनुसार समाजमा वस्तुको उत्पादन र वितरण गरीन्छ। त्यसका लागि सेवाको पनि आवश्यकता पर्दछ। यसरी उत्पादनका क्रममा प्रयोगमा ल्याइने, प्रविधि, वैज्ञानिक ज्ञान, सेवा जस्ता शक्तिहरूको बाँडफाँडका क्रममा सक्ने र नसक्ने व्यक्ति वा समूहका बिचमा भिन्नता उत्पन्न हुन्छ र स्वभावतः शोषक र शोषित वर्गको उत्पत्ति हुन्छ। जस्तैः पुँजीपति वर्ग र श्रमिकवर्गका बिच हुने द्वन्द्वलाई लिन सकिन्छ। मार्क्सका अनुसार वाद, प्रतिवाद र सम्वादको निरन्तरताको रूपमा नै समाज चलिरहन्छ। यो सिद्धान्तले समाजमा हुने द्वन्द्वको व्यापकता, रुचिमा विविधता, अहित्यारी नियन्त्रण र निर्देशनको व्यवस्था जस्ता कुराहरूले समाजको सञ्चालनमा प्रभाव पार्ने कुरामा विश्वास गर्दछ।

**४.३ साङ्केतिक अन्तरक्रिया सिद्धान्त :** मानिस समाजमा रहँदा व्यवहारको विकास गर्छ। यिनै मानवीय सम्पर्कबाट उत्पन्न हुने अर्थपूर्ण सङ्केतका आधारमा अन्तरक्रिया गर्नुलाई साङ्केतिक अन्तरक्रिया सिद्धान्त भनिएको हो। व्यक्तिले समाजमा रहेर अन्तरक्रिया गर्दै जादा अर्थपूर्ण सङ्केतहरू सिक्दै जान्छ र क्रमशः परिपक्व बन्दछ। कुली (Colley) ले आफूलाई हेर्ने ऐना (Self looking glass) को अवधारणा अघि सारे। व्यक्तिले समाजका अन्य व्यक्तिसँगको अन्तरक्रियामा आफूलाई प्रस्तुत गरीएको तरिका, अरुले आफूलाई कसरी मूल्याङ्कन गरेका छन् भन्ने भावना र व्यक्तिले त्यसको आधारमा व्यक्तिले आफ्नो बारेमा आफैं धारणा बनाउँछ। यही सङ्केतको आधारमा समाजमा अन्तरक्रिया गरीन्छ।

साङ्केतिक अन्तरक्रियाका आधारभूत मान्यताअन्तर्गत मानिसमा सोच विचार गर्न सक्ने क्षमता, सामाजिक अन्तरक्रियाले दिएको आकृति, मानिसमा विकसित हुँदै गएको सोच र त्यसका आधारमा उत्पन्न भएको अर्थ र अन्तरक्रिया गर्ने अवसरलाई लिएको छ।

## ५) अभ्यास (Exercise)

**Objective Questions**

**(Tick the best answer)**

**1. Who is known as the father of sociology?**

a. Auguste Comte b. Herbert Spence

c. Max Weber d. Karl Marx

**2. Which of the following is the etymological meaning of sociology?**

a. the study of human being b. study of human society

c. science of the society d. study of the social relationship

**3. The word sociology was first used in**

a. 1938 b. 1939

c. 1940 d. 1941

**4. Auguste Comte was from**

a. France b. Germany

c. Italy d. America

**5. By whom Auguste Comte was influenced towards sociology**

a. Emile Durkheim b. Max Weber

c. Saint Simon d. Robert K. Merton

**6. Who defined society as network of connected parts?**

a. Talcott Parsons b. Anthony Giddens

c. C. Wright Mills d. Ralf Darendorf

**7. What does the word surplus value signIoy?**

a. the cost of the product

b. the cost of raw materials

c. the labour wages

d. the difference between the cost of products and the cost of raw materials and labours wages

**8. According to Ralph Dahrendorf the main source of conflict is**

a. property b. authority

c. prestige d. power

**9. In symbolic interactionism, 'r' refers**

a. disciplined behaviour

b. spontaneous behaviour of the human self

c. spontaneous be undisciplined behaviur

d. the judgmental and controlling side of human life

**10. Who was the propounder of the concept of looking glass self**

a. Charles Horton Cooley b. George Herbert Mead

c. Haralambos d. Herbert Blumer

**Short answer and long answer questions**

1. Explain the concept of sociology.
2. Explain the structural functionalism theory with example.
3. Discuss the major principles of structural functionalism.
4. Elaborate the concept of conflict theory.
5. Elucidate the concept of class and class consciences
6. Discuss the notion of Ralf Dahrendof's conflict theory.
7. Elaborate the C. Wright Mills' notion of class conflict.
8. Elaborate the notion of symbolic interactionism in the words of George Herbert mead.
9. Draw the educational implication of symbolic interactionism theory.
10. "Our education system is influenced by symbolic interactionism." Justify this statement.

## एकाइ पाँच

## सामाजिक रूपान्तरण (Social Transformation)

### १) परिचय (Introduction)

यस एकाइमा तपाईंहरूले सामाजिक रूपान्तरको बारेमा अध्ययन गर्नुहुने छ । सामाजिक स्तरीकरणको धारणा, सामाजिक परिवर्तन, सामाजिक गतिशीलता र सामाजिक परिवर्तनका बारेमा अध्ययन गर्नुहुने छ । साथै स्तरीकरणको आधारभूत तत्त्व र स्तरीकरणको प्रक्रिया, स्तरीकरणका विशेषताहरू, सामाजिक परिवर्तनका सिद्धान्तहरू सामाजिक गतिशीलताका प्रकारहरू र त्यसको मापन, सामाजिक गतिशीलतालाई प्रभाव पार्ने तत्त्वहरू, शिक्षा र संस्कृति शिक्षाको बहुसांस्कृतिक धारणा र नेपाली समाजको रूपान्तरणका बारेमा अध्ययन गर्नु हुने छ।

### २) विशिष्ट उद्देश्यहरू र पाठ् विषयहरू (Specific objectives and contents)

| विशिष्ट उद्देश्यहरू | पाठ् विषयहरू |
|---|---|
| • सामाजिक स्तरीकरण, सामाजिक परिवर्तन, सामाजिक गतिशीलता र सामाजिक रूपान्तरणको अवधारणा स्पष्ट पार्न,<br>• शिक्षामा हुने स्तरीकरणको तत्त्वहरू, विशेषताहरू, प्रक्रियाहरू विश्लेषण गर्न,<br>• सामाजिक परिवर्तनका प्रकारहरू र प्रक्रियाहरू साथै सामाजिक गतिशीलतमा प्रभाव पार्ने विभिन्न पक्षहरूको चर्चा गर्न,<br>• शिक्षाको बहुसांस्कृति सन्दर्भ र सामाजिक रूपान्तरणको चर्चा गर्न,<br>• नेपालको सन्दर्भमा सामाजिक रूपान्तरणबारे छलफल गर्न। | **5. Social Transformation**<br>5.1 Concept (social stratification, change, mobility and social transformation)<br>5.2 Basic elements and process of stratification<br>• Depth and span of stratification<br>• Modes of acquisition of status<br>• The criteria determining reward level<br>• Class consciousness and class solidarity<br>• Open and close society<br>5.3 Basic characteristics of stratification (Ancient, ubiquitous, the social patterning, the diverging form, amount and consequences)<br>5.4 Theories related to social change (Evolutionary, conflict, cyclic)<br>5.5 Types (Horizontal and vertical) and Measures of social mobility<br>5.6 Factors affecting mobility (socio-economic status, intelligence, education)<br>5.7 Culture and education (concept, functions of culture, and relationships between education and culture) |

| | |
|---|---|
| | 5.8 Multicultural perspectives in education (concept and dimensions)<br>Social transformation in Nepalese Society |

## ३) प्रस्तुतीकरण (Presentation)

### ३.१ सामाजिक स्तरीकरणको धारणा (Concept of social stratification)

मानव विकासको उषाकालदेखि नै समाजमा मानिसहरू विभिन्न कुराहरूमा समान स्तरका वा समान हैसियतका पाइँदैनन् । समाजमा रहेका मानिसहरूको आर्थिक, सामाजिक, पदीय, लैङ्गिक, जातीय अवस्था फरक फरक पाइन्छ । अर्को तर्फ मानिसहरू जैविक रूपमा पनि भिन्न भिन्न हुन्छन् । भिन्नता वा विविधता प्रकृतिको नियम नै हो । मानिसको समाजमा विविधता पाइन्छ । एक मानिस विभिन्न पक्षमा अर्कोसँग भिन्न हुन्छ । समाजका मानिसहरूको आर्थिक, शैक्षिक, धार्मिक, व्यवसायिक, पेशागत, लैङ्गिक शारीरिक विशेषताहरूमा पाइने भिन्नताको आधारमा मानिसहरूलाई फरक फरक स्तर र समूहमा विभाजन गर्ने गरीन्छ । जस्तै सम्पत्ति वा आर्थिक अवस्थाको आधारमा धनी, गरीब, शिक्षाको आधारमा शिक्षित, अशिक्षित, लिङ्गका आधारमा महिला, पुरुष धर्मको आधारमा हिन्दू, बौद्ध, क्रिष्चियन, इस्लाम, भौगोलिक क्षेत्रको आधारमा शहरीया, पहाडे, लेकाली, काँठे, मधेशी, हिमाली आदि गरी मानिसको वर्गीकरण गरीन्छ । त्यस्तै गरी पेसा र व्यवसायको आधारमा कृषक, व्यापारी, उद्योगपति, राष्ट्रसेवक कर्मचारी, आदि स्तरमा मानिसको वर्गीकरण गरीन्छ । मानिसहरूमा पाइने विभिन्न किसिमको असमानताका कारणले मानिसहरूलाई विभिन्न स्तर भाग वा समूहमा विभाजन गर्ने कार्य गरीन्छ भने त्यसलाई सामाजिक स्तरीकरण भनिन्छ । तर जैविक गुण स्तरीकरणका लागि महत्त्वपूर्ण पक्ष होइन । कतिपय अवस्थामा स्तरीकरण (stratification) र विभेदीकरण (discrimination) लाई समानार्थी शब्दको रूपमा पनि प्रयोग गर्ने गरेको पाइन्छ । तर स्तरीकरण भनेको व्यक्तिको सामाजिक तथा जैविक भिन्नता जस्तै होचो, अग्लो, कालो, गोरो, चलाख, मन्द बुद्धिको आदि जुन प्राकृतिक वा वंशाणगुत गुणका कारणले हुन्छ, त्यसलाई हटाउन सकिदैन, त्यस्ता गुणको आधारमा व्यक्तिको स्तर निर्धारण गर्ने कार्य स्तरीकरण हो (social stratification is concerned with the way in which a structure of layers or strata, emerge within  society. Typically there is top layer of the rich and powerful, a bottom layer of the poor and powerless and various layers in between.) तर सामाजिक विभेदीकरण (social discrimination) समाज सिर्जित हुन्छ । व्यक्तिमा पाइने भिन्नताको आधारमा विभिन्न व्यक्तिलाई समाजद्वारा वा समाजका सदस्यहरूद्वारा आर्थिक, सामाजिक, राजनैतिक स्तरमा रहेको असमानताको आधारमा उनीहरूलाई विभिन्न समूहमा छुट्याउने वा उनीहरूको स्तर निर्धारण गर्ने कार्य गरीन्छ भने त्यसलाई सामाजिक स्तरीकरण भनिन्छ । तर समाजका मानिसहरूको आर्थिक अवस्थाको आधारमा समाजमा उनीहरूलाई समाजका अन्य व्यक्तिले  गर्ने फरक फरक व्यवहारलाई सामाजिक विभेदीकरण भनिन्छ (The term discrimination refers to unequl treatment of minority group members because of their supposedly bad traits. In the other words, discrimination means the denial of opportunities and equal rights to individual and groups because of prejudice or other arbitrary reason. Where as stratification means ways in which inequalities are likely to passed from one generation to the next producing layers or strata of people in the society. To simplyfy social stratification is a particular form of social inequality. It refers to the presence of social groups which are ranked one above the other.) । मानव समाज सामाजिक आर्थिक, राजनैतिक र संस्कृतिक रूपमा विभक्त छ । समाजका मानिसहरूमा पाइने भिन्नता वा असमानताका आधारमा समाजका मानिसहरूलाई निश्चित आधारहरूमा आधारित भएर मानिसको स्तर निर्धारण गर्ने प्रक्रियालाई नै सामाजिक स्तरीकरण भनिन्छ । यो संरचित असमानताको एउटा पद्धति हो । यसले शक्तिमा, सम्पत्तिमा र अवसरहरू (privileges) मा व्यक्तिको पहुँचलाई सीमित गरी दिन्छ (social stratification is a system of structured inequality which rates and ranks members of a society based on a select criteria and limits access to wealth, power and privileges – Abraham, 2006: 117) । सामाजिक स्तरीकरणको सम्बन्धमा एन्थोनी गिडिन्स (Anthony Giddens

2005:295) भन्दछन्– मानव समाजमा व्यक्तिहरू र समूहहरू बिच देखा पर्ने असमानताहरू जसले व्यक्तिलाई फरक फरक समूहमा वा भागमा विभाजन गर्न मद्धत गर्दछ त्यसलाई नै सामाजिक स्तरीकरण भनिन्छ। सामाजिक स्तरीकरणका सम्बन्धमा Rao (सन् १९९०) ले उल्लेख गरे अनुसार केही परिभाषाहरू निम्न अनुसार छन्ः–

- ओजवन र निम्कोफ (Ogburn and Nimkoff) का अनुसार– समाजका मानिसहरूलाई वा समूहहरूलाई ठुलो वा सानो, धेरै वा थोरै भनी निश्चित किसिमको स्थायी सोपानमा राख्नका लागि स्तर छुट्याउनु नै सामाजिक स्तरीकरण हो (social stratification is the process by which individuals and groups are ranked in a more or less enduring hierarcy of status.) .
- त्यसैगरी समाजशास्त्री रेमण्ड डब्लु.मुरे (Raymand W. Murray) भन्दछन्– सामाजिक स्तरीकरण समाजका मानिसहरूलाई उच्च र निम्न सामाजिक एकाइमा समतलीय रूपमा विभाजन गर्ने प्रक्रिया हो (social stratification is a horizontal division of society in higher and lower social units.)।
- यसै सम्बन्धमा मेलभिन एम. टिडमिन (Melvin M. Tumin, 2003) ले सामाजिक स्तरीकरणलाई यसरी परिभाषित गरेका छन्– समाजमा रहेका मानिसहरूलाई उनीहरूको शक्ति, सम्पत्ति, सामाजिक मूल्याङ्कन र वौद्धिक क्षमता आदि जस्ता फरक फरक विशेषताहरूको आधारमा औकातको सोपानमा उनीहरूलाई फरक फरक अवस्थामा मिलाउने प्रक्रिया हो (social stratification refers to arrangement of any social group or society into a hierarchy of positions that are unequal with regard to power, property, social evaluation and or psychic gratification.) .

  लामो समयदेखि मानिसले समतामूलक समाज (egalitarian society) को निर्माण गर्ने कल्पना गर्दै आएको पाइन्छ तर सम्पूर्ण समाजका मानिसहरूलाई समान अवस्थामा ल्याउनु केबल कल्पना मात्र हो । समाजमा रहेका मानिसहरूको सम्पत्ति (property), शक्ति (power) र अवसर (privilege) मा पाइने भिन्नताको कारणले समाजका सबै मानिसहरूको स्तर समान हुदैन । मानिसहरूमा पाइने विभिन्न असमानताहरूको आधारमा मानिसहरूलाई विभिन्न फरक फरक स्तरमा छुट्याउने वा विभाजन गर्ने पक्रिया नै सामाजिक स्तरीकरण हो। शक्ति र सम्पत्तिको असमान वितरणका कारण मानिसहरूको पद, प्रतिष्ठा, इज्जत सबैको समान किसिमको हुँदैन । समाजका मानिसहरूलाई उनीहरूको औकातअनुसार फरक फरक स्तरमा छुट्याउनु नै स्तरीकरण हो (social stratification is the existence of structured inequalities between groups in society, interms of their access to materials or symbolic rewards.) । सामाजिक स्तरीकरणलाई एउटा भऱ्याङ्गको खुड्किलासँग तुलना गर्न सकिन्छ जुन शक्ति, सम्पत्ति र इज्जतको आधारमा फरक फरक हुन्छ। जो सँग ३ वटा पी बढी छ उ माथिल्लो खुड्किलोमा हुन्छ जोसँग ३ वटा 'पी' कम छ ऊ तल पर्दछ।

### ३.१.१ सामाजिक परिवर्तनको धारणा (Concept of Social change)

समाज परिवर्तनशील छ, समय सापेक्ष राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा सामाजिक, आर्थिक, प्राविधिक, राजनैतिक पक्षहरूमा आएको परिवर्तनसँगै समाज पनि परिवर्तन भएर जान्छ। विशेष गरी विज्ञान र प्रविधिको विकाससँगै समाजका विभिन्न क्षेत्रहरूमा परिवर्तनहरू देखा पर्दछन्। समाजमा हुने परिवर्तनले शिक्षालाई पनि प्रभावित बनाउँछ। शिक्षा, धर्म, जात, अर्थव्यवस्था, सामाजिक संस्कार आदि समाजका एकाइहरू हुन्। समाजका यस्ता एकाइहरू बिच हुने निरन्तर र नियमित परिवर्तनले समाजलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत परिचित गराउँछ। जब समाजमा चलिरहेको परम्परागत मूल्यमान्यता, परम्परा, भेषभूषा जीवनशैली चालचलन रितिरिवाजमा परिवर्तन देखा पर्दछ, त्यसले सामाजिक संरचनामा पनि परिवर्तन ल्याउँछ। कुनै निश्चित ठाउँ विशेषका केही सीमित मानिसको जीवनशैलीमा परिवर्तन आउँछ भने त्यसलाई सामाजिक परिवर्तन भन्न सकिदैन। सामाजिक परिवर्तन समाजको सम्पूर्ण संरचना वा त्यसको कुनै एक पक्षमा हुने परिवर्तन हो । समयको अन्तरालमा समाजका मानिसहरूको व्यवहार, संस्कृति, मूल्यमान्यता, चालचलन आदिमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ (Social change is the signIoicant alternation over time in behaviour patters and culture, including norms and values.० । कुनै पनि अवस्था वा वस्तुमा केही समयको अन्तरालमा आएको परिवर्तन वा रुपान्तरणलाई सामाजिक

परिवर्तन भनिन्छ। समाजका मानिसहरूको अन्तरक्रिया गर्ने शैली र अन्तर सम्बन्धमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ । समाज भनेको सामाजिक सम्बन्धको जालो हो, तसर्थ सामाजिक परिवर्तन भनेको समाजका मानिसहरूको व्यवहार र क्रियाकलापमा आउने परिवर्तन हो। समाजको संरचना र कार्यमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ । सामाजिक परिवर्तनको बारेमा विभिन्न समाजशास्त्रीहरू र मानवशास्त्रीहरूद्वारा व्यक्त भएका परिभाषाहरूलाई (Rao, 1990) ले निम्नअनुसार प्रस्तुत गरेका छन्:-

- समाजशास्त्री किन्सले डेभस (Kingsley Davis) का अनुसार- सामाजिक परिवर्तन भनेको त्यस्ता सम्पूर्ण अन्तरहरू हुन्, जुन अन्तर सामाजिक सङ्गठन, ढाँचा, बनौट तथा प्रकार्यमा देखिन्छ (By social change is meant only such alterations as occur in social organization that is structure and function of society.) .
- सामाजिक परिवर्तनको परिभाषा दिने क्रममा समाजशास्त्री म्याक अइभर (Mac Iver) भन्दछन्- मानवीय सम्बन्धमा हुने परिवर्तन नै सामाजिक परिवर्तन हो (Social change is a change in human relationship) .
- समाजशास्त्री एम.पी जेन्सन (M.P Jenson) भन्दछन्- मानिसको सोचाइ र कार्य प्रणालीमा परिवर्तन आउनुलाई सामाजिक परिवर्तन भनिन्छ (Social change may be defined as modification in ways of doing and thinking of people.) .
- समाजशास्त्री M.E. Jones का अनुसार सामाजिक प्रक्रियाको वा सामाजिक ढाँचाको वा सामाजिक अन्तरक्रियाको वा सामाजिक सङ्गठनको कुनै पनि पक्षमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ (Social change is a term used to describe variations in , or modifications of any aspects of social processes, social patterns, social interaction or social organization.) .

माथि उल्लेख गरीएका विभिन्न परिभाषाहरूलाई विश्लेषण गर्दा समाजका सामाजिक सङ्गठन, वा संस्था आर्थिक सङ्गठन राजनैतिक ढाँचा उत्पादनको तरिका आदिमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भन्न सकिन्छ। सामाजिक ढाँचा एवम् प्रकार्यमा हुने परिवर्तन नै सामाजिक परिवर्तन हो। सामाजिक परिवर्तनको सम्बन्ध एक व्यक्ति अथवा केही व्यक्तिको व्यवहार, विश्वास एवम् मूल्यमा भएको परिवर्तनसँग मात्र नभएर सिङ्गो समाजको विभिन्न पक्षमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ (Smelser; 1991: 390) .

### ३.१.२ सामाजिक परिवर्तनका विशेषताहरू (Characteristics of Social Change)

सामाजिक परिवर्तनका विभिन्न विशेषताहरू रहेका छन्। त्यस्ता विशेषताहरू मध्ये केही विशेषताहरू निम्नअनुसार छन्:

Change in social position, such as occupatoinal changes where persons move up or down the occupational scale, or relation to office whereby a follower becomes a leader or a leap from a low economic class to a high one, or vice-versa.

ह्याभिङ्गहस्ट र न्युग्याटन (Havighurst and Neugarten) का अनुसार सामाजिक गतिशीलता भनेको समाजका व्यक्ति एक सामाजिक अवस्थाबाट अर्को अवस्थामा रूपान्तरण भएर जानु हो, जसमा व्यक्तिले नयाँ अवस्थाहरूमा विभिन्न तत्त्वहरूलाई मजबुत बनाउँछ त्यस्ता पक्षहरूमा पेशा, आम्दानी घरको प्रकार, छिमेकी नयाँ साथीहरू र नयाँ सङ्गठनको सदस्यता जस्ता पक्षहरू पर्दछन् (the term social mobility means movement from one social position to another involving the consolidation of various elements of the new social position which includes occupations, income, type of house, neighbourhood, new friends and new organizational membership.) .

विलियम सिसिल ह्याड्रिक (Willia Cecil Headrick) का अनुसार– व्यक्तिहरूको एउटा समूहबाट अर्को समूहमा हुने चलयमान नै सामाजिक गतिशीलता हो (social mobility is the movement of persons from social group to social group.) .

माथि उल्लेख गरीएका परिभाषाहरूलाई विश्लेषण गर्दा के प्रष्ट हुन्छ भने सामाजिक गतिशीलता भनेको व्यक्तिको पद, प्रतिष्ठा र शक्तिमा हुने परिवर्तन हो। हरेक समाज गतिशील छ, समाजका सदस्यहरू पनि गतिशील छन्। मानिस स्वभावले तल्लो पदबाट माथिल्लो पदमा, गाउँबाट सहरतिर, थोरै सम्पत्तिबाट धेरै सम्पत्ति कमाउनतर्फ, समाजको तल्लो औकात अवस्थाबाट माथिल्लो औकात अवस्थातिर पुग्ने प्रयास गर्दछन्। यसरी प्रयास गर्ने क्रममा आर्थिक दृष्टिकोणबाट, सामाजिक दृष्टिकोणबाट र शक्तिका दृष्टिकोणबाट व्यक्तिको सामाजिक शृङ्खलामा आउने परिवर्तनलाई सामाजिक गतिशीलता भनिन्छ (social mobility is the movement of an individual or groups between different socio economic positions. Vertical mobility refers to movement up or down hierarchy in a stratification system. Lateral mobility is physical movement of individuals or groups from one region to another. When analyzing vertical mobility sociologist distinguish between how far people are mobile in the course of their career and how far the position they reach differs from that of their parents).

## ३.२ **स्तरीकरणको आधारभूत तत्त्वहरू र प्रक्रिया** (Basic elements and process of stratification)

### ३.२.१ **स्तरीकरणको गहिराइ र फैलावट** (The depth and span of stratification)

स्तरीकरण हरेक समाजमा पाइन्छ, समाजका मानिसहरूमा पाइने शक्ति, सम्पत्ति र इज्जतको भिन्नताका कारणले समाजमा असमानता देखापर्दछ । स्तरीकरणको गहिराइ (depth of stratification) भन्ने शब्दलाई असमानताको मात्रालाई जनाउनका लागि प्रयोग गरीन्छ । स्तरीकरणको गहिराइले सम्पत्ति, इज्जत र शक्तिको कारणले समाजका मानिसहरूबिच सिर्जना हुने असमनताको फैलावट कति रहेको छ त्यसलाई मापन गर्नका लागि प्रयोग गरीने प्रक्रियालाई जनाउँछ। समाजमा राम्रो भनिएका चिजहरू एक वा एकभन्दा बढी वितरण गर्दा समाजका मानिसहरूमा असमानता कति मात्रामा देखापर्दछ त्यसको मापन गर्नका लागि स्तरीकरणको गहिराइलाई प्रयोग गरीन्छ।

स्करीकरणको फैलावट (span) लाई स्तरीकरणको क्षेत्र (scope) पनि भनिन्छ। समाजमा राम्रो भनिएका कुनै एक वा सोभन्दा बढी वस्तु समाजमा मानिसहरूलाई वितरण गर्दा मानिसहरूबिच देखिने असमानता कति छ वा कुन मात्रामा पाइन्छ त्यसलाई स्तरीकरणको फैलावटले देखाउँछ। जीवनको कुनै एक आधारभूत कुराको अभावमा अन्य चारवटा पक्षहरू जस्तै जीवनको मौका अथवा महत्त्वपूर्ण घटनाको मनपर्दो पक्षको बारेमा आनन्द लिने वा अनुभव आर्जन गर्ने मौका त्यसैगरी संस्थागत ढाँचाहरू अथवा दैनिक जीवनका आधारभूत आवश्यकताहरू पूरा गर्ने प्रक्रिया र परिवार सञ्चालन गर्ने प्रक्रिया पर्दछ। त्यसैगरी, जीवन शैलीअन्तर्गत जसमा मानिसले आफ्नो शक्ति नष्ट गर्ने तरिका, कुनै वस्तु वा सेवाको उपभोग गर्दा आफ्नो आम्दानी र समय लगानी गर्ने तरिका, कुनै तहको आम्दानी हुने र कुनै समूहमा आवद्ध हुनका लागि आवश्यक पर्ने आधारभूत कुराहरू यसअन्तर्गत पर्दछन्। त्यसैगरी, असमानताले मानिसहरूमा राम्रो सामग्री, राम्रो समाज, असल जीवन, समाज कसरी सञ्चालन गरीनुपर्दछ भन्ने धारणा, बालबालिकाहरू कसरी हुर्काउनु पर्दछ भन्ने धारणा, समाजका अपराधीहरूप्रति कसरी व्यवहार गरीनुपर्दछ भन्ने धारणामा, अभिवृत्तिहरूमा, मूल्यहरूमा विचार दृष्टिकोणहरूमा र विश्वास रूपमा अन्तर ल्याउँछ। समाजका मानिसहरूमा शक्ति, सम्पत्ति र इज्जत वा प्रतिष्ठाबिच पाइने भिन्नताको कारण मानिसहरूमा अन्य विभिन्न पक्षहरूबिच पनि अन्तर पाइन्छ।

## ३.३ **औकात आर्जनको ढाँचाहरू** (Modes of acquisition of statuses)

### ३.३.१ सामाजिक गतिशीलताको प्रवृत्तिहरू (Modes of acquisitions of status)

समाज र समाजका मानिसहरू सधैं गतिशील अवस्थामा नै रहेको पाइन्छ। समाजमा मानिसहरूले कसरी प्रतिष्ठा वा औकात प्राप्त गर्दछन् वा एक अवस्थाबाट अर्को अवस्थामा गतिशील हुन्छन् भन्ने सम्बन्धमा प्रतिष्ठा वा औकात प्राप्त गर्ने ढाँचाहरू वा प्रवृत्तिहरू पनि दुई प्रकारको रहेको पाइन्छ। सामान्यतया सामाजिक प्रतिष्ठा वा औकातलाई थोपरिएको प्रतिष्ठा वा औकात (ascribed status) र आर्जित प्रतिष्ठा वा औकात (acquired status) गरी विभाजन गर्न सकिन्छ।

- **थोपरिएको प्रतिष्ठा वा औकात (Ascribed status)**

समाजमा रहेका व्यक्तिले कुनै प्रयास बिना नै समाजको माथिल्लो पद वा प्रतिष्ठा प्राप्त गर्दछ भने त्यसलाई थोपरिएको प्रतिष्ठा वा औकात भनिन्छ (an ascribed is assigned to a person by society without regard for the person's unique talents or characteristics.)। कुनै पनि पदमा पुग्नका लागि व्यक्तिमा विशेष ज्ञान, सिप, योग्यता र क्षमताको आवश्यकता पर्दछ। तर योग्यता र क्षमता बिना नै व्यक्तिलाई उच्च प्रतिष्ठा दिइन्छ वा उच्च पदको जिम्मेवारी दिइन्छ भने त्यस किसिमको प्रतिष्ठालाई थोपरिएको प्रतिष्ठा भनिन्छ। थोपरिएको प्रतिष्ठा व्यक्तिले जन्मजात रूपमा नै प्राप्त गर्ने मान, पदवि, प्रतिष्ठा, इज्जत हो (an ascribed status is one into which we are born; we acquire it involuntarily)। यस किसिमको प्रतिष्ठा व्यक्तिले लिङ्ग, जात, कुल घरान आदि जस्ता पक्षको आधारमा जन्मजात रूपमा व्यक्तिले प्राप्त गर्दछ। थोपरिएको प्रतिष्ठामा उच्च पदमा पुग्नका लागि व्यक्तिले कुनै प्रयास गर्नुपर्दैन। जस्तै राजाको छोरा जन्मदा नै राजाकुमार भएर जन्मनु, राजाको हुकुमप्रमांगीबाट मुख्य सचिव पदमा पुग्नु, गुरुकुलीन शिक्षा प्रणालीमा गुरुको आर्शीवादले साधारण व्यक्ति उच्च शिक्षित व्यक्तिको रूपमा पारङ्गत हुनु आदि थोपरिएको प्रतिष्ठाको उदाहरण हुन्। नेपालमा अझै पनि कतिपय मन्दिरमा पुजारी हुनका लागि निश्चित जात कै हुनुपर्ने व्यवस्था छ। नेपालमा राणाहरूको शासनकालमा बच्चा गर्भमा रहँदा नै जर्नेल साहेब, कर्णेल साहेबको मान पदवि पाउने व्यवस्था थियो। यस किसिमको प्रतिष्ठालाई nepotism पनि भनिन्छ। यस्तो किसिमको थोपरिएको प्रतिष्ठा न्यायिक, प्रजातान्त्रिक र समतामूलक हुँदैन। यसले समाजमा माथिल्लो वर्गका मानिसलाई झन झन माथि र तल्लो वर्गका मानिसलाई झन झन तल पुऱ्याउँछ। तसर्थ थोपरिएको प्रतिष्ठालाई अप्रजातान्त्रिक प्रतिष्ठा पनि भनिन्छ। नेपाली समाजमा यस्तो प्रतिष्ठालाई टिके प्रतिष्ठा पनि भनिन्छ (Ralf Linton सन् १९३६ को भनाइलाई उल्लेख गर्दै Bruner (1996) भन्दछन्, - Status that people are born into are called ascribed status. Besides race and sex, other ascribed status include characteristics of the family into which you were born including your parent's family name, their economic level, their religion, and their national ancestry. An ascribed status is one that you are assigned based on biological factors such as race, sex or age. Ascribe status refers to the process by which one acquires a status because one has some special, favored characteristics that may have little or nothing to do with one's ability to perform the role.

- **आर्जित प्रतिष्ठा (Acquired mobility)**

आर्जित प्रतिष्ठा थोपरिएको प्रतिष्ठाको विपरीत देखिने गतिशीलता हो। यस किसिमको प्रतिष्ठामा व्यक्तिले आफ्नै प्रयासको माध्यमबाट उच्च पद, प्रतिष्ठा, मानसम्मान, सम्पत्ति र शक्ति आर्जन गर्दछ। व्यक्तिले आफ्नो प्रयासबाट समाजमा आर्थिक, सामाजिक, राजनैतिक प्रगति गरेर माथितिरको प्रतिष्ठा प्राप्त गर्दछ भने त्यसलाई आर्जित प्रतिष्ठा भनिन्छ। यस किसिमको प्रतिष्ठा व्यक्तिले आफ्नै प्रयासबाट आर्जन गर्दछ। आर्जित प्रतिष्ठा सामाजिक न्यायको सिद्धान्तमा आधारित हुन्छ। समाजका सबै मानिसहरूलाई आफ्नो क्षमताअनुसार प्रगति गरेर अगाडि जानका लागि सहयोग गरी पद, प्रतिष्ठा र शक्ति आर्जन गर्ने अवसर यस प्रतिष्ठाले दिन्छ। आर्जित प्रतिष्ठाको प्रवृत्ति न्यायपूर्ण परिवतर्तित र प्रजातान्त्रिक हुन्छ। व्यक्तिले सकारात्मक सोच राखि हरेक क्षेत्रमा मेहनत गर्ने हो भने आर्जित प्रतिष्ठा प्राप्त गर्न सक्छ। उदाहरणका लागि एउटा साधारण किसानको छोराले तृतीय श्रेणीमा एस.एल.सी उत्तीर्ण गरे तापनि उसले थप प्रगति गर्दै गएरपछि डाक्टर, इन्जिनियर बन्न सक्छ। यस्तो किसिमको प्रतिष्ठाले शिक्षाको क्षेत्रमा सकारात्मक प्रभाव पार्दछ (we must do something to achieve aquired status for an example go to school or campus, learn a skill, establish a friendship, invent a new product, etc.) . कतिपय अवस्थामा आर्जित प्रतिष्ठामा पनि नातावाद, कृपावाद, झण्डावाद, पैसावाद, फरियावाद, आदिले प्रभाव पार्दछ। तर पनि आर्जित प्रतिष्ठा व्यक्तिले आफ्नो जीवनकालमा आर्जन गरेको पद, अवस्था आदिको रूप हो (an achieved status is a position we have acquired over time.) . जस्तै विद्यार्थी, शिक्षक, अध्यक्ष, नृत्यकार, खेलाडी, आमाबाबु आदि सबै आर्जित गतिशीलताका उदाहरण हुन् (achieved status is that status which you obtain by doing

something. Statuse that people get at least partically as a result of something that you do are called achieved statuses. Among the most important achieved statuses are occupations, educational levels, and incomes. Ascribe status refers to the process by which one acquires a status because one is judged to have the abilities, skills and other relevant qualities that enable one to fulfill the role.) .

### ३.४ पुरस्कारको तह निर्धारण गर्ने आधारहरू (The criteria that derermine reward level)

समाजमा रहेका मानिसहरूले शक्ति, सम्पत्ति र प्रतिष्ठाप्रति प्राप्त गर्ने आधार पनि दुई किसिमका छन्। एउटा आधार दुःख गरेर परिश्रम गरेर उत्कृष्ट कार्य गरेर पनि उच्च प्रतिष्ठित पद पाउन र पुरस्कार प्राप्त गर्न सकिन्छ। व्यक्तिले आफ्नो क्षमता र दक्षताको आधारमा आफ्नो औकातले मान सम्मान पद र प्रतिष्ठा प्राप्त गर्ने आधारलाई तार्किक आधार भनिन्छ। यसको अतिरिक्त भाग्यको कारण व्यक्तिगत आकृति र शारीरिक आकर्षण, अरु व्यक्तिलाई विशेषगरी उच्च ओहदामा रहेको व्यक्तिलाई गरेको चाप्लुसी, उमेर जाति धर्म आदि जस्ता थोपारिएका पक्षले पनि व्यक्तिलाई पुरस्कार वा सम्मान प्राप्त हुन्छ त्यसलाई गैर तार्किक (non rational) प्रक्रिया भनिन्छ। गैर तार्किक तरिकाबाट प्राप्त गरेका पुरस्कारलाई वा उपलब्धिलाई non achievement पनि भनिन्छ।आधुनिक मानव समाजले समाजका मानिसहरूले समाजमा पद र प्रतिष्ठा प्राप्त गर्ने आधारहरूमा उत्कृष्ठ कार्य गर्ने क्षमता र उपलब्धिलाई पुरस्कार प्राप्त गर्ने आधारहरूमा उत्कृष्ट कार्य गर्ने क्षमता र उपलब्धिलाई पुरस्कार प्राप्त गर्ने सम्मान प्राप्त गर्ने आधार मानेका छन् तर कतिपय अवस्थामा उत्कृष्ट अङ्क वा योग्यता प्राप्त नगर्ने व्यक्तिले पनि समाजमा सम्मान, पुरस्कार र पद पाएको पाइन्छ। तर वर्तमान समाजले नियममा आधारित भएर निष्पक्ष रूपमा पद वा प्रतिष्ठा र पुरस्कार वितरण गर्ने कुरामा प्राथमिकता दिएको छ। तर वास्तविकता के छ भने सम्पत्तिले सम्पत्ति नै आर्जन गर्दछ, शक्तिले धेरै वा थप शक्तिको सिर्जना गर्दछ साथै सम्मानले अरु थप सम्मान आर्जन गर्नका लागि सहयोग गर्दछ तसर्थ अवैधानिक रूपमा कसैले शक्ति सम्पत्ति र सम्मान प्राप्त गर्‍यो भने त्यसले थप सम्पत्ति शक्ति र सम्मान आर्जन गर्नका लागि सहयोग गर्दछ र समाजमा असमानता सिर्जना हुन्छ।

### ३.५ वर्गीय चेतना र वर्गीय सङ्गठन (Class consciousnes and class solidarity)

कार्ल मार्क्सका अनुसार हरेक समाजमा दुई वर्ग शोषक वर्ग र शोषित वर्ग हुन्छन्, यिनीहरूको बिचमा अन्तर द्वन्द्व भइ नै रहन्छ। शोषक वर्गले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शोषित वर्गलाई शोषण गरी रहन्छ। उत्पादनको शक्ति (forece of production) मा समाजका दुई वर्गको असमान सम्बनधको कारणले स्तरीकरण देखा पर्दछ। कार्ल मार्क्सका दृष्टिकोणमा वर्ग भनेको मानिसहरूको सामाजिक समूह हो, जसमा समूहका सदस्यहरूले उत्पादनको साधनमा समान किसिमको सम्बन्ध रहन्छ। हरेक समाजको उत्पादन पद्धति (mode of production) को कारण समाजमा स्तरीकरण देखा पर्दछ। उत्पादनका साधन आफ्नो स्वामित्वमा राख्ने समूह शासक वर्गमा पर्दछ र उनीहरूको स्तर समाजमा उच्च हुन्छ। यस वर्गलाइ कार्ल मार्क्सले exploiter वा bourgeoisie भनेका छन्। अर्को तर्फ आफ्नो श्रम लगाएर उत्पादनको साधनलाई परिचालन गर्ने वर्ग जसको अभावमा उत्पादनका साधनहरू निष्क्रिय बन्दछन् त्यस वर्गलाई मार्क्सले श्रमिक वर्ग (labour class) भनेका छन्। यदि समाजका सबै मानिसहरूले उत्पादका साधनहरूमा समान किसिमको सम्बन्ध प्राप्त गरे भने समाजमा स्तरीकरण घटेर जान्छ। समाजका मुख्य दुई वर्गहरू पुँजीपति र सर्वहारको बिचमा पनि सम्बन्ध रहन्छ तर त्यो सम्बन्ध आपसी निर्भरात्मक र द्वन्द्वात्मक हुन्छ (the relationship between the major social classes is one of mutual dependence and conflicts.)। पुँजीपति र सर्वाहारा एक आपसमा अन्तरनिर्भर हुन्छ किनकी उत्पादनको साधनहरू आफ्नो नभए पनि सर्वाहारा वर्गले आफ्नो श्रमलाई ज्यालामा बेच्नु पर्दछ त्यसैको सहायताबाट उसले जीवन निर्वाह गर्नु पर्दछ। तसर्थ सर्वाहारा वर्ग पनि पुँजीपति वर्गमा र आफूले प्रदान गर्ने श्रममा बाँचेको हुन्छ। अर्कोतर्फ पुँजीपति वर्ग जसलाई अनुत्पादक वर्ग पनि भनिन्छ, त्यो वर्ग पनि श्रमिकको श्रममा आश्रित रहन्छ किनकी श्रमिकको श्रम बिना उत्पादन हुन सक्दैन। तर यी दुई बिचको सम्बन्ध शोषक (exploiter) र शोषित (exploited) को रूपमा रहन्छ। पुँजीपति वर्गले जसरी भए पनि श्रमिकलाई शोषण गरी धेरै धन आर्जन गर्न चाहन्छ, सर्वाहारा वर्ग शोषणबाट मुक्त भएर उत्पादनका साधनहरूमाथि आफ्नो पनि स्वामित्व स्थापित गर्न चाहन्छन्। दुई वर्गको चाहना फरक भए पछि समाजमा द्वन्द्व देखा पर्दछ। तसर्थ स्तरीकरणको

सम्बन्धमा कार्ल मार्क्सले वर्गीय चेतना, वर्गीय एकता र वर्गीय द्वन्द्व जस्ता तिन वटा चरणहरूलाई महत्त्वपूर्ण पक्षका रूपमा लिएका छन्।

### ३.५.१ वर्गीय चेतना (class consciousness)

वर्गीय चेतना भन्नाले कुनै वर्ग जस्तै श्रमिक वर्गले उत्पादन प्रक्रियामा निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा पहिचान पाउनु वा परिचित हुनु र उत्पादनका साधनहरूको स्वामित्व लिएका वर्गहरूसँगको सम्बन्धका बारेमा जानकारी प्राप्त गर्न सक्ने हुनु भन्ने बुझिन्छ। अर्को तथ्य पुँजीपति वर्गले श्रमिक वर्गलाई कति शोषण गरेको छ भनेर पहिचान पाउनु आफूले उत्पादन गरेको वस्तुलाई आफूले त्यो वस्तु उत्पादन गर्दा पाएको ज्याला वा पारिश्रमिक भन्दा बढी शुल्क तिरेर वस्तु किन्नु पर्ने अवस्थाको बोध श्रमिकलाई हुनु नै वर्गीय चेतना हो। वर्गीय चेतनाको अन्तिम रूपको भनेको श्रमिकहरू सङ्गठित नहुँदासम्म शोषण हटाउन सकिँदैन भन्ने हो (class consciousness refers to the recognition by a class such as workers of the roles its members play in the productive process and of their relations to the owning class exploits the working class by depriving the workers of a fair share of the 'surplus value' created by their work. A final stage of consciousness is reached when the working class understands that only by unIoied action to overthrow the capitalist owners can the workers hope to achieve their due.) in the wood of Karl Marx class consciousness is  a subjective awareness held by members of a class regarding their common vested interest and need for collective political action to bring about social change. .

### ३.५.२ वर्गीय एकता (class solidarity)

वर्गीय एकता भन्नाले समान आर्थिक अवस्था भएका समान हैसियतका मानिसहरू राजनैतिक तथा आर्थिक लक्ष्य प्राप्तिका लागि सङ्गठित हुनु वा एक्यवद्ध भएर काम गर्न लाग्ने अवस्था वा परिस्थिति हो (class solidarity refers to the extent to which workers act together to achieve political and economic aims.) .

### ३.६ खुल्ला तथा नियिनैत्रत वा बन्द समाज (The open and the closed society)

समाजमा हुने सामाजिक गतिशीलताको मात्रा मापन गर्नका लागि समाजशास्त्रीहरूले खुल्ला स्तरीकरण प्रणाली र बन्द स्तरीकरण प्रणाली गरी दुई स्तरीकरण प्रणालीलाई ल्याएको पाइन्छ। खुल्ला समाजमा समाज जसमा समाजका प्रत्येक व्यक्तिले आर्जन गरेको औकातले उसको अवस्था प्रभावित हुन्छ  खुल्ला समाजमा शक्ति, सम्पत्ति र प्रतिष्ठा आर्जन गर्नका लागि समाजमा सबै सदस्यलाई उत्प्रेरित गरीन्छ। समाजमा सदस्यहरूबिच उच्च पद प्राप्त गर्न, प्रतिष्ठा प्राप्त गर्न प्रतिस्पर्धी बनाइन्छ। खुल्ला समाज बढी लोकतान्त्रिक हुन्छ, जसमा कुनै किसिमको भेदभाव हुँदैन। अर्कोतर्फ, बन्द समाज वा नियिनैत्रत समाज त्यस किसिमको समाज हो, थप उन्नति प्रगति गरेर अगाडि बढ्नका लागि समाजका सबै मानिसहरूलाई समान अवसर हुँदैन। यस किसिमको समाजमा जातीय, लैङ्गिक, सामाजिक, आर्थिक, भौगोलिक आदि जस्ता विभेदहरू पाइन्छ (close system which allows little or no possibility of moving up.) .

### ३.७ सामाजिक स्तरीकरणको विशेषताहरू (Characteristics of social stratification)

मानिसको जीवनमा राम्रो भनिएका र सबैले  चाहने तिन वटा चिजहरू छन्। ति हुन् सम्पत्ति (property), शक्ति (power) र इज्जत वा सम्मान (prestige or social honor)। यी तिन चिज प्राप्त गर्नका लागि समाजका मानिसहरू लागि  पर्दछन्। सबै मानिसहरूमा (विगतका मानिसहरूमा र वर्तमान समयका मानिसहरूमा) यी राम्रा तिन चिजहरूको वितरण समान किसिमबाट हुन पहिला पनि सकेको थिएन र अहिले पनि सकेको छैन। त्यसैको प्रभावको रूपमा समाजका मानिसहरू विभिन्न समूहमा वा विभिन्न पदमा वा तहमा विभाजन भएका छन्। त्यस किसिमको वर्गीकरणलाई अङ्ग्रेजीमा stratum भनिन्छ। व्यक्तिले प्राप्त गरेको सम्पत्ति, शक्ति र इज्जत वा प्रतिष्ठाको आधारमा व्यक्तिलाई विभिन्न स्तरमा गरीने वर्गीकरणलाई स्तरीकरण भनिन्छ। मानिसको समाजमा असमान रूपमा वितरण भएका

र मानव जीवनका लागि उपयोगी हुने अन्य पक्षहरू पनि छन् त्यस्ता पक्षहरूअन्तर्गत वौद्धिक क्षमता माया, दया, सुरक्षा, भविष्यप्रतिको आशा अभिलाषा आदि पर्दछन्। यदि तिनीहरूको वितरणमा पनि असमानता छ, तिनीहरू पनि सम्पत्ति, शक्ति र इज्जतको असमानताकै कारणले वा परिणामस्वरूप देखा पर्दछन् भने तिनीहरूलाई पनि सामाजिक स्तरीकरणमा प्रभाव पर्ने पक्षका रूपमा अध्ययन गरीन्छ। सामान्यतया सामाजिक स्तरीकरणका निम्न लिखित विशेषताहरूको कारणले लामो समयदेखि समाजशास्त्रीहरूको ध्यान आकृष्ट भएको छ। Melvin M. Tumin (2003) का अनुसार सामाजिक स्तरीकरणका विशेषताहरू निम्न रहेका छन्:–

### ३.७.१ सामाजिक स्तरीकरणको प्राचीनता (The antiquity of social stratification)

सामाजिक स्तरीकरण ज्यादै प्राचीन वा पुरानो धारणा हो। मानव सभ्यताको विकाससँगै कुनै न कुनै रूपमा स्तरीकरण भएको पाइन्छ। प्राचीन समयको घुमन्ते फिरन्ते मानिसहरूमा पनि स्तरीकरण प्रष्ट रूपमा पाइन्थ्यो तर त्यस समयको स्तरीकरण लिङ्ग र उमेरका आधारमा हुने गर्दथ्यो। प्राचीन समयमा पनि महिला र केटाकेटीहरू तल्लो श्रेणीका व्यक्तिका रूपमा पर्दथे। यसबाट के प्रष्ट हुन्छ भने स्तरीकरण भन्ने कुरा कुनै नयाँ धारणा होइन, यो प्राचीन समाजमा पनि थियो। हजारौं हजार वर्ष पहिलाका विश्वसनीय ऐतिहासिक रेकर्डबाट पनि प्राचीन समयको बेबिलोन, पर्सियन हेब्रु वा ग्रिस सभ्यतामा पनि धनी र गरीब, शक्तिशाली र कमजोर, स्वतन्त्र नागरीक र दासहरू बिच स्तरीकरण भएको तथ्य फेला पार्न सकिन्छ। यद्यपि प्राचीन समयका दार्शनिक प्लेटो कौटिल्यले पनि आर्थिक, सामाजिक र राजनैतिक असमानताहरूको बारेमा चासो व्यक्त गरेको पाइन्छ।

### ३.७.२ स्तरीकरणको सर्वव्यापकता (The ubiquity of statification)

विश्वका सबै मानिसहरूमा वा समाजमा, सामाजिक स्तरीकरण प्रष्ट रूपमा पाइन्छ। धन, शक्ति र प्रतिष्ठाका लागि समाजका सबै नागरीकहरू लागि पर्दछन् तर समाजका सबैलाई समान रूपमा यी तिन पक्षहरू पुग्दैन। त्यसकारण संसारभरि नै स्तरीकरण देखा पर्दछ। त्यसैले स्तरीकरण विश्वव्यापी (world wide) रूपमा देखा पर्ने प्रक्रिया हो। मानव समाज रहेको संसारको कुनै पनि क्षेत्रमा सामाजिक स्तरीकरण पाइन्छ तर स्तरीकरणको मात्रा र रूप भने फरक हुन सक्छ। सामान्यतय मानव जाति रहेको कुनै पनि स्थानमा हुने खाने (haves) र हुँदा खाने (have nots) बिच स्तरीकरण भएको पाइन्छ। समाजका अशिक्षित मानिसहरूमा पनि स्तरीकरण पाइन्छ। अशिक्षित समाजमा स्तरीकरण ज्यादै धेरै मात्रामा धेरै पक्षमा पाइन्छ।

### ३.७.३ स्तरीकरणको सामाजिक ढाँचा (The social patterning of stratification)

सामाजिक स्तरीकरणलाई समाज सिर्जित सामाजिक प्रक्रियाको रूपमा लिइन्छ। जैविक रूपमा देखा पर्ने असमानताहरूलाई सामाजिक स्तरीकरणमा समावेश गरीदैन (social stratification does not represent biologically caused inequalities.)। हुनत समाजमा रहेका व्यक्तिहरू बिच असमानता हुनमा जैविक गुणहरूको भूमिका प्रधान रहन्छ। जस्तै शक्ति, बुद्धि, उमेर, लिङ्ग आदि जस्ता पक्षहरूले स्तरीकरणका लागि आधार प्रदान गर्दछ, तर यी भिन्नताहरू नै कुनै समूहले किन धेरै शक्ति, सम्पत्ति र इज्जत प्राप्त गऱ्यो र अर्कोको किन भएन भनेर छुट्याउनका लागि पर्याप्त हुँदैन। जैविक गुण नै उत्कृष्ट र निकृष्ट छुट्याउने स्पष्ट आधार बन्न सक्दैन। तसर्थ स्तरीकरणलाई सामाजिक प्रक्रिया भनिन्छ। उदाहरणका लागि कुनै विश्व विद्यालयको प्राध्यापकले प्राप्त गरेको पद, स्तर र सम्मान उसको शारीरिक शक्ति वा उमेरको आधारमा नभएर समाजले दिएको परिभाषाले स्थापित हुन्छ। उसले प्राप्त गरेको शिक्षा, तालिम, अनुभव, सिप, व्यक्तित्व आदि उसको स्तरीकरणका मुख्य आधार बन्दछ नकि उसको शारीरिक गुण विशेषता उचाइ रूप रङ्ग (A man attains a dominant position not by his physical strength, nor by his age, but by having the socially defined traits)। हरेक समाजको स्तरीकरणको आफ्नो आफ्नै ढाँचा हुन्छ। त्यसलाई सामाजिक स्तरीकरणको ढाँचा भनिन्छ। तिनीहरू निम्न अनुसार छन्:–

- **सामाजिक परिभाषाहरूको महत्त्व (The signIoicance of social definitions)**

  कुनै पनि गुण विशेषता मुख्य गरी शारीरिक गुण विशेषताहरू व्यक्तिको दर्जा निर्धारण गर्नका लागि अथवा अब्बल दर्जाको (superior) र निम्नकोटिको (inferior) बन्नका लागि त्यस किसिमको गुण वा विशेषतालाई सामाजिक रूपमा महत्त्व दिइनुपर्दछ। कुनै पनि व्यक्तिको शारीरिक गुण विशेषताहरूभन्दा पनि समाजले महत्त्व दिएको व्यक्तिको योग्यता, क्षमता, ज्ञान आदि पक्षलाई सामाजिक स्तरीकरणको निर्धारक पक्ष भनिन्छ।

- **मानकहरू र स्वीकृतिको महत्त्व (The signIoicance of norms and sanctions)**

हरेक समाजमा वितरण गरीने पुरस्कारहरू नियमको आधारमा वा मानकको आधारमा वितरण गरीन्छ भन्ने कुरालाई स्तरीकरणको सामाजिक ढाँचाको पक्षले सुल्भाउँछ तर त्यस्ता मानकहरू पनि कुनै अवस्थामा समाजमा शक्तिशाली व्यक्तिले आफ्नो रुचिअनुसार तयार गर्न प्रभावित गर्दछन् । यद्यपि त्यस्ता नियमहरू, मानकहरू स्तरीकरण गर्ने भऱ्याङ्गको अन्तिम खुड्किला भए तापनि वा जीवनमा राम्रा भनिएका पक्षहरूको थोरै मात्रा भए तापनि नियमहरू शक्तिशालीद्वारा प्रभावित बन्दछन् । स्थापित मानकहरू जुन शासक वर्गले नियन्त्रणमा लिएको छ त्यसलाई समाजका अन्य सदस्यहरूले स्वीकार गर्नुपर्दछ। त्यसले स्तरीकरणको नियमलाई प्रभावित बनाउँछ। तसर्थ यसबाट के प्रष्ट हुन्छ भने सामाजिक स्तरीकरणको लागि कुनै बेला समाजका शक्तिमा रहेका शक्तिशाली व्यक्तिले बनाएको नामक बहुपक्ष व्यक्तिको हित विपरीत हुँदा हुँदै पनि स्वीकार गर्नुपर्ने हुनाले फरक फरक समाजका मानकहरू र त्यसलाई स्वीकार गर्ने पद्धति फरक हुनाले स्तरीकरणको ढाँचा पनि समाजअनुसार फरक हुन्छ।

- **हरेक पुस्तालाई सामाजिकीकरण गर्ने आवश्यकता (The need to socialize each generation)**

स्तरीकरणको सामाजिक पक्षको तेस्रो प्रयोग भनेको एक पुस्ताबाट अर्को पुस्तामा समुदायका मानकहरू मूल्य मान्यताहरू नीति नियमहरू कसरी ल्याइए भन्ने हो । कुनै पनि किसिमबाट सामाजिक गुण, विशेषताहरू जैविक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दैन । प्रत्येक बालक वा बालिकालाई सामाजिकीकरण गराउन आफ्नो समूह वा समाजको संस्कार, मूल्यमान्यता, चालचलन, रीतिरिवाज, भेषभूषा, जीवनशैली आदि सिकाउनु नै पर्दछ। यसको कार्य अग्रजहरू विशेष गरी वयस्कहरूले गर्दछन्, किनकी उनीहरूलाई लोकको वा दैवी शक्तिको दण्डको डर हुन्छ । यसको अर्थ आफ्ना मूल्य मान्यताहरू बालबालिकहरूलाई सिकाइएन भने समाजले के भन्ला, ईश्वरले सराप दिने छन्, भन्ने जस्ता मान्यताका कारणले पनि सामाजिक मानक ठिक, बेठिक जे भए पनि अभिभावक छोरा छोरीलाई सिकाउँछन् । बालबालिकाहरू पनि आफ्ना अभिभावकहरूले भनेको मान्नुपर्दछ भनेर स्विकार गर्दछन् किनकी उनीहरूलाई बाबुआमाले भनेको ठिक छ भनेर विश्वास गर्न आवश्यक छ अर्कोतर्फ उनीहरूमा बाबुआमाबाट प्राप्त हुने पुरस्कारको चाहना हुन्छ भने दण्डको डर हुन्छ। फेरि बाबुआमाले भनेको अस्वीकार गरेर बैकल्पिक पक्षको खोजी गर्न सक्ने क्षमता पनि त बालबालिकाहरूमा हुँदैन । अर्कोतर्फ मानकको निरन्तरताका लागि यसको स्थानान्तरण एक पुस्ताबाट अर्को पुस्तामा हुन पनि आवश्यक छ। जस्तै नेपालको सन्दर्भमा छाउपाडी प्रथा, बाल विवाह प्रथा, दाइजो प्रथा आदि।

- **सामाजिक प्रबन्धहरूको अन्तरनिहित अस्थिरता (The inherent instability of social arrangements)**

समाजमा स्थापित मानकहरू (norms) सामाजिकीकरण प्रक्रिया र मानकको स्वीकृतिको स्थाइत्वमा भर पर्दछ। तर समाज निरन्तर रूपमा परिवर्तन भइ राख्ने गर्दछ। समाजको आन्तरिक स्वरूपमा आएको परिवर्तनका कारणले पनि समाजको मानकहरू अस्थिर र अनियमित बन्दछन् किनकी सामाजिकीकरणको प्रक्रिया र स्वीकृतिले कहिल्यै पनि पूर्ण रूपमा कार्य गर्न सक्दैन । यसको अर्थ एक परिवार वा समुदायलाई उपयुक्त भएका सामाजिकीकरण प्रक्रिया र सामाजिक मानकहरू अर्को समाजलाई प्रभावकारी र उपयुक्त नहुन सक्छ। समाजको आन्तरिक संरचना, आन्तरिक व्यवस्थापन आदिमा आएको परिवर्तनसँगै समाजको मूल्यमान्यता, सामाजिक मानक पनि परिवर्तन हुन्छ। अर्कोतर्फ फरक फरक स्तरका वा समूहहरूका व्यक्तिको जन्मदरका कारणले पनि स्तरीकरणको आन्तरिक अस्थिरता देखा पर्दछ। यसको अर्थ परम्परादेखि शासक वर्गले सम्हाल्दै आएको पद र जिम्मेवारी सम्हाल्न सक्ने योग्य दक्ष छोरा छोरी शासक वर्गको भएनन् भने पनि साधारण नागरीक (nonelite) का छोरा छोरीलाई त्यस्तो किसिमको उच्चस्तरको जिम्मेवार पदमा नियुक्त गर्नु पर्ने हुन्छ । जस्तै उदाहरणका लागि राजतन्त्रात्मक शासन व्यवस्था भएका देशमा राजको छोरा छोरी नभएर अन्य साधारण जनताको छोरा छोरी शासन सत्तामा पुग्ने गरेको पाइन्छ । कतिपय पुजारीका छोरा छोरी कमजोर भएको कारणले वा निसन्तान भएको कारणले गर्दा त्यो पदमा साधारण व्यक्तिको छोरा छोरी पुग्ने गरेको पाइन्छ।

### ३.७.४ स्तरीकरणको अन्य संस्थाहरूसँगको सम्बन्ध (The connection of stratification with other institutions)

समाजमा हुने स्तरीकरण सामाजिक प्रक्रिया हो । स्तरीकरण सामाजिक प्रक्रिया भएकै कारण यसको सम्बन्ध समाजमा अन्य पक्षहरूसँग पनि स्थापित हुन गएको छ। स्तरीकरणको अन्य संस्थाहरूसँगको सम्बन्धलाई संस्थागत

अन्तरनिर्भरता वा संस्थागत अन्तरसम्बन्ध (institutional interrelationship) भनिन्छ। स्तरीकरणको सम्बन्ध समाजका अन्य पक्षहरू जस्तै राजनीति, अर्थशास्त्र, शिक्षा, धर्म, परिवार आदि जस्ता पक्षसँग भएको हुनाले यी पक्षहरूमा आएको परिवर्तनको प्रभाव स्तरीकरणमा पनि पर्दछ। उदाहरणको लागि आर्थिक पक्षसँग जोडिएको स्तरीकरण भनेको उद्योगपतिले कस्ता किसिमका सामग्रीहरू उत्पादन गर्ने, कस्तो किसिमको सेवा सुविधा तलव वा ज्याला दिने, कामको अवस्था कस्तो हुने भनी गरीएको निर्णयमा भर पर्दछ। अन्त्यमा स्तरीकरणमा सामाजिक ढाँचा हुन्छ भन्ने कुराहरूलाई निम्न बुँदाहरूमा सारमा प्रस्तुत गर्न सकिन्छ :–

- कुनै पनि स्तरीकरण प्रणालीको बनोट परम्परागत रूपमा थोपरिएका अर्थहरू र सामाजिक रूपमा परिभाषित आधारहरू र सिफारिसमा आधारित हुन्छ (the make up of any system of stratification is dependent upon conventionally ascribed meanings and socially defined criteria and prescriptions.) .
- स्तरीकरण प्रक्रियालाई आकार दिन वा रूप दिन र त्यसको व्यवस्थापन गर्नका लागि मानकहरू र तिनीहरूको स्वीकृति मुख्य आवश्यकीय तत्त्वहरू हुन् (norms and sanctions are key ingredients in the shaping and maintenance of the system.) .
- प्रत्येक पुस्तालाई  फरक फरक तरिकाले वा नयाँ तरिकाले मानकहरू सिकाउनु पर्दछ (norms have to be taught a new to each generation) .
- कुनै पनि प्रणाली केही मात्रामा भए पनि अस्थिर छ किनकी सामाजिकीकरण प्रक्रिया समाजभरि एउटै किसिमको वा उस्तै (identical) किसिमको छैन। सामाजिकीकरणमा अन्य प्रभाव पार्ने पक्षहरू पनि रहेका छन् जस्तै फरक फरक समूहको जन्मदर फरक फरक हुनु एउटा प्रभाव पार्ने पक्ष हो (any system is likely to be unstable, at least to some degree because socialization is never identical throughout the society and because of other disturbing factors, such as differential rates of birth for different strata.) .
- सामाजिक स्तरीकरणको कुनै पनि प्रणाली, घनिष्ट रूपमा समाजका अन्य प्रभाव पार्ने (affector० र प्रभावित (affected) पक्षसँग सम्बन्धीत हुन्छ। त्यस्ता पक्षहरूमा परिवार, धर्म, अर्थशास्त्र र शैक्षिक संस्थाहरू पर्दछन् (any system of stratification is intimately connected, both as affector and affected, with other systems in the society, such as political family, religious, economic, and educational institutions.) .

### ३.७.५ स्तरीकरणको रूप र मात्रामा विविधता (The diversity of form and amount of stratification)

स्तरीकरण प्रणाली समाजअनुसार फरक फरक पाइन्छ, संसारको कुनै पनि समाजमा स्तरीकरणमा एकरूपता पाइदैन । प्राचीन रोमको समाजलाई पनि कुलीन वा सम्भ्रान्त (patrician) समाज र साधारण मानिसको समाज गरी विभाजन गरीएको थियो। प्राचीन आर्यन समाजलाई चार वर्ण (ब्राम्हण, क्षेत्री, वैश्य र सुद्रमा विभाजन गरीएको थियो। त्यसै गरी प्राचीन ग्रिकमा दास र स्वतन्त्र मानिस गरी, समाजका मानिसहरूलाई स्तरीकरण गरीएको थियो। यसबाट के प्रष्ट हुन्छ भने हरेक मानव अस्तित्त्व रहेको समाजमा स्तरीकरण पाइन्छ र स्तरीकरणको रूप फरक फरक हुन्छन्। कुनै समाजमा जातको आधारमा कुनै समाजमा लिङ्गको आधारमा, कुनै समाजमा सम्पत्तिको आधारमा स्तरीकरण हुने गर्दछ। नेपाली समाजमा गणतन्त्रको स्थापना पछि जातीय आधारमा विभेदीकरण राजनीतिक आस्थाका आधारमा विभेदीकरण बढेर गएको पाइन्छ । समाजको हरेक क्षेत्रमा नातावाद, कृपावाद, फरियावाद, पैसावाद, झण्डावादले स्तरीकरण र विभेदीकरणलाई प्रश्रय दिएको छ। वर्ग, जाति र सम्पत्ति तिन वटा तत्त्वबाट देखिने स्तरीकरणमा एकरूपता पाइदैन।

### ३.७.६ स्तरीकरणका परिणामहरू (The consequences of stratification)

समाजमा रहेका मानिसहरूको शक्ति, सम्पत्ति र इज्जतमा पाइने असमानताको कारणले सिर्जना हुने परिणामहरू वा नतिजाहरूलाई निम्न लिखित चार वटा शीर्षकहरूमा विभाजन गर्न सकिन्छ :–

- **जीवनका मौकाहरू वा अवसरहरू (Life chances)**

जीवनका मौकाहरूअन्तर्गत त्यस्ता सम्भावनाहरू पर्दछन् जसमा कुनै व्यक्तिले आनन्द लिन पनि सक्ने छ वा आनन्द लिन असफल पनि हुने छ । त्यस्ता पक्षहरूमा विभिन्न किसिमका अवसरहरूको फैलावट (range of opportunities), उपलब्धिहरू र अनुभवबाट प्राप्त हुने सन्तुष्टिहरू पर्दछन् । यस्ता पक्षहरूमा बालकको जीवीत हुने दर, राम्रो शारीरिक तथा मानसिक स्वास्थ्य, धैरै वर्ष शिक्षा आर्जन गर्न पाउनाले वा उच्च शिक्षा आर्जन गर्ने अवसरले सामाजिक रूपमा मूल्यमान र राम्रो कमाइ गर्न सक्ने सिपहरूको विकास हुने, अपेक्षा गरेको पेशा वा व्यवसायको अवसर मिल्नु, पर्याप्त र मनग्य धन कमाउने अवसर पाउनु, कुनै समुदायको वा राष्ट्रको राजनैतिक मुद्धामा सम्मानपूर्ण प्रभाव पार्न सक्नु आदि जीवनका मौकाहरू हुन् (Life chances refers to such things as the chance to survive the first year of life, to stay healthy, both physically and mentally; to get a education; to find a proper occupation; to live a normal span of years.) । शक्ति, सम्पत्ति र इज्जतमा हुने असमानताका कारणले स्तरीकरण देखा पर्दछ । स्तरीकरणको परिणामको रूपमा जीवनका मौकाहरू वा एउटा व्यक्तिले आफ्नो जीवनकालमा विभिन्न अवसरहरू पाउने र नपाउने हुन्छ तसर्थ जीवन मौकाहरूले महत्त्वपूर्ण अवसरहरू, उपलब्धिहरू र जीवनका अनुभवहरूलाई जनाउँछ (Life chances, then, refer to the most important opportunities, achievements, and experiences in life.) .

- **व्यवहार वा आचरणको संस्थागत ढाँचाहरू (Institutional patterns of conduct)**

कुनै पनि समाजको आधारभूत एकाइमा दैनिक रूपमा प्रयोगमा ल्याइने व्यवहारको ढाँचालाई नै आचरणको संस्थागत ढाँचाहरू भनिन्छ (Institutional patterns are the way in which people perform their major institutional roles: how they work relate as spouses, raise their children, and participate in political and religious affairs.) । यहाँ समाजका आधारभूत एकाइहरूभित्र आर्थिक, राजनीतिक प्रणाली, शैक्षिक सञ्जाल, परिवार, धर्म आदि जस्ता एकाइहरू पर्दछन् । समाजशास्त्रीहरू सम्पत्ति, शक्ति र सम्मान इज्जतको असमानताले व्यक्तिको दैनिक व्यवहारमा कस्तो प्रभाव पार्दछ, त्यसको अध्ययन तर्फ आकर्षित भएको पाइन्छ । शक्ति, सम्पत्ति र इज्जतमा पाइने असमानताको कारणले व्यक्तिको आचरण, व्यवहार, भेषभूषा, जीवनशैली, चालचलन अन्य व्यक्तिसँग गर्ने व्यवहारमा भिन्नता ल्याउँछ । जस्तै फरक फरक आम्दानी भएका मानिसहरूको बच्चा बच्ची हुर्काउने तरिका फरक हुन्छ । तसर्थ संस्थाग ढाँचाहरूले जीवन अवधिभरमा ज्यादै आधारभूत चुनौतिहरू वा मुद्दाहरूलाई जनाउँछ (institutional patterns refers to the most fundamental affairs of daily life through out the course of one's life.) .

- **जीवन शैलीहरू (Life style)**

जीवन शैलीहरू भन्नाले व्यक्तिले आर्जन गर्ने अतिरिक्त आम्दानी, खर्च गर्ने शैली, फुर्सदको समय बिताउने तरिका, आदि पक्षलाई जनाउँछ । व्यक्तिको पहिरन, उसले प्रयोग गर्ने सवारी साधन, घरको रङ्ग रोगन र सजावट, विभिन्न ठाउँमा घुम्ने र आनन्द लिने शैली, मनोरञ्जन र फुर्सदका क्रियाकलापहरू, अरुसँग भेट हुँदा प्रयोग गर्ने भाषा र अभिवादन गर्ने शैली, अध्ययन गर्ने पत्र पत्रिका सुन्ने र हेर्ने सञ्चार माध्यम, व्यक्ति, आवद्ध हुने सङ्घ सङ्गठनहरू आदि जस्ता पक्षहरू जीवनशैलीका महत्त्वपूर्ण पक्षहरू हुन् । सम्पत्ति, शक्ति र इज्जतमा हुने असमानताका कारणले व्यक्तिको जीवनशैलीमा पनि प्रभाव पार्दछ (life styles refer to the patterns of conduct over which people have options or choices even at the same level of resources. These inclueds modes of dressing, eating, using lisure time, decorating the home, spending vacation; and joining groups.) .

- **मूल्यहरू, प्रवृत्तिहरू र विचारधाराहरू (Values, attitudes and ideologies)**

साधारणतय मूल्यहरू, प्रवृत्तिहरू र विचारधाराहरू भन्नाले विश्वासहरूको समूह भन्ने बुझिन्छ (the terms values attitudes and ideologies refer to sets of beliefs) । त्यस्ता विश्वासहरूमा राम्रो वा

असल समाजको परिभाषा के हो (what defines a good society?) व्यक्तिगत जीवनका तत्त्वहरू के के हुन् (What are the ingredients of a good personal life!), व्यक्ति र समाज बिचको उचित सम्बन्ध के हो (what is the proper relationship between individual and society?) ? आदि जस्ता प्रश्नहरू पर्दछन् । मानिसको सम्पत्ति, शक्ति र इज्जतमा आउने परिवर्तनसँगै व्यक्तिको व्यवहार, दृष्टिकोण उसले दिने मूल्य मान्यता विचारधारा आदिमा पनि परिवर्तन आउँछ । Idelogies, beliefs, and attitudes refer to both general and specific ideas about such things as whether the society is fair, whether people can be trusted, whether welfare benefits are justified, and whether politics is worth participaring in.

### ३.७.६ सामाजिक परिवर्ततका सिद्धान्तहरू (Theories of social change)

समाज परम्परादेखि परिवर्तन हुँदै आएको पाइन्छ । समाजको परिवर्तन कुन रूपमा कसरी हुन्छ भन्ने सम्बन्धमा विभिन्न समाजशास्त्रीहरूले फरक फरक सिद्धान्तहरू प्रतिपादन गरेका छन् । त्यस्ता सिद्धान्तहरू मध्ये उद्‌विकासको सिद्धान्त (evolutionary theory), चक्रीय सिद्धान्त (cyclical theory) र द्वन्द्व सिद्धान्त (conflict theory) मुख्य सिद्धान्तका रूपमा रहेका छन् । समाजको परिवर्तनका सम्बन्धमा यी सिद्धान्तहरूले राखेका धारणाहरूबारे छोटकरीमा निम्नअनुसार चर्चा गर्न सकिन्छ :

### (i) उद्‌विकासको सिद्धान्त (Evolutionary theory)

अङ्ग्रेजी भाषाको evolution भन्ने शब्दको उत्पति ल्याटिन भाषाको evolvere' भन्ने शब्दबाट भएको हो । ल्याटिन शब्द evolver, 'E' / 'volvere' बाट बनेको पाइन्छ । जसमा E को अर्थ बाहिर (out) / volvere को अर्थ प्रकट हुनु वा बाहिर देखिनु (come out / to unfold) अथवा विकास गर्नु (to develop) अथवा फैलनु भन्ने हुन्छ । समाजशास्त्रको क्षेत्रमा उद्‌विकासको अर्थ समाज कुनै सरल अवस्थाबाट जटिल अवस्थामा पुग्ने वा परिणत हुने वा उन्मुख हुने प्रवृत्ति हो । समाजशास्त्रमा उद्‌विकासवादी सिद्धान्तले समाज पहिला सरल अवस्थामा थियो, क्रमिक रूपमा सरल वा साधारण अवस्थाको समाज रूपान्तरण भएर जटिल अवस्थातर्फ उन्मुख भयो, भन्ने धारणा राख्दछ । प्राचीन समाजशास्त्री Auguste Comte ले मानव समाज सरलबाट विशिष्टतर्फ उन्मुख भएको हो भन्ने धारणा राखेका थिए । समाज एक रेखीय रूपमा एक चरणपछि अर्को चरण हुँदै क्रमिक रूपमा विकसा भएर आएको हो भन्ने धारणा Auguste Comte को थियो । उद्‌विकासवादी धारणामा विश्वास गर्ने समाजशास्त्री तथा मानवशास्त्रीहरूका अनुसार सामाजिक परिवर्तन भनेको अहिलेको भईरहेको अवस्थाबाट अझ राम्रो अवस्थातर्फ उन्मुख हुनु हो (according to early sociologists social change meant progress toward something better) समाजशास्त्रीहरूले समाजमा हुने परिवर्तन समाजका लागि सकारात्मक र फाइदाजनक नै हुने धारणा व्यक्त गरेका छन् । उद्‌विकासवादीहरूका अनुसार सामाजिक परिवर्तन भनेको समाज सभ्यताको उच्च शिखरमा पुग्नु हो । समाजशास्त्रको क्षेत्रमा समाज उद्‌विकास भएर जान्छ भन्ने धारणा सबैभन्दा पहिला Herbert Spencer ले राखेका थिए । उनले सन् १८४० मा उद्‌विकासको सिद्धान्त प्रतिपादन गरेका थिए । समाजमा सबैभन्दा योग्य नै जीवीत रहन्छ (The survival of the Fittest) भन्ने धारणालाई चिनाउने काम Herbert Spencer ले गरे । प्राचीनसमयका समाजशास्त्रीहरू समाजको विकास र परिवर्तन एउटा चरण पछि अर्को चरणतर्फ जान्छ भन्ने धारणा राख्दथे । मानवशास्त्री L.H Morgan ले समाज क्रमिक रूपमा एकपछि अर्को चरणमा विकास भएर जान्छ भन्ने धारणा व्यक्त गरेका थिए । उनका अनुसार प्राचीनसमाज जङ्गली अवस्था (Savagery stage) मा थियो । यस अवस्थामा मानिसहरूमा चेतनाको विकास भएको थिएन, जङ्गलमा नै बस्ने, रुखका बोक्रा लगाउने गर्दथे । समाज विकासको क्रममा पछि, समाज बर्बर (Barbarism) चरणमा परिणत भयो, यस चरणमा खेतीपाति गर्ने, माटाका भाँडा बनाउने, पशुपालन गर्ने कार्य तर्फ समाजका मानिसहरू अग्रसर भए । त्यस पछि समाजमा क्रमिक रूपमा सभ्यताको विकास भयो । समाजमा भाषा, कला, साहित्यको विकास भयो । भाषा कला साहित्यको विकास भएको चरणलाई सभ्यताको चरण भनिन्छ (Giddens, 2006) .

अर्का समाजशास्त्री Auguste Comte ले समाज परिवर्तनको क्रममा समाजले तिनवटा चरणहरू पार गरेको धारणा व्यक्त गरेका छन् । उनले समाज धार्मिक चरण (theological stage), भौतिक चरण (Metaphysical stage) र वैज्ञानिक चरण (Scientific or positive stage) हुँदै समाज विकास भएर जान्छ भन्ने धारणा

अगाडि सारे । समाजशास्त्रको क्षेत्रमा उद्‌विकासवादी धारणाको विकासमा Charles Darwin को theory of Organic Evolution' को प्रभाव परेको पाइन्छ । समाजशास्त्रमा उद्‌विकास भन्ने शब्दको प्रयोग Charles Darwin ले सन् १८४९ मा प्राकृतिक छनोटबाट जीवहरूको उत्पत्ति (Origin या species by the natural selection) नामक पुस्तकको प्रकाशनपछि भएको हो । डार्विनले प्राणीको उत्पत्ति र विकास समयको लामो अन्तरालमा उद्‌विकासीय प्रक्रियाद्वारा भएको धारणा व्यक्त गरे । साथै वर्तमान अवस्थामा भएका प्राणीको जातिबाट समयको अन्तरालमा नयाँ जातिको उत्पत्ति हुँदै जाने धारणा पनि डार्विनको थियो । डार्विनको यस धारणाले मानवशास्त्र, समाजशास्त्रको क्षेत्रमा पनि प्रभाव पर्‍यो । समाजशास्त्री हर्वट स्पेन्सरले सामाजिक उद्‌विकास पनि जैविक उद्‌विकासको एउटा शाखा हो भन्ने धारणा राखे । मानव समाज पनि एकपछि अर्को गर्दै क्रमिक रूपमा रूपान्तरण भएर वा विकास भएर जान्छ भन्ने धारणा हर्वट स्पेन्सरको थियो । समाज क्रमिक रूपमा प्रगतितर्फ लम्किरहेको धारणा हर्वट स्पेन्सले व्यक्त गरे (Sociologists argued that societies must have evolved from the too simple and primitive to that of too complex and advanced such as the western society.) .

समाज विकासको यस उद्‌विकासवादी सिद्धान्तको विकासमा सहयोग गर्ने समाजशास्त्रीहरूमा अगष्ट कम्ते (Auguste Comte), जेम्स फ्रेजर (James Fraxzer), इ. वि. टायलर (E. B Tyler), आर. आर मरेट (R. R. Marett), हेनरी मेइन (Henry Maine), हर्वट स्पेन्सर (Herbert Spencer), कार्ल मार्क्स (Karl Marx), एडोल्फ वास्टियन (Adolf Bastian), एल. एच मोर्गान (L. H Morgan), लेस्ली ए. ह्वाइट (Leslie A. White), जुलिन एच. स्टेवार्ड (Julian H. Steward) आदि रहेका छन् ।

बर्ट एन. एडमस् र आर. ए. सिडि (Bert N. Adams and R. A Sydie) का अनुसार उद्‌विकासवादी सिद्धान्तका केही विशेषता (characteristics) हरू छन् तिनीहरूलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

- **हरेक समाजले निश्चित चरणहरू पार गर्दछ (every society pass certain stage):** समाज विकासको यस उद्‌विकासवादी सिद्धान्तले हरेक समाज एक चरणपछि अर्को चरण गर्दै प्रगति, उन्नतिको चरणमा पुग्दछ भन्ने धारणा राख्दछ । प्राचीन समाज जङ्गली समाज थियो, जङ्गली चरणबाट बर्बरताको चरण हुँदै आजको सभ्य समाजमा विश्वका सबै समाजहरू रूपान्तरण भएको धारणा यस सिद्धान्तले राखेको छ ।
- **समाजको उद्‌विकास निरन्तर प्रक्रिया हो (evolution is a continuous process):** उद्‌विकासवादी सिद्धान्तमा विश्वास गर्ने समाजशास्त्री समाज निरन्तर र परिवर्तनको क्रममा छ । समाजमा विभिन्न पक्षको विकास वा प्रगति निरन्तर रूपमा भइनै रहन्छ भन्ने धारणा राख्दछन् । उद्‌विकासको क्रममा समाजमा निरन्तर रूपमा नयाँ नयाँ परिवर्तनहरू देखा परि रहने तर्क यस सिद्धान्तको छ । समाजमा परिवर्तन हुनु भनेको नयाँ नयाँ प्रगति उन्नति देखा पर्नु हो । तसर्थ उद्‌विकासमा अनिवार्य रूपमा प्रगति, सफलता उन्नतीहरू देखा पर्दछन् (evolution necessary involves progress)

समाज परिवर्तनको यस उद्‌विकासवादी सिद्धान्तका पनि विभिन्न रूपहरू रहेका छन् । तिनीहरूलाई छोटकरीमा निम्नअनुसार चर्चा गर्न सकिन्छः–

- एकरेखीय उद्‌विकासवादी सिद्धान्त (Unilinear evolutionary theory)
- बहुरेखीय उद्‌विकासवादी सिद्धान्त (Multi linear evolutionary theory)
- सर्वव्यापी उद्‌विकासवादी सिद्धान्त (Universal evolutionary theory)

- **एकरेखीय उद्‌विकासवादी सिद्धान्त (Unilinear evolutionary theory):** समाज परिवर्तनको क्रममा हरेक समाजले एउटै चरण वा ढाँचा वा अवस्था पार गर्दछ भन्ने धारणा एकरेखीय उद्‌विकासवादी सिद्धान्तले राख्दछ । हरेक समाजले विभिन्न चरणहरू पार गर्दै आधुनिक सभ्य समाजको रूपमा रुपान्तरण भएको हो भन्ने धारणा यस एकरेखीय उद्‌विकासवादी सिद्धान्तको हो । समाजशास्त्रका पिता Auguste Comte ले समाज विकासका तिनवटा चरणहरू जस्तै आध्यात्मिक चरण (theological stage), वास्तविकताको चरण (metaphysical stage) र वैज्ञानिक चरण (Scientific or positive stage) हुन्छ भनेका छन् ।

त्यसै गरी मानवशास्त्री Lewis Henry Morgan ले आफ्नो'Ancient society' नामक पुस्तक सन् १८७७ मा प्रकाशित गरी हरेक समाज जङ्गली चरण (Savagery stage), तानाशाही वा शोषण (barbarism stage) र आधुनिक सभ्यताको चरण पार गरेर अगाडि बढ्दछ भन्ने धारणा व्यक्त गरेका छन्। तसर्थ समाज परिवर्तनको एक रेखीय उद्विकासवादी सिद्धान्तमा विश्वास गर्ने समाजशास्त्रीहरूको तर्क हरेक समाज एकपछि अर्को चरण पार गर्दै अगाडि बढ्छ भन्ने हो (Sociologists who belives in unilinear evolutionary theory assumed that every society passed through the same fixed stages of development)। यस सिद्धान्तले समाज परिवर्तन सधैँ एकरेखीय रूपमा सकरात्मक दिशातर्फ उन्मुख भइरहन्छ अर्थात् परिवर्तन सधैँ सकरात्मक रूपमा अगाडि बढि रहन्छ भन्ने धारणा राखेको छ (The idea of single path along which human societies, cultures and technologies have moved and are moving.) .

- **बहुरेखीय उद्विकासवादी सिद्धान्त (Multilinear evolutionary theory):** समाज विकास एउटा ढाँचाबाट मात्र नभएर विभिन्न रूप र ढाँचाबाट हुन्छ भन्ने धारणा समाज परिवर्तनको बहुरेखीय उद्विकासवादको हो। समाजका मानिसहरू विभिन्न रूपमा परिवर्तन हुन्छन् र समाज परिवर्तनको कुनै एउटै निश्चित ढाँचा मात्र हुँदैन। समयको मागसँगै समाज विभिन्न तरिकाबाट परिवर्तन हुन्छ भन्ने धारणा वहुरेखीय उद्विकासवादी सिद्धान्तले राख्दछ। वातावरणमा समायोजन हुनका लागि जङ्गली समाजका वा जङ्गली अवस्थाका मानिसहरू पनि क्रमिक रूपमा विभिन्न चरण पारनगरीकन आधुनिक अवस्थामा आउन सक्छन् भन्ने मान्यता यस बहुरेखीय उद्विकास वादी सिद्धान्तको हो। जस्तै नेपाली परिवेशमा राउटे जातिलाई लिन सकिन्छ। जङ्गली अवस्थामाका राउटेहरू एकै पटक परिवर्तनको क्रममा मोबायल चलाउने, हवाइजहाज चढ्ने अवस्थामा परिणत भए। खोले खाने, सिलाएको कपडा नलगाउनेहरू टाई सुट लगाउने अवस्थामा परिणत भए। तसर्थ अमेरिकन समाजशास्त्री Julian Steward (1902 – 1972) को धारणामा समाज बहुरेखीय रूपमा परिवर्तन हुन्छ। समाजका मानिसहरू विज्ञान र प्रविधिले ल्याएको परिवर्तन र विकाससँग समायोजन हुन विभिन्न तरिकाले परिवर्तन हुनुपर्दछ भन्ने धारणा Julian Steward को छ। उनले यसै सिद्धान्तको प्रतिपादनसँगै संस्कृतिक पर्यावरण (Cultural Ecology) भन्ने सिद्धान्त पनि प्रतिपादन गरेका छन्।

- **सर्वव्यापी उद्विकास (universal evolution):-** मानव समाजको परिवर्तन सरल रूपबाट जटिल रुपतर्फ हुने गर्दछ। सामन्य रूपबाट जटिल रूपतर्फ समाजको परिवर्तन हुँदा समाजका विभिन्न भागहरूमा विभिन्नता र संरचनात्मक अन्तरहरू पाइन्छ भन्ने धारणा यस सर्वव्यापी उद्विकासवादी सिद्धान्तमा विश्वास गर्ने समाज शास्त्रीहरूको हो। इमाइल दुर्खिम (Emile Durkheim), हर्बट स्पेन्सर (Herbert Spencer), लेस्ली ह्वाइट (Leslie white) यस सिद्धान्तका समर्थकहरू हुन्।

**(ii) चक्रीय सिद्धान्त (Cyclical theory)**

पूर्वमा सूर्य उदाएर पश्चिममा सूर्य अस्ताउने, फेरि भोलि त्यही क्रम चल्ने, रुखबाट पुराना पात झरेर नयाँ पालुवा पलाउने, नयाँ पालुवा पुरानो भएर झर्ने र फेरि नयाँ पालुवा पलाउने, मानिस जन्मने, तन्नेरी हुने वयस्क हुने वृद्ध हुने र मर्ने अर्को नवजात शिशु जन्मने प्रकृतिको नियम भए जस्तै समाजमा पनि नयाँ सभ्यताहरू, मूल्यमान्यता, दृष्टिकोण धारणाहरू देखा पर्दछ, त्यो विकास भएर उत्सर्गमा पुग्दछ वा चर्चाको शिखरमा पुग्दछ, केही समयको अन्तरालमा त्यो सभ्यताले कम महत्त्व पाउँछ वा हराएर जान्छ, अरु नयाँ दृष्टिकोण धारणा देखापर्दछ। समाज चक्रीय रूपमा जसरी साइकलको पाङ्ग्रा तलमाथि हुन्छ त्यसै गरी घुमिरहन्छ र परिवर्तन भइरहन्छ भन्ने मान्यता चक्रीय सिद्धान्तले राख्दछ। समाज परिवर्तनको चक्रीय सिद्धान्तको प्रतिपादन गर्ने काम जर्मनको ओलेना विद्यालयका शिक्षक ओसवाल्ड स्पेङ्गर (Oswald Spengler) ले सन् १९१८ मा 'The Decline of the West' नामक पुस्तकको प्रकासनसँगै गरेका हुन्। लामो समयसम्म पश्चिमि सभ्यता सहित आठवटा सभ्यताको अध्ययन गरेपछि ओसवाल्ड स्पेङ्गरले समाज विकासको चक्रीय सिद्धान्तको प्रतिपादन गरेका हुन् (Cyclical theory proposed that civilizations rise and fall in an endless series of cycles)। जसरी प्राचीन ग्रिक, रोमन, इजिप्ट, चिनको समाजको सभ्यता नष्ट भएर नयाँ सामाजिक जीवनको सुरुवात भयो, त्यसै गरी पश्चिमेली सभ्यता पनि पुरानो भएको छ। एक दिन त्यसको अन्त्य हुन्छ र नयाँ सभ्यताको विकास हुन्छ भन्ने धारणा स्पेङ्गरको छ (According to Oswald Spengler each civilization is like a biological organism and has a similar life-

cycle, birth, maturity, old age and death.) । कुनै पनि समाज विकासको उच्च शिखरमा पुग्दछ, त्यसपछि समाजमा युद्धका कारण वा द्वन्द्वका कारण वा समाजको विखण्डनका कारण पुरानो परम्परागत सभ्यता हराएर जान्छ र नयाँ परिवर्तन देखा पर्दछ।

त्यसैगरी बेलयातका इतिहासकार आर्नोल्ड तोनिवी (Arnold Toynbee) ले समाजमा विभिन्न चुनौतिहरू (Challenges) हुन्छन् । यस्ता चुनौतिहरू प्रति प्रतिक्रिया दिन सक्यो भने समाजको अस्तित्त्व रहन्छ तर समाजले त्यस्ता चुनौतिहरूसँग वा चुनौतिहरू प्रति सहि प्रतिक्रिया दिन सकेन भने समाजको अस्तित्त्व हराउँदछ भन्ने धारणा प्रस्तुत गरे । उनले सन् १९४६ मा 'A study of History' नामक पुस्तक प्रकाशन गरेर आफ्नो सिद्धान्त 'Challenge and Response' को प्रतिपादन गरे । Toynbee का अनुसार हरेक समाजमा चुनौतिहरू हुन्छन्– पहिला त समाजमा वातावरणीय चुनौति हुन्छ अर्कोतर्फ दोस्रो चुनौतिको रूपमा आन्तरिक तथा बाह्य शत्रुको चुनौतिहरू हुन्छन् । समाजको भाग्य र सभ्यताको सफलता, चुनौतिहरूप्रति दिएको प्रतिक्रियाको सफलतामा भर पर्दछ (Every society faces challenges- at first, challenges posed by the environment; later challenges from internal and external enemies. The nature of the responses determines the society's fate. The achievements of a civilization consists of its successful responses to challenges; if it can not mount an effective response, it dies, Morrish, 1976:71).

अर्का रसियन तथा बेलायती समाजशास्त्री प्रिटिरिम ए. सोर्किन (Pitirim A. Sorokin) ले सन् १९३८ मा 'Social and culture Dynamics' नामक पुस्तक प्रकाशन गरी समाजशास्त्रसम्बन्धी आफ्नो धारणा व्यक्त गरेका थिए । उनले दुई सांस्कृतिक सीमा बिचको सम्बन्ध व्यक्त गरेका छन् । उनका अनुसार समाजमा दुई किसिमको संस्कृतिको उतार चढाव (fluctuate) हुन्छन् । उनले व्यक्त गरेका त्यस्ता दुईवटा संस्कृतिमा, भौतिक संस्कृति (Sensate culture) र आध्यात्मिक संस्कृति (Ideational culture) पर्दछन् । Sensate culture अन्तर्गत त्यस्तो संस्कृति पर्दछ जसलाई इन्द्रियहरूद्वारा प्रत्येक्ष रूपमा प्राप्त गर्न सकिन्छ । यस किसिमको संस्कृति प्रयोगात्मक, आनन्दप्रदायक र भौतिक हुन्छ अर्कोतर्फ Ideational culture ले त्यस्ता पक्षमा जोड दिन्छ जुन मस्तिष्क सोच विचारबाट मात्र प्राप्त गर्न सकिन्छ । यस्तो किसिमको संस्कृति अमूर्त, धार्मिक, हाम्रा विश्वास दृष्टिकोणसँग सम्बन्धीत हुन्छन् र शास्वत सत्य हुन्छन् । यो आर्दशवादी संस्कृति भौतिकवादी संस्कृतिको विरोधमा हुन्छ । भौतिवादी संस्कृति र आदर्शवादी संस्कृति दुवैले समाजको शुद्ध (pure) संस्कृति आफू भएको स्वीकार गर्दछन् । तर समाज एउटा संस्कृतिबाट पूर्ण हुन सक्दैन । यसको अर्थ चक्रीय रूपमा भौतिक संस्कृतिको प्रभाव आध्यात्मिक संस्कृतिमा र आध्यात्मिक संस्कृतिको प्रभाव भौतिक संस्कृतिमा परि नै रहन्छ। समाजले एक पक्षलाई जोडदिने र अर्को पक्षलाई वास्ता नगर्नाले दुई पक्ष बिच द्वन्द्व बढ्दै गएर तेस्रो संस्कृतिको वा सभ्यताको विकास हुन्छ (The sensate culture stresses those things which can be perceived directly by the senses. It is practical, hedonistic, sensual, and materialistic. Ideational culture emphasis those thing which can be perceived only by the mind. It is abstract, religious, concerned with faith and ultimate truth. It is the opposite of the sensate culture. Both represent pure type of culture. Too much emphasis in one type of culture leads to a reaction towards the other. "Societies contain both these impulses in varying degress and the tension between them creates long-term instability." Between these types, of course, there lies a third type 'ideastic' culture.) । यस किसिमको चक्र निरन्तर चलिरहन्छ भन्ने आशय चक्रीय सिद्धान्तको हो।

**(iii) द्वन्द्वको सिद्धान्त (Conflict theory)**

द्वन्द्व सिद्धान्तको प्रतिपादन गर्ने काम जर्मन समाजशास्त्री एवम् दार्शनिक कार्ल मार्क्स (Karl Marx 1818–1883) ले गरेका हुन् । उनले समाजको सम्पूर्ण इतिहास नै वर्ग सङ्घर्षको वा वर्गीय द्वन्द्वको इतिहास (all history is the history of class conflict) हो भनेका छन् । समाजमा द्वन्द्वको मूलकारण आर्थिक असमानता हो भन्ने धारणा कार्ल मार्क्सको छ । उनी समाजलाई जहिले पनि दुई वर्गमा विभाजन गर्न चाहन्छन् । समाजका पुँजीपति वर्ग


जसको हातमा उत्पादनका साधन (Means of production) / उत्पादनको शक्ति (force of production) रहन्छ। पुँजीपति वर्ग जसलाई कार्ल मार्क्सले बुर्जुवा वर्ग (Boargeisie) वा अभिजात वर्ग वा शासक वर्ग (ruled class) वा शोषक वर्ग भनेका छन्। अर्को तर्फ समाजमा श्रमिक वर्ग (Proletariat) वर्ग हुन्छ। उक्त वर्गलाई कार्ल मार्क्सले कामदार वर्ग (working class) गरीब वर्ग (poor class), शोषित वर्ग (exploited) वर्ग भनि नाम दिएका छन्। समाजका यस्ता शासित वर्गको हातमा उत्पादनको शक्ति र साधनहरूमाथि कुनै किसिमको स्वामित्व हुँदैन। पुँजीपति वर्गले श्रमिक वर्गमाथि शोषण गर्न चाहन्छ। अर्कोतर्फ श्रमिक वर्ग उत्पादनका साधनहरू माथि आफ्नो स्वामित्व स्थापित गर्न चाहन्छन्। दुई वर्गको रुचिमा भिन्नता हुन्छ र समाजमा वर्गीय द्वन्द्व बढेर जान्छ। अन्त्यमा सर्वहारा वर्गको विजय हुन्छ र समाज परिवर्तन हुन्छ। वर्तमान परिवर्तित समाजमा भविष्यको परिवर्तनका लागि विउ रोपिएको हुन्छ। द्वन्द्वबाट नै समाजको परिवर्तन हुन्छ भन्ने धारणा कार्ल मार्क्सको हो।

त्यसै गरी अर्का जर्मन समाजशास्त्री जर्ज साइमल (George simmel) ले द्वन्द्वलाई समाज परिवर्तनको महत्त्वपूर्ण पक्षको रूपमा स्वीकार गरेका छन्। उनका अनुसार समाज परिवर्तनका लागि द्वन्द्व स्थाई तत्त्व हो। समाजमा भईरहने निरन्तर द्वन्द्वले समाजलाई गतिशील बनाउँछ र नयाँ नयाँ परिवर्तनहरू समाजमा देखा पर्दछन्।

## ३.८ सामाजिक गतिशीलताको प्रकारहरू र मापन (Types (horizontal and vertical) and measures of social mobility)

### ३.८.१ सामाजिक गतिशीलताका प्रकारहरू (Types of social mobility)

सामाजिक गतिशीलतालाई समाजशास्त्रीहरूले फरक फरक भागमा विभाजन गरेका छन् । सामाजिक गतिशीलताको प्रकारहरूलाई कतिपय पुस्तकमा सामाजिक गतिशीलताको मापन (Measure of social mobility) पनि भनेका छन् । पि.ए. सोर्किन (P.A. Sorokin) का अनुसार सामाजिक गतिशीलतालाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ :




**समतलीय गतिशीलता** (Horizontal mobility)

समतलीय गतिशीलतामा व्यक्तिको परिवर्तन समान तहबाट समान तहमा हुने गर्दछ। जब व्यक्तिको गतिशीलता एउटा अवस्थाबाट अर्को अवस्थामा देखा पर्दछ त्यसलाई समतलीय गतिशीलता भनिन्छ (when the movement of a person occurs from one situation to another situation at the same level i.e., with in the single stratum, the process is called horizontal social mobility.)। यस्तो सामाजिक गतिशीलतामा व्यक्तिको सामाजिक प्रतिष्ठामा, सामाजिक औकातमा परिवर्तन हुँदैन तर व्यक्तिको सङ्लग्नतामा मात्र परिवर्तन हुन्छ (horizontal mobility is a change in position with out the change in status. It indicates a change in position within the range of same the same status)। यस्तो गतिशीलतामा व्यक्तिको तलब, ग्रेड इज्जत

प्रतिष्ठा समान रहन्छ। तसर्थ व्यक्तिको सामाजिक औकात पनि समान नै रहन्छ। यस गतिशीलतामा व्यक्तिको पद समान नै रहन्छ तर आवद्धता भएको संस्था मात्र परिवर्तन हुन्छ। जस्तै कुनै क्याम्पसको क्याम्पस प्रमुख अर्को क्याम्पसमा पनि क्याम्पस प्रमुखको रूपमा नै सरुवा भएर जानु।

**लम्बीय गतिशीलता** (vertical mobility)

व्यक्तिको अवस्थामा परिवर्तन आई एक अवस्थाको मानिस अर्को अवस्थामा परिवर्तन हुन्छ भने त्यसलाई लम्बीय गतिशीलता भनिन्छ। व्यक्तिले सामाजिक शृङ्खलामा आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक आदि जस्ता क्षेत्रमा प्रगति गरेर तल्लो वर्गको वा औकात समूहको व्यक्ति प्रगति गरेर माथिल्लो औकात समूह (satus group) मा पुग्दछ वा समाजमा व्यक्तिले समाज अस्वीकार्य व्यवहार गरेर धन सम्पत्ति मान, प्रतिष्ठा र शक्ति गुमाएर सामाजिक प्रतिष्ठाका दृष्टिकोणले तल्लो वर्गको बन्दछ भने त्यस्तो गतिशीलतालाई पनि लम्बीय गतिशीलता भनिन्छ। प्रगति भएर जाने गतिशीलतामाथि तिरको गतिशीलता upward mobility वा ascending mobility हो। उच्च ओहदाको व्यक्ति, धनी व्यक्ति, इज्जतदार व्यक्ति विभिन्न कारणले समाजमा उसको प्रतिष्ठा घटेर तल्लो तहको व्यक्ति बन्न पुग्छ भने त्यस किसिमको सामाजिक गतिशीलतालाई (downward mobility वा descending mobility) elgG5 (desending mobiity of a person means going down of a person from higher position, prestige and status to lower ones.) .

**माथितिरको गतिशीलता** (Upward mobility)

लम्बीय गतिशीलताभित्र पनि दुई वटा गतिशीलताको प्रकृति पाइन्छ। माथितिरको गतिशीलतामा आर्थिक दृष्टिकोण, पदीय दृष्टिकोणले र शक्तिका दृष्टिकोणले तल्लो स्तरको व्यक्ति माथिल्लो स्तरमा पुग्दछ भने त्यो माथितिरको गतिशीलता हो (ascending mobility or upward mobility means the entry of persons from lower strata and prestige to higher status and prestige groups.) । उदाहरणका लागि एउटा कुचिएकारको छोरा पढेर डाक्टर बन्दछ भने त्यसलाई माथितिरको गतिशीलत भनिन्छ। माथितिरको सामाजिक गतिशीलताा हुन व्यक्तिलाई निम्न कुराहरू सिक्नु पर्दछ :–

माथिल्लो वर्गका मानिसहरूअनुसार व्यवहार गर्ने र कार्य गर्ने क्षमता (ability to behave and work accordigng to upper class people)

- भाषाशैली र लवाइ खवाइको ढाँचा (language style and their dress patterns)
- उच्च वर्गका व्यक्ति बसोबास गर्ने शहरी क्षेत्रमा व्यक्तिको बसोबास हुनुपर्दछ (he must live in that area of city where upper class people live)
- उच्च वर्गका मानिसहरूद्वारा सञ्चालित सामाजिक कार्यमा सहभागी हुने सिपको विकास हुनुपर्दछ (he must develop the ability to participate in social functions organized by them)
- उच्च तहको सामाजिक गतिशीलता हुनका लागि व्यक्तिले सामाजिक कार्यमा र दान दिने सङ्गठनमा सक्रीय भूमिका निर्वाह गर्नुपर्दछ (he must take active part in civic work and charitable organizations.) .

**तलतिरको सामाजिक गतिशीलता** (Downward social mobility)

तलतिरको गतिशीलतामा व्यक्तिको स्तर (आर्थिक दृष्टिकोणले, सामाजिक सम्मानका दृष्टिकोणले र राजनीतिक दृष्टिकोणले) घटेर जान्छ। कुनै पनि देशमा हुने राजनीतिक परिवर्तन, आर्थिक मन्दी र व्यक्तिले नैतिक पतन हुने कार्य गर्दा यस्तो अवस्था सिर्जना हुन्छ। तलतिरको गतिशीलताले व्यक्तिको प्रगति गरेर माथि जाने अवसर कमजोर बनाउँछ। माथिल्लो सामाजिक तहबाट विभिन्न समस्याहरूको कारणले जस्तै काम गर्न नसकेर, प्रतिस्पर्धा गर्न नसकेर, अनावश्यक काममा धन खर्च गरेर व्यक्तिको सामाजिका संरचनामा तलतिरको गतिशीलता देखा पर्दछ।

## ३.८.२ सामाजिक गतिशीलतालाई प्रभाव पार्ने तत्त्वहरू (Factors affecting social mobility)

समाजका सबै मानिसहरूको गतिशीलतामा एक रूपता पाइँदैन। विभिन्न तत्त्वहरूले गतिशीलतामा प्रभाव पार्दछन्। सामाजिक गतिशीलतामा प्रभाव पार्ने तत्त्वहरूको कारणले कसैको गतिशीलता बढी र कसैको गतिशीलता कम हुन्छ। सामाजिक गतिशीलतामा प्रभाव पार्ने तत्त्वहरूलाई सफया र भाटिया (2003) का अनुसार निम्न छन् :

### आर्थिक सम्वृद्धि वा सफलता (Economic prosperity or progress)

समाजका मानिसहरूको आर्थिक अवस्था समान किसिमको हुँदैन । अार्थिक अवस्था फरक फरक भएका मानिसहरूको जीवनशैली, चालचलन, संस्कार, मूल्यमान्यता पनि फरक फरक हुन्छ। आर्थिक रूपमा सम्पन्न व्यक्ति अरु थप प्रगति गदै समाजको आर्थिक संरचनामा अगाडि पुग्दछन्। शक्ति र इज्जत प्राप्त गर्नका लागि कुनै पनि रूपबाट (वैधानिक वा अवैधानिक) धन खर्च गरी मान सम्मान पद प्रतिष्ठा र इज्जत आफ्नो पक्षमा पार्न चाहन्छन्। गुणस्तरीय आधुनिक वैज्ञानिक र प्रविधि युक्त शिक्षामा पनि आर्थिक पक्ष राम्रो भएको व्यक्तिले नै धेरै लगानी गरी विदेशका नाम चलेका विश्व विद्यालयमा अध्ययन गर्ने गरेको पाइन्छ। यसबाट के प्रष्ट हुन्छ भने समाजमा आर्थिक अवस्था राम्रो भएका मानिसहरूको गतिशीलता पनि बढी नै हुन्छ। धनी मानिसको खान्दान, सम्मान पनि साधारण मानिसको भन्दा फरक हुन्छ।

### समाजको संरचना (Structure of society)

सामाजिक संरचनाले पनि सामाजिक गतिशीलतालाई प्रभावित पार्दछ। समाजको संरचनालाई पनि दुई भागमा विभाजन गर्न सकिन्छ, एउटा खुल्ला (open) समाज र अर्को बन्द समाज। बन्द समाज जातीय उच्च वा निचताद्वारा निर्देशित हुन्छ। एउटा व्यक्तिको औकात उसको जातको आधारमा निर्धारण हुने गर्दछ। यस्तो जातीय संरचनामा उच्च जात, खानदान कुलधरानका भनिएका मानिसहरूको गतिशीलता बढी हुने गर्दछ। अर्को तर्फ पुरुष प्रधान समाजमा महिलाको भन्दा पुरुषको गतिशीलता बढी पाइन्छ। समाजको नीति निर्माण गर्ने देखि हरेक क्षेत्रमा उच्च जातिको र उच्च ओहदाका मानिसहरूको गतिशीलता बढी पाइन्छ। नेपालको परिवेशमा पनि पुरुषहरूको भन्दा महिलाको गतिशीलता कम र उच्च जाति भनाउँदाहरूको भन्दा तल्लो जाति भनि हेपिएकाको गतिशीलता तुलनात्मक रूपमा कम पाइन्छ। खुल्ला समाजमा व्यक्तिको गतिशीलता शिक्षाको आधारमा हुन्छ। हरेक क्षेत्रमा व्यक्तिको बौद्धिक प्रतिभाको कदर गरीन्छ।

### शिक्षा (Education)

सामाजिक गतिशीलतालाई वृद्धि गर्ने पक्ष भनेको शिक्षा हो। शिक्षाले समाजका मानिसहरूको आर्थिक, सामाजिक, सांस्कृतिक पक्षमा सुधार ल्याउन सहयोग गर्दछ। समाजमा मानिसहरूलाई मान, पदवी र प्रतिष्ठा प्रदान गराउन सहयोग गर्दछ। शिक्षाले समाजका मानिसहरूमा चेतना स्तर वृद्धि गरी सामाजिक अन्याय विकृति र अन्ध विश्वासमा परिवर्तन ल्याउन सहयोग गर्दछ। उच्च शिक्षा प्राप्त गरेका व्यक्तिले उच्च पद प्रतिष्ठा प्राप्त गर्दछन् र सामाजिक गतिशीलता पनि उच्च भएर नै जान्छ।

### वुद्धि (Intelligence)

सामाजिक गतिशीलतालाई प्रभाव पर्ने अर्को महत्त्वपूर्ण तत्त्व व्यक्तिको बुद्धि हो। व्यक्तिमा पाइने बौद्धिक क्षमताको अन्तरले गर्दा समाजमा कसैको गतिशीलता उच्च हुन्छ भने कसैको गतिशीलता उच्च हुन सक्दैन। उच्च बौद्धिक क्षमता भएका व्यक्तिले समाजमा धेरै प्रगति गरेर आफूलाई उच्च पदमा पुऱ्याउन सक्दछन्। समाजमा रहेका व्यक्ति जसको बौद्धिक क्षमता उच्च छ उसले डाक्टर, ियनैजनियर पाइलट जस्ता उच्च वा बौद्धिक क्षमताको पदमा रहेर देश र समाजलाई एकातर्फ सेवा गरेको पाइन्छ भने अर्को तर्फ यस्तो पदमा रहने मानिसको आर्थिक गतिशीलता, सामाजिक प्रतिष्ठा उच्च हुन्छ। बौद्धिक क्षमता कम भएका व्यक्तिले उच्च पदमा रहेर प्रतिष्ठित काम गर्न सक्दैनन।

## ३.९ संस्कृति र शिक्षा (Culture and education)

### ३.९.१ संस्कृतिको धारणा (Concept of culture)

अङ्ग्रेजी भाषाको culture भन्ने शब्द ल्याटिन भाषाको 'colere' भन्ने शब्दबाट आएको हो (Smelser; 1991: 19) . ल्याटिन भाषामा 'colere' को अर्थ मलजल गर्नु वा माटेलाई उर्वर बनाउनु भन्ने हुन्थ्यो। मध्यकालीन समयमा संस्कृतिको अर्थ बालीनालीको प्रशोधन गर्ने प्रक्रियाको रूपमा लगाइयो। तर अठारौं र उन्नाइसौं शताब्दीमा 'colere' भन्ने शब्दलाई मानिसको शुद्धीकरण गर्नका लागि प्रयोग गरीयो। त्यसैले जो व्यक्ति पढेको छ, शुद्ध छ

त्यसलाई cultured man भन्न थालियो। नेपाली भाषामा संस्कृति शब्द संस्कार भन्ने शब्दबाट आएको पाइन्छ। संस्कृतिको अर्थ शुद्धिको प्रक्रिया हो। शुद्धिको अर्थ सामाजिक विशेषताबाट ग्रहण गर्ने प्रक्रिया हो। एउटा व्यक्तिलाई एउटा सामाजिक प्राणी बनाउनमा जुन तत्त्वको भूमिका रहन्छ त्यस्ता तत्त्वलाई संस्कृति भनिन्छ। कुनै पनि बालक जन्मदा न त खराब हुन्छ नत असल नै उसमा केवल अन्तर निहीत क्षमताहरू मात्र हुन्छन्। व्यक्तिलाई जैविक प्राणीबाट सामाजिक प्राणीमा रूपान्तरण गराउनमा संस्कृतिले सहायता गर्दछ। तसर्थ संस्कृति भनेको मानव समाजका भौतिक तथा अभौतिक सबै पक्षहरूको सङ्गठित र सामूहिक रूप हो। कला, विज्ञान, साहित्य, प्रथा, विश्वास आदि जस्ता विभिन्न प्रकारका उपकरणहरू सबै संस्कृतिअन्तर्गत पर्दछन्। सार रूपमा भन्ने हो भने समाजमा विकसित जीवनयापन गर्ने सम्पूर्ण आयाम जसलाई त्यो समाजका सदस्यहरूले व्यवहारमा ल्याउँदछन्, त्यसको समग्र रूप नै संस्कृति हो। तसर्थ संस्कृति भनेको समूहका व्यक्तिहरूको सामाजिक सम्पदा हो। संस्कृति भनेको समाजका मानिसहरूको मनोवृत्तिहरू र मूल्यहरूको अपेक्षाकृत सङ्गठित एवम् निरन्तर स्वरूप हो जुन एक पिँढीबाट अर्को पिँढीमा रूपान्तरण भएर जान्छ। यसै सम्बन्धमा हर्लम्वस (Haralambos 2003:3) Ralf Linton को परिभाषालाई निम्नअनुसार प्रस्तुत गर्दछन्– कुनै पनि समाजको संस्कृति भनेको समाजका मानिसहरूको जीवनशैली हो, विचारहरूको र व्यवहारको सङ्कलित रूप हो, जसलाई समाजका मानिसहरूले सिक्दछन्, आदन प्रदान गर्दछन् र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दछन् (the culture of a society is the way of life of its members, the collection of ideas and habits which they learn, share and transmit from generation to generation.)। संस्कृतिका सम्बन्धमा विभिन्न समाजशास्त्रीहरूले फरक फरक परिभाषाहरू व्यक्त गरेका छन्। त्यस्ता केही परिभाषाहरू निम्न अनुसार छन् :

इ. वि. टेलर (E.B. Tylor) काअनुसार संस्कृति त्यो जटिल सम्पूर्ण पक्ष हो जसमा ज्ञान, विश्वास, कला, नीति, कानुन, रीतिरिवाज र समाजको सदस्यका रूपमा मानवद्वारा आर्जित कुनै अन्य क्षमताहरू र आदतहरू सम्मिलित हुन्छ (culture is that complex whole which includes knowledge, beliefs, art, morals, law, customs, and any other capabilities and habit acquired by man as a member of society.) .

मेकाइवर र पेज (MacIver and Page) का अनुसार, संस्कृति, मूल्यहरू, शैलीहरू भावात्मक लगावहरू, वौद्धिक अभियानहरूको संसार हो। अतः संस्कृति सभ्यताको प्रतिवाद (anit thesis) हो। संस्कृति, हाम्रो रहने र सोच्ने ढङ्गहरू, क्रियाकलापहरू, कला साहित्य, धर्म, मनोरञ्जनमा हामीहरूले व्यक्त गर्ने अभिव्यक्ति हो (culture is the totality of learned socially transmitted customs, knowledge, materials, objects and behaviour. It includes the ideas, values, customes, and artifacts of groups of people.) .

संस्कृतिको परिभाषा दिने क्रममा रोवर्ट विरस्टिड (Robbert Beirstedt) ले भनेका छन्– संस्कृति एउटा जटिल सम्पूर्णता हो जसमा ती सबै विशेषताहरू सम्मिलित हुन्छन्, जसका सम्बन्धमा हामी विचार गर्दछौं, कार्य गर्दछौं र समाजको सदस्य भएको नाताले आफूसँग राख्दछौं (culture is the complex whole that consists of everything we think and do and have as members of society.) .

माथि उल्लेख गरीएका परिभाषाहरूलाई विश्लेषण गर्दा के भन्न सकिन्छ भने संस्कृति एउटा यस्तो पक्ष हो, जसले एउटा समाजलाई अर्का समाजभन्दा भिन्न बनाइ दिन्छ। संस्कृति समाजका मानिसहरूद्वारा सिकेर विकास हुन्छ। यसले मानवीय आवश्यकताको पूर्ति गर्दछ। तर समाजमा भौतिक संस्कृतिको विकाससँगै अभौतिक संस्कृतिको विकास पनि क्रमिक रूपमा हुन सकेन भने समाजमा संस्कृतिक अन्तराल (cultural lag) देखा पर्दछ। यहाँ भौतिक संस्कृति भन्नाले विज्ञान र प्रविधिको विकाससँगै देखा परेका नयाँ नयाँ प्रविधिहरू जस्तै टेलिफोन, कम्प्युटर, रेडियो, विभिन्न मेसिनहरू, नयाँ नयाँ उत्पादनका तरिका र प्रविधिहरू भन्ने बुझिन्छ। अभौतिक संस्कृतिअन्तर्गत समाजको परम्परा, मूल्यमान्यता, चालचलन, रीतिरिवाज, भेषभूषा, जातिगत धारणा, छुवाछुत्त प्रथा आदि पर्दछन्। जब समाजमा भौतिक संस्कृति विकासको दर वा गति र अभौतिक संस्कृति विकासको गति बिच अन्तर देखा पर्दछ वा भौतिक संस्कृतिको विकासको दरमा अभौतिक संस्कृतिको विकास हुन नसकी पछौटेपन देखा पर्दछ त्यसपछि भौतिक संस्कृति र अभौतिक संस्कृतिको विकास हुने गति बिच भिन्नता देखा पर्दछ। त्यस अन्तरलाई वा भिन्नतालाई संस्कृतिक अन्तर (cultural lag) भनिन्छ। जस्तैः औषधी विज्ञानको विकास हुँदा पनि मानिसहरू झारफुक र धामी झाक्रीमा विश्वास गर्नु, कक्षा

शिक्षणमा प्रोजेक्टर, पावर प्वाइन्टको विकास हुँदा पनि चक एण्ड टक विधिको नै प्रयोग हुनु । बिजुली बत्ती र सौर्य बत्तीको विकास हुँदा पनि घरमा टुकी बत्ती नै बाल्नु वा काठको दियालो बाल्नु । ल्यापटप र कम्प्युटरको विकास हुँदा पनि हातले लेख्नु । इ लाइवेरीको विकास हुँदा पनि म्यानुयल लाइवेरी नै प्रयोग गर्नु शिक्षामा देखिएका संस्कृतिक अन्तराल (cultural lag) का केही उदाहरणहरू हुन् (Haralambous, 2003) । राजनैतिक व्यवस्थामा परिवर्तन भए पनि मानिसको व्यवहारमा राजालाई मान्नु । छोरा र छोरी बराबर हुन् भन्ने भावनाका पूर्ण विकास हुन नसक्नु संस्कृतिक अन्तराल हो । संस्कृतिको विशेषताका बारेमा Rao (1990:190) निम्न लिखित निष्कर्ष निकाल्दछन् :-

- संस्कृति सिकेको व्यवहार हो (culture is learned behaviour),
- संस्कृति सामाजिक हुन्छ (culture is social),
- संस्कृति आदान प्रदान गर्ने वा सबैमा विभाजित हुने कुरा हो (culture is shared),
- संस्कृति हस्तान्तरित हुन्छ (culture is transmissive),
- संस्कृति निरन्तर र सञ्चिति हुन्छ (culture is continuous and cummulative),
- संस्कृति एकरूपता र विभिन्न तत्त्वहरू समाहित भएका हुन्छन् (culture is constent and integrated),
- संस्कृति गतिशील र अनुकूलित हुन्छ (culture is dynamic and adaptive),
- संस्कृति तृप्ति प्रदायक वा सन्तुष्टि प्रदायक हुन्छ (culture is gratifying),
- culture is the thing people value, the thing do not value their work of art, their music & their history.
- culture is the way of life doing feeling, appreciating, thinking etc.
- culture is the whole way of life that is created learned; held in common passed on from one generation to another by the contemporary society.

### ३.९.२ संस्कृतिका कार्यहरू (Functions of culture)

मानिस सामाजिक प्राणी मात्र नभएर एउटा संस्कृतिक प्राणी पनि हो । संस्कृतिको कारणले नै मानिसको सामाजिक जीवन सम्भव भएको हो । संस्कृति नै त्यो तत्त्व हो जसले मानिसलाई अन्य प्राणीभन्दा सर्वश्रेष्ठ प्राणीको रूपमा स्थापित गरेको छ । संस्कृति बिना मानिस, मानिसको रूपमा जीवन जिउन सक्दैन । संस्कृतिले विभिन्न कार्यहरू गर्दछ, त्यस्ता कार्यहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

**संस्कृति ज्ञानको सङ्ग्रह हो** (culture is the treasure of knowledge)

संस्कृतिले मानसिलाई भौतिक, सामाजिक र बौद्धिक रूपमा अस्तित्त्वमा रहनका लागि ज्ञान प्रदान गर्दछ । मानिसले आफूमा भएको ज्ञान, सिपले आफ्नो वातावरणमा समायोजन हुँदै आफ्नो अनुकूल हुने गरी वातावरणलाई परिमार्जन र परिवर्तन गर्दै जान सफल भएको छ । संस्कृतिबाट व्यक्तिले ज्ञान र सिप प्राप्त गरेर नै वातावरणलाई परिमार्जन गर्न सफल भएको हो । तसर्थ संस्कृतिले ज्ञानको संरक्षण गर्दै ज्ञानलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तातरण गर्न सहयोग गर्दछ (culture preserves knowledge and helps its transmission from generation to generation through its element.) .

**संस्कृतिले अवस्थालाई परिभाषित गर्दछ** (culture defines situation)

संस्कृतिले सामाजिक अवस्थाहरूको परिभाषित गर्दछ । समाजका मानिसहरू के खान्छन्, के लगाउँछन्, हामी कस्तो अवस्थामा हास्ने, रुने, सुत्ने साथी बनाउने हामी कस्तो काम गर्दछौं कस्ता ईश्वरलाई पूजा गर्दछौं भन्ने कुराको जानकारी दिने काम पनि संस्कृतिले गर्दछ।

**संस्कृतिले अभिवृत्तिहरू, मूल्यहरू र लक्ष्यहरूलाई परिभाषित गर्दछ** (culture defines attitudes, values and goals)

अभिवृत्तिले मानिसले निश्चित तरिकाले काम गर्ने र सोच्ने प्रवृत्तिलाई जनाउँछ। त्यस्तै मूल्य भन्नाले राम्रो पन वा राम्रो अथवा अपेक्षा गरीएको कुराको मापनलाई जनाउँछ। अर्कोतर्फ लक्ष्य भन्नाले हाम्रा मूल्यहरूले उपयोगी भनेर परिभाषित गरेका पक्षहरूको प्राप्ति हो । तसर्थ समाजका मूल्य, मान्यता, धारणा उनीहरूको व्यवहारलाई आकृति दिने कार्य संस्कृतिले गर्दछ। समाजका मानिसहरूलाई सम्मान गर्ने, अरुको हित गर्ने र संरक्षण गर्ने अरु व्यक्तिलाई आदर सत्कार गर्ने आदि जस्ता सम्पूर्ण पक्षहरू संस्कृतिभित्र पर्दछन्।

**संस्कृतिले हाम्रो भविष्यको निर्णय गर्दछ** (culture decides our career)

कुनै पनि समाजका मानिस भविष्यमा के बन्ने, कुन पेसा र व्यवसायमा लाग्ने भन्ने कुराको निर्धारण गर्न भूमिका खेल्ने तत्त्व संस्कृति हो । राजनीतिज्ञ बन्ने वा सामाजिक कार्यकर्ता बन्ने वा शैन्य सेवामा लाग्ने भन्ने बारे निर्णय लिनका लागि सहयोग गर्ने कार्य संस्कृतिले गर्दछ (whether we should become a politican, a social worker, a doctor, an engineer, a soldier, a farmer, a professor, an industrialist, a religious leader and so on is decided by our culture what career are we likely to pursue is largely decided by our culture individuals may develop, modify or oppose the trends of their culture but they always live within its framework.) .

**संस्कृतिले व्यवहारको ढाँचा प्रदान गर्दछ** (culture provides behaviour pattern)

एउटा व्यक्तिको व्यवहारलाई संस्कृतिले निर्देशित गर्ने वा निश्चित रूप दिने गर्दछ। संस्कृतिले लक्ष्य निर्धारण गर्दछ र ती लक्ष्यहरू प्राप्त गर्ने उपायहरूको बारेमा पनि जानकारी दिन्छ। संस्कृतिले मानिसलाई  राम्रो काम गर्न प्रोत्साहित गर्दछ र नराम्रो काम गर्दा दण्ड दिन्छ। वास्तवमा भन्ने हो भने मानिस उसको संस्कृतिद्वारा नियिनैत्रत हुन्छ (man indeed is a prisoner of his culture) .

**संस्कृतिले व्यक्तित्वलाई परिवर्तन गरी दिन्छ** (culture moulds personality)

संस्कृतिले व्यक्तिको व्यक्तित्व विकासमा प्रभाव पार्दछ । संस्कृतिक वातारण बिना कुनै पनि बालबालिकाको व्यक्तित्वको विकास हुन सक्दैन, मानवीय गुणको विकास हुँदैन। संस्कृतिले सामूहिक जीवनको लागि मानिसलाई तयार गर्दछ र जीवन जिउने ढाँचा प्रदान गर्दछ । सांस्कृतिक ढाँचा Pattern of culture मा Ruth Benedict भन्दछन्- हरेक संस्कृतिले खास प्रकारको जीवन ढाँचाको निर्माण गर्ने छ। व्यक्ति जुन संस्कृतिमा हुर्कि रहेको छ त्यसै अनुसारको जीवन शैलीको ढाँचाहरू प्रदान गर्ने कार्य संस्कृतिले गर्दछ (culture shapes the character and behaviour of individuals living on it.) .

यसरी माथि प्रस्तुत गरीएका संस्कृतिका कार्यहरू र यसका विशेषताहरूको आधारमा संस्कृति भनेको समाजको सदस्यको रूपमा मानिसले आर्जन गरेको सम्पूर्ण पक्षहरूको संगालो हो, जुन वंशाणुगत नभई आर्जित हुन्छ भन्न सकिन्छ । यो व्यक्तिले सामाजिक सिकाइको क्रममा आर्जन गर्ने कुरा हो । जुन समयको गतिसँगै सामाजिकीकरणको माध्यमबाट व्यक्तिले सिक्दै जान्छ। तसर्थ संस्कृतिमा हुने भिन्नता पनि मानिसमा पाइने सिक्ने क्षमताको अन्तर नै हो। यसबाट के प्रष्ट हुन्छ भने हरेक समाजको संस्कृति समय सापेक्ष रूपान्तरण भएर जान्छ। प्राचीन समाजका मानिसहरूको संस्कृति समय सापेक्ष रूपान्तरण भएर गएको छ। प्राचीन समाजका मानिसहरूको संस्कृति वर्तमान अवस्थामा फरक रूपमा पाइन्छ।

### ३.९.३ शिक्षा र संस्कृति बिचको सम्बन्ध (Relationship Between Education and Culture)

शिक्षा र संस्कृति एक आपसमा सम्बन्धीत पक्ष हुन् । शिक्षाले संस्कृतिको संरक्षण र सम्बर्द्धन गरी संस्कृतिलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्नका लागि सहयोग गर्दछ । अर्कोतर्फ शिक्षाले संस्कृतिलाई आफ्नो अध्ययनको विषयवस्तु बनाउँदछ । प्रत्येक समाजको संस्कृतिसम्बन्धी ज्ञान व्यक्तिले शिक्षाको सहायताबाट प्राप्त गर्दछ । शिक्षाले नै हरेक समाजको संस्कृतिलाई संरक्षण गर्दै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गराउने, कुनै खाज जाति, धर्म, क्षेत्र वा समुदायको संस्कृतिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसम्म परिचित गराउने काम गर्दछ । तसर्थ शिक्षाले संस्कृतिलाई गति दिन्छ । त्यसै गरी संस्कृतिक चालचलन, मूल्यमान्यता, भेषभूषा, जीवनशैलीलाई आधार बनाएर शिक्षा अगाडि बढ्दछ । समाजका मानिसहरूको चालचलन, रीतिरिवाज, भेषभूषा, धर्म, मूल्यमान्यता जीवनशैलीको सम्पूर्ण रूपलाई संस्कृति भनिन्छ । संस्कृति समाजका मानिसद्वारा निर्माण गरीएको मानिसहरूको व्यवहार र जीवनशैलीको एकीकृत र सङ्गठित चालचलन रीतिरिवाज भेषभूषा जीवनशैली आदिको पाठ सिकाएर जैविक प्राणीलाई सामाजिक प्राणीको रूपमा रूपान्तरण गर्ने काम शिक्षाले गर्दछ । शिक्षालाई समाज परिवर्तनको संवाहक मानिन्छ । समाजको संस्कृतिलाई समय सापेक्ष रूपान्तरण गर्ने, संरक्षण गर्ने र सम्बर्द्धन गर्ने कार्य शिक्षाले गर्दछ । हरेक समाजको शिक्षा औपचारिक रूपमा वा अनौपचारिक रूपमा त्यो समाजको संस्कृतिद्वारा प्रभावित बन्दछ । समाजशास्त्री A.K.C ottaway (सन् १९६२) ले शिक्षाको कार्य नै संस्कृतिको हस्तान्तरण गर्नु हो भनेका छन् (the function of education is the transmission of culture) । शिक्षाले नै संस्कृतिको गुणस्तर निर्धारण गर्दछ र संस्कृतिलाई समय सापेक्ष रचनात्मक रूपमा भूमिका निर्वाह गर्न सक्ने पक्षका रूपमा अगाडि बढाउँछ । मानिस समाजमा जन्मन्छ, समाजमा नै जीवन बिताउँछ । समाजले मानिसबाट आफ्ना आवश्यकताहरू, परम्परागत मूल्यमान्यताहरू, संस्कारहरू र सुसंस्कृत मानवीय व्यवहारको अध्ययन होस् भन्ने अपेक्षा राख्दछ । समाजले जहिले पनि आफ्नो संस्कृतिको संरक्षण गर्न चाहन्छ । संस्कृतिको विस्तार गर्ने साधनको रूपमा शिक्षालाई लिइन्छ । यसले निम्नअनुसार समाजको संस्कृतिको विस्तार गर्ने गर्दछ (Taneja 1998:241) :

- शिक्षाले औपचारिक वा अनौपचारिक रूपमा संस्कृतिको संरक्षण गर्दछ (education preserves culture through formal and informal way)
- शिक्षाले संस्कृतिक मूल्य मान्यता दृष्टिकोण धारणाहरू पछिल्लो पुस्तालाई हस्तान्तरण गर्दछ जसले गर्दा तिनीहरूले सामाजिक मान्यताअनुसार समाज स्वीकार्य हुने गरी काम गर्न सक्छन् (education transmits culture, norms, values and ideas to the younger generation so that they may act in social conformity)
- शिक्षाले संस्कृतिको उचित तरिकाले व्याख्या गर्दछ जसले गर्दा लामो समयसम्म व्यक्तिले संस्कृतिको बारेमा बुझ्न पाउँछन् (education interprets culture appropriately so that people can understand about culture for a long time)
- शिक्षाले व्यक्तिलाई आफ्नो जीवनमा आत्मलाई पुनरावलोकन गर्ने प्रक्रियालाई निरन्तरता दिनका लागि सहयोग गर्दछ (education helps the continuity of self reviening process of life)
- शिक्षाले संस्कृतिको हस्तान्तरण, संस्कृतिको वृद्धि र संस्कृतिलाई धनी बनाउने जस्ता तिन पक्षीय उद्देश्यहरूलाई वृद्धि गर्दछ (education promotes the threefold purpose of culture transmission, cultural promotion, and cultural enrichment.) .

शिक्षा मानव जातिको बौद्धिक, संवेगाात्मक, संस्कृति र सामाजिक जीवनसँग घनिष्ट रूपमा बाँधिएको छ । जसरी संस्कृति बिना शिक्षाको कुनै महत्त्व हुँदैन त्यसै गरी शिक्षा बिनाको संस्कृति पनि समय सापेक्ष परिवर्तन र परिमार्जन हुन सक्दैन । समाज र शिक्षा संस्कृतिको निर्माता र संरक्षणकर्ता हुन् । समाजका मानिसहरूले आफ्नो चिन्तन मनन्, अनुभव एवम् प्रयत्नद्वारा संस्कृतिको विकास गरेका हुन्छन् । त्यस संस्कृतिद्वारा मानवको विभिन्न आवश्यकताको परिपूर्ति हुन्छ । हरेक समाजले संस्कृति निर्माण गरेको हुन्छ, त्यसै संस्कृतिबाट शिक्षा प्रभावित हुन्छ । समाज विशेषका व्यक्तिद्वारा सिकिएको व्यवहार र पुर्ख्यौलीदेखिको ज्ञान नै संस्कृति हो जसमा ज्ञान, विश्वास, नैतिकता, कला, भाषा, परम्परा मूल्य, कानुन आदि व्यक्तिद्वार निर्मित सबै पक्षहरू पर्दछन् । त्यसको संरक्षण गर्ने, त्यसलाई परिस्कृत गर्ने र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गराउने काम शिक्षाले गर्दछ । शिक्षा हरेक समाजको

संस्कृतिद्वारा प्रभावित बन्दछ । शिक्षा र संस्कृति बिचको सम्बन्धलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ (Ottaway १९६२० :

- शिक्षाले संस्कृतिको संरक्षण वृद्धि गर्दछ (education preserves and promotes culture)
- शिक्षाले मानव संस्कृति साटासाट गर्न माध्यमको रूपमा काम गर्दछ (education works as a means of cultural exchange)
- शिक्षाले मानिसको व्यवहारलाई नियमित गर्दछ (education regulates the human behaviour)
- संस्कृतिले शिक्षालाई विषयवस्तु प्रदान गर्दछ (culture provides content to education)
- संस्कृतिले शिक्षालाई निर्देशित गर्दछ (culture guides the education)
- संस्कृतिले शिक्षालाई प्रभाव पार्दछ (culture influence the education)

### ३.१० शिक्षामा बहुसंस्कृति दृष्टिकोण (Multicultural perspective in education)

सन् १९५० भन्दा अगाडि विश्वका धेरै देशहरू स्वतन्त्र थिएनन् । भौगोलिक उपनिवेशका कारण विश्वका सबै भाषा, धर्म, संस्कृति, जातजातिको समान रूपमा विकास हुन सकेको थिएन । दोस्रो विश्वयुद्धपछि विश्वका विभिन्न देशहरू स्वतन्त्र हुँदै गए। सबै जातजाति, भाषा, धर्म, संस्कृति, मूल्य मान्तया, चालचलन, भेषभूषको संरक्षण गदै सबैलाई विकासको मूलधारमा लैजान शिक्षाको आवश्यकता पर्दछ। त्यस किसिमको शिक्षालाई बहुसंस्कृति शिक्षा भनिन्छ। सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणासँगै सबै जाति, धर्म, भाषा, संस्कृतिका नागरीकको शिक्षामा समान हक अधिकार भन्ने धारणा विकास भयो । त्यसैको परिणामस्वरूप बहु–संस्कृतिक शिक्षा पनि सबै संस्कृतिको विकास गराउने उद्देश्यले आएको पाइन्छ। बहुसंस्कतिक शिक्षा सन् १९६० को दशकपछि अमेरिकामा देखा परेको धारणा हो। विज्ञान र प्रविधिको विकासले विश्वका धेरै देशका मानिसहरू एक देशबाट अर्को देशमा बसाई सरेर जान थाले विश्व भूमण्डलीकरणको कारणले विश्वका विभिन्न देशहरू एउटै छानामुनि सङ्गठित बन्न गए । त्यसैको परिणामस्वरूप विश्वका सबै मानिसहरूको धर्म, संस्कृति, परम्परा, मूल्यमान्यताको संरक्षण र समर्द्धन गर्ने शिक्षाको आवश्यकता भयो। सबै मानिसको धर्म, संस्कृति, मूल्यमान्यताको संरक्षण गर्ने शिक्षालाई नै बहुसंस्कृति शिक्षा भनियो । बहुसंस्कृतिक शिक्षाको मुख्य उद्देश्य विद्यालयहरू, कलेजहरू र विश्वविद्यालयहरूमा सुधार ल्याउनु हो, जसले गर्दा समाजका सबै जातजाति, धर्म, संस्कृति, चालचलन, मूल्यमान्यताका विद्यार्थीहरूले शिक्षामा समानता, न्याय र आफ्नोपनको अनुभूति गर्ने अवसर प्राप्त गर्दछन् (a major goal of multicultural education-as stated by specialists in the field, is to reform schools, colleges, and universities so that students from diverse racial, ethnic, and social class group will experience education to equality.)। शिक्षण संस्थाहरूमा बहुसंस्कतिक शिक्षालाई सफल रूपमा कार्यान्वयनमा ल्याउनका लागि शैक्षणिक क्रियाकलाप, पाठ्यक्रम शिक्षण सामग्रीहरू, शिक्षण गर्ने शैली र सिकाइ, शैली शिक्षकको प्रवृत्ति, दृष्टिकोण र व्यवहारमा परिवर्तन गरी शिक्षण संस्थाको लक्ष्य, मूल्य, मान्यता र विद्यालयको संस्कृति सबैमा परिवर्तन ल्याउनुपर्दछ। बहुसंस्कृतिक शिक्षा एउटा त्यस्तो क्षेत्र हो, जसले विद्यार्थीहरूमा ज्ञान, सिप, अभिवृत्तिको विकास गराइ उनीहरूलाई संस्कृतिक समुदायमा सक्रिय रूपमा सहभागि गराउनका लागि सहयोग गर्दछ। बहुसंस्कतिक शिक्षाको लक्ष्य प्राप्त गर्नका लागि विद्यालयको पाठ्यक्रम र सामाजिक संरचनामा परिवर्तन गर्नुपर्ने हुन्छ। कुनै पनि देशको संस्कृति, मूल्य, मान्यता त्यस देशको निधि हो। हरेक देशका मानिसहरूको संस्कृतिको संरक्षण गर्दै राष्ट्र विकासको मूलधारमा सबैलाई पुऱ्याउने प्रयास बहुसंस्कृतिक शिक्षाले गर्दछ। बहुसंस्कृतिक शिक्षाले छात्र र छात्राको समान विकास गराउने उद्देश्य राख्दछ। विभिन्न जाति, वर्ग, लिङ्गका मानिसहरू बिच हुने अन्तरक्रियाले समाजका मानिसहरूको सबै पक्षको विकासलाई कसरी प्रभाव पार्दछ त्यसको बारेमा अध्ययन गर्ने कार्य बहुसंस्कृति शिक्षाअन्तर्गत गरीन्छ। शिक्षालाई बहुसंस्कृतिक बनाउनका लागि यसका केही आयामहरू (dimension) छन् तिनीहरूलाई पुरा गर्नुपर्दछ । बहुसंस्कृतिक शिक्षाका आयाम (dimension) हरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :–

- विषयवस्तुको एकीकरण (Content integration)
- ज्ञान निर्माण हुने प्रक्रिया (knowledge construction process)

- पक्षपात घटाउने (prejudice reduction)
- समता शिक्षण विधि (an equity pedagogy)
- विद्यालयको संस्कृति र सामाजिक संरचनालाई सशक्तीकरण गर्नु (an empowering school culture and social structure)

### ३.१०.१ विषयवस्तुको एकीकरण (content integration)

कुनै पनि पाठ शीर्षक वा कुनै विषय वा विधा शिक्षण गर्दा शिक्षकले फरक फरक क्षेत्रका, फरक भाषा, संस्कृति, धर्मका विषयवस्तुलाई कति ध्यान दिएर समावेश गर्दै शिक्षणलाई अगाडि बढाएको छ, कस्ता विषय, उदाहरण, मूल्यमान्यता, शिक्षणका क्रममा शिक्षकले समाजको मूलधारको संस्कृतिभन्दा फरक संस्कृतिबाट आएका बालबालिकाहरूको आत्म सम्मान हुने गरी कक्षा शिक्षणको क्रममा प्रयोग गर्दछ त्यस पक्षलाई विषयवस्तुको एकीकरणले जनाउँछ (content integration deals with the extent to which teachers use examples and content from a variety of cultures and groups to illustrate key concepts, principles, generalization and theories in their subject area or discipline, Banks, 2006:5) .

### ३.१०.२ ज्ञान निर्माण हुने प्रक्रिया (The knowledge construction process)

ज्ञानको निर्माण गर्ने क्रममा संस्कृतिक धारणाहरू, संस्कृतिक सन्दर्भहरू, दृष्टिकोणहरूले ज्ञानको निर्माणमा कस्तो प्रभाव पार्दछ भनेर विद्यार्थीहरूले सजिलैसँग बुझ्न सकून भनेर शिक्षकले प्रयोग गर्ने विधिहरू, क्रियाकलापहरू र प्रश्नहरू र त्यसको प्रभावलाई ज्ञान निर्माण गर्ने प्रक्रिया भनिन्छ। जब कक्षाकोठामा ज्ञान निर्माण गर्ने प्रक्रियालाई कार्यान्वयनमा ल्याइन्छ त्यसपछि शिक्षकले विद्यार्थीहरूलाई कसरी ज्ञानको सिर्जना हुन्छ र ज्ञान निर्माण हुने प्रक्रियालाई एउटा व्यक्तिको जातीय, जनजातीय र सामाजिक अवस्थाले प्रभाव पार्दछ भनेर बुझ्नका लागि सहयोग गर्दछ।

### ३.१०.३ पक्षपात घटाउने (Prejudice reduction)

बहुसंस्कृति शिक्षाको पक्षपात घटाउने आयामले विद्यार्थीहरूको जातीय अभिवृतिको विशेषता र त्यस्ता जातीय, धार्मिक, साम्प्रदायिक विशेषता भएका बालबालिकाहरूमा प्रजातान्त्रिक आचरणको विकास गराउनका लागि चाल्नु पर्ने रणनीतिलाई जनाउँछ। यसको अर्थ कक्षाकोठामा प्रवेश गर्दा बालबालिकाहरूमा जातीय विशेषता रहेको हुन्छ। बहुसंस्कृतिक शिक्षामा बालबालिकाहरूलाई आफ्नो अधिकारको खोजी गर्दै अरुको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने बानीको विकास गराउने, प्रजातान्त्रिक आचरणको विकास गराउने शिक्षण विधि र प्रक्रियाको आवश्यकता पर्दछ। जसले जातीय विभेद हटाउन सहयोग गर्दछ।

### ३.१०.४ समतापूर्ण शिक्षण विधि (equity pedagogy)

समतामूलक शिक्षण विधि त्यस अवस्थामा देखा पर्दछ जब शिक्षकले सबै जाति, संस्कृति, जनजाति, भाषा, लिङ्गका बालबालिकाहरूले समान रूपमा शैक्षिक प्रगति गर्न सक्ने गरी आफ्नो शिक्षणलाई परिमार्जन गर्दछ। समतापूर्ण शिक्षण विधि भित्र शिक्षणका विविध रूपहरूलाई प्रयोग गर्ने पक्ष पर्दछ (an equity pedagogy exist when teachers modify their teaching in ways that will facilitate the academic achievement of students from diverse racial cultural, and social class groups.) .

### ३.११ विद्यालयको संस्कृति र सामाजिक संरचनाको सशक्तीकरण (An empowering school culture and social structure)

बहुसंस्कृति शिक्षाको यस आयामभित्र विद्यालयको संस्कृति र सङ्गठनलाई पुर्नसंरचित गर्ने पक्ष पर्दछ। जसले गर्दा जातीय, जनजातीय र लैंगिक समूहहरूले समताको महसुस गर्ने छन्। यस चरलाई विभिन्न पक्षबाट सञ्चालन गर्न सकिन्छ (an empowering school culture and social structure dimension of multi cultural education involves restrucring the culture of and organization

of the school so that students from diverse racial ethnic, and gender groups will experience equity, Banks 2006:16) .

### ३.१२ नेपाली समाजको रूपान्तरण (Transformation of Nepalese society)

नेपाल एउटा बहुजाति, बहुभाषिक, बहु–जैविक र बहु भौगोलिक विविधता भएको देश हो। यस देशको सामाजिक संरचना करिब ईसाभन्दा २०० वर्ष पूर्वको मनुस्मृतिद्वारा व्यवस्थित वर्ण व्यवस्थामा आधारित छ। जसले गर्दा सामाजिक व्यवस्था, पेसा व्यवसायी, शिक्षादीक्षा सबै प्रभावित भइ रहेको छ। परम्परागत रूपमा शिक्षा हासिल गर्ने दायित्व एउटा निश्चित वर्ग ब्राम्हणको भएको हुँदा अन्य समूहहरूमा खासगरी वैश्य र शुद्र शैक्षिक अवसरहरूबाट बञ्चित हुँदै आज सामाजिक अन्याय असमानता र सुविधाविहीन वर्गमा परिभाषित हुनु परेको छ । (सिन्हा, २०६३: ३३४) जातीय दृष्टिकोणले पछि परेका र पछाडि पारिएका मानिसहरू यस देशमा पाइन्छन् । नेपाल १,४७,१८१ वर्ग कि.मि. क्षेत्रफल भएको देश हो । यस देशमा मानव शास्त्रीय दृष्टिकोणबाट हेर्ने हो भने शारीरिक रूप वा बनोटका र व्युत्पत्तिका दृष्टिकोणले नेपाली मानिसहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ। भारतको गङ्गाको मैदानबाट विभिन्न समयमा यस देशमा प्रवेश गरेका चुच्चो नाकवाला समूह र उत्तर वा बृहत् तिब्बती भू–भागतर्फबाट तल झर्दै हिमाल पार गरेर नेपाल पसेका मङ्गोल विभव्युत्पत्तिका समूहको रूपमा नेपालीहरूलाई दुई समूहमा विभाजन गर्न सकिन्छ। (ढुङ्गेल, २०५८)। तिनीहरूलाई १०२ जातजाति र ९२ भाषा समूहहरूमा विभाजन गर्न गरीएको छ।

राजनीतिक दृष्टिकोणले हेर्ने हो भने नेपाली समाज सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यतर्फ उन्मुख हुँदै छ। तर सङ्घीय राज्यको रूपमा नेपालले वैधानिकता पाउन सकेको छैन। यस देशमा हिन्दु बौद्ध, किराँत, स्लाम, जैन शिख क्रिस्चियन आदि धर्म मान्ने मानिसहरू बसोबास गर्दै छन्। आर्थिक दृष्टिकोणले हेर्ने हो भने हाल देशको २५.४ प्रतिशत जनता गरीबीको रेखामुनि रहेको पाइन्छ। (त्रिवर्षीय योजनाको आधार पत्र २०६७/०६८)। प्रति व्यक्ति आय ४७३ US $ रहेको छ (तथ्याङ्क विभाग २०६८)। शिक्षाका दृष्टिकोणले पनि देशमा ९८ वटा विश्व विद्यालयहरू स्थापित भएका छन् । ३ वटा विश्वविद्यालयहरू प्रस्तावित विश्वविद्यालयका रूपमा रहेका छन् । त्यसै गरी विश्वविद्यालय सरहको मान्यता पाएका ३ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू छन्। नेपालमा वि.स. १९१०।६।२७ गते पहिलो औपचारिक विद्यालय स्थापना भएको हो। त्यसपछि विद्यालयको सृख्या बढिरहेको छ। नेपाल परिवर्तनकै क्रममा छ । प्रकृतिक रूपले विश्वमा सम्पन्न राष्ट्रहरू मध्ये नेपाल पनि एक राष्ट्रका रूपमा चिनिन्छ तर विभिन्न कारणले यस देशले आर्थिक सम्वृद्धि हासिल गर्न सकेको छैन। मानव संशाधन विकास रिपोर्ट (२०१०)अनुसार नेपाल विश्वमा १३८औं स्थानमा पर्दछ (शैक्षिक सुचना, २०६८)। यसरी हेर्दा नेपाल रूपान्तरणको क्रममा रूपान्तरतर्फ उन्मुख राज्य हो। यस देशको विभिन्न क्षेत्रको परिवर्तनको प्रवृत्तिलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ।

#### ३.११.१ राजनीतिक परिवर्तन (Political Change)

वि.सं. १८२५ भन्दा अगाडि नेपाल एक स्वतन्त्र अभिभाज्य राज्यमा अस्तित्त्वमा थिएन। वि.सं. २००७ सालभन्दा अगाडिसम्म यस देशमा शाहवंशका शासकले र राणा शासकले जनतालाई अधिकार नदिई स्वच्छचारी ढङ्गले शासन गरे । वि.सं. २००७ सालमा देशमा प्रजातन्त्र आयो तर दलका नेताहरूको आन्तरिक गुटवन्दीका कारण प्रजातन्त्र लोक कल्याणकारी बन्न सकेन। वि.सं. २०१७ सालमा प्रजातन्त्रको घाँटी निमोठी देशमा पञ्चायती शासन व्यवस्था लागु गर्ने गरीयो। तर जनतामा राजनीतिक चेतना स्तर बढेर गयो। वि.सं. २०४६ सालमा प्रजातन्त्रको लागि जनताले आन्दोलन गरे। त्यसले वि.सं. २०४६ चैत्र २६ गते नेपालमा बहुदलीय व्यवस्थाको घोषणा भयो। देशलाई गणतन्त्रात्मक मुलुक बनाउन वि.सं. २०५२।११।०१ देखि नेकपा माओवादीको सक्रियतामा देशमा सशस्त्र द्वन्द्व भयो। वि.सं. २०५८ सालमा संसदको विघटन भयो। त्यसले देशमा राजनीतिक सङ्कट झन् बढेर गयो त्यसैको परिणाम स्वरूप राजा प्रत्यक्ष शासन आफ्नो हातमा लिए। त्यसपछि जनताहरू राजतन्त्रप्रति अझ बढी असन्तुष्ट भए र जनताको वि.सं. २०६२ साल चैत्र २४ गतेदेखि सुरु भएको १९ दिने दोस्रो जन आन्दोलनले राजतन्त्रलाई जरैदेखि उखेल्ने काम गर्‍यो। देश गणतन्त्रमय बन्यो। वि.सं. २०६४ साल चैत्र २८ गते संविधान सभाको निर्वाचन भयो तर त्यो संविधान सभाको संविधान बनाउने म्याद २ वर्षको थियो तर दुई वर्ष अरु थप कार्यकाल थप्दा नि संविधान सभाबाट संविधान बन्न सकेन। २०६७ साल श्रेष्ठ १४ गते संविधान सभाको देशवसान भएको अवस्था छ।

माथिको चर्चाबाट देशमा राजनीतिक रूपान्तरण क्रमिक रूपमा भएको जनताहरूमा आफ्नो संविधान आफूले छनोट गरेका जनप्रतिनधिहरूबाट लेखाउने चाहना बढेर गएको। देशलाई संघीय राज्यमा विभाजन गर्नु पर्ने माग बढेर गएको पाइन्छ तर कस्तो किसिमको संघ कति सङ्ख्यामा बनाउने भन्ने विषयमा सहमति हुन सकेको छैन। देशलाई राजनैतिक स्थायित्व दिन नसक्नु चुनौतिको रूपमा देखापरेको छ।

### ३.११.२ संरचनागत परिवर्तन (Structural Change)

नेपाली समाजको संरचनामा क्रमिक रूपमा परिवर्तनहरू देखा परिरहेका छन् । ब्राम्हणवादी संरचनाबाट देश सबै जातजाति भाषाभाषि लिङ्ग वर्ण र क्षेत्रका मानिसहरूको समान रूपमा विकास तर्फ लम्किरहेको छ। केन्द्रिकृत राज्यको शासन व्यवस्था विकेन्द्रीकरणतर्फ उन्मुख भएको छ। पुरुष प्रधान समाजको संरचना परिवर्तन आई समाज क्रमिक रूपमा लैङ्गिक मैत्री बन्दै गएको छ। राज्य व्यवस्थामा पनि समाजका सबै वर्गको पहुँच बढेर गएको छ। धार्मिक रूपमा पनि हिन्दू धर्मको रूपमा रहेको नेपालको धार्मिक संरचनामा परिवर्तन भई देश बहुधार्मिक, बहुसंस्कृतिक विशेषता तर्फ उन्मुख छ। यसरी नेपाली समाज कानुनि रूपमा संरचनात्मक परिवर्तित भए तापनि व्यावहारिक रूपमा परिवर्तन हुन बाँकी नै छ।

### ३.११.३ आर्थिक परिवर्तन (Economic Change)

नेपाली समाज आर्थिक रूपमा पनि विश्वमान चित्रमा वामे सर्दैछ। देश प्रकृतिक स्रोत र साधनका दृष्टिकोणले धनी भए तापनि प्रकृतिक स्रोत र साधनलाई राम्रोसँग परिचालन गर्न नसक्दा देशमा राजनीतिक व्यवस्था अस्थिर भएका कारणले र भारत र चिन बाहेक विश्वका अन्य देशहरूसँग नेपालको भौगोलिक सीमाना नजोडिएको हुनाले पनि देशले अन्तराष्ट्रिय व्यापारमा फड्को मार्न सकेको छैन।

## ४) सारांश (Summary)

समाजमा मानिस मानिसमा विभिन्न आधारमा भिन्नता पाइन्छ। यिनै भिन्नताका आधारमा मानिसको स्तर निर्धारण गरीन्छ। यसरी मानिसलाई शक्ति सम्पत्ति र औकातका आधारमा पहुँचको विविधतालाई हेर्न सकिन्छ। समाजमा व्यक्ति व्यक्तिबिच फरक फरक अवस्था सिर्जना गर्नमा शक्ति, सम्पत्ति, सामाजिक मूल्याङ्कन र बौद्धिक क्षमताले भूमिका खेलेको हुन्छ। अतः समाजमा मानिसलाई पद, प्रतिष्ठा, इज्जत बढाउनमा सहायक हुने कारक तत्त्वहरूले फरक फरक स्तरमा छुट्याउँछ। यसरी फरक फरक स्तरममा छुट्याउनुलाई स्तरीकरण भनिएको हो।

सामाजिक परिवर्तन भन्नाले सामाजिक प्रक्रियाको कारण उत्पन्न हुने गतिशीलताको कारण समाजको सम्पूर्ण संरचना या कुनै एक पक्षमा आउने परिवर्तनलाई बुझाउँछ। अतः समयको अन्तरालमा समाजका मानिसहरूको व्यवहार, संस्कृति, मूल्य मान्यता, चालचलन आदिमा आउने परिवर्तनलाई जनाउँछ। समाजको संरचना वा कार्यमा आउने अन्तर, मानवीय सम्बन्धमा आउने परिवर्तन मानिसको सोचाइ र कार्यशैलीमा आउने परिवर्तन, सामाजिक अन्तरक्रिया तथा सामाजिक आदिमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ।

सामाजिक परिवर्तनका तत्त्वहरूमा तनाव र द्वन्द्व, औद्योगिकरण, शिक्षा, प्रकृतिक प्रकोप, तथा बसाइँसराइ, वैज्ञानिक खोज तथा अनुसन्धान एवम् बाहृय प्रभावका रूपमा विदेशी संस्कृति, चालचलन, भेषभूषा, तथा जीवनशैली आदिलाई दिन सकिन्छ। समाजको विभिन्न क्षेत्रमा देखिएको परिवर्तनसँगै मानिसहरूको जीवनमा गतिशीलता आउँछ। सामाजिक गतिशीलता भन्नाले मानिसहरूमा समाजको एउटा अवस्थाबाट अर्को अवस्थामा रूपान्तर हुनु हो । व्यक्तिमा आर्थिक सामाजिक कारणले उसको जीवन शैली, सामाजिक अवस्था वा पदमा आउने परिवर्तनलाई सामाजिक गतिशीलता भनिन्छ। सामाजिक गतिशीलता तलबाट माथि र माथिबाट तल (vertical) तथा एउटा अवस्थाबाट समानान्तर अर्को अवस्थामा हुने परिवर्तन (Horizontal) को रूपमा हेर्न सकिन्छ । सामाजिक शक्तीकरणका विशेषताहरूमा स्तरीकरणको प्राचीनता, सर्वव्यापकता, सामाजिक दाँचा, रूप र मात्रामा विविधता परिणामका रूपमा जीवनका अवसरहरू, आचरणको संस्थागत दौचा जीवन शैलीहरू जस्ता पक्षहरू पर्दछन्।

सामाजिक परिवर्तनका सिद्धान्तहरूलाई तिन प्रकारमा विभाजन गर्न सकिन्छ। (क) उद्‌विकासको सिद्धान्त, (ख) चक्रीय सिद्धान्त (ग) द्वन्द्वको सिद्धान्त।

उद्‌विकासको सिद्धान्त भन्नाले समाजका सरल वा सामान्य अवस्थाबाट जटिल अवस्थालाई उन्मुख हुनु भन्ने बुझिन्छ। समाजशास्त्रीयहरू समाजको विकास एउटा चरणपछि अर्को चरणतर्फ उन्मुख हुने कुरामा विश्वास गर्दछन्। जस्तै मानिसको विकास जङ्गली विकासबाट क्रमशः विकसित हुँदै आजको सभ्य अवस्थामा आएको कुरालाई मान्दछन् । समाजका हरेक क्षेत्रमा यसरी नै विकास हुन्छ।

चक्रीय सिद्धान्त भन्नाले जसरी मानिस जन्म लिन्छ, हुर्किन्छ, वयस्क हुन्छ र बृद्ध हुन्छ र फेरि समाजमा नवजात शिशु जन्मिन्छ र त्यही क्रम लागु हुन्छ। त्यसरी नै समाजमा विचार, सिद्धान्त र सभ्यता जन्मिन्छ, प्रभावशाली बन्छ र क्रमशः कम प्रभावी बन्दछ र त्यो समान्त भई अर्को नयाँ विचार र सिद्धान्तको बढ्न थाल्दछ। समाजमा आउने परिवर्तनले क्रमशः प्रारम्भ हुने हुर्किने र कमजोर हुने चक्रीय परम्परालाई यो सिद्धान्तले स्विकार्दछ।

द्वन्द्वको सिद्धान्तका अनुसार समाजमा परिवर्तन आउनका लागि द्वन्द्व प्रमुख कारण हो। द्वन्द्व सिद्धान्तको प्रतिपादक कार्ल मार्क्सले समाजमा द्वन्द्वको मूल कारण आर्थिक असमानता नै हो भन्ने कुरा बताएका छन्। शासक वा पुँजीपति वर्गले शोषित वा गरीब वर्ग माथि शोषण गर्दछ जसको कारण द्वन्द्व उत्पन्न हुन्छ र अन्तमा शोषित वा सर्वहारावर्गको जित हुन्छ अनि समाजमा परिवर्तन आउँछ। यो सिद्धान्तको मूल मर्म यही हो।

**५. संस्कृति र शिक्षा**

संस्कृति भन्नाले शुद्धीको प्रक्रिया भन्ने बुझिन्छ। अर्थात् व्यक्तिलाई जैविक प्राणीबाट सामाजिक प्राणी बनाउनका लागि सामाजिक मान्यता, मूल्य, संस्कार, साहितय, कला तथा विश्वास जस्ता उपकरणद्वारा परिस्कृत गर्दै लगिन्छ। संस्कृति सामाजिक सम्पदा हो जसलाई एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण गर्दै लगिन्छ। समाजमा भइरहने विचार र कार्यको विविधताले उतपन्न गरेको जटिल सम्पूर्णतालाई नै संस्कृति भनिएको हो।

संस्कृति कार्यहरूअन्तर्गत ज्ञानलाई संरक्षण गर्दै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्नु, सामाजिक अवस्था, अभिवृत्ति, मूल्य र लक्ष्यहरूलाई परिभाषित गर्नु, भविष्यको निर्माण गर्नु, मानवीय व्यवहारको दौचा प्रदान गर्नु, व्यक्तित्वलाई परिवर्तन गर्नु पर्दछन्।

शिक्षाले संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्नुका साथै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दछ। शिक्षाले समाजको चालचलन, रीतिरिवाज, भेषभूषा, धर्म, जीवनशैलीको पाठ सिकाएर व्यक्तिलाई परिस्कृत बनाउँछ र समाजलाई समेत परिवर्तन गर्दै लग्छ।

समाजमा रहेका सबै संस्कृतिको विकास गरी समाजलाई गतिशील बनाउन बहुसंस्कृति शिक्षाको महत्त्वपूर्ण पक्ष हो। समाजका रहेका विविध संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै सबै जाति, वर्ग, लिङ्गका मानिसहरूको क्षमतालाई राष्ट्रको समग्र विकासमा लगाउनु बहुसंस्कृतिक शिक्षाको उद्देश्य हो।

## ५) अभ्यास (Exercise)

**Objective Questions**

**1. What does the word social stratification signIoy?**

a. a structure of layers or strata

b. social stratification represents biologically caused inequalities

c. man attains a dominant position by his physical strength

d. social stratification is natural process

**2. Which of the following is not the major cause of social stratification**

a. power  b. education

c. property  d. privilege

**3. The process of rating and ranking the people of society on the basis of certain criteria is called**

a. discrimination  b. egalitarian society

c. denial of opportunities  d. social stratification

**4. 'Social stratification is a horizontal division of society in higher and lower social units' is a definition given by**

a. Melvin M. Tumin  b. Ogburn and Nimkoft

c. Raymand W. Murray  d. Anthony Giddens

**5. If you get an opportunity by biological factors that is called**

a. acquired status  b. ascribed status

c. vertical status d. horizontal status

6. **Biplob obtained higher level post by his education it is related with**
   a. ascribed status b. acquired status
   c. intelligence d. ascribed and acquired status
7. **Which of the following is not the characteristics is social** stratification?
   a. diversity in form and amount
   b. ubiquity of stratification
   c. consciousness about stratification
   d. antiquity
8. **Which of the following become relevant in patterns of social superioty and inferiority?**
   a. Biological traits b. Personality
   c. Age d. SignIoicance of social definition
9. **Stratification is mostly related with**
   a. natural phenomena
   b. biological phenomena
   c. intellectual aspect of a person
   d. power, property and prestige
10. **The term institutional patterns of conduct refers to**
    a. the patterns of family system
    b. the pattern of education
    c. the patterns of behaviour of everyday life
    d. the patterns of political system
11. **Life chances, refer to**
    a. the ways in which people pass their day to day life
    b. the most fundamental affairs of daily life
    c. set of beliefs and ideas
    d. the most important opportunities, achievements and experience in life
12. **'Social change is a change in human relation' it is the definition given by**
    a. M.P. Jenson b. M.E. Jones
    c. MacIver d. Kingsley Davis
13. **Which of the following is not the characteristics of social change?**
    a. impossible to predict b. continuous process
    c. permanent process d. natural process

**14. Which of the following is not the causes of social change?**

a. strain and conflict  b. natural distoater

c. migration  d. traditional factor

**15. Which theory of social chang advocates that every society passed through the same fixed stages of development ?**

a. Cyclical theory

b. universal evolutionary theory

c. unilinear evolutionary theory

d. multiliear evolutionary theory

**16. Who is associated with multilinear evolutionary theory**

a. Julian steward  b. Oswald Spengler

c. anrold Toynbee  d. Leslie white

**17. Which theory compares social change with biological organism?**

a. Cyclical theory

b. confilict theory

c. universal evolutionary theory

d. unilinear evolutionary theory

**18. The culture which can be perceived directly by senses' is called**

a. Sensate culture  b. Ideational culture

c. ecological culture  d. challenge and response culture

**19. "The achievements of a civilization consists of its successful responses to challenges" is the notion made by**

a. Oswald Spengler  b. Arnold Toynbee

c. Julian steward  d. Herbert spencer

**20. If there is change in position with out the change in status' then it is called**

a. Downward mobility  b. upward mobility

c. horizontal mobility  d. vertical mobility

**Short and long answer questions**

1. Explain the five basic characteristics of social stratification
2. Differenciate between social stratification and social discrimination.
3. Elaborate different types of social mobility with examples
4. Discuss the characteristics of social change with reference to Nepalese context
5. Eluciate the causes of social change with examples.
6. Explain the concept of evolutionary theory of social change

7. Explain the modes of acquisition of status with example.
8. Elaborate the factors of social mobility taking the referes from Nepal.
9. Explain the concept of culture with its functions in society.
10. Elaborate the concept of multicultural education with its dimesitions?
11. Elucide the concept of cyclical theory of social change taking examples from education.

## एकाइ ६

## शिक्षाको राजनीति

## (The Politics of Education)

### १) परिचय (Introduction)

यस एकाइमा तपाईंहरूले शिक्षा र राजनीतिको बारेमा अध्ययन गर्नु हुने छ। हरेक देशको राजनीतिले त्यस देशको शिक्षा व्यवस्था प्रभावित बन्दछ। तसर्थ यस एकाइमा राजनीति र शक्तिको अवधारणा, शक्तिका स्रोतहरू शक्ति के हो भन्ने बारेमा व्यक्त भएका विभिन्न दृष्टिकोणहरू, शक्ति र शिक्षा, शिक्षा व्यवस्थामा राज्यको भूमिका र शिक्षा र राजनीतिबिचको अन्तरसम्बन्धको बारेमा अध्ययन गर्नु हुने छ।

### २) विशिष्ट उद्देश्यहरू र पाठ्यवस्तुहरू (Specific Objectives and Contents)

| विशिष्ट उद्देश्यहरू | पाठ्यवस्तुहरू |
|---|---|
| • शक्ति र राजनीतिको धारणा प्रष्ट पार्न,<br>• स्रोत तथा शक्तिको विभिन्न शक्तिसम्बन्धी दृष्टिकोणबारे छलफल गर्नु,<br>• शिक्षामा राज्यको भूमिकाबारे चर्चा गर्न,<br>• शिक्षा र राजनीतिको सम्बन्धबारे चर्चा गर्न। | **6. Politics of education**<br>6.1 Concept of politics and power<br>6.2 Sources of power (positional, wealth, skill, quality, forces and democratic representation)<br>6.3 Different power perspectives (functional, conflict, elite and plural)<br>6.4 Power and education<br>6.5 Role of state in education (maintaining system, order and implementation)<br>Relation between education and politics |

### ३) प्रस्तुतीकरण (Preseentation)

#### ३.१ राजनीति र शक्तिको धारणा (Concept of politics and power)

नेपाली भाषाको राजनीति भन्ने शब्द अङ्ग्रेजी भाषाको 'Politics' भन्ने शब्दको पर्यवाची शब्द हो। अङ्ग्रेजी भाषामा Politics भन्ने शब्द ग्रिक भाषाको Polis भन्ने शब्दबाट आएको पाइन्छ। ग्रिक भाषामा Polis को अर्थ नगर राज्य (City–State) भन्ने हुन्छ। त्यसैगरी ग्रिक भाषाको विशेषणको रूपमा रहेको शब्द 'Politikos' बाट अङ्ग्रेजीमा Politics आएको पाइन्छ, जसको अर्थ नगर राज्यमा बसोवास गर्ने मानिसहरूको आर्दश जीवनसँग जोडिएको छ। त्यसैले राजनीतिलाई राज्य सञ्चालन गर्ने मुख्य नीति पनि भनिन्छ (Kneller, 1971)। प्राचीन समयमा मानिसहरू जङ्गली जीवन विताएर बस्दथे। जब जब राज्यको धारणा विकास भएर गऱ्यो त्यसपछि राज्यको सुरक्षा गर्ने व्यक्ति वा संस्थाको आवश्यकता भयो। राज्यको सुरक्षा गर्ने वर्गलाई राजा मानियो। राजालाई सब भन्दा राम्रो व्यक्ति, सबैलाई सुरक्षा दिन सक्ने व्यक्ति ठानियो। प्राचीन समयमा राजाले आफ्नोक्षेत्रका नागरीकहरूलाई संरक्षण दिनका लागि बनाएको नीतिलाई नै राजनीति भनिन्थ्यो। राज्य सञ्चालनको लागि राजाबाट बनाइने नीति राजनीतिमा परिणत भयो (दहाल, २०६७)। हरेक देशको राजनीतिलाई मुख्य आधार बनाएर देशको विभिन्न क्षेत्रका नीति नियमहरू बनाइन्छ। व्यापक रूपमा अर्थ लगाउने हो, भने राजनीति, राज्य र यसको सम्पूर्ण पक्षको गतिविधि र नियमहरूको अध्ययन गर्ने विज्ञान राजनीतिशास्त्र हो। तसर्थ राजनीति समाजका मानिसहरूद्वारा, समाजमा नै गरीने क्रियाकलाप हो। राजनीतिक क्रियाकलापको मुख्य अभिप्राय राज्य शक्ति हात पार्नु र सीमित व्यक्तिको भलाइका लागि लामो समयसम्म राज्यसत्ता टिकाइ राख्नुलाई राजनीति भनिन्छ। राजनीति राज्य सञ्चालनको मूल नीति हो र यसैको आधारमा नै देशमा कानुन

बनाइन्छ। राज्य सञ्चालनका नीति नियमको आधारमा नै आर्थिक, शैक्षिक, सामाजिक क्षेत्रका नीति नियम बनाइन्छ। यसरी देशको सम्पूर्ण शासन व्यवस्था सञ्चालन गर्ने प्रमुख नीति राजनीति भएकाले दार्शनिक Philips Coombs ले समाजमा रहेका विभिन्न प्रणालीहरू मध्ये राजनीतिलाई मुख्य प्रणाली (main system) मानेका छन्।

## शक्ति (The Power)

शक्ति के हो भन्ने सम्बन्धमा फरक फरक समाजशास्त्री र राजनीतिशास्त्रीहरूले फरक फरक ढङ्गबाट परिभाषित गरेका छन्। शक्तिलाई राजनीतिको केन्द्रबिन्दु मानिन्छ। समाजशास्त्री म्याक्स बेबरले शक्तिलाई समाजमा स्तरीकरण निर्धारण गर्ने आधारभूत पक्षको रूपमा लिएका छन्। शक्ति भित्र पनि वर्ग (class), पद (status) र दल (party) पर्दछन् भन्ने धारणा समाजशास्त्री Max weber को छ। शक्तिभनेको म्याक्स वेवरको दृष्टिकोणमा समान काममा वा सामूहिक काममा सहभागी भएका अन्य व्यक्तिहरूको विरोध हुँदाहुँदै पनि कुनै व्यक्तिले वा मानिसको समूहले आफ्नो इच्छाअनुसारको कार्य गर्न लगाउनु हो (Power is the chance of the man or a number of men to realize their own will in a communal action  even against the resistance of others who participating in the action, Haralambous, 2003: 98)। यसले के देखाउँछ भने शक्ति भनेको कुनै सामाजिक कार्य गर्दा अन्य सहभागीहरूको विरोध हुँदाहुँदै पनि कुनै व्यक्ति वा समूहका सदस्यहरूले आफ्नो चाहनाअनुसारको व्यवहार गर्न अरुलाई बाध्य पार्नु हो। शक्ति सामाजिक सम्बन्धहरूको एउटा पक्ष हो, कुनै व्यक्तिले एक्लो अवस्थामा समाजविना शक्ति प्राप्त गर्न सक्दैन। तसर्थ शक्ति अरुमाथिको शक्ति हो (Power therefore  Power over others.)। शक्ति एउटा व्यक्तिको वा समूहको त्यो क्षमता हो जसमा अन्य व्यक्तिको अवरोध हुँदाहुँदै पनि व्यक्तिले वा समूहले आफ्नो इच्छा पुरा गराउँछ (Power is the ability of an individual or group to carry out its wishes regardless of resistance from other) . शक्तिका सम्बन्धमा निकलस लुहुम्यान (Niklas Lunmann) भन्दछन् – शक्ति भनेको व्यक्तिले आफ्नो निर्णय छनोट गर्ने सम्भावना र अरुको अवरोधको जटिलतालाई कम गर्ने कार्य हो (Power is the possibility of having one's own decisions select alternatives or reduce complexity of others.)। शक्तिलाई समाज सञ्चालनको आधारभूत आवश्यकताको रूपमा हेरिन्छ। समाजका केही व्यक्तिले वा व्यक्तिको समूहले आफ्नो शक्तिलाई बल वा सैन्य क्षमतमा आधारित गराएको पाइन्छ। Power includes both the ability to impose one's will on other and the ability to mobilize resources to achieve the goal.

शक्तिलाई मानिसको बल अरुसँग तुलना गरेर त्योभन्दा बलियो, मजबुत र सक्षमताको रूपमा स्वीकारिन्छ। शक्ति एक प्रक्रिया हो जसको सहयोगबाट बल माथि बल थप्ने काम हुन्छ। शक्तिलाई प्रभाव पार्ने क्षमता, सक्षमता र दक्षताको रूपमा स्वीकार गरीन्छ। अरुलाई नियन्त्रण गर्न सक्नु नै सच्चा शक्ति हो, यो शक्ति मानिसको सामाजिक अस्तित्त्व हो। शक्तिलाई विभिन्न भागमा विभाजन गर्न सकिन्छ। दमनात्मक शक्ति होस वा सुधारात्मक शक्ति, जस्तो किसिमको शक्ति भए तापनि शक्तिविनाको समाजको कल्पना गर्न सकिँदैन। शक्तिलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ

- धम्कीबाट प्राप्त शक्ति (Threaten power): यस किसिमको शक्ति समयमा भर पर्दछ।
- फकाएर लिने शक्ति (Cajole type power): यस किसिमको शक्तिमा कुनै समूहलाई फकाएर आफ्नो वहसमा राख्ने गरीन्छ। यसमा जनतालाई छल्ने काम मात्र हुन्छ।
- बलपूर्वक प्राप्त शक्ति (Coercive type power): यस किसिमको शक्ति वैधानिक नेतृत्व (Legal leaders) लाई प्राप्त अधिकारबाट प्राप्त हुन्छ।
- खराब सूचना (Blackmail): यो अपहरणको कारणले बन्ने शक्ति हो।
- प्रभावित शक्ति (Influence): यो अख्तियारी शक्ति हो।
- मागेर (Beg): मागेर लिने शक्ति जस्तै भोट मागेर सत्तामा जाने र शक्तिशाली बन्ने
- मनाएर (Persuade): सम्पूर्णलाई मनाएर प्राप्त हुने शक्ति।

### ३.२ शक्तिको प्रकृति (The nature of power)

प्रस्तुत विषयको पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार शक्तिको प्रकृतिमा निम्न पक्षहरू पर्दछन् :

### ३.२.१ बल (Force)

कुनै व्यक्ति वा व्यक्तिको समूहलाई उनीहरूको आफ्नो इच्छा विपरीत कुनै कार्य गर्न वा नगर्न बाध्य बनाइन्छ भने त्यस्तो बाध्यात्मक अवस्थाको उपस्थितिलाई बल भनिन्छ (Force is the use of physical coercion to impose one's will on others.) । समाजका मानिसहरूलाई कुनै काम गर्न वा नगर्न करकाप लगाइन्छ, शारीरिक रूपमा दबाव दिइन्छ भने त्यसलाई बल भनिन्छ । बल शक्तिभन्दा केही सङ्कुचित धारणा हो किनकी कुनै व्यक्तिले बलविना नै शक्तिको प्रयोग गर्न सक्छ । राज्यसत्ता प्राप्त गर्न राजनीतिमा बलको महत्त्वपूर्ण भूमिका हुन्छ । बलविनाको राजनीति निरर्थक बन्न जान्छ । सत्तामा रहेकाले आफ्नो विरुद्धमा आवाज उठाउनेलाई बल प्रयोग गरेर विभिन्न किसिमको यातना दिने गर्दछ। बलको सहायताबाट व्यक्तिलाई धम्काउने, तर्साउने आदि गरीन्छ।

### ३.२.२ अख्तियार (Authority)

अख्तियार भनेको कुनै पनि व्यक्तिले वा समाजले पालना गर्नुपर्ने वैधानिक शक्ति हो । कुनै पनि व्यक्ति, संस्था निकाय जो कसैलाई पनि निश्चित अधिकार वा हक दिइएको हुन्छ। व्यक्तिको वा समूहको क्षमताको आधारमा निश्चित अधिकार दिइन्छ। व्यक्तिले वा समूहले वा उच्च पदस्थ व्यक्तिले आफूले पाएको अख्तियारीको आधारमा अरुलाई आदेश दिने र आफूभन्दा माथिल्लो निकाएबाट आएको आदेशलाई मान्ने गर्दछ । जस्तै सैन्य क्षेत्रमा अफिसरले आदेश दिने र आदेश मान्ने दुवै काम गर्दछ । आदेशहरूलाई श्रेणी (rank) को आधारमा वैधानिकता दिइन्छ। आदेशको आधारमा नै उच्च पदस्थ व्यक्तिले तल्लो श्रेणीका व्यक्तिको व्यवहारलाई नियन्त्रण गर्ने गर्दछ । आदेश व्यक्तिगत अनुरोधको रूपमा भन्दा पनि संस्थागत आवश्यकताको आधारमा स्वीकार गरीन्छ। (Max Weber used the term authority to refer to legitimate power. In simple words, it can be said that authority refers to power which is regarded as a legitimate in the minds of followers. Commands are most often given in formal setting for example in an organization or institution (Smelser, 1991: 330) .

अख्तियारीलाई पनि तिन समूहमा विभाजन गर्न सकिन्छ। तिनीहरू यस प्रकार छन् :

- **परम्परागत अख्तियारी (Traditional authority)**

परम्परागत अख्यितयारी परम्परागत रूपमा चल्दै आएका परम्परागत रीतिरिवाज, चालचलन र व्यवहारबाट वैधानिक हुन्छ । यस किसिमको अख्तियारीमा कुनै किसिमको लिखित कानूनि प्राबधानभन्दा पनि परम्परागत रूपमा पहिलेदेखि चल्दै आएका मूल्य मान्यतालाई नै प्राथमिकता दिइन्छ (Traditional authority is based on tradition and customs) । परम्परागत अख्तियारी प्राप्त राजनीतिक व्यवस्थामा परम्परागत चालचलनद्वारा शक्तिलाई वैधानिकता प्रदान गरीन्छ। शासकको अख्तियारी प्राय जसो अलिखित रूपमा रहेको हुन्छ (In a political system based on traditional authority power is legitimated by ancient custom. The authority of the ruler is generally founded on unwritten laws Rao, 1990) । जस्तै राजाको छोरो राजकुमार र राजा नै हुनु, कतिपय जातिमा मामा चेला फुपु चेली बिच विवाह हुनैपर्ने, बाबु मन्दिरको पुजारी भए छोराले पनि स्वतः पाउनु । त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय र केन्द्रीय क्याम्पसमा बाबु जागिरे भए निजको छोरा वा छोरीमध्ये एक जनाले स्वतः जागिर पाउने व्यवस्था हुनु आदि नेपाली परिवेशका परम्परागत अख्तियारीका उदाहरण हुन्।

- **अनौठो वा चमत्कारी अख्तियारी (Charismati authority)**

यो त्यस किसिमको अख्तियारी हो जसलाई व्यक्तिले अनौठो वा चमत्कारीपूर्ण कार्य गरेर प्राप्त गर्दछ। समाजमा चलिरहेको प्रचलनलाई चुनौति दिँदै मानव कल्याणका लागि देशको हितका लागि कार्य गरेर राज्य सत्ताको अख्तियारी प्राप्त गर्दछ भने त्यस किसिमको अख्तियारीलाई चमत्कारी अख्तियारी भनिन्छ । जस्तैः गान्धीले भारतलाई स्वतन्त्र बनाएका थिए, माओले चिनलाई स्वतन्त्र बनाएका थिए। हिटलरले दमन गरेर सत्ता प्राप्त गरेका थिए (Charismatic

authority is based on extraordinary personal almost magical, qualities of a persons.) .

- **कानुनी वा तार्किक अख्तियारी (Leagel or rational authoriy)**

यस किसिमको अख्तियारी व्यक्तिले वैधानिक तथा कानुनी प्रक्रियाद्वारा प्राप्त गर्दछ। निश्चित विधि र प्रक्रिया पुरा गरेर व्यक्तिले यस किसिमको अख्तियारी प्राप्त गर्दछ। यस किसिमको अख्तियारी वैधानिक र लिखित संविधानको रूपमा निर्दिष्ट हुन्छ। कानुनी राज्यको अवधारणालाई मान्यता दिँदै कानुन प्रदत हक अधिकारलाई प्रयोग गरेर व्यक्तिले अख्तियारी प्रयोग गर्दछ। वर्तमान अवस्थामा कानुनी राज्यको महत्त्वलाई प्राथमिकता दिन यस किसिमको शक्तिलाई प्रयोगमा ल्याइन्छ (Rational-legal authority is based on belief in the correctness and necessity of formal rules.) .

### ३.३ शक्तिका स्रोतहरू (Sources of power)

शक्ति कसरी प्राप्त हुन्छ वा शक्ति समाजमा रहेका व्यक्तिहरूमा कुन कुन पक्षबाट प्राप्त हुन्छ भनी शक्तिका स्रोतहरूलाई निश्चित गर्ने प्रक्रियालाई शक्तिका स्रोत भनिन्छ। शक्तिका पनि विभिन्न स्रोतहरू छन् मेलभिन एम टिउमिन (Melvin M. Tumin 1985: 71) ले शक्तिका स्रोतलाई निम्नानुसार वर्गीकरण गरेका छन् :

- पदीय वा भूमिकाको शक्ति (Positional or role power): व्यक्तिको पदको कारण वा व्यक्तिले पाएको पदीय अख्तियारीद्वारा प्राप्त हुने शक्ति पदीय वा भूमिकाको शक्ति हो। यस किसिमको शक्तिलाई वैधानिक भूमिका विशेषको शक्ति पनि भनिन्छ (Positional power or role power derives from the authority given to people by virture of their positions.) . उदाहरणका लागि एउटा सङ्गठनको वा संस्थाको अध्यक्षसँग उसको अफिसको शक्ति हुन्छ।

- सेवाहरू वा सामग्रीहरूको शक्ति (Power of the services or goods): समाजमा जो मानिससँग अन्य मानिसलाई आवश्यक पर्ने सामग्रीहरू (चल तथा अचल सम्पति) हुन्छ। जसले अरुलाई सेवा दिन्छ त्यो व्यक्तिसँग शक्ति हुन्छ। पैसा हुनेसँग पैसा नहुनेसँग भन्दा बढी शक्ति हुन्छ। डाक्टरले सेवा दिन्छ ऊसँग शक्ति हुन्छ। तसर्थ सेवा र सामग्री वा सम्पत्ति (wealth) भित्र शक्ति लुकेको हुन्छ।

- सिप र क्षमता शक्तिको रूपमा (Skill and ability as a source of power): समाजका त्यस्ता मानिस जोसँग कुनै काम गर्ने सिप छ, क्षमता छ भने त्यो सिप वा क्षमताको कारण ऊ शक्तिशाली बन्दछ। व्यक्तिमा भएको सिप र क्षमताको आवश्यकता अरुलाई पर्दछ। कुनै काम गर्ने वा सिप वा क्षमता हुनेले नहुनेहरूमाथि शक्ति जमाउँछ (Skills and ability that give their possessors a certain amount of power over those who desire the benefits of their skills.) .

- व्यक्तिगत विशेषताहरू (Personal qualities): व्यक्तिगत विशेषता, बोलीको प्रभाव, बौद्धिक क्षमता, शारीरिक आकर्षण, सुन्दरता हँसिलोपन आदि पनि शक्तिका स्रोत हुन्। आफ्नो व्यक्तिगत विशेषता, वाक शक्ति र शैलीले कुनै एउटा व्यक्तिले अरुलाई प्रभाव पार्दछ। अन्य गुण विशेषता जे भए पनि शारीरिक रूपरङ्ग र अनुहार मिरिक्क परेको केटा वा केटी देखेपछि हिरिक्क हुनेहरू धेरै छन्।

- बल (Force): बल पनि शक्तिको स्रोत हो। मनोवैज्ञानिक रूपमा, सामाजिक रूपमा र शारीरिक रूपमा बल प्रयोग गरी कुनै व्यक्तिलाई, कुनै पनि काम गर्न बाध्य पारिन्छ। बल वा दबाबका कारण समाजका मानिसका नराम्रा काम पनि बन्ने गरेको पाइन्छ।

### ३.४ शक्तिसम्बन्धी विभिन्न दृष्टिकोणहरू (Different perspectives about power)

शक्ति के हो, यसको प्रकृति कस्तो हुन्छ भन्ने सम्बन्धमा फरक फरक सैद्धान्तिक दृष्टिकोणहरू समाजशास्त्रको क्षेत्रमा देखा परेका छन्। तिनीहरू हुन् शक्तिसम्बन्धी प्रकार्यवादी दृष्टिकोण (functionalist perspective about power) र शक्तिसम्बन्धी द्वन्द्वात्मक वा मार्क्सवादी दृष्टिकोण (Marxian perspective about power) सम्भ्रान्त दृष्टिकोण र बहुलवादी दृष्टिकोण। यी सबै दृष्टिकोणको छोटो चर्चा तल गरीएको छ :

### ३.४.१ प्रकार्यवादी दृष्टिकोणमा शक्ति (Power functionalist perspective)

जर्मन समाजशास्त्री म्याक्स वेबर (Max Weber 1864-1920) ले शक्तिसम्बन्धी आफ्नो धारणा राख्दै भनेका छन् – समाजमा शक्तिको मात्रा सीमित हुन्छ, यदि कसैले शक्ति प्राप्त गऱ्यो भने अर्को व्यक्तिले वा अरु मानिसहरूले शक्ति प्राप्त गर्न सक्दैनन् (There is a fixed amount of power and some hold power others do not)। म्याक्स वेबरको यस धारणालाई शक्तिको सीमित मात्रा (constant-sum) को धारणा पनि भनिन्छ। शक्तिको मात्रा सीमित हुनाले समाजका केही व्यक्तिले वा समूहले त्यो हदसम्म शक्ति लिन्छन्, जसले गर्दा अरुले शक्ति प्राप्त गर्न सक्दैनन् (since the amount of power is constant, power is held by an individual or group to the extent that it is not held by others.)। म्याक्स वेबरले शक्तिको परिभाषा पनि शक्ति नहुनेहरूमाथि शक्ति हुनेले आफ्नो इच्छाअनुसारको क्रियाकलाप गर्नका लागि अरुलाई लगाउने प्रक्रियाको रूपमा दिएका छन्। त्यसैले प्रकार्यवादीहरू शक्तिलाई अरु मानिसलाई शोषण गर्न र दबाउन कुनै व्यक्तिले वा समूहले प्रयोग गर्ने पक्षका रूपमा हेरेका छन् (Functionalists see the power used mainly for the exploitation and operation of some by others)। तसर्थ म्याक्स वेबरको दृष्टिकोणमा शक्ति भनेको समाजका सीमित व्यक्तिको अभिष्ट पुरा गराउने तत्त्व हो।

म्याक्स वेबरको शक्तिसम्बन्धी धारणालाई आलोचना गर्दै अर्को प्रकार्यवादी समाजशास्त्री टाल्कट पार्सन (Talcott Parson) भन्दछ : शक्ति सीमित हुँदैन, उनी भन्दछन् शक्ति एउटा त्यस्तो कुनै कुरा हो जसलाई सिङ्गो समाजले नै ग्रहण गरेको हुन्छ (Parson regards power as something possessed by society as a whole.)। उनले म्याक्स वेबरको शक्तिको सीमित मात्रा (Consent - sum of power) र केही व्यक्तिले आफ्नो रुचि पुरा गराउनका लागि अरु मानिस माथि फैलाउने पक्ष शक्ति हो भन्ने धारणालाई अस्वीकार गरेका छन् (Parson rejects the consent sum concept of power and the view that power is employed in the furtherance of sectional interest)। उनको भनाइमा कसैले शक्ति अरुमाथि विस्तार गर्नका लागि लिन्छ (According to Talcot Parsons Power is used on behalf of the whole society, all groups, not just a few can benefit from its exercise.) . शक्ति समाजको सामार्थ्य, स्रोत हो। खासमा भन्ने हो भने शक्ति भनेको समाजका मानिसहरूमा व्यक्त गरीएका वा सार्वजनिक गरीएका प्रतिवद्धताहरू पुरा गर्नका लागि समाजका स्रोत साधन परिचालन गर्न सक्ने क्षमता हो (Power is the capacity to mobilize the resources of the society for the attainment of goals for which a general public commitment has been made, Haralambos, 2003:99)। समाजमा मानिसहरूले सामूहिक लक्ष्यहरू कति पुरा भएको महसुस गरे त्यसको आधारमा समाजको शक्तिको मापन गरीन्छ। जति धैरै समाजका सदस्याहरूले समाजका साझा लक्ष्य, उद्देश्य पुरा भएको अनुभूति गर्दछन्, त्यति नै त्यो समाजमा शक्ति भएको मानिन्छ। Talcott Parson को यस धारणालाई शक्तिको विभिन्नताको मात्रा (Variable sum of power) पनि भनिन्छ। यसरी प्रकार्यवादी दुई समाजशास्त्रीले शक्तिको सम्बन्धमा व्यक्त गरेको दृष्टिकोणमा म्याक्स वेबरले शक्ति सीमित व्यक्तिमा मात्र हुन्छ र केही मानिसले आफ्नो स्वार्थ पुरा गराउनका लागि शक्तिलाई प्रयोग गर्दछन् भन्ने धारणा व्यक्त गरेका छन् अर्को तर्फ टाल्कट पार्सनले शक्ति समाजका सबै मानिसमा हुन्छ, जति धैरै वा बढी समाजका मानिसले सामूहिक वा साझा लक्ष्य पुरा भएको महशुस गर्दछन् त्यति नै धैरै मात्रामा समाजमा शक्ति हुन्छ भनेका छन्। सामाजिक प्रणालीलाई जोगाइ राख्न समाजका मानिसमा मूल्यमा सहमति (Value consensus) हुनु पर्दछ (Value consensus is essential for the survival of the social systems.) . सामूहिक वा सबैले बाँडेको मूल्यबाट नै साझा लक्ष्यहरू व्युत्पत्ति हुन्छन्। त्यही लक्ष्यलाई नै समाजका मानिसहरूद्वारा बाँडिन्छ। तसर्थ टाल्कट पार्सन शक्तिको विस्तार र विकेन्द्रीकरणमा विश्वास गर्दछन् समाजका मानिसहरूको साझा उद्देश्य पुरा गर्नका लागि शक्तिको विस्तार हुने धारणा पार्सनको छ।

### ३.४.२ मार्क्सवादी दृष्टिकोण (Marxian Perspective of Power)

मार्क्सवादी विश्लेषणमा शक्ति भनेको टाल्र्कट पार्सनले व्यक्त गरेको धारणाभन्दा भिन्न धारणा हो (From a Marxian perspective power is monopolized by the bourgeoisis. The ultimate source of ruling, class power lies in its ownership of the forces of production) .

मार्क्सवादी धारणाअनुसार शक्ति समाजका सबैले प्राप्त गर्ने पक्ष होइन। कार्लमार्क्स, जोसँग उत्पादनका साधनहरू माथि स्वामित्व छ, त्योसँग शक्ति हुने धारणा व्यक्त गर्दछन्। हरेक समाजमा उत्पादनका साधनहरू माथिको स्वामित्व समाजका सीमित व्यक्तिको हुने गर्दछ, त्यस्ता मानिसहरूलाई शासक वर्ग भनिन्छ। समाजका शासक वर्गले आफ्नो शक्ति सर्वहारा वर्ग जसलाई Subject class भनिन्छ, उनीहरूमाथि शोषण गर्न र दमन गर्न प्रयोग गर्दछन् (From a Marxian perspective the source of power in society lies in the economic infrastructure. The forces of production are owned and controlled by a minority, the ruling class. This relationship to the forces of production provides the basis of its dominance. He saw those who own the means of production as being in the position to exercise power.) .

श्रमिकको श्रमद्वारा उत्पादन भएको सम्पत्तिको प्रयोग पुँजीपति वर्गले स्वार्थका लागि नाफाको रूपमा प्रयोग गर्दछ। मार्क्सवादी दृष्टिकोणअनुसार स्रोत र साधनको असमान वितरणको कारण पुँजीपति वर्गको हातमा शक्ति हुन्छ। पुँजीपति वर्गले सर्वहारा वर्गलाई ज्यादै धेरै शोषण गरेपछि, पुँजीपति वर्ग र श्रमजीवी वर्ग बिच वर्गीय ध्रुवीकरण बढेर जान्छ। श्रमजीवी वर्गमा शक्ति हुँदैन उनीहरूमा एकता बढेर द्वन्द्व बढ्छ।

शक्ति संरचना उपगम समाजको शक्ति आर्थिक पक्षमा आधारित छ भन्ने मान्यतामा आधारित छ। समाजका मानिसहरूको आर्थिक अवस्थाले उनीहरूको शक्ति निर्धारण गर्दछ। जो व्यक्तिको वा समूहको आर्थिक अवस्था समाजमा प्रवल छ, उसको समाजमा रवाफ रहन्छ। यसको अर्थ सम्पत्ति हुने व्यक्ति नै उच्च शक्तिशाली बन्दछन्। यस सिद्धान्तको मूल मान्यता भनेको नै समाजका हरेक क्षेत्रको निर्धारक तत्त्व भनेको आर्थिक पक्ष हो। उत्पादन प्रक्रियाको संरचनाले नै समाजको शक्ति निर्धारण गर्दछ। कार्लमार्क्स (Karl Marx) काअनुसार राज्य शोषण गर्ने प्रकृतिको हुन्छ। जसमा समाजका धेरै व्यक्तिको हातमा रहेको आर्थिक शक्ति हुन्छ र तिनै व्यक्तिबाट समाजका अन्य व्यक्तिहरू ठगिन्छन्। समाजका पुँजीपति वर्गको हातमा आर्थिक शक्ति (Economic power) राजनीतिक शक्तिमा रूपान्तरण हुन्छ (Banks, 1976: 115)। मार्क्सका दृष्टिकोणमा शक्ति समाजका केही मुट्ठीभरका व्यक्तिको हातमा रहन्छ र उनीहरूले आफ्नोस्वार्थ पुरा गर्नका लागि शक्तिलाई प्रयोग गर्दछन्। मार्क्सले उत्पादनको शक्ति (force of production) र उत्पादन सम्बन्ध (Relations of production) ले आर्थिक आधार र शक्तिको आधार निर्धारण गर्दछ भनेका छन्। शक्ति दबावपूर्ण वा हिंसात्मक दुवै प्रकृतिका हुन्छ। यस दृष्टिकोणका विशेषताहरू निम्नअनुसार छन् :

- समाजको संरचना (Structure of society): यस दृष्टिकोणअनुसार समाजमा दुई वर्ग हुन्छन्। ती हुन् शासक वर्ग वा शोषक वर्ग र शोषित वर्ग। पुँजीपति वर्गले उत्पादनका साधन आफ्नो हातमा लिएर श्रमजीवी वर्गलाई शोषण गर्न चाहन्छ। श्रमिक वर्गको हातमा श्रमबाहेक अन्य केही पनि हुँदैन, उनीहरू आफ्नो श्रममा मात्र आश्रित हुन्छन्। श्रमजीवी वर्ग सधैं आर्थिक अवस्था उच्च भएका शासक वर्गबाट शोषित हुन्छन् (Banks 1976: 116) .

- समाज परिवर्तन (Social Change): यस धारणा वा उपगमअनुसार समाजको परिवर्तन वर्ग संघर्षबाट हुन्छ। समाजमा पुँजीपति वर्ग र सर्वहारा वर्गको वर्गीय खाडल बढेर जान्छ। बुर्जुवा वर्गको शोषण सहन नसकेर श्रमजीवी वर्ग शोषणबाट मुक्त हुन चाहन्छ। उनीहरू पुँजीपतिका विरुद्धमा गोलवद्ध भएर सङ्गठित रूपमा सङ्घर्ष गर्न थाल्दछन् र सर्वहारा वर्गले विजय प्राप्त गर्दछ जसको परिणामस्वरूप शोषण रहित समाजको निर्माण हुन्छ र समाजमा परिवर्तन देखा पर्दछ।


- सामाजिक गतिशीलता (Social Mobility): कार्ल मार्क्सका अनुसार समाजमा सामाजिक असन्तुलन देखा पर्दछ। पुँजीपति वर्ग धनका कारणले शक्तिशाली बन्दै जान्छन्। गरिवहरू दिनप्रतिदिन गरीवीको खाडलमा फस्दै जान्छन्। तसर्थ पुँजीपतिहरूको माथितिरको गतिशीलता हुन्छ भने गरीबहरूको तलतिरको (downward) गतिशीलता हुन्छ। शोषक र शोषितका बिचको द्वन्द्वका कारणले समाजमा सामाजिक गतिशीलता देखा पर्दछ।


### ३.५ शक्ति सम्भ्रान्त दृष्टिकोण (The power elite perspective)

शक्ति सम्भ्रान्त दृष्टिकोण सबैभन्दा पहिला प्रतिपादन गर्ने काम इटलीका दुई समाजशास्त्रीहरू भिलफ्रेडो प्रेटो (Vilfredo Pareto 1848 - 1923) र गेटेनो मोस्का (Gaetano Mosca 1858 - 1941) ले गरेका हुन् । उनीहरूले मार्क्सको समाजमा दुई वर्ग (उच्च वर्ग र सर्वहारा वर्ग) हुन्छ । त्यो वर्ग विभाजनको आधार उत्पादनका साधनमा रहेको व्यक्तिको स्वामित्व नै हो भन्ने धारणालाई अस्वीकार गर्दै, व्यक्तिहरूमा रहेको व्यक्तिगत विशेषताहरूले व्यक्तिलाई शासक र शासित गरी दुई समूहमा छुट्याउँछ भन्ने धारणा व्यक्त गरे । व्यक्ति आफ्नो व्यक्तिगत गुण वा विशेषताको कारणले सम्भ्रान्त बन्दछ। जस्तै उदाहरणका लागि व्यक्ति आफूसँग भएको बौद्धिक दक्षताको कारणले उच्च नेतृत्वदायी पदमा पुग्दछ। शक्ति सम्भ्रान्त बन्नका लागि व्यक्तिमा निहीत कुनै त्यस्तो खास गुण वा विशेषता वा बौद्धिक क्षमता जो अन्य व्यक्तिमा कम पाइन्छ, त्यसैको कारणले सम्भ्रान्त बन्दछ (Elite theory claims that the personal qualities of individuals separate the rulers from the ruled. The elite owe their position to the superiority of their personal characteristics or attributes.) भन्ने धारणा शक्ति सम्भ्रान्त दृटिकोणको हो। कार्ल मार्क्सले भने जस्तो वर्ग विहीन कम्युनिस्ट शासन व्यवस्था एउटा कल्पना (utopia) मात्र हो भन्दै समाजमा शक्तिमा पुग्ने उच्च वर्ग र शासित वर्ग रहनै रहनछ। सर्वहाराले वर्ग सङ्घर्ष गरेर एउटा बुजुर्वा व्यक्तिलाई हटाएर अर्को व्यक्तिलाई पदस्थापन गर्नु मात्र हो (Elite theory argues that all societies are divided into two main groups, a ruling minority and the ruled. This situation is inevitable should the ploletarian revolution occur, it will merely result in the replacement of ruling elite by another)। यसरी हेर्दा भिलफ्रेडो र गेटेनो मोस्काले शक्ति व्यक्तिको व्यक्तिगत गुणमा आधारित हुने पक्ष हो भन्ने धारणा व्यक्त गरे। तसर्थ उनीहरूको धारणअनुसार शक्तिको स्रोत भनेको व्यक्तिगत विशेषता हो, जुन व्यक्तिमा जन्मजात रूपमा प्राप्त हुन्छ।

शक्ति सम्भ्रान्त सिद्धान्तको बारेमा अर्का अमेरिकन समाजशास्त्री सी. राइट मिल्स (C. Wright Mills) इटालियन समाजशास्त्री हुन् Vilfredo Pareto र Gaetano Mosca को धारणालाई अस्वीकार गर्दै समाजका मानिसमा सम्भ्रान्त (elite) बन्ने कुनै त्यस्तो खास गुण वा विशेषता हुने भन्दा पनि संस्थागत संरचनाको कारणले गर्दा व्यक्तिले शक्ति प्राप्त गर्दछ भन्दछन्। यसको अर्थ कुनै संस्था (आर्थिक संस्था, राजनीतिक संस्था वा सैन्य संस्था) को उच्च पदीय शृङ्खलामा रहेको व्यक्तिले नै शक्तिमा एकाधिकार जमाउँछ। समाजका केही व्यक्तिले त्यस्तो मुख्य मुख्य उच्च पद प्राप्त गर्दछन् त्यसकारण उनीहरूले आदेश दिने, नीति नियम बनाउने गर्दछन्, उनी elite मा उत्कृष्ट विशेषता वा मनोवैज्ञानिक विशेषता हुन्छ र त्यसले उसलाई अन्य साधारण व्यक्तिहरू (masses) भन्दा फरक बनाउँछ भन्ने धारणालाई स्वीकार गर्दैनन्। उनले सन् १९५० को दशकको अमेरिकन समाजको विश्लेषणको आधारमा समाजामा हुने पदीय शृङ्खलाको कारण वा उच्च पद र निम्न पदको कारणले उच्च पद प्राप्त गर्ने व्यक्तिले आफूभन्दा तल्लो पदका वा मातहतका अन्य व्यक्तिलाई निर्देशन गर्दछ भन्ने दृष्टिकोण व्यक्त गरे । शासन सत्तामा पुग्नेले जनसाधारणमाथि शासन गर्दछ। कुनै उद्योगपति छ भने उसले अरु व्यक्ति (मजदुर) माथि शक्ति देखाउँछ। मिल्सका अनुसार कुनै उद्योगमा उच्च पद प्राप्त गर्ने व्यक्ति, सैन्य सेवाको उच्च पदस्थ व्यक्ति र राज्यको उच्च पदस्थ व्यक्तिलाई उनले सम्भ्रान्त (elite) भनेका छन्। तसर्थ C. Wright Mills शक्तिको स्रोतको रूपमा पदीय संरचनालाई लिन्छन्। उच्च पदमा हुनेले शक्तिलाई प्रयोग गर्दछ (Mills rejects the view that members of the elite have superior qualities or psychological characteristics which distinguish then from the population. Instead he argues that the structure of institutions is such that those at the top of the institution hierarchy largely monopolize power, Haralambous, 2003:10) . तसर्थ मिल्सका अनुसार शक्तिको स्रोत समाजले सिर्जना गरेको उच्च पद हो र शक्तिको वितरण उच्च पदमा रहने व्यक्तिमा हुने गर्दछ। Power elite mesans the small group of military, industrial, and governmental leaders who controlled the fate of the state.

उनले सामाजिक संरचनामा समाजका मानिसलाई एउटा यस्तो पिरामिड (Pyramid) मा व्यक्त गरेका छन्।




यहाँ मिल्सले समाजका मानिसहरूलाई उच्च वर्गका वा elite class मध्यम वर्ग र जनसाधारण गरी छुट्ट्याएका छन्। उच्च वर्गमा पदीय शृङ्खलाले शक्ति हुन्छ मध्यम वर्गले आदेश दिने र मान्ने दुबै गर्दछ। तल्लो वर्गले शक्ति पाएको हुँदैन।

नेपाली परिवेशमा राष्ट्रपति, प्रधानमन्त्री, मुख्य सचिव, प्रधान सेनापति, प्रहरी महानिरीक्षक आदिलाई positional elite भन्न सकिन्छ।

**शक्ति सम्भ्रान्त दृष्टिकोणका विशेषताहरू** (Characteristics of power elite perspective)

समाजमा आर्थिक, सामाजिक र राजनीतिक अवस्था जसका उच्च हुन्छ, उसको नै शक्ति हुन्छ। उच्च वर्ग नै शक्तिको आसपासमा रहि रहन्छन्। शक्ति हुने व्यक्तिले समाजका तल्लो स्तरका व्यक्तिमाथि शक्ति जमाउँछ। राज्यको उच्च पदमा अर्थतन्त्रमा राजनीतिमा सैन्य सेवामा यिनै उच्च पदस्थ व्यक्तिको दवदवा रहि नै रहन्छ। शक्ति सम्भ्रान्त दृष्टिकोणका विशेषताहरू निम्नअनुसार छन् :

- समाजको प्रकृति (Nature of society)

  समाजमा जनसाधारण (mass) वर्ग, मध्यम स्तरीय वर्ग (middle class) र उच्च शक्तिशाली पदमा आसिन व्यक्ति रहेका हुन्छन्। उच्च शक्तिशाली पदमा रहेका व्यक्तिको पदीय दायित्व र पदीय शक्ति बढी हुने गर्दछ।

- सामाजिक परिवर्तन (Social change)

  समाजको नियन्त्रण सम्भ्रान्त वर्गले गर्दछ। समाजका शक्तिशाली पदमा र ओहदामा रहेका व्यक्तिले आफूले चाहेअनुसार समाजमा परिवर्तन ल्याउने प्रयास गर्दछन्।

**३.६ बहुलवादी दृष्टिकोण** (Pluralist perspective)

शक्तिको वितरणमा बहुलवादी धारणाले समाजका सबै मानिसमा शक्ति सन्तुलित रूपमा रहने धारणा व्यक्त गरेको छ। मार्क्सवादी धारणा र सम्भ्रान्तवादी धारणाले समाजका सम्भ्रान्त वर्ग अल्पसङ्ख्यक व्यक्तिका रूपमा समाजमा रहन्छन् तर उनीहरूमा शक्ति हुन्छ भन्ने धारणा व्यक्त गरे। यी धारणाको भन्दा पृथक धारणा शक्तिको बहुलवादी धारणाले राखेको छ। समाजका सबै व्यक्तिमा वा समूहमा शक्ति वितरण समान रूपमा हुन्छ भन्ने धारणा शक्तिको बहुलवादी धारणाको हो (The pluralist perspective maintains that power is dispersed among a

variety of groups in society. Pluralism begins from the observation that industrial society is increasingly differentiated into a variety of social groups and sectional interests.) . शक्तिको वितरणमा बहुलवादी धारणाको प्रतिपादन गर्ने काम अमेरिकन समाजशास्त्री रोवर्ट ए. डाल (Robert A. Dahl) ले गरेका हुन्। उनका अनुसार समाजमा धैरै शक्ति केन्द्रहरू हुन्छन् र शक्तिको विस्तार विभिन्न समूहमा हुने गर्दछ। लोकतान्त्रिक शासन प्रणाली भएका देशहरूमा शक्तिको एकत्व नभएर विस्तार हुने गर्दछ। लोकतान्त्रिक शासन प्रणालीमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई समाजका मुख्य तिन शक्तिका केन्द्र मानिन्छ । तिनीहरूले एकलाई अर्काले नियन्त्रण गर्ने गर्दछन् (Pluralism contends that power is dispersed broadly among many different individuals and groups. They argue that pluralist concept is a modern democracy there are many contending with varying degrees of success, Abraham; 2006.) . शक्तिको बहुलवादी दृष्टिकोणले समाजमा शक्तिको वितरण समानुपातिक ढङ्गले समाजका सबै जाति, धर्म भाषा, सभ्यता र संस्कृतिका मानिसहरूमा हुने धारण राख्दछ। यस उपागमले शक्तिको एकत्वमा विश्वास गर्दैन। समाजका सबै मानिसलाई समेटेर उनीहरूको आवश्यकताको आधारमा, उनीहरूको नै सहभागितामा समाजमा प्रीतिनधिमूलक ढङ्गले नीति नियम बनाइन्छ भन्ने धारणा बहुलवादी धारणाको हो। यस धारणाले सहभागितामूलक र प्रीतिनधित्वमूलक शक्तिको विस्तारमा जोड दिन्छ।

**बहुलवादी दृष्टिकोणका विशेषताहरू** (Characteristics of Pluralist Perspective)

शक्तिको बहुलवादी दृष्टिकोणले राज्यको शासनप्रणालीमा देशका सबै नागरीकहरू प्रत्यक्ष रूपले सहभागी बन्दछन् । मुलुक भित्रका सबै समूहको कुनै न कुनै रूपमा प्रतिनधित्व र सहभागिता हुने हुनाले यस किसिमको शक्ति संरचनालाई उपयोगी र व्यवहारिक मानिन्छ। यसका विशेषताहरू निम्न छन् :

- **सबै जाति, धर्म, क्षेत्र लिङ्गको प्रीतिनधित्व र सहभागिता** : शक्तिको बहुलवादी दृष्टिकोणले शक्तिको वितरण देशका सबै जाति, भाषा, धर्म क्षेत्र लिङ्गका मानिसहरूमा समानुपातिक रूपमा हुने धारणा व्यक्त गरेको छ । देशभित्रका सबै वर्ग, जाति, जनजाति क्षेत्र धर्म लिङ्ग आदिको समान र न्यायमूलक/ समानतामूलक प्रीतिनधित्व र सहभागिता जुटाउने प्रत्यत्न गर्छ।

- **समाजको प्रकृति** (Nature of Society) : समाज बहुलवादी प्रकृतिको हुन्छ। समाजमा विभिन्न वर्ग, धर्म, संस्कृति, परम्परा, मूल्यमान्यता भएका व्यक्ति रहेका हुन्छन् । समाजका सबै वर्गको सम्मान हुने गरी शक्तिको वितरण हुने गर्दछ। समाजका फरक फरक वर्गले आफ्नो, आफ्नो हीत हुने गरी शक्तिलाई प्रयोग गर्ने प्रयास गर्दछन्, तर सबैलाई न्याय हुने गरी शक्तिको वितरण गरीन्छ। शक्तिको वितरणमा र प्रयोगमा सबैको सहभागिता हुन्छ।

- **सामाजिक परिवर्तन** (Social Change): समाज परिवर्तनको दायित्व सबैको हुन्छ। समाजमा समान तरिकाले सबै व्यक्तिले परिवर्तनको अनुभूति प्राप्त गर्ने गरी परिवर्तन गरीन्छ । समाजका सबै तहका व्यक्तिलाई आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक दृष्टिकोणले उच्च पदमा पुऱ्याउने वा सबैको विकास गराउने प्रयास गरीन्छ।

- **सामाजिक गतिशीलता** (Social Mobility): शक्तिको बहुलवादी धारणा लोकतान्त्रिक मूल्य मान्यतामा आधारित धारणा हो। यस धारणाले समाजको सबै व्यक्तिको हरेक क्षेत्रमा उन्नति गराउने उद्देश्य राख्दछ। समाजमा पछि परेका र पछि पारिएका नागरीकहरूलाई लोकतान्त्रिक मूल्यमान्यता र दृष्टिकोणको आधारमा सबैको प्रगति हुने गरी सबैको गतिशीलता वृद्धि गरीन्छ। शक्तिको बहुलावदी धारणाले समग्र समाजको सम्पूर्ण पक्षमा गतिशीलता वृद्धि गराउने उद्देश्य राख्दछ। (Haralambous, 2003: 114-115) .

### ३.७ शक्ति र शिक्षा (Power and education)

शक्ति के हो भन्ने बारे यसभन्दा अगाडि पनि चर्चा भएको छ। शक्ति मानिसलाई प्रभाव पार्ने पक्ष हो। शक्ति मानव समाजको आधारभूत पक्ष र विश्वव्यापी प्रक्रिया हो । शक्तिले शिक्षालाई निर्धारण गर्दछ । समाजको जो मानिस शक्तिमा पुग्दछ उसले वा समूहले शिक्षालाई आफ्नो दर्शनअनुसार अगाडि चलाउन चाहन्छन्। राज्यको शैक्षिक नीति नियम बनाउने, त्यसको कार्यान्वयन गर्नेदेखि लिएर साधारण विद्यालयमा शिक्षक, कर्मचारी नियुक्ति गर्ने जस्ता शिक्षा क्षेत्रका क्रियाकलापहरू शक्तिद्वारा प्रभावित बन्दछन् । शक्तिले शिक्षालाई नियन्त्रण गरेको हुन्छ । समाजमा शक्तिको वितरण कसरी भएको छ त्यसले पनि शिक्षा व्यवस्थालाई प्रभावित बनाउँछ । विशेषगरी शिक्षा क्षेत्रमा शक्तिले शिक्षाको स्वरूप निर्धारण गर्दछ कुलिनतन्त्रात्मक शक्ति व्यवस्थामा समाजका सबै मानिसले शिक्षा आर्जन

गर्ने अवसर पाउँदैनन्, शिक्षा राज्य शक्तिद्वारा नियिनैत्रत हुन्छ । शासकहरूले आफ्नो राज्य शक्ति टिकाइ राख्न शिक्षालाई साधनको रूपमा प्रयोग गर्दछ। प्रजातान्त्रिक शक्तिभित्र समाजमा सबै मानिसको हक अधिकारको बारेमा बहस गर्ने साधनको रूपमा शिक्षालाई लिइन्छ।

## ३.८ शिक्षामा राज्यको भूमिका (Role of state in education)

राज्यलाई समाजको एउटा भाग वा अङ्गको रूपमा लिइन्छ। सामाजिक संरचनामा रहेको स्रोत र साधनको वितरण गर्ने, सुविधाको वितरण गर्ने, शक्ति बल र अख्तियारी राज्यसँग हुने गर्दछ (State can be defined as the part of society that has the power, force and the authority to allocate the resources facilities of the social system - Smelser, 1991) . प्राचीन समयमा मानिसहरू जङ्गली अवस्थामा थिए, त्यस अवस्थामा राज्यको कुनै कल्पना नै थिएन। जब मानिसहरूमा चेतनाको विकास हुँदै गयो, मानिसहरू शिक्षित बन्दै गए त्यसपछि नागरीकहरूमा व्यवस्थित रूपमा बसोवास गर्ने रुचि बढेर गयो र त्यसै क्रममा राज्यको उत्पत्ति भएको पाइन्छ । मानिसहरूले स्वतन्त्र भएर एक राज्यव्यवस्था र त्यसबाट सञ्चालित सरकारको संरक्षणमा बस्ने चाहनाको कारणबाट नै राज्यको विकास भएको पाइन्छ। निश्चित भौगोलिक क्षेत्र (geographical territory), जनसङ्ख्या (Population), सरकार (government), सार्वभौम सत्ता (Sovereinty) राज्य हुनका लागि आवश्यक पक्ष हुन् (दाहाल २०६६)।

दार्शनिक प्लेटोले राज्यलाई एउटा आदर्श एवम् आध्यात्मिक संस्था मानेका थिए । आदर्श राज्यको शासकले समाजका मानिसको हित हुने गरी व्यक्तिगत तथा पारिवारिक स्वार्थभन्दा माथि उठेर व्यवहार गर्नुपर्दछ। आदर्श राज्यका शासकले जनहितमा काम गर्न सक्नु पर्दछ । दार्शनिक अरस्तुले राज्यलाई प्रकृतिको रचना मान्दै मानिस प्रकृतिले नै राजनीतिक प्राणी भएको (the state is a creation of man and man is by nature a political animal) धारणालाई स्वीकार गरेका छन्। तसर्थ हरेक राज्यको कार्य समाजका नागरीकहरूलाई संरक्षण प्रदान गर्नु, जीवनका आधारभूत आवश्यकताको परिपूर्ति गर्नु रहन्छ । विभिन्न समाजशास्त्रीहरूद्वारा व्यक्त भएको राज्यको परिभाषालाई सफाया र भाटिया (Safaya & Bhatia 2003: 258) निम्नअनुसार उल्लेख गर्दछन् :-

- आइ. एल कर्णेल (I.L. Kandel) काअनुसार राज्य भनेको जनताद्वारा पहिचान गरीएको सरकार भएको सङ्गठित राजनीतिक समुदाय हो (State can be defined as an organized political community with government recognized by people.) .
- राज्यको परिभाषा दिने क्रममा समाजशास्त्रीद्वय मेकाइभर र पेज (MacIver and Page) भन्दछन् - निश्चित भौगोलिक क्षेत्रमा उत्कृष्ट सरकारको माध्यमबाट शासन गरीएको सङ्गठित संस्था नै राज्य हो जसले साझा नियमद्वारा आदेशको व्यवस्था गर्दछ। (A state is an organization which rules by means of a supreme government over a Territory. It maintains order through common law.) .
- राज्यको परिभाषा दिने क्रममा Ivor Morrish, आफ्नो पुस्तक Socioloty of education मा उल्लेख गर्दछन्- राज्य भनेको समाजका मानिसहरूको संघ हो, यो समाजको एउटा विशिष्ट सङ्गठन हो, जसले राजनीतिक कार्य पुरा गर्दछ। यसले दवाव र सजाय दिन पनि सक्छ (a state is an association of people, an specific organization of society, wich is responsible for performing political functions and which possesses the ultimate power of coercion and sanction.
.

यसरी माथि उल्लेख गरीएका परिभाषाहरूलाई विश्लेषण गर्दा राज्य भनेको निश्चित भौगोलिक क्षेत्रमा बसोवास गर्ने मानिसहरूद्वारा स्थापित एउटा सङ्गठित संस्था हो । राज्यको र नागरीकको बिचमा अनोन्याश्रित सम्बन्ध हुन्छ । समाजका मानिसहरूलाई व्यक्तिगत रूपमा र सामूहिक रूपमा भलाई गर्नका लागि मात्र राज्य अस्तित्त्वमा आउने गर्दछ। मानिसबिनाको राज्यको कल्पना गर्न सकिँदैन भने, राज्यबिना मानव अधिकार र कर्तव्यको अस्तित्त्व पनि रहँदैन । द्वन्द्व सिद्धान्तले दुर्लभ र अभाव युक्त प्राकृतिक स्रोत साधनको प्राप्ति गर्नका लागि राज्यका विभिन्न समूहको बिचमा प्रतिस्पर्धा हुन्छ भने दृष्टिकोण राख्दछ । तर प्रकार्यवादीहरू राज्यमा शक्तिको सहयोगात्मक पक्षमा जोड दिन्छन् । शिक्षामा राज्यको शक्तिको प्रभाव पर्दछ, जस्तो किसिमको राज्य शक्ति छ त्यसैअनुसारको शिक्षाको व्यवस्था हुने गर्दछ। निरङ्कुश शासन

व्यवस्था भएको देशमा शक्तिको स्रोत राज्य हुन्छ भने, लोकतान्त्रिक शासन व्यवस्था भएको देशमा शक्तिको स्रोत जनता हुन्छन् । विभिन्न पक्षहरू जस्तै शिक्षाको शक्तिमा, कार्यमा, आदेशमा नियमहरूमा र नियमावली तयार पार्ने क्रममा राज्यको महत्त्वपूर्ण भूमिका रहन्छ।

हरेक राज्यमा शक्तिको केन्द्रबिन्दु राज्य नै बन्दछ। राज्य सरकारले शक्ति प्रयोग गरी शिक्षाको व्यवस्था गर्दछ। निरङ्कुश राज्यव्यवस्थामा शिक्षामाथि राज्यको नियन्त्रण रहन्छ। देशका सम्पूर्ण स्रोतसाधन माथि नियन्त्रण गरी देशको लागि आवश्यक पर्ने शिक्षा व्यवस्थाको तर्जुमा गर्ने कार्य पनि राज्यले नै गर्दछ। शिक्षाको शक्ति एकात्मक र केन्द्रीकृत हुन्छ। राज्यका सीमित व्यक्तिको हातमा शिक्षा हुन्छ र उनीहरूले नै आफ्नो रुचिअनुसार शैक्षिक कार्यक्रमलाई अगाडि बढाउँछन्। लोकतान्त्रिक शासन व्यवस्था जनउत्तरदायी र जनताको कल्याण गर्ने प्रकृतिको हुन्छ। लोकतान्त्रिक शासन व्यवस्था भएको देशमा शैक्षिक कार्यक्रमको योजना बनाउने नीति निर्माण गर्ने कार्यमा जनताको प्रत्यक्ष संलग्नता रहन्छ। तसर्थ राज्यको शासन व्यवस्थाअनुसार राज्यको शक्ति शिक्षाको क्षेत्रमा प्रयोग हुन्छ। शिक्षाको क्षेत्रमा राज्यको अहम भूमिका रहेको छ। शिक्षा व्यवस्थालाई नियन्त्रण गर्ने, निर्देशन दिने कार्य राज्यले गर्दछ। तसर्थ सम्पूर्ण देशको शिक्षा नीति बनाउनमा राज्यको महत्त्वपूर्ण भूमिका रहन्छ (the state can serve as the most useful agency of educational policy for the entire country.)। शिक्षाको क्षेत्रमा राज्यले गर्नुपर्ने महत्त्वपूर्ण कार्यहरूलाई सफाया तथा भाटिया (Safaya & Bhatia, 2003: 261) ले निम्नअनुसार उल्लेख गरेका छन् :

**(i) शैक्षिक लक्ष्यहरू र उद्देश्यहरू प्रदान गर्नु** (Providing educational aim and objectives):

वर्तमान अवस्थामा हरेक राज्यका शिक्षण संस्थाले बालबालिकाहरूको शारीरिक, मानसिक वा बौद्धिक, सामाजिक र साँस्कृतिक पक्षको विकास गराउनमा सहयोग पुऱ्याउनु पर्दछ। बालबालिकाको सर्वाङ्गीण पक्षको विकास गराउनका लागि शिक्षण संस्थाहरूले शिक्षाका उद्देश्यहरू तयार गर्नुपर्दछ । स्पष्टसँग उल्लेख गरीएका शिक्षाका उद्देश्यबाट बालबालिकाको सर्वाङ्गीण पक्षको विकास गराउन सकिन्छ। व्यक्ति, समाज र राष्ट्रको आवश्यकता पुरा गर्ने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई ध्यान दिँदै शैक्षिक उद्देश्य बनाउने काम शिक्षाले गर्नुपर्दछ। हरेक लोककल्याणकारी राज्यमा शिक्षाले सबैको श्रीवृद्धि गर्ने गरी शैक्षिक नीति नियम बनाउनु पर्दछ।

**(ii) विभिन्न तहको शिक्षाको व्यवस्था गर्ने** (arranging for education at different level) देशका सबै नागरीकहरूको व्यक्तिगत तथा सामाजिक आवश्यकताको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने कार्य शिक्षाले गर्नुपर्दछ । त्यसका लागि देशका नागरीकहरूको भौगोलिक आवश्यकको आधारमा विद्यालय र विश्वविद्यालय खोल्ने कार्य राज्यले गर्नुपर्दछ। विभिन्न क्षेत्रका विज्ञान, प्रविधि, कला, साहित्य, वाणिज्य, दर्शन, कानुनका जनशक्ति तयार गर्ने गरी शैक्षिक कार्यक्रमको व्यवस्था गर्नुपर्दछ। यस किसिमको व्यवस्था गर्ने कार्य राज्य र त्यसका निकायको हो।

**(iii) पाठ्यक्रम र पाठ्यांशको व्यवस्था (Framing of curriculum and syllabus)**

देशको शिक्षामा स्तरीयता र गुणस्तर कायम गर्न, शिक्षा प्रणालीमा एक रूपता ल्याउन पाठ्यक्रम र पाठ्यांशको व्यवस्था गर्ने कार्य पनि राज्यस्तरबाट गरीनु पर्दछ। समयको मागअनुसार शिक्षालाई आधुनिक, वैज्ञानिक, उत्पादनमूलक र सिर्जनशील बनाउने काम पनि राज्यले गर्नुपर्दछ। देशका विभिन्न अन्य सरोकारवाला पक्ष सँग सम्बन्ध राखी शिक्षालाई राष्ट्रिय आवश्यकताअनुसार अगाडि बढाउने काम राज्यको हो।

**(iv) शैक्षिक कार्यक्रमहरूको योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने (Planning directing and controlling educational activities)**

देशका नागरीकहरूको आवश्यकताअनुसार शैक्षिक कार्यक्रम सञ्चालन भएका छन् वा छैनन् । देशको चौतर्फी विकासका लागि कस्तो किसिमको शिक्षाको आवश्यकता पर्ने हो, त्यसको व्यवस्थापन गर्ने कार्य र समयसापेक्ष शिक्षाको नीति नियम बनाउने कार्य राज्यले गर्नुपर्दछ। बनाइएका शैक्षिक नीति नियमको कार्यान्वयन कसरी भएको छ त्यसको निरन्तर रूपमा अनुगमन गर्ने र सुधारका लागि सल्लाह सुझाव दिने कार्य पनि राज्यले गर्ने पर्दछ। त्यस किसिमको कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने बजेट र मानवीय जनशक्तिको तयारी गर्ने कार्य राज्यले गर्नुपर्दछ। यसरी हेर्दै देशको शिक्षालाई समय सापेक्ष, आधुनिक वैज्ञानिक, प्रविधियुक्त बनाई शिक्षालाई राज्यको मागअनुसारको बनाउनका लागि शिक्षामा लगानी गर्ने नीति नियम बनाउने शिक्षालाई समय सापेक्ष परिवर्तन र परिमार्जन गर्ने जस्ता कार्य शिक्षा क्षेत्रमा राज्यले गर्ने कार्य हुन्। देशको विभिन्न क्षेत्रका लागि आवश्यक पर्ने मानवीय संसाधनको विकास गर्न राज्यले उपयुक्त योजना, नीति, नियम बनाउने, बजेटको व्यवस्था गर्ने, देशको शिक्षालाई नियन्त्रण गर्ने कार्य राज्यको हो।

### (v) राज्यले आदेश दिन्छ (State provides order)

देशको शिक्षा क्षेत्रमा बनाइएको योजना नीति नियमलाई कार्यान्वयनमा ल्याउनको लागि राज्यले आफ्नो निकायहरूलाई आदेश दिने कार्य पनि गर्दछ। राज्यको शिक्षा क्षेत्रमा संरक्षणकारी भूमिका हुन्छ, तर कतिपय अवस्थामा शैक्षिक नीति नियम र कार्यक्रमलाई कार्यान्वयन गर्न नचाहने निकायहरूलाई आदेश दिने काम पनि राज्यले गर्दछ। शिक्षा व्यवस्थालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न देशका सबै मानिसहरूको सुगम पहुँचमा शिक्षा पुऱ्याउन र शिक्षामा तयार पारिएका नयाँ योजना नीति र कार्यक्रमलाई कार्यान्वयन गराउन पनि शिक्षा क्षेत्रमा राज्यले आदेश दिनु पर्दछ। राज्यका नागरीकहरूलाई शान्ति र सुव्यवस्था कायम गराई देशको विकासको लागि शिक्षालाई पूर्वाधारको रूपमा विकास गर्ने कार्य राज्यले गर्नुपर्दछ। तसर्थ शिक्षाको क्षेत्रमा तयार पारिएका योजना नीति नियम विनियमको कार्यान्वयन गराउनका लागि राज्यले अदेशात्मक कार्य पनि निर्वाह गर्नुपर्दछ।

### (vi) नियमहरू र विनियमहरूको कार्यान्वयन (Implementation of rules ad regulations)

शिक्षा क्षेत्रमा राज्यले बनाएको नीति, योजना, शैक्षिक कार्यक्रमलाई कार्यान्वयन गर्न, राज्यले विभिन्न किसिमको नियमहरू बनाउने र बनाइएका नियमहरूलाई कार्यान्वयनमा ल्याउने भूमिका पनि खेल्नु पर्दछ। शिक्षाको सहायताबाट देशको चौतर्फी विकास गर्न सकिन्छ। त्यसका लागि शिक्षालाई व्यावहारिक, उत्पादनमूलक र समय सापेक्ष बनाउनु पर्ने हुन्छ। शिक्षालाई समय सापेक्ष बनाउन शिक्षामा लगानी (input), प्रक्रिया (process) र उत्पादन (product) जस्ता क्रियाकलापहरू सञ्चालन गरीन्छ। हरेक शैक्षिक कार्यक्रम निश्चित नियम र विनियमको आधारमा सञ्चालित हुनु पर्दछ। देशको शिक्षा व्यवस्थालाई चुस्त र दुरुस्त बनाउने जिम्मा राज्यको हो, त्यसका लागि विभिन्न नीति नियम विनिमय बनाई तिनीहरूलाई कार्यान्वयनमा ल्याउने जिम्मा राज्यको हो। देशको मूल कानुनको रूपमा रहेको संविधानसँग नबाझिने गरी विभिन्न किसिमका शैक्षिक नियम विनियम बनाएर शिक्षा व्यवस्था सञ्चालन गर्नुपर्दछ।

## ४) सारांश (Summary)

राजनीतिलाई राज्य सञ्चालन गर्ने मुख्य नीतिका रूपमा लिइन्छ। राजनीतिक क्रियाकलापको मुख्य अभिप्राय राज्यशक्ति हात पर्नु हो भन्ने आफ्नो पक्षमा राज्यसत्ता टिकाइ राख्नु हो। राजनीति राज्य प्रणालीको मुख्य तत्त्व हो जसले अरु प्रणालीको विकास गर्दछ। त्यस्तै शक्ति भन्नाले समूहमा भएका अन्य व्यक्तिभन्दा विशेष काम गर्न सक्ने वा आफ्नो इच्छानुसारको काम गर्ने हैसियत राख्नु हो। आफ्नो निर्णय आफैं गर्ने र अरूको अवरोधलाई कम गर्ने क्षमता राख्ने अवस्था नै शक्ति हो।

शक्तिलाई बलपूर्वक वा अख्तियारीबाट लिन सकिन्छ। अख्तियारीबाट प्राप्त गर्ने शक्तिलाई परम्परागत चमत्कारी एवम् वैधानिक वा कानुनी रूपमा वर्गीकरण गर्न सकिन्छ। विभिन्न स्रोतहरूबाट शक्ति प्राप्त हुन्छ। पदीय आधार, सेवाजन्य वा वस्तुजन्य शक्ति, सिप र क्षमता, व्यक्तिगत विशेषता तथा बललाई शक्तिको स्रोतका रूपमा लिनु पर्दछ।

**शक्तिसम्बन्धी विभिन्न दृष्टिकोणहरू :**

क) **प्रकार्यवादी दृष्टिकोण :** समाजका व्यक्तिहरूले आफ्नो कार्य सिद्धिका लागि सीमित शक्ति माथि आधिपत्य जमाउनुलाई प्रकार्यवादी दृष्टिकोणका रूपमा हेरिन्छ। शक्तिलाई समाज वा राज्यले प्रतिबद्धता जाहेर गरेका कामहरूलाई पूरा गर्न समाजमा रहेको साधन र स्रोतलाई प्रयोग गर्न सक्ने सामर्थता राख्नु हो।

ख) **मार्क्सवादी दृष्टिकोण :** कार्ल मार्क्सले उत्पादनका साधनहरूमाथि आधिपत्य जमाउन सक्ने हैसियतालाई शक्तिका रूपमा लिएका छन्। उनले यो शक्तिलाई सर्वहारा वर्गलाई दमन गर्नका निमित्त प्रयोग गर्ने कुरा बताएका छन्। यो दृष्टिकोणअनुसार स्रोत र साधनको असमान वितरणको कारण पुँजीपति वर्गमा केन्द्रित हुन्छ। यसरी शक्ति पुँजीपति वर्गमा सीमित भएपछि श्रमिकहरूबिच एकता बढ्छ। र त्यो एकतारूपी शक्तिद्वारा पुँजीमाथि कब्जा जमाउनका लागि द्वन्द्व हुन्छ।

ग) **शक्ति सम्भ्रान्त दृष्टिकोण :** शक्तिमा भएको खास गुण वा क्षमताको कारण व्यक्ति सम्भ्रान्त बन्दछ। यो दृष्टिकोणअनुसार व्यक्तिमा भएको विशेष क्षमताले शक्ति आर्जन गर्ने हो न कि उत्पादनका साधनको अधिकारले भन्ने कुरामा गरीन्छ। यो विचारको अर्को पक्ष भनेको शक्तिलाई व्यक्तिगत विशेषताको आधारमा नहेरी संस्थागत संरचनाको कारणले शक्तिले शक्तिकेन्द्रमा पुग्दछन् र स्वभावैले सम्भ्रान्त कहलिन्छन्। समाजमा रहेका संरचनाले पदीय शृङ्खला उत्पन्न गर्दछ र शक्तिमा पहुँचको अवस्था सिर्जना गर्दछ। जुनसुकै राजनीतिक व्यवस्था भए तापनि यिनै सम्भ्रान्तले शक्ति प्राप्त गर्ने हुँदा शक्ति सम्भ्रान्त दृष्टिकोणको विकास भएको हो।

घ) **बहुलवादी दृष्टिकोण :** समाजमा रहेका विभिन्न व्यक्ति वा समूहमा शक्तिको वितरण हुने मान्यता यस दृष्टिकोणको छ । समाजमा रहेका विभिन्न राजनैतिक, आर्थिक एवम् धार्मिक समूहहरूमा शक्ति छरिएर रहन्छ । जस्तैः लोकतान्त्रिक शासन प्रणालीमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा शक्तिको वितरण सबै जाति, धर्म, भाषा, राजनीतिक समूह, आर्थिक–सामाजिक संस्थाहरूमा विभिन्न स्वरूपमा कायम रहने विचारलाई स्वीकार गर्दछ ।

**शिक्षामा राज्यको भूमिका**

राज्य मानिसहरूको सिर्जना हो भने मानिस राजनीतिक प्राणी हो । राज्य भनेको जनताद्वारा व्यवस्था गरीएको सङ्गठित राजनैतिक समुदाय हो जसले साझा नियमद्वारा आदेशको व्यवस्था गर्दछ । हरेक राज्यमा सरकार शक्तिको केन्द्रबन्दु हो जसले शिक्षाको व्यवस्था गर्दछ । राज्यले शिक्षाको व्यवस्था कायम गर्नका लागि शिक्षाको लक्ष्य निर्धारण गर्दछ, विभिन्न तहको शिक्षाको व्यवस्था गर्दछ, पाठ्यक्रम र पाठ्यपुस्तको व्यवस्था गर्दछ र विभिन्न शैक्षिक कार्यक्रमको योजना निर्माण, निर्देशन र नियन्त्रण समेत गर्दछ । त्यस्तै राज्यले शिक्षाको क्षेत्रमा आदेशान्तम कार्य पनि गर्दछ । शिक्षासम्बन्धी नीति नियम बनाउनु मात्र राज्यको काम नभई त्यसलाई कार्यान्वयन गर्ने निर्देशन दिने र कार्यान्वयनलाई सहज बनाउन नियम र विनियमहरू बनाई लागू गर्ने काम पनि राज्यको नै हुन्छ।

५) अभ्यास **(Exercise)**

**Objectives questions**

1. **Which of he following statement is not related with the notion of power?**
   a. Power is optional
   b. power is natural
   c. power is the power over other
   d. power is human fate

2. **Which of the following is more legitimate power?**
   a. force　　b. persuade
   c. authority　　d. threates power

3. **The extraordinary almost magical qualities of a person is called**
   a. legal rational authority　　b. traditional authority
   c. charismatic authority　　d. rational authority

4. **'Variable sum of power' is the notion of**
   a. Max weber　　b. Talcott parson
   c. Karl Marx　　d. Vilfredo Pareto

5. **Which of the following is not the source of power**
   a. role　　b. good
   c. skill and ability　　d. natural environment

6. **Which of the following is not the characteristics of pluralist perspective**
   a. nature of society　　b. social mobility
   c. social change　　d. power of the society

7. **Member of the lite have superiority of their characteristics is the notion of**
   a. vilfredo pareto　　b. C. wright Mills

c. Robert A. Dahl d. I.L. Kandel

**8. Which of the following is not the characteristic of state?**

a. providing educational aim and objectives

b. framing of curriculum and syllabus

c. implementation of rules and regulations

d. tutoring the children

**9. Which of the following is not the characteristic of power Marxian perspectives**

a. structure of society b. social change

c. social mobility d. international relationship

**10. What does the word 'constant-sum' of the power refer?**

a. there is enough power b. power is equally distributed for all

c. value consensus d. power is constant

**Short and long answer questions:**

1. Discuss the concept of power with examples.
2. Elaborate the sources of power.
3. Elaborate the nature of power.
4. Describe the functionalist perspective of power.
5. Explain the Marxian perspective of power.
6. Elaborate the power elite perspective in education.
7. Elaborate the pluralist perspective of power with its characteristics.
8. Explain the role of state in education.

**Appendix I**
**Curriculum**

Course Title: **Foundations of Education**
Course No. : Ed 511 Nature of Course: Theoretical
Level: M.Ed. Credit Hours: 3
Semester: First Total periods: 45 hours

---

1. **Course Description**
   This course is the core and compulsory designed especially for the students of the Master Degree in education. It intends to develop a comprehensive theoretical based knowledge and profound understanding related to the background of philosophy orientation from the philosophical approaches to the different schools of philosophy. It also covers the social foundation from the sociology of education It also covers the historical foundation of education including movements in education.
2. **Course Objectives**
   - To assist the students to elaborate the philosophical base of education to the different schools of philosophy.
   - To summarize and use the sociological basis of knowledge in education from different points of view.
   - To investigate the historical background of education as well as development of education from different movement in education.
3. **Specific Objectives and Contents**

**PART ONE**
**Historical Foundation**

| Specific Objectives | Contents |
|---|---|
| • Elaborate the eastern education system: Gurukul, Monastic and Madarasa education system<br>• Clarify the concept of European and American education systems<br>• Discuss educational movements in historical perspectives<br>• Illustrate modern approaches in education | **Unit I Historical foundation of education (6)**<br>1.1 Eastern education system: Gurukul, Monastic, and Madarasa<br>1.2 Western education system ( European-Greece and Roman and American-pragmatism and existentialism)<br>1.3 Education movements (Religious, scholastic, renaissance, nationalistic,)<br>1.4 Approaches to education development<br>• Need-based approach<br>• Right-based approach<br>• Inclusive approach |

## PART TWO

## Philosophical Foundations

| Specific Objectives | Contents |
| --- | --- |
| • Discuss the fields of philosophy<br>• Recapitulate the basic philosophies of education in terms of the fields of philosophy<br>• Discuss perennialism, essentialism, progressivism, reconstructionism, existentialism, phenomenology, modernism and post-modernism as educational philosophies | **Unit II Introduction to Educational Philosophy (12)**<br>2.1 Field of philosophy (Metaphysics, Epistemology, Axiology)<br>2.2 Introduction to Western Educational Philosophies<br>• Perennialism<br>• Essentialism<br>• Progressivism<br>• Reconstructionism<br>• Existentialism<br>• Phenomenology<br>• Modernism and Post Modernism<br>(In terms of Philosophical premises and educational implication -Aims, Methods, Curriculum and Role of teachers and students) |
| • Elaborate the eastern philosophical thought with their educational implications<br>• Discuss the aims, methods, curriculum, the role of teachers and the students and the critics of eastern philosophy | **Unit III. Eastern Philosophies of education (5)**<br>3.1 Vedic Philosophy and Education<br>• Introduction to six Philosophies (Sankhya, Yoga, Vaishesika, Nyaya, Mimamsa, Vedant)<br>• Philosophical Premises<br>• Educational Implication<br>3.2 Buddhism and Education<br>• Introduction<br>• Philosophical Premises<br>• Educational Implication<br>3.3 The critique of eastern philosophies |

## PART THREE

## Sociological Foundation

| Specific Objectives | Contents |
| --- | --- |
| • Elaborate the origin, development, theories and methodologies of sociological foundations of education | **Unit IV Theories of sociological foundation of education (5)**<br>4.1 Sociological Theories: (Structural |

| | |
|---|---|
| • Clarify the contents and the scope of the sociology of education.<br>• Discuss the theories and the methodologies such as structural and functionalism, conflict, and symbolic Interactionism) | Functionalism, Conflict, and Symbolic Interactionism)<br>4.2 Education and its Relation with the above theories<br>• Education and Functionalism<br>• Education and Marxism<br>• Education and Interactionism |
| • Clarify the concepts of social stratification, change, mobility and transformation<br>• Analyze the elements, process and characteristics, of social stratification in education<br>• Elaborate theories related to social change, types and measures of social mobility<br>• Explain factors affecting mobility<br>• Specify the multicultural perspective of education and social transformation<br>• Discuss the social transformation in Nepalese context | **Unit V Social Transformation (13)**<br>5.1 Concept (social stratification, change, mobility and social transformation)<br>5.2 Basic elements and process of stratification<br>• Depth and span of stratification<br>• Modes of acquisition of status<br>• The criteria determining reward level<br>• Class consciousness and class solidarity<br>• Open and close society<br>5.3 Basic characteristics of stratification (Ancient, ubiquitous, the social patterning, the diverging form, amount and consequences)<br>5.4 Theories related to social change (Evolutionary, conflict, cyclic)<br>5.5 Types (Horizontal and vertical) and Measures of social mobility<br>5.6 Factors affecting mobility (socio-economic status, intelligence, education)<br>5.7 Culture and education (concept, functions of culture, and relationships between education and culture)<br>5.8 Multicultural perspectives in education (concept and dimensions)<br>5.9 Social transformation in Nepalese Society |
| • Clarify the concept of politics and power<br>• Discuss sources of power and different power perspectives<br>• Explain the role of state in education<br>• Discuss the relation between education and politics | **Unit VI Politics of education (4)**<br>6.1 Concept of politics and power<br>6.2 Sources of power (positional, wealth, skill, quality, forces and democratic representation)<br>6.3 Different power perspectives (functional, conflict, elite and plural)<br>6.4 Power and education<br>6.5 Role of state in education (maintaining system, order and implementation) |

| | |
|---|---|
| | 6.6 Relation between education and politics |

## 4. Modes of Instructional Delivery

The following modes of delivery can be used by the teacher besides general lecture modes as instructional strategies in the classroom.

**Unit I:** Guest lecture on Eastern education system,
Lecture by teacher and discussion
Group preparation and discussion (Approaches to education)

**Unit II:** Lecture, library study and discussion, group work on educational implications

**Unit III:** Guest lecture by professionals
Group work and presentation on educational implications of different philosophies

**Unit IV:** Library preparation and discussion
Interaction with social workers/human right activists

**Unit V:** Library study and sharing in groups

**Unit VI:** Discussion and sharing with different political workers and report preparation

## 5. Recommended and References

### Recommended Books


Banks, J. A. (2006). *Cultural diversity and education: foundation, curriculum and teaching.* New York: Boston (Unit V).

Brannigan, M.C. (2000). *The pulse of wisdom* (2nd ed.). United State: (Unit III)

Wingo, G. Max(1947). Philosophies of education. New Delhi: Sterling Publishers Pvt. Ltd.

Giddens, A. (2006). *Sociology* (5th ed.). Delhi: AITBS Publishers and Distributers (Unit IV, V)

Ozmon, H. A. and Craver, S. M. (1999, sixth edition). *Philosophical foundation of education*. New Jersey: Prentice Hall Inc. (Unit II)

Morris, I. (1972). *Sociology: an introduction.* London: George Allen & Unwin Publisher. (Unit V)

Mrudalini, T. (2008). *Philosophical foundations of education.* New Delhi: Neelkamal Publication Pvt. Ltd. (Unit II)

Sharma, P. R. (2006). *The state and the society in Nepal.* Lalitpur, Nepal: Himal Books (VI)

Siderits, M. (2007). *Buddhism as philosophy: an introduction.* UK: Ashgate Publishing Limited. (Unit III).

Tunim, M. M. (2009). *Social stratification: the forms and functions of inequality.* New Delhi: Prentice Hall (Unit V)

Harlambos, M. (2007). *Sociology: themes and perspectives*. New Delhi: Oxford University Press. (Part Three all units)

Ornstein, A. C. & Levine, D.U. (1989). Foundations of education (4th ed.). USA: Houghton Mifflin Company. (Unit I)

Worths, W.T. (2002). *Philosophy* of education: *the pulse of wisdom of philosophy. India, China and Japan*(Unit I)

**References**

Abraham, M.F. (2006). *Contemporary sociology: an introduction to concepts and theories*. New Delhi: Oxford University Press.

Adams, B.N. & Sydie, R.A. (2003). *Sociological theory*. New Delhi: Vistaar Publications

Brubacher, J.S. (2007). *Modern philosophies of education*. New Delhi: Surjeet Publication

Nodding (1998).*Philosophy of education: dimension of philosophy series.*Prentice Hall

Pojman, L. P. (2003). *Classics of philosophy* (2nd ed.). New York: Oxford University Press

Rao, C.N. (2010). *Sociology: principles of sociology with an introduction to social thought*. India: Chand and Company Limited

Ritzer, G.C. (2000). *Sociology: theory.* Singapore: Mc Graw Hill

Velasquez, M. (2007). *Philosophy.* New Delhi: Cengage Learning Indian Private Limited

Sarup, M. (1993). An introductory guide to post-structuralism and post modernism. England: Pearson Education Limited